# मादी गाउँपालिकाको आबधिक विकास योजना

**(Periodic Development Plan of Madi Rural Municipality)**

(२०७५/०७६ – २०७९/०८०)

## मादी गाउँपालिका, कास्की



Photo by Mr. Gehendra Gurung.


**जियोनेट कनेक्शन प्रा.लि.**

(अनुसन्धान तथा नक्साङ्कन केन्द्र)

पोखरा महानगरपालिका–६, लेकसाइड, कास्की

गण्डकी प्रदेश, नेपाल

# मादी गाउँपालिकाको आबधिक विकास योजना

(२०७५/०७६ – २०७९/०८०)

# Periodic Development Plan of Madi Rural Municipality
# (2018/019 – 2023/024)

सर्वाधिकार © : मादी गाउँपालिकाको कार्यालय, कास्की, गण्डकी प्रदेश, नेपाल ।

**Working Team:**

| | |
|---|---|
| Prof. Dr. Krishna K.C. | Development Planner/Team Leader |
| Prof. Dr. Lekhnath Bhattarai | Economist/Financial Analyst |
| Prof. Dr. Bikash K.C., | Data Analyst Expert |
| Mrs. Shanta Kumari Khatri | Sociologist/community development expert/GESI Expert |
| Dr. Krishna Prasad Bhandari | Institutional Development Expert |
| Mr. Shekhar Nath Adhikari | Migration Expert |
| Mr. Naresh Paudel | Natural Resource Expert |
| Dr. Anup Gurung | Civil/Environmental Engineer |
| Mr. Khagendra Raj Poudel | GIS Expert |
| Mr. Daya Sagar Subedi | Computer Operator |

**Report Prepared by:**

GEO NET CONNECTION (P.) LTD.
Pokhara Metropolitan City -6, Kaski, Nepal
Phone: 9856023003 / 9846111045
Email: geonet2067@gmail.com

**<u>Source of Information:</u>**

For Attribute Database: Madi Rural Municipality Profile – July, 2018
Report of Central Bureau of Statistics, 2011

For Spatial Database: Topographical Map- 1998, LRMP Map- 1978,
Landsat Image- 2010 and Field Visit 2018
Google Earth Pro Image Satellite

## शुभकामना



नेपालको मध्य भागमा रहेको गण्डकी प्रदेश, त्यसमा पनि मादी गाउँपालिका अक्षांस र देशान्तरको हिसाबले बिल्कुल मध्य भागमा पर्दछ । लमजुङ हिमाल, अन्नपूर्णका दुइवटा हिमालहरु, म्हफुचे यस क्षेत्रकै सबभन्दा होचो हिमताल, दुधपोखरी कुण्ड, म्होलासोंथर जस्ता अत्यन्तै महत्वपूर्ण सम्पदाहरु र प्राकृतिक मनोरम दृष्यहरु र हिमछटाहरु यसै मादी गाउँपालिकामा पर्दछन् । १२ वटा वडाहरु रहेको गाउँपालिकामा भूगोलको क्षेत्रफलको हिसाबले सबभन्दा ठूलो गाउँपालिका मध्येको एक गाउँपालिका हो ।

संघीय संरचनापछि स्थापित यस गाउँपालिका संस्थापनाकालका चुनौतीहरुको सामना गर्दै, उच्च इच्छाशक्ति र दूरदृष्टिले ओतप्रोत भएको गाउँपालिकाको राजनैतिक नेतृत्वको अगुवाइमा कोइलेनी जलाशययुक्त आयोजनाको सम्भाव्यताको खोजीमा, ऐतिहाँसिक र महत्वपूर्ण गाउँ सिक्लेसबाट थुलेक, कोरीमा केबुलकार बाट हिउँ खेल्न दुनियाका पर्यटकहरुलाई आमन्त्रणको ठूलो इच्छा बोकीरहेको छ । यार्सागुम्बा, पाँचऔले, शिलाजित जस्ता बहुमूल्य जडिबुटिहरु आफ्नो छातीमा राखेर थाकखोला, चिप्लिखोला, सेतीखोला, इदिखोला, रुदीखोलाहरुको संगम हिमनदीबाट सिर्जित मादी नदी अबिछिन्न रुपमा बगीरहेकी छन् । सिक्लेस, याङ्जाकोट, तोगी, वार्चोक, भाचोक, नागीधार, पाखीकोट, पोशी, पर्क्यु, रबैडाँडा, गोर्जे, लिप्यानी, काउरे, अग्लो र पावन स्थल लम्तरीसमेतको उचाई, भव्याङ र सवि, ज्याम्दु, भैंसे, चित्रे, भगवतीटार, मुग्रीबेंशी जस्ता अन्नभण्डारले आफ्नो गाउँपालिकालाई आत्मनिर्भर बनाउन इच्छुक छ यो पालिका ।

आफ्ना सम्भाव्य विकासका आधारहरु, जनसंख्या र अन्य स्रोतहरुको स्पष्ट पहिचान र भविश्यको परिचालनका लागि दृढ इच्छा बोकेर अगाडीको गन्तव्य किटानकासाथ जुन रणनीतिक योजना तर्जुमा भएको छ । यसले मलाई अत्यन्तै खुशी तुल्याएको छ, आशावादिता जगाएको छ । आफ्नो प्यारो मातृभूमि, जन्मथलो र कर्मथलोलाई पूर्वाधारको पहुँच गाज्नु छ, शिक्षा र स्वास्थ्यको पहुँचमा सबैलाई पुऱ्याउनु छ । मध्य पहाडी लोकमार्ग, कसेरी-भैंसे-याङ्जाकोट, कसेरी-काउरे-तप्राङ-सिक्लेस, काउरे-ताङतिङ र मादी करिडोरले जोड्नु छ । विद्यालयको स्तर उन्नती गर्नुछ । कलेज र अस्पतालको स्थापनालाई जोड दिनुछ । शुद्ध खानेपानीको पर्याप्त व्यवस्था गर्नुछ । खेलमैदान, मठ मन्दीर र गुम्बाको उचित व्यवस्थापन गर्नुछ । यसकालागि मादी गाउँपालिका जुरुक्क उठेको छ । मलाई विश्वास छ, यो नेतृत्वले बसाइसराइको तीब्र गतिलाई घटाउन मद्दत गर्नेछ । रोजगारीका अवसरहरुले युवाहरुलाई विस्तारै जन्मभूमि तर्फ आकृष्ट गर्नेछ । कृषि, पर्यटन, जलस्रोत, खाद्यान्न, माछापालन, पशुपालन र अन्य महत्वपूर्ण व्यवसायसँग आकर्षण बढाउँदै लाने कुरामा यो रणनैतिक योजना मार्गदर्शक बन्नेछ । यी सबै सम्भाव्यताको भरपुर उपयोग गर्दै सुन्दर, सक्षम गाउँपालिका बनाउन सफलता मिलोस यहि शुभकामना ।

**खगराज अधिकारी**
संघीय साँसद,
कास्की क्षेत्र नं.१
गण्डकी प्रदेश, नेपाल

## शुभकामना



नेपाली जनताले लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गर्दै आएको जनआन्दोलन, शसस्त्र संघर्ष, त्याग, बलिदान स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान सभाबाट जारी भएको संविधान कार्यान्वयन गर्दै राज्यको पुर्नसंरचना, राज्य शक्तिको बाँडफाँड, सिंहदरबारको अधिकारलाई जनताको घर दैलोमा पुऱ्याउन गठन भएको स्थानीय तहको सरकारले जनताको दीगो शान्ति, विकास र समृद्धिको असीमित आकांक्षालाई सम्बोधन गर्न समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा बहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधता, विविधता बीचको एकता, लैङ्गिक विभेद र छुवाछुतको अन्त्य गरी उद्यमशिलता, सहकार्य, बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, महिलामैत्री, युवामैत्री, वातावरणमैत्री, पर्यटनमैत्री, सर्बसुलभ उर्जा, स्वच्छ खानेपानी, समानतामूलक समाज, सभ्य समाज निर्माणमा केन्द्रित भएर आफ्नो सोच, चिन्तन, व्यवहार नयाँ दृष्टिकोण र सकारात्मक सोचका साथ आगाडि बढ्नको लागि मादी गाउँपालिकाको गाउँसभाबाट पारित गरी मादी गाउँपालिकाको आवधिक विकास योजना दीगो विकासका लक्षहरुका साथ बृहत गुरुयोजना बनाउन सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा, मादी गाउँपालिकाका प्राकृतिक श्रोत र जैविक विविधताको हिसाबले असाध्यै सुन्दर र धनी क्षेत्र एवं पर्यटकीय विकासको अपार सम्भावना बोकेको ठाउँ जस्तै नेपालको मध्यविन्दु यहि ठाउँमा पर्दछ ( कोरीडाँडा) नेपालको होचो हिमताल (कफुचे ताल), नेपालको तमु जातीहरुको उद्गमस्थल (क्होलासोथर) यहिं पर्दछ। गण्डकी प्रदेशको राजधानी पोखराबाट करिब २ घण्टामा हिउँ छुन र खेल्न सक्ने ठाउँ (कोरीडाँडा) यहिं पर्दछ। कास्की जिल्लाको एक मात्र यार्चागुम्बा पाउने ठाउँ, दुर्लभ वन्यजन्तु जस्तै सेतोबाघ, कस्तुरी, पंक्षीहरुमा डाँफे, महत्वपूर्ण जडिबुटी, लोठसल्ला र लालीगुराँसका ठूला ठूला घाँसे मैदान, हिमाल, जंगल, खोला नदी, साँस्कृतिक गाउँ, खेतीयोग्य जमिन, सजिलो तरिकाले मनाङ, लमजुङ पैदलमार्ग भएर जान सक्ने गन्तव्य स्थल भएकोले जनताको पक्षमा अर्जुन दृष्टिका साथ सही निर्णय गरी नयाँ जोश र इच्छा शक्ति लगाएर सबैभन्दा नमूना गाउँपालिकाको रुपमा विकास गर्दै मादी गाउँपालिकाको समृद्धि र यहाँका जनता सुखि बनुन्, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संरक्षण गर्नमा मद्दत पुगोस् भन्दै मादी गाउँपालिकाका सम्पूर्ण परिवार र यो आवधिक विकास गुरुयोजना तयार बनाउन सक्रिय रहेका प्राविधिक टोलीलाई धेरै धेरै आभार प्रकट गर्दछु।

मनबहादुर गुरुङ
प्रदेशसभा साँसद
क्षेत्र नं.१ "ख", कास्की
गण्डकी प्रदेश

जिल्ला समन्वय समिति
कास्की

फोन नं. ०६१-४६४९२५
०६१-४६४४९०

शहिदचोक,पोखरा,
गण्डकी प्रदेश, नेपाल

**पत्र संख्या :** २०७५/०७६ **मिति** :२०७५/०८/१३
**चलानी नं.** 236

# शुभकामना

कास्की जिल्लाको उत्तरपूर्वमा अवस्थित मादी गाउँपालिका पर्यटकीय हिसाबले अति सुन्दर एवं रमणिय गाउँपालिकाको रुपमा रहेको छ । प्राकृतिक स्रोत साधनको हिसाबले पनि यो गाउँपालिका धेरै सम्भावना बोकेको गाउँपालिका हो । भौगोलिक हिसाबले ठूलो क्षेत्रफल ओगटेको यो गाउँपालिका पूर्वाधार विकासका लागि असजिलो भू-वनोट, छरिएको वस्ती, मानव विकास सूचचांङ्कमा पछाडी परेका जात-जातिको बसोबास रहेको क्षेत्र एवं भर्खरै वामे सर्दै गरेको पूर्वाधार विकासको जगमा रहि सुखी नेपाली समृद नेपालको नारालाई आत्मसाथ गर्दै समृद मादी गाउँपालिका बनाउने अभियानमा अगाडी बढेको छ। स्थानीय निर्वाचन २०७४ बाट निर्वाचित जन-प्रतिनिधिहरु सिमित स्रोत साधनको बाबजुद कसरी जनतासँग गरेको प्रतिबद्धता पुरा गर्न सकिन्छ भनि एकताबद्ध भई समन्वय र सहकार्यका साथ अगाडी बढ्ने काममा लाग्नु भएको छ । यो मादी गाउँपालिकाको सुखद भबिष्यको सुरुवात हो भन्नेमा दुईमत छैन ।

हामीसँग सिमीत स्रोत साधन छन्, जनताका विकास निर्माणका आकांक्षा बढि छन । यधपी योजनाबद्ध विकास निर्माणलाई अगाडी बढाउदै सार्वजनिक सेवा प्रवाहका कामहरुलाई अझ प्रभावकारी एवं चुस्त दुरुस्त बनाउदै लैजानु आजको आवश्यकता हो । मादी गाउँपालिकाको बृहत विकास गुरुयोजना निर्माण गरी दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्दै मादी गाउँपालिकाले पञ्च वर्षिय (०७५/०७६-०७९/०८०) आवधिक विकास योजना बनाउन लागेकोमा ज्यादै खुसी लागेको छ । विषयगत विज्ञहरुको सहयोग लिई जुन आवाधिक योजना निर्माणमा गाउँपालिका लागेको छ, यो सुखी नेपाली समृद नेपालको नारालाई साकार पार्दै समृद मादी बनाउने अभियानमा एक महत्वपूर्ण कोषे ढुङ्गा बन्न सकोस जिल्ला समन्वय समिति कास्कीको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु, साथै मादी गाउँपालिकाको बृहत विकास निर्माणमा जिल्ला समन्वय समिति कास्की परिवारको सधै साथ र समर्थन रहि रहेको छ, रहि रहने छ ।

जय मादी गाउँपालिका

बैन बहादुर क्षेत्री
प्रमुख

मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल



नेपाली जनताको लामो समय देखिको त्याग, वलिदानीपुर्ण पटक-पटकको आन्दोलन र संर्घषबाट जारी भएको नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम भएको छ । नेपालमा पुरानो राज्य संरचनाको विघटन भई नयाँ संरचनाको ढाँचामा प्रवेश गरेको छ । संघीय संरचनाअनुसार नै स्थानीय तहको निर्वाचन सम्पन्न गरी सवै स्थानीय तहमा जन निर्वाचित जन प्रतिनिधिहरुले नेतृत्व गरिरहेका छन् । नेपालमा नयाँ संविधान वमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्ने पहिलो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार नेपाली जनताको दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा पुग्ने तीव्र चाहानाअनुसार यो व्यवस्थाको जग वसाल्ने ऐतिहाँसिक अवसर अहिलेका हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । हाम्रो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवादउन्मुख अर्थ व्यवस्था मार्फत समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ । यसैगरी संयुक्त राष्ट्र संघद्धारा, सन् २०१६ देखि २०३० सम्मकालागि विश्वव्यापी विकास एजेण्डाको रुपमा विभिन्न १७ वटा दीगो विकासका लक्ष्यहरु निर्धारण गरिएका छन् । यसै सर्न्दभमा संघीय व्यवस्थाको महत्वपुर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि स्वभाविक रुपमा माथि उल्लिखित संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी आफ्नो दीगो विकासका लक्ष्य हाँसिल गर्न आफ्नो योजनावद्ध आवधिक र दीर्घकालिन योजना तर्जुमा गर्न वान्छनीय भएको छ ।

मादी गाउँपालिकाको पहिलो निर्वाचित ऐतिहाँसिक गाउँसभाले मादी गाउँपालिकाको एकीकृत आवधिक गुरुयोजना बनाउने निर्णय सहित वजेट विनियोजन गरेको थियो । सोही निर्णयअनुसार खरिद प्रकृयाअनुसार जियोनेट प्रा.लि. परामर्श संस्थालाई आवधिक एकीकृत गुरुयोजना वनाउने जिम्मा दिइयो । ToR अनुसार करिव १ वर्षको अवधि लगाएर प्रारम्भिक तथ्यांक संकलन सहित सम्पुर्ण विषयवस्तु र क्षेत्र समेटिने गरी प्रोफाइल तयार गर्ने र सोही प्रोफाइलको आधारमा विभिन्न चरणमा जनस्तरवाट र बिज्ञहरुवाट सुझावहरु संकलन गरी आगामी ५ वर्षको आवधिक योजनाका साथै मध्यकालीन र दीर्घकालीन योजना सहितको मादी गाउँपालिकाको एकीकृत आवधिक गुरुयोजना निर्माण गरिएको छ ।

जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको मादी गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनावद्ध विकास गर्ने यो प्रतिवेदन एउटा मार्गदर्शक मार्गचित्र हुनेछ । हाम्रो स्रोत र साधनहरुलाई सवै आधारभुत तहमा रहेका जनताहरुको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार होस । आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्युन हुने गरी दीगो विकासको सिद्धान्तअनुसार योजनाहरु तय गर्नको निम्ती यो दस्तावेज तयार गरेका छौं । यो गुरुयोजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने सम्पूर्ण हाम्रा शुभचिन्तक विज्ञ विद्वानहरु, आम जनसमुदाय, यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका जियोनेट प्रा.लि. र यसका टोली प्रमुख प्रा.डा. कृष्ण के.सी. लगायत टिमका सम्पूर्ण सदस्यहरु, सुरुदेखि नै सहयोग र सहजिकरण गर्नुहुने सहप्राध्यापक नरेश पौडेल, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारी लगायत सम्पूर्ण कर्मचारी वर्ग, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, प्रदेश सभाका माननीय सांसद मन बहादुर गुरुङ्ग, प्रतिनिधि सभाका सदस्य माननीय खगराज अधिकारी लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

बेद बहादुर गुरुङ

अध्यक्ष

फोन : ०६१६९२१६४

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल



स्थानिय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस मादी गाउँपालिका कास्कीले “पर्यटन, कृषि, जलश्रोत, वन र पूर्वाधार समन्यायीक समृद्ध मादीका मूल आधार” भन्ने दीर्घकालीन सोंचका साथ गाउँपालिका आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता खड्केको हुदां गाउँपालिकाले यो प्रथम पञ्चवर्षिय आवधिक योजना गरेको हो ।

यस प्रथम पञ्चवर्षिय आवधिक योजनाले मादी गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिईएको छ । यस मादी गाउँपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकारजगत्, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाका लक्ष्यहरुलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु । आवधिक योजनामा भएका योजनाहरुको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन  र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै  गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन साथै आवधिक योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँ सभाका सदस्य, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पुर्ण कर्मचारी, परामर्श दाता जियो नेट कनेक्सनका सम्पुर्ण टिम लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

विष्णुमाया आचार्य पौडेल
उपाध्यक्ष

फोन : ०६१६९२१६४

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल



मादी गाउँपालिका कास्की जिल्लाको पूर्वी भागमा अवस्थित रहेको गाउँपालिका हो । यसको ऐतिहाँसिक प्रथम गाउँसभाले बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी एकिकृत आबधिक योजना २०७४।७५ देखि २०७९।८० निर्माण गर्ने कार्यक्रमअनुसार यो दस्तावेज तयार भएको छ । यस गाउँपालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम् जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् ।

यो आबधिक योजनाका तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपाध्यक्ष ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु आबधिक योजनामा तर्जुमा खट्ने १२ वटै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस आबधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने माननीय ज्यूहरु, पोखरा महानगर प्रमुख, जिल्ला समन्वय कास्कीका प्रमुख, छिमेकी गाउँपालिकाका प्रमुख, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनीधिहरु, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने सेवाप्रदायक जियोनेट प्रा.लि. संस्थाका संयोजक डा. कृष्ण के.सी. लगायत टिमका सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# अध्ययन समूहको तर्फबाट

**मादी गाउँपालिकाको आबधिक योजना २०७५/०७६ – २०७९/०८०** तयार गरी मादी गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ । प्रस्तुत आवधिक योजनाले मादी गाउँपालिकाको सर्वाङ्गिण विकासका निमित्त सबै पक्ष समेटेर आवधिक योजना प्रतिवेदनका रुपमा प्रस्तुत गरेको छ । विश्वव्यापी रुपमा सोच्ने, स्थानीय रुपमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यता अनुरुप नै मादी गाउँपालिकासँग सम्बद्ध सबै प्रकारका सम्पदाहरुको उचित संरक्षण र विकास गर्ने हेतुले प्रेरित भएर यो प्रतिवेदन तयार गरिएको छ । स्थानीय विकासमा स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर परिमार्जन गर्दै आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजना प्रतिवेदनको रहेको छ । विकास मानसिक प्रक्रिया हो । जनजनको मनमनमा विकास उमार्न सक्नु पदर्छ । विकास भारी हालेर, गुण्टा बनाएर, हवाइजहाज, रेल, मोटर, घोडा, गधा, खच्चडमा लादेर वा भरीयालाई बोकाएर आउने होइन । त्यसरी आयात गरेको विकास दीगो हुँदैन । त्यसले स्थानीय जनताको मन छुँदैन । फलतः जनता पनि परिचालित हुँदैनन् र त्यस्तो विकास कुनै हालतमा दीगो पनि हुँदैन । त्यस्ता विकास प्रयास दीगो नभएको र बीचमै हराएको उदाहरणहरु बग्रेल्ती छन् । त्यसैले स्थानीय स्तरमा रहेको परम्परागत सीप, ज्ञान र प्रविधि जो शताब्दीयौंदेखि यस स्थान विशेषको भूगोलमा अनुकुलन भएको छ, त्यसलाई नै परिमार्जन गर्दै आधुनिकीकरणको बाटो समाएर स्थानीय विकास गतिविधि प्रबर्धन गर्नुपर्दछ । बाहिरबाट हुने सहयोग र लगानीको प्रवेश स्थानीय विकासका हितमा निष्कपट रुपमा उपलब्ध हुनु पर्दछ जसले आम जनताको जीवनस्तर उकास्न भरसलाग्दो र भरपर्दो भुमिका खेल्न  सकोस । त्यस्तो विकास अभियानमा मात्र स्थानीय जनता सक्रिय हुन सक्दछन् जसले सहभागिताको प्रष्टसँग सुनिश्चितता देखाउँदछ र स्थानीय स्रोत र साधनको उचित संरक्षण, परिणाममुखी परिचालन र विनाशमुक्त विकास हुन सक्दछ । त्यस्तो परिणाममुखी विकासका परिणामहरुको वितरण पनि समन्यायिक हुँदा मात्र विकास दीगो हुन्छ र सम्बृद्धिलाई भरपर्दो टेवा दिन्छ ।

हामीलाई विश्वास छ, मादीबासी आम जनता र जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुको वर्तमान नेतृत्व अत्यन्त सचेत, जागरुक र गतिशील छ । उहाँहरुकै सक्रिय सहभागितामा यो आबधिक योजना माथिबाट तल (Top-Down) होइन कि तलदेखि माथि (Bottom-up) को नमूनामा तयार गरिएको छ । त्यसैले यसको स्वामित्व ग्रहण गर्न वहाँहरुलाई कुनै शंका रहने छैन । किनभने अध्ययनको सबै चरणमा सामुहिक रुपमा वहाँहरुले नै स्वतस्फूर्त रुपमा छलफल समेत गरी सर्वसम्मत ताली बजाएर पारीत भई यो आवधिक योजना प्रतिवेदन तयार भएको हो । यसको स्वामित्व गाउँपालिकाले ग्रहण गरेर लागु गर्नासाथ आम मादीबासी जनताले "**सम्बृद्ध मादी, सुखि मादीबासी**" का लागि उच्चतम उपयोग गर्नेछन् । यसका निमित्त आबधिक योजनाले "**पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार, समन्यायिक समृद्ध मादीका मूल आधार**" भन्ने दीर्घकालिन सोँच तय गरेको छ । फलतः यस आबधिक योजनाले निर्दिष्ट गरेका योजनाहरु कार्यान्वयनको अन्तसम्ममा मादी गापाको स्वरुप अत्यन्त सकारात्मक रुपमा रुपान्तर हुनेछ जो, जो कोहीका निमित्त उदाहरणीय र अनुकरणीय बन्न सकोस, अध्ययन समूहको सतत् शुभकामना यही छ ।

मादी गाउँपालिकाको यो आवधिक योजना तयार गर्ने क्रममा हामीलाई यो अवसर प्रदान गरेर र सक्रिय रुपमा सबै सूचना लगायत यावत सुझाव विभिन्न तहमा उपलब्ध गराएर सहयोग गर्ने मादी गाउँपालिकाका प्रमुख तथा निर्देशक समितिका संयोजक श्री बेदबहादुर गुरुङ, विषयगत उपसमितका संयोजक तथा सदस्यहरु, कार्यपालिका, गाउँसभा प्रति धन्यवाद व्यक्त गर्दछौं । साथै यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सुझाव प्रदान गर्ने प्रतिनिधी सभाका मानानीय सांसद श्री खगराज अधिकारी, प्रदेश सभा सांसद माननीय श्री मनबहादुर गुरुङ, पोखरा महानगरपालिकाका प्रमुख, जिल्ला समन्वय समिति कास्कीका प्रमुख, छिमेकी गाउँपालिकाका अध्यक्षहरु, योजनाविद् प्रा.डा. पिताम्बर शर्मा, संस्कृतिविद् डा. जगमान गुरुङ, सहसचिव श्री रामकृष्ण सापकोटा, बुद्धिजीबि श्री झलक सुवेदी लगायत स्थानीय स्रोत व्यक्तिहरु सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछौं । साथै मादीबासी आम जनता जो जसले यो प्रतिवेदन तयारीको शिलशिलामा आआफ्नो क्षेत्रबाट जे जस्तो सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो, उहाँहरु सबैमा हामी धन्यवाद व्यक्त गर्दछौं । अन्तमा, गाउँपालिकाका उपप्रमुख श्री विष्णुमाया पौडेल सहित प्रमुख प्रशासकीय अधिकृत श्री नारायणप्रसाद अधिकारी लगायत समस्त कर्मचारी, विद्यालयका शिक्षक प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरु, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना लगायत सबै संघसंस्था, आमा समूह, युवा क्लब आदिका प्रतिनिधिहरुमा धन्यवाद टक्र्याउदछौं ।

प्रा.डा. कृष्ण के.सी.
संयोजक
मादी गाउँपालिका आबधिक योजना अध्ययन समूह

# विषय सूची


**भाग एकः आबधिक योजनाको परिचय र विधि** **१-१३**

१.१ पृष्ठभूमि १

१.२ आबधिक योजनाको अबधारणा १

१.३ आबधिक योजनाको नीति तथा वैधानिक प्रावधान २

१.४ संघीय तथा प्रदेशसँगको आबधिक योजनाको सम्बन्ध ३

१.५ आवधिक योजना तर्जुमाको उद्देश्य ३

१.६ आवधिक योजनाको क्षेत्र र सीमाहरु ४

१.७ अध्ययन विधि ५

१.८ आवधिक योजनाको कार्यप्रवाह १०

१.९ योजना तर्जुमाको प्रकृया ११

१.१० प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल १३

१.११ आबधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति १३

१.१२ प्रतिवेदनको संगठन १३

**भाग दुईः गाउँपालिकाको वस्तुस्थिति विवरण** **१४-३१**

२.१ गाउँपालिकाको परिचय १४

२.२ भौगोलिक स्थिति १४

२.३ प्राकृतिक स्रोत तथा सम्पदा १७

२.४ भू-उपयोग तथा मानव वसोबास १९

२.५ सामाजिक तथा साँस्कृतिक अवस्था २२

२.६ आर्थिक अवस्था र क्रियाकलाप २६

२.७ खानेपानी तथा सरसफाइको अवस्था ३०

२.८ इन्धनको स्रोत र प्रयोगको अवस्था ३०

२.९ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था ३०

२.१० यातायात तथा परिवहन सुविधाको अवस्था ३१

२.११ सूचना तथा संचारको पहुँच ३१

२.१२ पार्क तथा मनोरञ्जनको अवस्था ३१

**भाग तीनः गाउँपालिकाको अपेक्षा पहिचान तथा विश्लेषण** **३२-५१**

३.१ गाउँपालिकाको प्रमुख समस्याहरु ३२

३.२ वडागत समस्याहरु (प्राथमिकताका आधारमा) ३५

३.३ गाउँपालिकाको सवलता, दुर्वलता, अवसर र चुनौति (SWOT) को विश्लेषण ३५

३.४ तर्कबद्ध प्रणाली (Logical Framework) विश्लेषण ३७

३.५ गाउँपालिकाको जनसंख्या स्थिति, प्रक्षेपण तथा विश्लेषण ३७

३.६ सामाजिक सूचकहरु - शिक्षा तथा स्वास्थ्य) को विश्लेषण ३८

३.७ भौतिक तथा यातायात अवस्था विश्लेषण ३८

३.८ आर्थिक अवस्थाको विश्लेषण ४०
३.९ वित्तिय विश्लेषण र प्रक्षेपण ४०
३.१० प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण ४४
३.११ प्रवृत्ति विश्लेषण ४५
३.१२ प्राथमिकताका मुख्य विषयहरु ५१

**भाग चार : गाउँपालिकाको आबधिक योजनाको दीर्घकालीन प्रारुप ५२-६५**
४.१ परिचय ५२
४.२ दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य ५२
४.३ आवधिक योजनाका निर्देशक सिद्धान्तहरु ५८
४.४ मादी गाउँपालिकाका विकासको पहिचानका आधारहरु ५८
४.५ मादी गाउँपालिकाका विकासका अग्रणी क्षेत्रहरु र प्राथमिकीकरण ५९
४.६ मादी गाउँपालिकाका प्रमुख दीर्घकालीन महत्व (गौरब) का योजनाहरु ५९
४.७ योजनाका संभावित जोखिमहरु ६३
४.८ आवधिक योजनाका भौतिक आर्थिक तथा सामाजिक लक्ष्यहरु ६३

**भाग पाँचः गाउँपालिकाका क्षेत्रगत विकास योजनाहरु ६६-९९**
५.१ परिचय ६६
५.२ भौतिक विकास योजना ६६
५.३ आर्थिक विकास योजना ७१
५.४ सामाजिक विकास योजना ८०
५.५ वातावरण संरक्षण तथा दीगो विकास योजना ८९
५.६ प्रकोप तथा विपद् व्यवस्थापन योजना ९२
५.७ संस्थागत विकास योजना ९४
५.८ वित्तीय विकास योजना ९७

**भाग छ : योजना कार्यान्वयन तथा बहुक्षेत्रगत लगानी कार्ययोजना १००-१३०**
६.१ परिचय १००
६.२ आबधिक योजनाको लगानीको ढाँचा १००
६.३ बहुक्षेत्रगत लगानी योजना १०१
६.४ गाउँपालिकामा संघ र प्रदेशबाट सञ्चालन हुने क्षेत्रगत आयोजनाहरु र लगानी १०३
६.५ गाउँपालिका आफै सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरु १०५
६.६ मादी गाउँपालिकाको प्रश्तावित भूउपयोग योजना १२४
६.७ वडास्तरका कार्यक्रम तथा आयोजनाहरु १२८
६.८ योजना कार्यान्वयन कार्ययोजना १२९
६.९ योजना कार्यान्वयन पद्धति १२९
६.१० अनुगमन तथा मूल्याङ्कन पद्धति १३०

**सन्दर्भ सामग्री**
**अनुसूचिहरु**

## तालिका सूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| २.१ | धरातलीय विभाजन | १६ |
| २.२ | मादी गाँउपालिकाको भू-उपयोगको स्थिति | १९ |
| २.३ | साक्षरताको अवस्था | २४ |
| २.४ | जातिगत साक्षरताको स्थिति | २४ |
| २.५ | पशुपालनको अवस्था | २८ |
| २.६ | परिवारको वार्षिक आम्दानी स्रोतहरुको वडागत विवरण | २९ |
| २.७ | परिवारको वार्षिक खर्चका क्षेत्रहरु र वचतको वडागत विवरण | २९ |
| ३.१ | जनसंख्या बृद्धि तथा प्रक्षेपण | ३७ |
| ३.२ | मादी गाउँपालिकामा विस्तारित सडक सम्बन्धी विवरण | ३९ |
| ३.३ | योजना अबधिको आय प्रक्षेपण | ४१ |
| ३.४ | योजना अबधिको खर्च र लगानीको प्रक्षेपण | ४३ |
| ३.५ | सडक निर्माणको स्थिति | ४६ |
| ३.६ | खानेपानी सुविधाको स्थिति | ४७ |
| ३.७ | विद्युत सुविधाको स्थिति | ४७ |
| ३.८ | भू-उपयोगमा परिवर्तनको स्थिति | ४८ |
| ३.९ | जनसङ्ख्या बृद्धि तथा जनघनत्व | ४८ |
| ३.१० | शैक्षिक स्थिति | ४९ |
| ५.१ | भौतिक विकाससम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ६९ |
| ५.२ | आर्थिक विकाससम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ७७ |
| ५.३ | सामाजिक विकाससम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ८७ |
| ५.४ | वाताबरणसम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ९१ |
| ५.५ | प्रकोप तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ९३ |
| ५.६ | संस्थागत विकाससम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ९६ |
| ५.७ | वित्तीय विकाससम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना | ९८ |
| ६.१ | मादी गाउँपालिकाको आवधिक योजना अवधिको व्यय र लगानीको प्रक्षेपण | १०१ |
| ६.२ | मादी गाउँपालिकाको आवधिक योजना अवधिमा प्रक्षेपित कूल खर्चको क्षेत्रगत योजना अनुसारको बाँडफाँड | १०२ |

## नक्सा सूची


| नक्सा नं. | विवरण | पेज नं. |
|---|---|---|
| २.१ | अबस्थिती नक्सा | १५ |
| २.२ | भू–वनोट | १६ |
| २.३ | जलप्रवाह प्रणाली | १७ |
| २.४ | वर्तमान भूउपयोग | २० |
| ६.१ | प्रस्तावित भूउपयोग योजना | १२५ |
| ६.२ | पर्यटकीय क्षेत्र तथा पदमार्गरु | १२७ |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| अ.हे.व. | असिस्टेन्ट हेल्थ वर्कर |
| आ.व. | आर्थिक वर्ष |
| कि.मी . | किलो मीटर |
| गापा | गाउँपालिका |
| गाविस | गाउँ विकास समिति |
| नपा | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| मी. | मीटर |
| मे.वा. | मेघावाट |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| रु. | रुपैया |
| ल्या.अ. | ल्याव असिस्टेन्ट |
| व.कि.मी | वर्ग किलो मीटर |
| सि.अ.हे.व. | सिनियर असिस्टेन्ट हेल्थ वर्कर |
| से. | सेल्सियस |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| ACAP | Annapurna Conservation Area Project |
| CAMC | Conservation Area Management Comittee |
| CTEVT | Council for Technical Education and Vocational Training |
| DEM | Digital Elevation Model |
| DPR | Detail Project Report |
| GIS | Geographical Information System |
| GPS | Global Positioning System |
| ICT | Information and Communications Technology |
| IT | Information Technology |
| NTFPs | Non Timber Forest Products |
| QGIS | Quantum Geographical Information System |
| RM | Rural Municipality |
| RS | Remote Sensing |
| SWOT | Strength Weakness Opportunity and Threats |
| TM | Transverse Mercator |
| TOR | Terms of Reference |
| UTM | Universal Transverse Mercator |
| WGS | World Geodetic System |

# अध्याय–एक

# आवधिक योजनाको परिचय र बिधि

(Introduction and Methods of Periodic Plan)

## १.१ पृष्ठभूमी (Background)

कास्की जिल्लाका विभिन्न पालिकाहरुमध्ये मादी गाउँपालिका पूर्वी क्षेत्रमा अवस्थित विस्तृत भौगोलिक क्षेत्र ओगटेको र विकासका दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको गाउँपालिका हो । नेपालको संविधान २०७२ र स्थानीय शासन ऐन २०७४ ले निर्देशित गरेको अधिकारको परिधिभित्र रहेर आफ्नो गाँउठाँउको विकास र सम्वृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका र योजना अनुसार समयबद्ध कार्यान्वयन गर्न, मादीवासी जनताको दीगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको हो । नेपालका अन्य ग्रामीण क्षेत्रहरु जस्तै मादी गाउँपालिका क्षेत्रमा विकासका भौतिक पूर्वाधारहरुको कमी, परम्परागत उत्पादन पद्धती, न्यून उत्पादन र उत्पादकत्व, कृषि तथा गैर कृषि आर्थिक क्रियाकलापहरुमा पछौटेपना, निरपेक्ष गरिवी, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई) को अभाव, बढ्दो प्राकृतिक र वातावरणीय विपद् तथा जोखिमहरु, सामाजिक सुरक्षाको अभावका कारण आर्थिक, सामाजिक तथा मानवीय विकासका क्षेत्रहरुमा व्याप्त पछौटेपनालाई अन्त गर्न आवश्यक छ । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्धेश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरुको सम्बृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरु तथा निजी क्षेत्रको क्रियाकलाप समेतलाई साझेदार कृयाकलापका रुपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point) का रुपमा सुदृढ गर्ने अवधारणा राखेको छ ।

## १.२ आवधिक योजनाको अवधारणा (Concept of Periodic Plan)

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्बेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त वाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट

कार्यक्रम र कार्ययोजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ। यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको बाँडफाँड महत्वपूर्ण हुन्छ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया अन्तराष्ट्रिय तथा राष्ट्रिय योजना र विकासका अनुभवहरुले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ। यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दीगो समेत हुने विश्वास गरिनछ।

## १.३ **आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान** (Policy and Legal Provision of Periodic Plan)

यो आवधिक योजना स्थानीय तहले आफ्नो संवैधानिक हैसियत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन गर्ने क्रममा तयार गरेको हो । उक्त ऐनले निर्धारण गरेको क्षेत्राधिकार र त्यसले स्थानीय तहलाई आफ्नो क्षेत्रको विकास आफै गर्न सक्ने र त्यसका लागि वार्षिक, आवधिक र दीर्घकालीन योजना तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने प्रावधान वमोजिम मादी गाउँपालिकाको प्रथम गाउँ सभाको नीति तथा विनियोजित बजेटको अधिनमा रहि मादी गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यनिर्देशन (TOR) स्वीकृत गरी  सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा गरी जियो नेट कनेक्सन प्रा.लि. पोखरालाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी सुम्पेको थियो । गाउँपालिकाले परामर्शदाता संस्थालाई दिएको कार्यनिर्देशन (TOR) वमोजिम उसले व्यापक सर्वेक्षण र अन्तरक्रियाबाटै सहभागितामूलक प्रकृया वमोजिम यो आवधिक योजना तयार गरिएको हो । विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरेको यस योजनालाई गाउँपालिकाको निर्देशक समिती (Steering Committee) बाट अनुमोदन गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी गाउँसभाले अनुमोदन गरेपछि यो आवधिक योजना लागू हुनेछ। यो आवधिक योजना तयार गर्दा देहायवमोजिमका नीतिहरुलाई अबलम्बन गरिएको छ :

- गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशिका (Terms of Referance) मा आधारित।
- गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्थामा आधारित।
- जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित।
- गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित।

- ❖ स्थानीय स्रोत, सामाग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोँच ।
- ❖ गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरुमा आधारित ।
- ❖ संघ र प्रदेशका योजना तथा कार्यक्रमहरुसँग तादात्म्यता ।
- ❖ विकास योजनाहरुको क्षेत्रगत बाँडफाँड र सन्तुलन ।
- ❖ समयवद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजना ।
- ❖ योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणाली ।

## १.४ **संघ र प्रदेशका आवधिक योजनासंगको तादात्म्यता** (Relationship with Central and Provincial Periodic Plan)

राज्यको पूर्नसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा वनाउने हुँदा तिनीहरु विचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर राखिनुपर्ने हुन्छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना वनाउँदा विशेष हेक्का (ख्याल) राखिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व वाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसंग यो आवधिक योजनालाई आवद्ध गरिएको छ ।

## १.५ **आवधिक योजना तर्जुमाका उद्देश्यहरु** (Objectives of Periodic Plan Formulation)

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य मादी गाउँपालिकाको विकासको दीर्घकालीन सोंच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरु तय गरी मादीवासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु हो । यसका विशिष्ट उद्देश्यहरु देहायवमोजिम रहेका छन् :

- मादी गाउँपालिकाका विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दीगो विकास योजना तर्जुमा गर्ने ।
- पछौटे, विपन्न र सामाजिक हिसावले वञ्चितिमा परेका क्षेत्र, वर्ग र लिङ्गका मादीवासी जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्ने योजना तर्जुमा गर्ने ।
- गाउँपालिका र यसका विभिन्न क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, ऊर्जा र रोजगारी प्रर्वद्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्ने आर्थिक विकास योजना तर्जुमा गर्ने ।
- आवधिक योजनाका विभिन्न कार्यक्रमहरुको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्ने ।
- गाउँपालिकाको साँगठनिक स्वरुप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरु समेटिएको संस्थागत योजना प्रस्तुत गर्ने ।
- मादी गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।
- गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

## १.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरु (Scope and Limitation of Periodic Plan)

### १.६.१ योजनाका क्षेत्रहरु (Scope of Periodic Plan)

गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशन र परामर्शदातासँग भएको सम्झौताको परिधिभित्र रही यो आवधिक योजना तयार गरिएकोले तद्नुरुप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरु समेटिएका छन् :

- **मादी गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुप :** यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरु र विकासका प्राथमिकताहरु साथै मादी गाउँपालिका क्षेत्रका सवलता, दुर्वलता, संभावना र चुनौतीहरु समेत प्रस्तुत गरिएको छ ।

- **भौतिक विकास योजना :** स्थानीय यातायात प्रणाली, सिंचाई वा नदी नियन्त्रण, जलविद्युत र वैकल्पिक ऊर्जा , खानेपानी, वसोवास तथा भवन निर्माण, सामाजिक पूर्वाधारहरु, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरु समेटिएको भौतिक विकास योजना प्रस्तुत गरिएको छ ।

- **आर्थिक विकास योजना :** यस योजना अर्न्तगत कृषि, पशुपालन, वागवानी, वनमा आधारित आर्थिक क्रियाकलाप, उद्योग, व्यापार र पर्यटनमा आधारित आर्थिक कृयाकलाप, रोजगारी प्रवर्द्धन, गरिवी निवारण, घरेलु तथा साना उद्यम विकासका कार्यक्रमहरु समेटिएका छन् ।

- **सामाजिक विकास योजना :** यस योजना अन्तर्गत वसाइसराई व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैंगिक, जातिगत, वालविकास, वृद्ध, असहाय, दलित, अपाङ्गहरुको सामाजिक हैसियत र सहभागिता सुनिश्चित गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरु, युवा तथा खेलकुद विकास, भाषा, संस्कृति र ऐतिहासिक स्थलहरुका संरक्षणका कार्यक्रमहरु समेटिएका छन् ।

- **वातावरण व्यवस्थापन योजना :** यस अन्तर्गत सरसफाई, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक वातावरणको संरक्षण, सास्कृतिक वातावरणको संरक्षण, नदी नियन्त्रण, भूस्खलन नियन्त्रण, वन संरक्षण र उपयोग, उच्च हिमाली क्षेत्रको संरक्षण र विकास प्रवर्द्धन, पर्यावरणीय (जलवायु) अनुकुलन कार्यक्रमहरु समेटिएका छन् ।

- **विपद् व्यवस्थापन योजना :** यस अन्तर्गत जोखिमयुक्त स्थानहरुको पहिचान गरी भूकम्प, आगलागि, वाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता विपद्हरुको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात् उद्धार र पुर्नस्थापनाका कार्यक्रमहरु समावेश गरिएका छन् ।

- **वित्तीय व्यवस्थापन योजना :** यस योजना अन्तर्गत गाउँपालिकाको आय-व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको वजेटको क्षेत्रगत वाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय वाँडफाँड र हस्तान्तरण, खर्चको वाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

- **संस्थागत विकास योजना :** यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरुको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरुसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास, जस्ता कार्यक्रमहरु समेटिएका छन् ।

- **योजना तथा कार्यक्रम कार्यान्वयन योजना :** यस अन्तर्गत विभिन्न क्षेत्रगत योजनाहरुको वर्गीकरण गरी गाउँपालिका, वडा, प्रदेश र संघीय कार्यकमहरुसंग तादात्म्यता र जिम्वेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुको अनुगमन र मूल्यांकनको योजना प्रस्तुत गरिएको छ ।

### १.६.२ **आवधिक योजनाका सीमा** (Limitation of the Periodic Plan)

यो आवधिक योजना तयार गर्दा निम्नलिखित सीमाहरुलाई मध्यनजर राखिएको छ :

- मादी गाउँपालिकाको भौगोलिक अवस्थितिका कारण उच्च हिमाली विकट स्थलगत अध्ययनका निमित्त समेट्न नसकिएको ।
- वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको ।
- स्रोत साधान र समयको सीमितताको कारणले वडाबासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकिएको ।
- यो आवधिक योजना मादी गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्बितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्यांकहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको ।
- गाउँपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

## १.७ **अध्ययन विधि** (Methodology)

### १.७.१ **पूर्व अध्ययनहरुको पुनरावलोकन** (Literature Review)

पूर्व अध्ययनहरुको कममा आवधिक योजनासँग सम्वन्धित सवै खालका प्रतिवेदन, जानकारी तथ्यांक तथा नक्साहरुको अध्ययन गरिएको छ । यसका अतिरिक्त मादी गाउँपालिकामा हाल आवद्ध साविक गाँउ विकास समितिका सूचनाहरु सुक्ष्म रुपमा अध्ययन गरिएको छ । मुख्य रुपमा हाल मादी गाउँपालिका र साविकका गाउँ विकास समितिहरुको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक अवस्थाको वारेमा वृहत अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा मादी गाउँपालिकावाट प्राप्त तथ्यांकहरु तथा प्रतिवेदनहरु संकलन गरी ती तथ्यांक तथा सूचनाहरुको अध्ययन तथा विश्लेषण गरिएको छ । सूचना संकलनको कममा गाउँपालिकाका विभिन्न वडाहरु (साविकका गाउँ विकास समिति) बाट प्राप्त तथ्यांकहरु, ईन्टरनेटवाट प्राप्त सूचनाहरु तथा केन्द्रिय तथ्याङ्क विभागवाट प्राप्त सूचनाहरुलाई समेत प्रयोग गरिएको छ । मादी गाउँपालिका क्षेत्रका विविध समस्याहरुका बारेमा विज्ञबाट प्रस्तुत लेखहरु तथा अनुसन्धान प्रतिवेदनहरु समेत अध्ययन गरी समस्या पहिचान र समाधानका उपायहरुलाई योजनामा समावेश गर्ने प्रयत्न गरिएको छ । यो योजना निर्माणको क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेखहरु र सन्दर्भ पुस्तकहरुको समेत सिंहावलोकन गरिएको छ ।

### १.७.२ **तथ्याङ्क एवं सूचना संकलन** (Data Collection)

प्रतिवेदन तयारीका कममा द्बितीय श्रोतवाट प्राप्त आधिकारिक सूचनाहरुलाई समावेश गरिएको छ । कास्की जिल्लाको विकास योजनाका प्रतिवेदनहरु (२०७० देखि २०७४ सम्म) समेतलाई पनि आधार

तथ्यांक (Baseline data) को रुपमा लिइएको छ । यस अतिरिक्त अन्य द्वितीय श्रोतहरु जस्तै अन्य गाउँपालिका तथा नगरपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ । यसका साथै कास्की जिल्ला विकास समितिको विभिन्न वर्षहरुका जिल्ला विकास योजना र मादी गाउँपालिकाको ०७४/७५ को प्रथम वजेट तथा विकास योजना लाई समेत अध्ययन गरिएको छ ।

आवधिक योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने तथ्याङक तथा सूचनाहरु जस्तै : जनसंख्या, शिक्षा, स्वास्थ्य, आर्थिक विकास, सामाजिक अवस्थालाई प्राथमिक श्रोत (Primary data) वाट संकलन गरिएको छ । गाउँपालिकाको वडागत तथ्याङकको लागि घरधुरी सर्वेक्षणवाट प्राप्त सूचनाहरु प्रयोग गरिएको छ । यसका अलावा सडक, खानेपानी, विद्युत, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्वन्धित सूचनाहरु घरधुरी सर्वेक्षणवाट प्राप्त गरी प्रयोग गरिएको छ । यसको साथै गाउँपालिकाका विभिन्न स्थानहरु वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको थियो । यसका अलावा मुख्य सूचनादाता (Key informants) वाट प्राप्त सूचनाहरु, अभिमत र सुझावहरुलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ ।

**क) घरधुरी सर्वेक्षण**

गाउँपालिकाको वास्तविक वस्तुस्थिति तयार गर्नको लागि पारिवारिक विवरण संकलन फाराम २०७४ तयार पारिएको थियो । उक्त फाराममा वन्द र खुला प्रकृतिका ५९ वटा प्रश्नहरु र सम्बन्धित तालिकाहरु समावेश गरिएको थियो । घरधुरी सर्वेक्षण २०७४ फाल्गुन १५ देखि चैत्र १५ सम्म १ महिनाको अवधिमा सञ्चालन गरिएको थियो । यस फाराममा समावेश गरिएका ५९ वटा प्रश्नहरुमध्ये ११ वटा प्रश्नहरु उत्तरदाताको परिचयसँग सम्वन्धित थिए भने पारिवारिक विवरण सम्वन्धी ३७ वटा प्रश्नहरु र ११ वटा प्रश्नहरु घर सम्वन्धी विवरणहरु समावेश गरिएका थिए् ।

**ख) निर्देशक समिति तथा विषयगत उपसमिति**

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा गाउँपीलकाका प्रमुखको संयोजकत्वमा गाउँपालिकाका कार्यकारी अधिकृत तथा पदाधिकारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाको विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरु, गैर-सरकारी तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरु, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरु रहेको निर्देशक समिति गठन गरिएको थियो । निर्देशक समितिमा रहेका सदस्यहरु मध्येबाट विभिन्न विषयगत समितिहरु जस्तै : आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समिति गठन गरिएको थियो । विषयगत समितिसँग गाउँपालिकामा गरिनुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको थियो । प्रत्येक विषयगत समितिहरुसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ ।

**ग) श्रोत व्यक्तिहरुसंगको छलफल**

गाउँपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा यस गाउँपालिकासँग सम्वन्धित विभिन्न व्यक्तिहरुलाई श्रोत व्यक्तिहरुको रुपमा अर्न्तवार्ता लिइ सूचना संकलन गर्ने काम गरिएको थियो । आवधिक योजना तर्जुमाको सिलसलामा यस गाउँपालिकाका विभिन्न क्षेत्रहरु रोजगारी, व्यवसाय, राजनीति र अध्यापन तथा प्रध्यापनमा संलग्न व्यक्तिहरुसँग छलफल गरिएको थियो । यसको साथै नेपाल सरकारको उच्च तहदेखि जिल्ला तथा गाउँपालिका स्तरमा कर्मचारीहरु र

राजनितिक व्यक्तित्वहरुसँग समेत छलफल गरी, उनीहरुको राय समेत संकलन गरिएको छ । यसरी स्रोत व्यक्तित्वहरुबाट प्राप्त सुझाव, अभिमत र सोँचहरुले यो योजना निर्माणमा उल्लेख्य योगदान पुर्‍याएको छ ।

**घ) वडास्तरीय बृहत भेला तथा अपेक्षा संकलन**

गाउँपालिका आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा समिति सहितको वडा भेलामा छलफलका लागि परामर्शदाताबाट तयार पारिएका चेक लिष्ट पठाइएको थियो । यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरु संकलन गरिएको थियो ।

यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमा २०७५ जेठ महिनामा सबै वडाका क्षेत्रगत प्रतिनिधिहरुको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तर्क्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरिवडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरुबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरुको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरी यो । यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजिबि, राजनीतिक दलका प्रतिनिधि तथा विषयविज्ञहरुसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव समेत संकलन गरिएको थियो ।

**ङ) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण**

परामर्शदाताको स्थलगत अध्ययन टोलीले गाउँपालिकाको प्रत्येक वडा र टोल भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरेको छ । सबै वडाहरुमा वडा भेला गरी संकलित तथ्यांकहरु वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको छ । नापी विभाग र फिनिडाबाट तयार गरिएको स्थलरुप नक्सालाई आधार नक्साको रुपमा लिई स्क्यान (Scan) गरी ArcGIS Software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात् स्रोत नक्साहरु तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु जस्तै : सडक, संचार, विद्युत, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरिनक्शामा समेत परिमार्जन गर्ने कार्य गरिएको छ ।

यसरी विविध स्रोतबाट संकलित तथ्यांकबाट गाउँपालिकाको प्रोफाइल तयार गरिएको छ भने गाउँपालिकाको विभिन्न स्रोत नक्साहरु समेत तयार गरिएको छ । यी सबै सामाग्रीहरु गाउँपालिकाको आगामी कार्यक्रमहरु तय गर्न र अगाडि बढाउन मद्दत गर्नेछ । आवधिक योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाको प्रोफाइल तयार पार्दा स्थानीय विकास मन्त्रालयबाट तयार पारिएको योजना तर्जुमा निर्देशिका अन्तर्गत रही तयार गरिएको छ । प्रोफाइल तयारीकै क्रममा आवश्यक भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत सबै किसिमका तथ्यांकहरु समावेश गरिएको छ । यस्तो प्रोफाइलले गाउँपालिकाको विद्यमान सामाजिक, आर्थिक, वातावरणीय एवं पूर्वाधारको अवस्था समेतलाई प्रतिबिम्बित गरेको छ ।

वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

**च) जिल्लास्तरीय सम्बन्धित निकायबाट तथ्यांक संकलन**

जिल्ला स्थित कृषि, पशु, वन, शिक्षा, स्वास्थ्य, ऊर्जा आदिसँग सम्बन्धित विज्ञहरु तथा जनप्रतिनिधिहरु (स्थानीय, प्रदेश तथा संघीय) र राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीविहरु सँग व्यापक छलफल तथा अर्न्तक्रियाबाट सुझाव संकलन गर्नुका साथै आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय र लक्ष्यलाई अन्तिम रुप दिइएको छ ।

### १.७.३ **तथ्याङक विश्लेषण** (Data Analysis)

गाउँपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरु छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौंटका लागि समष्टिगत विकासको चुनौति र सम्भावनाहरुको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरुलाई विस्तृत रुपमा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अर्न्तक्रिया र विज्ञ व्यक्तिको रायसुझावका साथै द्बितीय स्तरका तथ्यांकहरुको आधारमा तल उल्लेख गरीए बमोजिम तथ्यांक विश्लेषण गरिएको छ ।

**क) भौगोलिक अवस्थाको वर्णन र विश्लेषण:** मादी गाउँपालिकाको भौगोलिक अबस्थाको विश्लेषण गर्ने क्रममा यसको भू-भौतिक अवस्था, क्षेत्र, अबस्थिति, भू-स्वरुप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरुप उत्पन्न सम्भावना र चुनौतिहरुलाई पनि विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौति, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिँदै विकास आयोजनाहरु सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरु तथा रणनैतिक दीर्घकालीन आयोजनाहरुको छनौटमा समेत मद्दत पुगेको छ ।

**ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:** जनसंख्याको वनावट, जनसंख्या बृद्धि, भाषा, धर्म सँस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । यी तथ्यांकले भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिमको रुपमा विकास गराउने भन्ने कुराको मूल्याङ्कन र प्रक्षेपण गर्न मद्दत पुग्ने छ । त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाह पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रुपमा समावेसीकरणको सिद्धान्त अवलम्बन गनुपर्ने पक्षहरु, शिक्षा, स्वास्थ्य, सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता बिषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

**ग) आर्थिक अवस्थाको विश्लेषणः** आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रबृत्तिलाई समेत विश्लेषण गर्नु पर्दछ । यस्तो विश्लेषणले भविष्यमा कस्तो र कुन रुपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने ? भन्ने सन्दर्भमा जानकारी लिन सकिन्छ । बस्तीलाई भविश्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ एकिकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्न सकिन्छ भन्ने कुरा जानकारीको लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरु, बसाँइसराइँको प्रभाव आदि कुराहरुमा समेत ध्यान दिइएको छ । यसका साथै गाउँपालिकाको विगत ५ वर्षको आय व्यय विवरण साविकका गाविसहरुको अभिलेखको आधारमा र सोही विवरणको आधारमा ५ वर्षको आम्दानी प्रक्षेपण समेत गरी सो आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरिने हुँदा गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत सहयोग पुगेको छ ।

**घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषणः** भौतिक विकासका पूर्वाधारमध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउनेपानीको उपलब्धता, विद्युत आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको विकासमा जोड दिनु पर्दछ । यस क्रममा दीगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ । विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदूषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयहरु समावेश गरिएको छ ।

**ङ) वस्तुस्थिति विवरण तयारीः** गाउँपालिकासँगको सम्झौता बमोजिम मादी गाउँपालिकाको वस्तुस्थिति विवरण तयार पारिएको छ । यो तयार पार्दा खासगरी योजना तर्जुमाको लागि विशेष ध्यान दिइएको छ ।

## १.८ आवधिक योजनाको कार्यप्रवाह (Work Flow of Periodic Plan)

यस आवधिक योजना तर्जुमाको समग्र प्रकृयाहरु समेटिएको चरणबद्ध कार्यप्रवाह विवरण तलको चार्टमा रहेको छ :

**आवधिक योजनाको कार्य प्रवाह**




श्रोतः स्थानीय स्वायत्त शासन ऐन, आवधिक योजना तर्जुमा निर्देशिका, २०५५ ।

## १.९ योजना तर्जुमाको प्रकृया (Plan Formulation Process)

### क) मादीको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

प्रत्येक गाउँ वा शहरका भविष्यमा हुने विकासका दृष्टिले आ-आफ्नै विशेष सम्भावनाहरु हुन्छन् र यिनै सम्भावनाहरुले बस्तीहरुको विकासको खाका कोर्ने गरेको हुन्छ । यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ । आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासको विश्लेषणमा अग्रणी क्षेत्रले ठूलो भूमिका खेल्दछ । मादी गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरुमाः पर्यटन, कृषि, जलस्रोत, पूर्वाधार, सामाजिक विकास, उद्योग, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन् । तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरु समेत तयार पारिएको छ ।

### ख) अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरुलाई पहिचान गर्दै क्रमबद्ध रुपमा विश्लेषण गर्नुपर्दछ । मादी गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनमा बस्तीहरुमा देखिएका मुख्य समस्याहरु अबलोकन तथा मूख्य सूचनादाताहरुको छलफलबाट जानकारी प्राप्त गरिएको छ । छलफल तथा अर्न्तक्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरु, विज्ञ समूहहरु लगायत अन्य निकायका प्रतिनिधिहरु तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरुसँग आबद्ध विद्धान, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरुसँग बैठक आयोजना गरी मुख्य समस्याहरु पहिचान गरिएको छ । यस्तो सहभागितामुलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको थियो । जसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको थियो । यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ । अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरु समेत पहिचान गरिएको थियो । यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ ।

### ग) रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरुले गाउँपालिकाको दीर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरुको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउँदछ भने भू-उपयोग नीतिलाई कार्यान्वयन गरी भविश्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ । दीर्घकालीन रुपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ । त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरु प्रस्ताव गरिएको छ र सोही अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरु प्रस्ताव गरिएको छ । गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरुलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis) मा समेत राखिएको

छ । यस्ता योजना र कार्यक्रमहरुलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरु, छिमेकी महानगर र गाउँपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरु, सम्बन्धित सरकारी र गैरसरकारी संघसंस्थाहरु र स्थानीय राजनैतिक दलहरुसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरुको भूमिका र योगदानमा समेत जोड दिइएको छ । यी रणनीतिक योजनाहरुले विद्यमान समस्याहरुलाई सम्बोधन गर्नुका साथै भविश्यमा अग्रणी क्षेत्रहरुलाई ग्रहण गर्दै निरन्तर रुपमा विकास दीगो भै अघि बढाउन मद्दत गर्ने छ र गाउँपालिकाको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हाँसिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

### घ) नक्सांकन तथा विश्लेषण

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ । गाउँपालिकाको भौतिक पूर्वाधारहरु जस्तै सडक, ढल, खानेपानी, विद्युत, संचार लगायत पूर्वाधारहरु नक्साङ्कनद्धारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरुको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थिति र प्रस्तावित भू-उपयोगको समेत नक्सांकन सहितको विश्लेषण गरिएको छ । नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2015 का तस्बीरहरु, Google Earth Pro का तस्बिरका तथ्यांकलाई GIS Software प्रयोग गरी निम्नानुसारका नक्सा तयार गरिएको छ :

- अवस्थिति तथा राजनैतिक विभाजन
- भौगोलिक स्वरुप
- नदीप्रवाह तथा जलाधार
- वर्तमान तथा प्रस्तावित भू-उपयोग
- पर्यटकीय क्षेत्र

### ङ) विषयगत विकास योजनाहरुको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरुको समग्रता हो । यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरु समेटिएका हुन्छन् । गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरुलाई वस्तुगत रुपमा विश्लेषण गरी ५ वर्षकालागि विभिन्न लक्ष्यहरु राखी कार्यक्रमहरु प्रस्ताव गरिएको छ । सबै योजनाहरुको कार्यक्रमका उपलब्धीका सूचकहरु, आधारहरु र मान्यताहरु समेटेर तर्कवद्ध ढाँचामा सबै विषयगत योजनाहरु निर्धारण गरिएको छ ।

### च) योजना कार्यान्वयन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ । प्रायगरी योजनाहरु बनाइन्छन् तर सही रुपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरुरी हुन्छ । गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई सजग गराउँदै सम्बद्ध निकायहरुलाई सक्रिय बनाउनु पर्दछ । यसका लागि सबै सरोकारवाला निकायसँग अन्तर्क्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस

योजनामा समावेश गरिएको छ । यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाई बढी उत्तरदायी बनाउन मद्दत गर्दछ ।

### १.१० **प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल** (Preliminary Report Writing, Presentaion and Discussion)

गाउँपालिका कार्यालयको मिति २०७५/३/१५ गते शुक्रवार याङजाकोटमा बसेको तेस्रो मादी गाउँपालिका सभा तथा अधिवेसनमा गाउँपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुत गरी गाँउसभाका सदस्यहरुवाट राय, सुझाव संकलन समेत गरिएको थियो । प्रस्तुतीकरणका क्रममा सहभागिहरुवाट आएका सुझावहरुलाइ समेत संकलन गरिएको थियो । प्राप्त राय तथा सुझावहरुलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी मिति २०७५/३/२१ र २२ गते पोखरामा विषयगत समितिका सदस्यहरु, राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न कार्यालयका विज्ञहरुको अर्न्तक्रिया कार्यक्रममा मस्यौदा प्रतिवेदन प्रस्तुत गरी सोवाट प्राप्त सुझावहरुलाई समेत समावेस गरी परिमार्जित मस्यौदा प्रतिवेदन मिति २०७५/३/२३ गते संघीय संसद् सदस्य, प्रदेश सभासद्, छिमेकी गाउँपालिकाका अध्यक्षहरु, पोखरा महानगरपालिकाका प्रमुख, जिल्ला समन्वय समितिका अध्यक्ष तथा गाउँपालिका कार्यसमिति समक्ष प्रस्तुत गरिएको थियो । उपयुक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरुलाई समावेश गरी योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.११ **आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति** (Presentation of Final Periodic Plan Report)

विभिन्न अर्न्तक्रिया तथा छलफल कार्यक्रमवाट प्राप्त सुझावहरुलाई पुन आवधिक योजनामा समावेश गरी मादी गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजना (२०७५/०७६ देखि २०७९/०८०) अन्तिम प्रतिवेदन २०७५/३/२८ गते गाउँपालिकाको कार्यालय याङ्जाकोटमा बसेको गाँउसभामा प्रस्तुत गरी अनुमोदनका लागि सभामा पेश गरिएकोमा सभाले सर्वसम्मत अनुमोदन गरी पारित गरेको थियो ।

### १.१२ **प्रतिवेदनको संगठन** (Organization of the Report)

यस आवधिक योजनाको प्रतिवेदनलाई छ भागमा विभाजन गरिएको छ । प्रथम भागमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ । द्धितीय भागमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो भागमा अपेक्षा पहिचान, तथा विश्लेषण गरिएको छ । त्यसैगरी चौथो भागमा गाउँपालिकाको आवधिक योजनाको दीर्घकालीन प्रारुप र पाँचौ भागमा गाउँपालिकाको क्षेत्रगत विकास आयोजनाहरुको बारेमा बिस्तृत कार्यक्रमहरु समावेश गरिएको छ । अन्तिम भागमा योजना कार्यान्वयन तथा लगानी कार्ययोजना, अनुगमन तथा मूल्याङ्कनपद्धति समावेश गरिएको छ ।. यसका साथै अनुसूचिहरुमा वडास्तरीय आयोजना तथा कार्यक्रम र श्रोत नक्सांकन समावेश गरिएका छन् ।

# अध्याय-दुई

## मादी गाउँपालिकाको वस्तुस्थिति विवरण
## (Profile of Madi Rural Municipality)

### २.१ **परिचय** (Introducation)

कास्की जिल्लाको उत्तर पूर्वमा अबस्थित मादी गाउँपालिका साविकका नामार्जुङ, पार्चे, सिल्दजुरे, थुमाकोडांडा, भाचोक, मिजुरेडाँडा, सैमराङ, कालिका ६-९ वडाहरु, माझठाना २ र ३, हंसपुर गाविसका ५ र ८ समेटी १२ वटा वडाहरु कायम हुने गरि नेपाल सरकारले मिति २०७३ फाल्गुण २७ गते नेपाल राजपत्रमा प्रकाशन गरी आधिकारिक रुपमा मादी गाउँपालिका घोषणा गरिएको हो । यो गाउँपालिका उत्तर तर्फको प्रसिद्ध अन्नपूर्ण हिमश्रृंखलाको काखमा अबस्थित छ । अन्नपूर्ण दोस्रो र चौथो हिमालको दक्षिणी ढालबाट उत्पत्ति भएको सप्तगण्डकी नदीको सहायक नदीको रुपमा रहेको मादी नदी यस गाउँपालिकाको समृद्धिको प्रमुख आधार रहेकाले यसै नदीको नामबाट मादी गाउँपालिका नाम रहन गएको हो । वि.सं. २०३२ अगाडि हाल मादी गाउँपालिकाका मादी नदी पूर्वका बरालडांडा गाँउबाहेक सबै भाग लमजुङ जिल्ला अन्तर्गत रहेका थिए ।

मादी गाउँपालिका नेपालकै मध्य विन्दु रहेको गाउँपालिका हो । अक्षांश र देशान्तर दुबै रेखाबाट काटिदा कायम भएको मध्यबिन्दु यसै गाउँपालिकाको कोरी क्षेत्रमा रहेको छ । त्यस्तै हिमालय श्रृङ्खलाकै सबैभन्दा कम उचाई (२४३५ मी.) मा निर्मित १०.०४ हेक्टर क्षेत्रफल ओगटेको र १८,८६,३०० मीटर क्यूविक पानी भएको क्हफुचे हिमताल (Kahphuche Glacial Lake) प्रकृतिको एउटा आफैमा अनौठो विशेषता बोकेको हिमताल हो (GeoNet & Geog. Dept, 2016) । त्यसैगरी यस गाउँपालिकाको अर्को विशिष्टता **क्होलासोंथर** गुरुङहरुले अन्नपूर्णको दक्षिणी भागमा बसोबास शुरु गर्दा पहिला वस्ती बसालेको ऐतिहासिक आदिम बस्ती क्षेत्र हो । गुरुङको उल्लेख्य बसोबास रहेको यस गाउँपालिकामा उनीहरुको मौलिक संस्कृति र चालचलनको अनुभव गर्न सकिन्छ । साथै समुन्द्रसतहबाट ५२० मी. देखि ७९३७ मी. सम्मको उचाइमा ३६.५ कि.मी. को हवाई दुरीमा अबस्थित यस गाउँपालिकामा प्रायः सबै प्रकारका धरातलीय स्वरुप, हावापानी र जैविक विविधताहरु रहेका छन् । अन्नपूर्ण हिमश्रृङ्खला पार गरी मनाङ जिल्ला जाने **नामुन भञ्याङ** (Namun Pass) यसै गाउँपालिकाको उत्तरपूर्वी भागमा पर्दछ ।

### २.२ **भौगोलिक स्थिति (Geographical Condition)**

#### २.२.१ **अबस्थिति (Location)**

नेपालको गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित मादी गाउँपालिका प्रदेश राजधानी पोखरादेखि करिब १४ कि.मी. उत्तर पूर्वमा अबस्थित छ । समुद्र सतहदेखि करिव ५२० मी.(तल्लो बेंसी) देखि ७९३७ मी. (अन्नपूर्ण दोस्रो हिमाल) सम्मको उचाइको भू-भागमा अवस्थित यस गाउँपालिकाको उत्तर दक्षिण अधिकतम लम्वाई ३६.५ कि.मी. र अधिकतम पूर्व-पश्चिम चौडाई १७.५ कि.मी. रहेको छ । यसको निरपेक्ष अवस्थिति २८° ११' २५" उत्तरी अक्षांश देखि २८° ३२' ३०" उत्तरसम्म र ८४° ०१' ३४" पूर्वी देशान्तर देखि ८४° १७' १५" पूर्वसम्म छ । मादी गाउँपालिकाले ५६३ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ, जुन जिल्लाको झण्डै २७ प्रतिशत भू-भाग हुन आउँछ ।




**नक्सा २.१: गाउंपालिकाको अबस्थिति नक्सा**

यस गाउँपालिकाको पूर्वमा लमजुङ जिल्लाको क्होलासोंथर र मर्स्याङदी गाउँपालिका, पश्चिममा पोखरा महानगरपालिका र माछापुच्छ्रे गाउँपालिका, उत्तरमा मनाङ जिल्लाको चामे र नेस्याङ गाउँपालिका र दक्षिणमा पोखरा महानगरपालिका र रुपा गाउँपालिका रहेका छन् । पूर्व तर्फ रुदी खोला साथै लमजुङ र कास्की जिल्लाको सीमानाको पानी ढलो, पश्चिममा बिजयपुर खोला र पानी ढलो, उत्तरमा अन्नपूर्ण हिमश्रृंखला र दक्षिणमा खोलाखोल्सी र पानी ढलोले सीमानाको काम गरेका छन् ।

## २.२.२ भू-बनोट

(Landform)

अन्नपूर्ण हिमश्रृंखला सँगै दक्षिणी काखमा अबस्थित यस मादी गाउँपालिकामा मुख्य हिमाल, हिमाली लेकफाँट, मध्ये पहाडी श्रेणी, टारी पाखा डाँडा र नदी बेंसी टार रहेका छन् । उत्तर दक्षिण हवाई दुर्री ३६.५ कि.मी. लाई हेर्दा भू-वनोटको दृष्टिमा मादी गाउँपालिका नेपालकै विशिष्ट विशेषता बोकेको गाउँपालिका हो जसको न्यूनतम ५२० मी. उचाईको हंसपुरको तल्लो बेंसीदेखि ७९३७ मी. उचाईको अन्नपूर्ण दोस्रो हिमालसम्मको क्षेत्र रहेका छन् । उचाईका आधारमा यहाँको धरातलीय स्वरुप लाई निम्नानुसार बर्गीकरण गर्न सकिन्छ ।




**नक्सा २.२**

तालिका २.१: धरातलीय विभाजन

| धरातलीय विभाजन | उचाई (मी.) | क्षेत्रफल (व.कि.मी) | प्रतिशत |
|---|---|---|---|
| नदी बेंसी, टार | ८०० कम | १८.६७ | ३.३२ |
| टारी, पाखा तथा होचा डाँडा | ८००-२१०० | १९३.०७ | ३४.२९ |
| उच्च पर्वतीय क्षेत्र | २१००-३३०० | १५७.५० | २७.९७ |
| हिमाली लेकफाँट | ३३००-५००० | ११८.५० | २१.०५ |
| मुख्य हिमालय | ५००० माथि | ७५.२६ | १३.३७ |
| | जम्मा | ५६३.०० | १००.० |

श्रोत: क्षेत्रफल DEM Data (SRTM Satelllite) बाट निकालिएको ।

### २.२.३ **हावापानी** (Climate)

यस गाउँपालिका नदी निर्मित समतल मैदानी भू-भागदेखि अग्लो मूख्य हिमाल अन्नपूर्ण दोस्रो सम्मको उचाईमा अवस्थित भएकोले हावापानीमा पनि विशिष्ट विशेषता रहेको पाइन्छ । सामान्यतः यहाँका होचा वेंसिहरुमा अर्धोष्ण मनसुनि जलवायु (Sub-Tropical Monsoon Climate) पाइन्छ भने क्रमशः उचाई बढ्दै जाँदा न्यानो समशितोष्ण, ठण्डा समशितोष्ण, लेकाली अग्ला डाँडाहरुमा अल्पाइन र ५००० मी. भन्दा उचाइका क्षेत्रमा टुण्ड्रा हावापानी पाइन्छ । होचा वैंसिहरु जस्तै- मुग्रिबेंसी, मौरीबेंसी, थुम्सिकोट, भगवतीटार, मादीवेसी, वयरघारी, सुनपदेली आदिमा गृष्ममा गर्मी तथा आर्द्र हुन्छ भने हिउँदमा शुष्क तथा जाडो हुन्छ । टारी, वारी पाखा तथा होचा डांडा क्षेत्रमा गृष्म न्यानो तथा वर्षा र हिउँद ठण्डा हुन्छ । हिमाली लेकफाँट र बिस्तृत हिमाच्छादित क्षेत्रमा हावापानी ज्यादै ठण्डा हुन्छ । यहाँ वर्षा हिमपातको रुपमा हुन्छ । असारदेखि असोज महिनासम्म वंगालको खाडीवाट आउने मनसुनी वायुको कारण सर्वाधिक वर्षा हुन्छ भने हिउँदमा पश्चिमी वायुद्वारा सामान्य वर्षा हुन्छ ।

## २.३ **प्राकृतिक स्रोत तथा सम्पदा** (Natural Resources)

### २.३.१ **नदी प्रवाह प्रणाली** (Drainge System)

नेपालमा मनसुनी हावाको ठूलो प्रभावको कारणले यहाँ प्रशस्त वर्षा हुन्छ । यसै गरी यस गाउँपालिकामा अन्नपूर्ण हिमश्रृंखलाबाट उत्पत्ति भइ वहेर आउने नदी र खोलाहरु स्थायी र अस्थाई रुपमा वगेका छन् । अन्नपूर्ण हिमालवाट वगेको प्रथम स्तरको मादी नदी ( ४२.५२ कि.मि., क्हफुचे तालदेखि तल्लो बेंसीसम्म) यहाँको मुख्य नदी हो भने, दोस्रो स्तरका प्रमुख खोलाहरुमा विजयपुर खोला (१४.२३ कि.मी.), रुदी खोला (१९.७५ कि.मि.), वार्दी खोला (८.५३ कि.मि.), मकै खोला (४.८७ कि.मि.), इँदी खोला (१०.९३ कि.मि.), सेती खोला (५.०३ कि.मि.), चिप्ली खोला (




नक्सा २.३

६.८८ कि.मि.), गर्च्याङ खोला (१२.८५ कि.मि.), मद्मे खोला (११.५२ कि.मि.) आदि हुन् । त्यसवाहेक वर्षामा बर्षने पानी र मुल फुटेर वहने अन्य खोलाहरु सयौंको संख्यामा छन । यस क्षेत्रमा वहने नदीको प्रवाह प्रणाली (Drainage Pattern) लाई वृक्षाकार प्रवाह प्रणाली (Dendritic Drainage Pattern) मान्न सकिन्छ किनकि यस क्षेत्रका नदीका शाखा तथा उपशाखाहरु रुखको हाँगाविंगा जस्तै चारैतर्फ स्वतन्त्र रुपले फैलिएका छन् । यी खोलाहरु प्रायः सबै मादी नदीसँग मिसिन्छन् । यी नदी तथा खोलाहरुबाट विभिन्न क्षमताका साना तथा मझौला विद्युतको उत्पादनका साथै सिंचाइ समेत गरिएको छ ।

## २.३.२ **वनस्पति तथा वन्यजन्तु** (Vegetation and Wildlife)

यस गाउँपालिकामा कम उचाइका क्षेत्रका नदी वेंसी इलाकाका आसपासमा अर्धोष्ण पतझर जंगल पाइन्छ । यस क्षेत्रका करिब १२०० मी. सम्मको उचाईमा मुख्यतः कटुस, चिलाउने, सालको जंगल पाइन्छ जसले मादी गाउँपालिकाको कूल भू-भागको करिब १६ प्रतिशत भू-भाग ओगटेको छ । यस उचाइ भित्रपनि करिब ८०० मी. भन्दा होचा भागमा साल प्रजातिको बाहुल्यता छ भने सो भन्दा माथि चिलाउने कटुस प्रजातिको बाहुल्यता रहेको छ । त्यस्तै यहाँका मानव बस्ती र खेतीयोग्य जमिन वरिपरि विभिन्न किसिमका डाले घाँसका बोटहरु पाइन्छन् । यस गाउँपालिकाको १२०० देखि २१०० मी. सम्मको उचाइका भाग कूल क्षेत्रफलको करिब २२ प्रतिशतमा रहेको पतझर र कोणधारी मिश्रित जंगल पाइन्छ । यस प्रकारको जंगलबाट मूलतः दैनिक प्रयोगमा आउने वन्य पैदावारहरु घाँस, दाउरा, काठ आदि उपलब्ध हुन्छन् ।  साथै यहाँको करिब २१०० मी. देखि ३३०० मी. उचाइमा कोणधारी जंगलको बाहुल्यता रहेको यो क्षेत्रले करिब २७ प्रतिशत भू-भाग ढाकेको छ । यस क्षेत्रमा सल्लो, उत्तिस, निगालो, पैयु, मुसुरे कटुस, टुनी, गुराँस, काफल, काउलो, लोकता आदि जातका वनस्पति पाइन्छन् । यसको साथै यहाँ विभिन्न प्रकारका औषधीजन्य जडिबुटिहरु सिल्टिमुर, पाखनवेद, टुसा, गुर्जो आदि पाइन्छन् । यहाँको करिब ३३०० मी. माथिको घाँसेमैदानले मादी गाउँपालिकाको कुल क्षेत्रफलको करिब २१ प्रतिशत क्षेत्रफल ओगटेको छ यस भू-भागको मुख्य वनस्पतिमा प्रायगरी औषधीजन्यको रुपमा यार्सागुम्बा, पाँचऔंले, जटामसि, निरमसी, पिप्ला, पाखनवेद, बायजरो, सिलाजित, लसुन आदि रहेका छन् भने करिब १३ प्रतिशत भूभागमा नाङ्गा डांडा तथा हिमले ढाकेको अवस्थामा रहेको छ जहाँ हिउँले नढाकेको क्षेत्रमा टुण्ड्रा किसिमका लेउ, झ्याउ जस्ता वनस्पति पाइन्छन् ।

जैविक विविधताले सम्पन्न यस गाउँपालिकामा विभिन्न प्रकारको जंगली जीवजन्तुहरु पाइन्छन् । यहाँका प्रमुख जीवहरुमा कालो भालु, चितुवा, मृग, झारल, घोरल, लंगुर, बाँदर, दुम्सि, लोखर्के, स्याल, फ्याउरो, चरिबाघ आदि पाइन्छन् भने डाँफे, मुनाल, कालिज, तित्रा, ढिकुर, चिवे, भंगेरा, लामपुच्छ्रे कोइली, गिद्ध, लाटोकोसेरो, चमेरो, आदि चराचुरुङ्गीहरु पाइन्छन् ।

## २.३.२ **माटो तथा खनिज** (Soil and Mineral)

यस गाउँपालिकाको नदीवेंसी र आसपासको क्षेत्रमा मलिलो उब्जाउशील पाँगोको प्रधानता रहेको छ । यस प्रकारको माटोमा सिंचाई सुविधाद्धारा मूलतः धानको खेती गरिनछ । यहाँको अधिकांश मानव वस्ती रहेका टारी, पाखाहरुमा पत्रे चट्टानद्धारा निर्मित खस्रो खालको माटो पाइन्छ । यस माटोमा मुख्यतया मकै, गहुँ, कोदो जस्ता बालीको उत्पादन गरिनछ । मानव पहुँचभन्दा बाहिरका उच्च पहाडी तथा हिमाली क्षेत्रका लेकफाँट तथा भिरालो क्षेत्रमा माटो निर्माण प्रक्रियामा रहेको छ । खनिज अन्तर्गत उच्च क्षेत्रहरु चुनढुङ्गा, ग्रेनाइट, निस तथा स्लेट पाइन्छ भने कम उचाइका क्षेत्र तथा नदी वेंसी, टारहरुमा स्लेट तथा ढुङ्गा, बालुवा, गिटी आदि पाइन्छन् ।

## २.४ भू-उपयोग तथा मानव बसोबास (Landuse and Human Settlement)

### २.४.१ भू-उपयोग (Landuse)

मादी गाउँपालिका दक्षिणमा मादी नदीको होचो तल्लो वेंसी (५२० मी.) देखि उत्तरमा अन्नपूर्ण द्विात्तिय (७९३७ मी.) सम्म विस्तृत क्षेत्रफलमा विस्तारित गाउंपालिका हो । यहाँको धरातल, उचाई, हावापानी, माटो प्राकृतिक वनस्पती आदि भौतिक र आर्थिक, सामाजिक एवं साँस्कृतिक पक्षहरुमा भिन्नता पाइन्छ । यसले गर्दा यहाँको भू-उपयोगमा समेत गहिरो प्रभाव पारेको छ । यस गाउँपालिकाको भू-उपयोगको स्थितिलाई तलको तालिकामा दिइएको छ :

तालिका २.२ : मादी गाउँपालिकाको भू-उपयोगको स्थिति

| क्र.सं. | भू-उपयोगको किसिम | क्षेत्रफल (व.कि.मी) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि भूमि तथा बस्ती | ६४.६ | ११.४८ |
| २ | वन जंगल | ३०८ | ५४.७६ |
| ३ | ब्यारेन (खाली) भूमि | २९९ | ५.३० |
| ४ | घाँसे क्षेत्र | ५४.४ | ९.६७ |
| ५ | झाडी क्षेत्र | १०.४ | १.८४ |
| ६ | हिम क्षेत्र | ८१.६ | १४.४९ |
| ७ | भिर पहरा | ६.९५ | १.२३ |
| ८ | बलौटे तथा कंकड | ४.८९ | ०.८७ |
| ९ | नदी किनार | ०.९६ | ०.१७ |
| १० | ताल तथा कुण्ड | १.०७ | ०.१९ |
| | जम्मा | ५६३.०० | १००.०० |

श्रोतः Satellite Image (Google Earth Pro), २०१७ ।

यस गाउँपालिकको मादी नदी, रुदी, वार्दी, मकैखोला, ईँदी, घ्यामराङ, चिप्ली, विजयपुर आदि खोलाहरुको आसपासमा कृषि भूमिको विस्तार भएको छ । पातीखोला, वालुवावेंसी, सुन्दरवेंसी, मौरी वेंसी, मादीवेंसी, सुनपदाली आदि यहाँका कृषि योग्य वेंसीहरु हुन् । यसको साथै यी वेंसीहरुदेखि माथिल्लो उचाइ क्षेत्रमा मानव वसोवास र कृषियोग्य टारीखेतहरु फैलिएका छन् । टारीखेतहरुमा गोर्जे, मकैखोला, तारकाङ, चितेपानी, तप्राङ, ताङतिङ, पार्चे, सिक्लेस, खिलाङ आदि महत्वपूर्ण छन् । यी फाँटहरुमा वर्षाद्मा सिचांई सुविधा उपलब्ध गराएर मुख्यतः धानको खेती गरिनछ । हिउँदमा यी फाँटहरु प्रायः खाली हुन्छन् । केही ठाउँमा मकै, गहुँ, तोरी, आलु लगायत सागसब्जीको उत्पादन गरिनछ । यसको अतिरिक्त यी टारी खेतको माथिल्लो भागमा कोदो, मकै, आलु, तोरी लगायत विभिन्न सागसव्जीको उत्पादन गरिन्छ । पाखुरीकोट, नागीधार, मुग्री, गहते, भाचोक, सैमराङ, याङजाकोट, ताङतिङ, सिक्लेस, पार्चे, खिलाङ, तप्राङ आदि कृषि कार्य सञ्चालन हुने उच्च ग्रामीण वस्तीहरु हुन् । यस गाउँपालिकाको कृषि भूमि तथा बस्तीको क्षेत्रफल ६४.६ वर्ग कि.मी. छ । यस मादी गाउँपालिकाको कुल क्षेत्रफलको ११.४८ प्रतिशत भू-भाग ओगटेको छ । यसैगरी झाडी क्षेत्रले १०.४० बर्ग कि.मी. (१.८४%) ओगटेको छ ।



मादी गाउंपालिका
वर्तमान भूउपयोग
84°1'0"E
84°8'0"E
84°15'0"E
28°32'0"N
28°25'0"N
28°18'0"N
28°11'0"N
अन्नपूर्ण चौथो
अन्नपूर्ण दोस्रो
लमजुङ हिमाल
मादी नदी
कोरी डांडा
संकेत
गापा सीमाना
वडा सीमाना
वर्तमान भूउपयोग
कृषि भूमि
ब्यारेन भूमि
झाडि क्षेत्र
भिरपाखा
वन जंगल
हिम क्षेत्र
घाासे क्षेत्र
जल क्षेत्र
कंकड बालुवा
3.5
1.75
0
3.5
Km.
N
विजयपुर खोला


नक्सा २.४

यस गाउँपालिकामा वन जंगलको विस्तार दक्षिणदेखि उत्तरसम्मका अधिकांश भू-भागमा भएको छ । यहाँ वन जंगलको कूल क्षेत्रफल ३०८ वर्ग कि.मी छ । यसले मादी गाउँपालिकाको कुल क्षेत्रफलको करीव ५४.७६ प्रतिशत भू-भाग ओगटेको छ । यहाँको तल्लो भागमा अर्धोष्ण प्रकारको पतझर जंगल पाइन्छ । साल, कटुस, चिलाउने, वर, पिपल, वाँस आदि जातका रुखहरु पाइन्छन् । यसको अतिरिक्त मानव बसोवासको उत्तरी खण्डमा खासगरी उच्च पर्वतिय भू-भागमा कोणधारी प्रकारको जंगल पाइन्छ । यो जंगल औद्योगिक दृष्टिले ज्यादै महत्वपूर्ण छ । यसवाट फर्निचर, प्लाईउड उद्योग र कागज उद्योग सञ्चालन गर्न सकिन्छ । यहाँको जंगलमा विभिन्न प्रकारका औषधिजन्य वहुमूल्य जडिवुटीहरु पाइन्छन् । यी जडिवुटीहरु प्रशोधन गरेर आर्थिक उपार्जन गर्न सकिन्छ । यहाँ विभिन्न सामुदायिक वन र अन्नपूर्ण संरक्षण क्षेत्र अन्तरगत विस्तृत भू-भाग वन जंगलले ढाकिएको छ ।

यस गाउँपालिकाको उच्च पहाडी भू-भागमा अत्यन्त भिरालो जमिन भएको कारण ब्यारेन (नाङ्गो) भूमिको रुपमा रहेको छ जसले कुल भू-भागको २९.९ वर्ग कि.मी अर्थात् ५.३० प्रतिशत भू-भाग ओगटेको छ । यस्तै गरी करिब ३३०० मी. उचाइभन्दा माथि गाउँपालिकाको उत्तर पूर्वी भू-भागमा घाँसे भूमिको बाहुल्यता रहेको छ । यस भूमिले ५४.४ वर्ग कि.मी (९.६७%) भू-भाग ओगटेको छ भने प्रायः खर्क, खर्तरी र समतल घाँसेभूमिका कारण भेडा, च्याङ्ग्रा तथा याक पालनको लागि उपयुक्त छ ।  त्यस्तै भिर र पहराले यो गाउँपालिकाको ६.९५ बर्ग किमी (१.२३ %) ओगटेको छ ।

यस गाउँपालिकाको उच्च हिमाली क्षेत्र ५००० मि. भन्दा माथिको भू-भाग वर्षैभरी हिउँले ढाकिएको छ । यस प्रकारको भूभागले ८१.६ वर्ग कि.मी (१४.४९%) क्षेत्रफल ओगटेको छ । यस बाहेक मादी गाउँपालिकामा जल क्षेत्रको रुपमा नदी तथा नदी किनारी भागले ०.९६ बर्ग कि.मी. अर्थात् ०.१७ प्रतिशत ओगटेको छ भने ताल कुण्ड, पोखरीले १.०७ वर्ग कि.मी. (०.१९%) भू-भाग ढाकेको छ । बलौटे तथा कंकड क्षेत्रले ४.८९ वर्ग कि.मी. (०.८७ %) क्षेत्रफल ओगटेको छ ।

### २.४.२ **मानव बसोबास** (Human Settlement)

यस गाउँपालिकामा गुरुङ, मगर, तामाङ, ब्राम्हण, क्षेत्री, कामी, दमै, सार्की आदि जातिको बसोवास रहेको छ । प्रायः जनजातिको बस्ती एकत्रित किसिमको छ भने अन्य जातिको वस्तीको ढाँचा छरिएको पाउन सकिन्छ  । गाउँदेखि वेंसी झर्ने प्रायः वाटाहरु ढुङ्गाका सिढीँले वनाइएका छन् । हाल आएर पुराना गल्ली र वाटाहरुमा ट्रेक खोलेर कतिपय स्थानमा सवारी साधन आवतजावत गर्ने धुले वाटाहरु समेत निर्माण भइरहेका छन् । वस्ती र वाटाहरुको विचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । वस्तीमा आवत जावत गर्न कुनै न कुनै प्रकारको सानो वाटो पुगेकै हुन्छ । शहरी क्षेत्रमा जस्तो ग्रामीण क्षेत्रमा फराकिला र कालोपत्रे, ढलान गरेका सडकहरु छैनन् । यहाँका वस्तीहरु मध्ये कुनै साना छन् भने कुनै वस्तीमा जनसंख्या पनि अत्याधिक रहेको छ । यसको साथै कतिपय वस्तीहरु छरिएर रहेका छन् । छरिएर रहेका घर वस्तीहरुलाई एकत्रित गर्न सकेको खण्डमा वाटो, खानेपानी, विद्युत्त, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा सुविधाहरुको पहुँच वृद्धि गर्न सकिन्छ ।

गाउँपालिका प्रोफाइल २०७५ अनुसार यहाँका अधिकांश वस्तीहरुका घरहरु ढुङ्गा र माटोले वनेका छन् भने अधिकाशं घरहरुका छाना जस्तापाता जडित छन् । यस गाउँपालिकाका घरहरुको जग निर्माण सामग्रीको आधारमा ढुङ्गा र माटोको जगद्धारा ८९.०८ प्रतिशत घरहरु, सिमेन्ट र ढुङ्गाबाट ६.२८ प्रतिशत, फ्रेम स्टक्चरबाट ०.४४ प्रतिशत, काठको खम्बाबाट ०.७ प्रतिशत र ४.१७ प्रतिशत घरहरु अन्य सामग्रीहरुद्वारा जग निर्माण गरिएको छ ।

यहाँका अधिकाशं घरहरु भवन मापदण्ड अनुसार निर्माण भएका छैनन् । करीव ६५.४४ प्रतिशत घरहरु भवन मापदण्ड अनुरुप छैनन् भने कतिपयलाई भवन मापदण्ड सम्बन्धी ज्ञान नभएको ३३.२९ प्रतिशत र भवन मापदण्डअनुसार १.२७ प्रतिशत घरहरु रहेका छन् । तसर्थ यहाँका जनताहरुलाई भवन निर्माण गर्दा यस सम्वन्धी ज्ञान विज्ञद्धारा गराउनु पर्ने देखिन्छ । भवन (घर) हरु निर्माण गर्दा भुकम्प प्रतिरोधी हुनुपर्दछ । यहाँ भुकम्प प्रतिरोधी घरहरु ज्यादै कम छन् भने ७२.२१ प्रतिशत घर भुकम्प प्रतिरोधि नभएको, २६.५२ प्रतिशत घर थाहा नभएको बताउछन । यहाँका घरका छानो अधिकाशं जस्तापाताद्धारा ८५.९३ प्रतिशत घरहरु, स्लेटवाट ७.४८ प्रतिशत, खरबाट १.६५ प्रतिशत, ढलान घरहरु ०.८१ प्रतिशत र अन्य सामग्रीबाट निर्माण भएका घरहरुको संख्या ४.१३ प्रतिशत रहेको छ । घरको स्वामित्वको हिसावले यस गाउँपालिकामा ९४.२७ प्रतिशत घरहरु निजी, २.७३ प्रतिशत भाडामा र २.७३ प्रतिशत घरपरिवार अरुको घर कुरेर वसेका छन् ।

### २.४.३ **भू-स्वामित्वको अवस्था** (Land Ownership)

मानिसले भूमिको प्रयोग विभिन्न कार्यलाई गरेको हुन्छ । आवास, खाद्यान्न, फलफूल, तरकारी, घाँस, काठ, जडिवुटि, पशुपालन लगायत विभिन्न आर्थिक उपार्जन गरेर जीवन निर्वाह गर्दछन् । ग्रामीण क्षेत्रका भूमिहरुमा अहिले आकर्षण घट्दै गइरहेको छ । जनश्रमको अभाव, प्राकृतिक प्रकोप, सिचाँई सुविधाको अभाव, मल-विऊको अभाव र परम्परागत कृषि पद्धति आदि कारणले गर्दा कृषि उत्पादनमा ह्रास भई रहेको छ । यसले गर्दा भूमिबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन ।

गाउँपालिका प्रोफाइल २०७५ अनुसार यस गाउँपालिकामा भू-स्वामित्वको हिसावले कृषि भूमिहीन परिवार संख्या ६.०७ प्रतिशत, ३ रोपनीसम्म जग्गा हुने २६.०३ प्रतिशत, ३ देखि ७ रोपनीसम्म २४.६६ प्रतिशत, ७ देखि १३ रोपनीसम्म २४.५५, १३ देखि ६५ रोपनीसम्म १८.५४ प्रतिशत र ६५ रोपनी भन्दा माथि जग्गा हुने ०.१४ प्रतिशत परिवार रहेका छन् । यसैगरी जमिन आवादीको आधारमा आफ्नै भूमि आफैले प्रयोग गर्ने घर संख्या २८०२ रहेको छ भने ५२७ परिवारले आफ्नो जमिन अरुलाई कमाउन दिएका छन् । आफ्नो जमिन नभएर वा कम भएर अरुको जमिन कमाउने घर परिवारको संख्या ६७१ रहेको छ । कतिपय घर परिवार गाउँ छोडेर अन्यत्र अस्थाई वसोवास गर्ने हुनाले आफ्नो भूमिको व्यवस्थापन गर्न नसकेर बाँझो छाडेका छन् । यस्ता परिवारको संख्या २७६ रहेको छ ।

## २.५ **सामाजिक तथा सांस्कृतिक अवस्था** (Social and Cultural Condition)

मादी गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्थाअन्तर्गत जनसंख्या, बसाँइसराइँ, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवं स्वास्थ्य सम्बन्धी विवरण समावेश गरिएको छ ।

### २.५.१ **जनसंख्या संरचना तथा वितरण** (Population Structure and Distribution)

गाउँपालिका प्रोफाइल २०७५ अनुसार यस गाउँपालिका भित्र जम्मा ४३१४ परिवार रहेका छन् । मादी गाउँपालिकाको कूल जनसंख्या २५७७९ रहेको छ । जसमध्ये १२४५१ महिला र १३३२८ जना पुरुष रहेका छन् । गाउँपालिकामा जम्मा ९६६ परिवार महिला घरमुली रहेका छन् भने बाँकी ३३४८ जना घरमुली पुरुष रहेका छन् । गाउँपालिकाको औसत परिवार संख्या ५.९८ रहेको छ । जनसंख्याको वितरणलाई हेर्दा गाउँपालिका भित्र सवैभन्दा ठूलो गाँउ सिक्लेस हो र जनसंख्या १९१४ छ भने दोस्रोमा याङजाकोटमा १८१ घरपरिवार र ११४६ जनसंख्या छ भने तेस्रोमा ताङतिङ १७८ घरपरिवार र ९५३ जनसंख्या रहेको छ ।

### २.५.२ **जनशक्तिको संरचना** (Composition of Manpower)

गाउँपालिका प्रोफाइल २०७५ अनुसार यस गाउँपालिका भित्रका ४३१४ घरपरिवार मध्ये २७६६ कृषि तथा पशुपालनमा संलग्न छन् । त्यसैगरी २७९ परिवार जागिर/नोकरी, ८ परिवार उद्योग, १८० परिवार व्यापार, २२७ परिवार ज्याला मजदुरी, १४ परिवार व्यवसायिक कार्य (पत्रकार, पुजारी, वकिल लगायत), ६१५ परिवार वैदेशिक रोजगारी र २२५ अन्य पेशामा संलग्न रहेका छन् । जनसांख्यिक तथ्यांक हेर्दा ५३५२ जना कृषि तथा पशुपालनमा (३१०४ पुरुष र २२४८ महिला), २६०४ वैदेशिक रोजगारीमा ( २३२१ पुरुष र २८३ महिला), १९२८ गृहिणी, ११२४ नोकरी (७९१ पुरुष र ३३३ महिला), ७३७ ज्याला मजदुरी (५८४ पुरुष र १५३ महिला), ५३० उद्योग/व्यापारमा (३३३ पुरुष र ३२० महिला)संलग्न भएको देखिन्छ भने जम्मा १७३९ वेरोजगार (१०१० पुरुष र ७२९ महिला) छन् ।

### २.५.३ **बसांइसराईको वर्तमान अवस्था** (Present Status of Migration)

मादी गाउँपालिकाको तथ्यांकअनुसार गत वर्ष (२०७४) मा जम्मा ९६ घर परिवार बसाँइसराई गरेको देखिन्छ । जसअनुसार जिल्लाभित्र हुने बसाइँसराईमा ४३ परिवार गाउँपालिकाभित्र आएका र ३४ घरपरिवार गाउँपालिका भित्रवाट वाहिर गएको देखिन्छ । त्यसैगरी जिल्ला वाहिर बसाइँसराई गरी जाने परिवार १५ छन् भने जिल्ला बाहिरवाट गाउँपालिकामा भित्रने परिवार जम्मा ४ छन् ।

### २.५.४ **वैदेशिक रोजगारीमा रहेको जनशक्ति** (Manpower in Foreign Employment)

गाउँपालिका प्रोफाइल २०७५ अनुसार यस गाउँपालिका भित्र जम्मा २६०४ जना वैदेशिक रोजगारीमा संलग्न छन् । जसअनुसार २८३ महिला र २३२१ पुरुष छन् । पारिवारिक सर्वेक्षणको तथ्यांक अनुसार सवभन्दा वढी खाडी मुलुकमा १५०१ जना, २०१ जना यूरोपमा, १९५ जना मलेशिया, १२४ जना जापान, ८९ जना अमेरिका, ६९ जना दक्षिण कोरिया, ४८ जना अष्ट्रेलियामा र बाँकी २०६ जना अन्य देशमा वैदेशिक रोजगारीका सिलसिलामा देश वाहिर कार्यरत छन् ।

### २.५.५ **चाडपर्व तथा जात्रा** (Feast and Festival)

यस गाउँपालिकामा विभिन्न किसिमका चाडपर्व मेला तथा जात्राहरु मनाउने गरिनछ । जसमा मुख्यगरी माघे संक्रान्ति मेला सिक्लेस, ल्होछार मेला, दशैं, तिहार, चैत्र दशै मेला ताङतिङ र यांजाकोट, बुद्ध जयन्ती यांजाकोट, तीज मेला तप्राङ, छाचोक, छापाडाँडा र मकैखोला, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, थाक मेला फागुन ७, फागु पूर्णिमा मेला पानीघाट, बैशाख पूर्णिमा पूजा छाचोक, मैपोलो, सिल्दु पूजा थाक, मुग्रीमेला मुग्रीगाँउ माघ १६, हरिबोधनी एकादशी मेला थुम्सिकोट, नयाँबर्ष मेला खिमाजे आदि रहेका छन् ।

### २.५.६ **भाषाभाषी तथा भेषभूषा** (Language/Dialect and Dress)

यस गाउँपालिकाभित्र विभिन्न भाषाभाषी समूह रहेका छन् जसमा नेपाली २४३४, गुरुङ १७१५, तामाङ ८८, मगर ७१, नेवार ५ र अन्य १ घर परिवार रहेका छन् भने यी विभिन्न जातजातिहरुका आ-आफ्नै जातीय भेषभूषा तथा खानपिन रहेका छन् ।

## २.५.७ साक्षरता र शैक्षिक अवस्था (Literacy and Educational Status)

**क) साक्षरताको अवस्था**

मादी गाउँपालिकाको कूल जनसंख्या २५७७९ मध्ये ८८.७ प्रतिशत जनसंख्या साक्षर छन् भने बाँकी ११.३ प्रतिशत जनसंख्या निरक्षर छन् । पुरुष साक्षरता ९३.३० प्रतिशत रहेको छ भने महिला साक्षरता ८३.८५ प्रतिशत रहेको छ । यसैगरी पुरुष निरक्षर ६.७० प्रतिशत र महिला निरक्षर १६.१५ प्रतिशत छन् ।

तालिका २.३ः साक्षरताको अवस्था

| उमेर समूह | निराक्षर | | साक्षर | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ६-१५ | ७९ | १.८० | ४३१६ | ९८.२० | ४३९५ |
| १६-४५ | ३६० | २.७८ | १२५९४ | ९७.२२ | १२९५४ |
| ४६-६० | ७४७ | २१.९६ | २६५५ | ७८.०४ | ३४०२ |
| ६० वर्ष माथि | १४८६ | ५०.९६ | १४३० | ४९.०४ | २९१६ |
| जम्मा | २६७२ | ११.२९ | २०९९५ | ८८.७१ | २३६६७ |

स्रोतः मादी गाउँपालिका प्रोफाइल, २०७४ ।

उमेर समूहगत रुपमा साक्षरता स्थिति हेर्दा मादी गाउँपालिकामा ६-१५ वर्ष उमेरका निरक्षर जनसंख्या १.८० प्रतिशत छ भने साक्षर जनसंख्या ९८.२० प्रतिशत रहेको छ । त्यस्तै १६-४५ वर्ष उमेर समूहका निराक्षर जनसंख्या २.७८ प्रतिशत छ भने साक्षर जनसंख्या ९७.३३ प्रतिशत रहेको छ । यसैगरी ४६-६० र ६० वर्षभन्दा माथिल्लो उमेर समूहका निरक्षर जनसंख्या क्रमश २१.९६ प्रतिशत र ५०.९६ प्रतिशत छ भने साक्षर जनसंख्या क्रमशः ७८.०४ प्रतिशत र ४९.०४ प्रतिशत रहेको छ ।

जातिगत रुपमा ब्राम्हण, क्षेत्री र ठकुरीको निराक्षर प्रतिशत ९.६३ छ भने आदिवासी जनजाति, दलित र अन्यको निराक्षर प्रतिशत क्रमशः १०.६३, १६.१७ र ८.२२ रहेको छ । यसैगरी ब्राम्हण, क्षेत्री र ठकुरीको साक्षर प्रतिशत ९०.३७ रहेको छ भने आदिवासी जनजाति, दलित र अन्यको साक्षरता क्रमश ८९.३७, ८३.८३ र ९१.१८ प्रतिशत रहेको छ ।

तालिका २.४ : जातिगत साक्षरताको स्थिति

| उमेर समूह | निरक्षर | | साक्षर | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ब्राम्हण, क्षेत्री र ठकुरी | ८२६ | ९.६३ | ७७४८ | ९०.३७ | ८५७४ |
| जनजाति | ११२७ | १०.६३ | ९४७४ | ८९.३७ | १०६०१ |
| दलित | ७१० | १६.१७ | ३६८० | ८३.८३ | ४३९० |
| अन्य | ९ | ८.८२ | ९३ | ९१.१८ | १०२ |
| जम्मा | २६७२ | ११.२९ | २०९९५ | ८८.७१ | २३६६७ |

स्रोतः मादी गाउँपालिका प्रोफाइल, २०७४ ।

**ख) तहगत शैक्षिक अवस्था**

मादी गाउँपालिकाको शिक्षाको तहलाई पूर्व प्राथमिक, आधारभूत र माध्यामिक तह गरी ५४ वटा विद्यालयहरु रहेका छन् । पूर्व प्रावि तहमा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । तहगत रुपमा आधारभूत तहमा ४४ वटा विद्यालय, माध्यमिक तहमा १० वटा बिद्यालय छन् । बालबालिका ५ वर्ष पुगेपछि कक्षा १ मा भर्ना हुन्छन् । सो उमेर भन्दा अगाडि पूर्व प्राविमा रहन्छन । आधारभूत तहलाई कक्षा १ देखि ८ सम्म र माध्यामिक तहलाई ९ देखि १२ सम्म व्यवस्था गरिएको छ । मादी गाउँपालिकाका विद्यालयहरुको तथ्यांक २०७४ अनुसार पूर्व प्रावि तहमा छात्रा र छात्रको संख्या कमश १७७ र २२० गरी जम्मा ३९७ जना रहेका छन् । आधारभूत तहमा छात्रा ११२३ र छात्र १०८८ गरी जम्मा २२११ जना रहेका छन् । माध्यामिक तहमा छात्रा ३१२ र छात्र २९४ गरी ६०६ जना विद्यार्थीहरु रहेका छन् । यस गाउँपालिकामा कूल विद्यार्थी संख्या ३२१४ जना जसमा १६१२ जना छात्रा र १६०२ छात्र छन् ।

मादी गाउँपालिकाका विद्यालयहरुमा विद्यार्थीहरु जम्मा ३२१४ जना रहेका छन् । जाति जनजातिगत समूहका आधारमा ब्राह्मण क्षेत्री, जनजाति र दलितका कमशः ३२.५१, ३३.४२ र ३४.०७ प्रतिशत विद्यार्थी रहेका छन् । यसरी दलित बालबालिकाको संख्या सवैभन्दा बढी देखिन्छ भने त्यसपछि कमशः जनजाति र ब्राह्मण क्षेत्रीको संख्या रहेको छ ।

मादी गाउँपालिकाका सम्पूर्ण तहका विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिका संख्या जम्मा ३४२ जना रहेका छन् । जम्मा स्वीकृत दरवन्दी २२९ जनाको छ भने अन्य शिक्षक शिक्षिकाको व्यवस्था स्थानीय श्रोतवाट गरिएको छ । यहाँ स्थायी शिक्षक र शिक्षिकाको संख्या कमशः ८१ र २५ जना रहेका छन् । अस्थायी १७३ मध्ये शिक्षक ७० र शिक्षिका १०३ जना छन् । यहाँ धेरै शिक्षक शिक्षिकाहरु अस्थायी सेवामा कार्यरत छन् । अधिकांश महिला शिक्षिकाहरु अस्थायी सेवामा रहेका छन् । राहत सेवामा जम्मा २८ जना मध्ये शिक्षक १९ र शिक्षिका ९ जना छन् । स्वीकृत दरवन्दी र राहत अनुदान बाहेक यस गाउँपालिकामा शिक्षक र शिक्षिकाको व्यवस्थापन विद्यालयको स्थानीय श्रोतवाट (समुदाय र संघ सस्था) वाट गरिएको छ ।

**ग) सीपमुलक तथा व्यावसायिक शिक्षाको अवस्था**

मादी गाउँपालिको प्रोफाइल २०७५ अनुसार यस गापाको पारिवारिक घरधुरी सर्वेक्षण २०७४ अनुसार व्यवसायिक तथा सीपमुलक तालिम प्राप्त व्यक्तिहरुको जम्मा संख्या २९९ रहेको छ जसमध्ये महिला ११५ तथा पुरुष १८८ जना रहेका छन्, यी तालिम प्राप्त जनशक्ति मध्ये १ महिनासम्मको तालिम लिने १४४ जना, ३ महिना सम्मको १०० जना र सो भन्दा बढी समयको ५५ जना रहेका छन् । यी विभिन्न व्यवसायिक तालिमहरु अर्न्तगत सूचना तथा प्रविधि, इलेक्टिीकल र इलेक्ट्रोनिक्स (कम्प्युटर, विद्युत, मोवाईल, रेडियो घडि आदि) ५५ जना, सिलाई बुनाई, बुटिक, श्रृंगार, पार्लर आदिमा ४० जना, निर्माण सम्बन्धी (म्यासन, कार्पेन्ट्री आदि) मा ३४ जना, इञ्जिनियरिङ्ग, अटोमोवाइल र मेकानिक्समा ७ जना, कृषि सम्बन्धी (जेटी, जेटीए र खाद्य प्रशोधन आदि) २३ जना, जनस्वास्थ्य सम्बन्धी २१ जना, पशुस्वास्थ्य सम्बन्धी २२ जना, वन सम्बन्धी २५ जना, पर्यटन टुर गाइड, ट्राभल र सत्कार २२ जना, कला सम्बन्धी २० जना र अन्यमा ३० जना रहेका छन् ।

### २.५.६ **स्वास्थ्य सेवा र सुविधाको अवस्था** (Status of Health Service and Facilities)

यस मादी गाउँपालिका भित्र जम्मा १४ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । जसमध्ये ७ वटा स्वास्थ्य चौकीहरु छन् भने ६ सामुदायिक स्वास्थ्य इकाइ र १ प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन् ।

भौगोलिक क्षेत्रअनुसार तप्राङ्ग, मिजुरेडाँडा, भाचोक, पार्चे, याङजाकोट देउराली, खिमाजे, ताङतिङमा स्वास्थ्य चौकी रहेका छन् भने मादीवेसी, तारकाङ, खिलाङ, घ्याम्राङ, चाँसु र छाचोकमा सामुदायिक स्वास्थ्य इकाई छन् । यसैगरी थुम्सीकोटमा प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ ।

मादी गाउँपालिकामा जम्मा ६६ जना स्वास्थ्य कर्मीको दरवन्दी स्वीकृत छ भने हाल ४६ जना कार्यरत रहेका छन् । थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा ३ शैयाको अस्पताल रहेको छ । मादी गाउँपालिकाका १४ वटा स्वास्थ्य संस्था मध्ये ७ वटा स्वास्थ्य संस्थामा प्रसुती सेवाको सुविधा उपलब्ध छ । त्यस्तै थुम्सीकोट प्राथमिक सेवा केन्द्रमा ल्याब, एक्सरे समेत व्यवस्था छ । गाउँपालिकाको सवै १४ वटा स्वास्थ्य केन्द्रमा खोप सेवा र गाँउघर क्लिनिक सेवा पनि सञ्चालनमा रहेको छ । थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसुती केन्द्र (Birthing center) को सुविधा पनि छ ।

गाउँपालिकाभित्रका सवै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा, र जनचेतना सेवा उपलब्ध छ भने कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा र आँखा उपचार सेवाको उपलब्धता छैन । गाउँपालिकाभित्र एम्वुलेन्स सेवा सञ्चालनमा छैन भने, सिक्लेसको स्वास्थ्य केन्द्रमा USG सेवा समेत उपलब्ध छ । थुम्सीकोट स्वास्थ्य केन्द्रमा १ जना चिकित्सकको सेवा उपलब्ध छ भने, अन्य वाँकी ८ वटा हेल्थ असिस्टेन्ट कार्यरत छन् । गाउँपालिकाभित्र १४ जना सिनियर अहेब, २२ जना सिनियर अनमी र एक एक कार्यालय सहयोगी कार्यरत छन् भने जम्मा १०० जना महिला स्वास्थ्य स्वयं सेविकाहरु कार्यरत छन् ।

मादी गाउँपालिका स्वास्थ्य शाखाको तथ्यांक २०७५ अनुसार मादी गाउँपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या २३४१ रहेको छ । जसमध्ये ८९३ जना २ वर्ष मुनी, ४५० जना १ वर्ष मुनि, २२५ जना ६ देखि १२ महिनाका र २२५ जना ६ महिनाका छन् । गाउँपालिका भित्र विसिजी, पोलियो, दादुरा, रुवेला, इन्सेफलाइटिस रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या उल्लेख्य देखिन्छ । जस मध्ये १७५ जना वीसिजी, १८१ जना पेन्टाभ्यालेन्ट (डीपीटी, हेपवी, हिपवी ३) १८१ जना, पोलियो तेस्रो १८१ जना, २०१ जना दादुरा/रुवेला पहिलो र १७५ जना जापानिज इन्सेफलाइटिसको खोप लिएका छन् ।

मादी गाउँपालिका प्रोफाइल, २०७५ अनुसार विगत ५ वर्ष भित्रमा मादी गाउँपालिकामा बाल स्वास्थ्य र मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ । जसअनुसार गत १ वर्षमा मातृमृत्यु तथा बालमृत्युको भएको छैन । विगत ५ वर्षमा शिशु मृत्यु १४ भएको छ भने बाल मृत्यु ३ जना छन् । त्यस्तै विगत ५ वर्षमा मातृ मृत्यु १ जना मात्र रहेको छ । नेपाल सरकारले हाल सञ्चालन गरी रहेको स्वास्थ्य बिमा कार्यक्रम पनि लागू भएको छ तापनि पूर्ण रुपवाट लागु भएको छैन, जम्मा ४३१४ घरधुरीहरु मध्ये ४४४ परिवारले स्वास्थ्य विमा गरेका छन् भने ३८७० परिवारले गरेका छैनन् । यस कार्यक्रमलाई अझ व्यापक बनाउदै लैजान जरुरी छ ।

## २.६ **आर्थिक अवस्था र क्रियाकलाप** (Economic Condition and Activities)

मादी गाउँपालिका प्रोफाइल, २०७५ अनुसार यस गाउँपालिकामा परिवारको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ, जसमा २७६६ परिवारमा संलग्न छन । यसैगरिवैदेशिक रोजगारीमा ६१५, जागिरमा २७९, ज्याला मजदुरीमा २२७, व्यापारमा १८०, व्यवसायमा १४, उद्योगमा ८ र अन्य २२५ घरपरिवार रहेका छन् ।

### २.६.१ कृषि तथा कृषियोग्य भूमि

मादी गाउँपालिकाको कूल भू-उपयोग मध्ये कृषि भूमिले ७१०९ हेक्टर अर्थात् १२.६३ प्रतिशत भू-भाग ओगटेको छ । प्रायगरी गाउँपालिकाको मादी नदी र यसका सहायक खोलाका किनारी क्षेत्रहरुमा कृषि योग्य भूमि रहेका छन् । यस गाउँपालिकाका विभिन्न टारी पाखाहरुमा कृषि भूमि  मुख्यतः गोर्जे, मकैखोला, सुन्दरबेंसी, रबैडांडा, तारकाङ, सैमराङ, तोगी, तप्राङ, ताङतिङ, चिप्ली, खिलाङ, पार्चे, चितेपानी जस्ता क्षेत्रहरु हुन् । हाल युवा जनशक्ति गाउँपालिका बाहिर बसाँइसराई गरी गएकाले कतिपय स्थान बाँझो छोडिएका छन् । यसको साथै कृषिमा आकर्षण हुने नीति नियम बनाएमा यस्तो बसाँइसराइको प्रवृत्ति रोक्न सकिन्छ । यसको लागि कृषिमा आधुनिकीकरण र व्यवसायिकीकरण गर्नु नितान्त आवश्यक छ ।

### २.६.२ कृषि उत्पादन

मादी गाउँपालिका प्रोफाइल, २०७५ अनुसार यस गाउँपालिकामा कृषि उत्पादनमा अन्नवाली अर्न्तगत मुख्य धान, मकै, गहुँ, कोदो रहेका छन् जसमा ४२२७४ मुरी धान, ६४८६ मुरी मकै, ५३८६ मुरी कोदो, २२० मुरी गहुँ र अन्य ७ मुरी उत्पादन भएको छ । त्यसै गरी दलहन वाली अर्न्तगत मास १२०८८ के.जी., सिमी १२२१७ के.जी., भट्टमास २४२३० के.जी., तोरी ५९१६ र अन्य ८० के.जी. उत्पादन भएको छ ।

यस गाउँपालिकामा नगदे वाली अर्न्तगत कफी ३१८३ के.जी., अलैची २६५७२ के.जी., उखु १०६७ के.जी., उत्पादन भएको छ भने तरकारी वालीको उत्पादनको स्थिति अर्न्तगत लहरे तरकारी १८४३६ के.जी. अदुवा, बेसार तथा मसला वाली १५४७२ के.जी., प्याज लसुन १५१८७ के.जी., खुर्सानी २७९२ के.जी., आलु ११५८४९ के.जी., वन्दा, काउली, रायो १८७९८ के.जी., वोडी ७५३४ के.जी., गोलभेडा ३८०६० के.जी., काँको २७६०१, च्याउ २१६ के.जी. उत्पादन भएको घर धुरी सर्वेक्षण २०७४ अनुसार रहेको छ । यस गाउँपालिकामा मौरीपालन केहि मात्रामा गरिएको छ भने केहि परम्परागत घारमा तथा केहि उन्नत घारमा पाल्ने गरिएको छ । ११४० घारमा ४८१३ के.जी. मह वार्षिक उत्पादन भएको पाइएको छ । वडा नं. ११ को तोगी, १० र १२ नं. वडाका केहि ठाउँमा व्यवसायिक रुपमा मौरीपालन गरेको देखिन्छ ।

### २.६.३ पशुपालनको अवस्था

यस गाउँपालिकामा पशुपालनको रुपमा भैसी, गोरु, गाई, बाखा, भेडा, कुखुरा, सुँगुर आदि पालिएको छ, तीमध्ये अधिकांश घरमा नै बाँधेर पाल्ने गरिनछ । लेंकका विभिन्न ठाउँमा भैंसी तथा भेडा बाखाका गोठहरु विस्तारै घट्दै गएका छन् । विभिन्न ठाउँका किसानहरु कुखुरापालन व्यवसायतर्फ आकर्षित भएको देखिन्छ । यस गाउँपालिकामा दर्ता भएका पीग फर्म, भेडा फर्म, बाखा फर्म, भैसी फर्मको संख्या १२ छ भने जिल्ला पशु कार्यालयमा दर्ता भएका ७१ वटा फर्म रहेका छन् । तर ती फर्महरुबाट राम्रो उत्पादन भने हुन सकेको छैन । घरधुरी सर्वेक्षणअनुसार निम्नानुसरको पशुपालनको अवस्था रहेको छ ।

तालिका २.५: पशुपालनको अवस्था

| गाइ/गोरु | | भैसी/राँगा | | बाखा/भेडा/च्यांग्रा | | सुंगुर/बंगुर | | कुखुरा/हाँस | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | दूध (ली.) | संख्या | दूध (लि.) | संख्या | मासु (केजी) | संख्या | मासु (के.जी.) | संख्या | मासु (के.जी.) |
| ३०५८ | ५७७१ | ६१७८ | ७१४००३ | १२९३३ | १३१८९९ | २७३ | ४३६३ | ४०१६८ | ६०२५२ |

स्रोतः मादी गाउँपालिका प्रोफाइल, २०७५ ।

### २.६.४ कृषि तथा पशु सेवा केन्द्र

यस गाउँपालिकामा कृषि शाखा तथा पशुशाखा रहेको छन् भने विभिन्न वडाहरुमा ५ वटा पशु सेवा केन्द्र छन् जसमा सिक्लेस, तारकाङ, सुनपदाली, मिजुरे, र भाचोक हुन । कृषि सेवा केन्द्र सिक्लेस र याञ्जाकोटमा एक एक वटा रहेका छन् । यी सेवा केन्द्रहरुवाट गाउँपालिका भरि प्राविधिक सेवा उपलब्ध गराउँदै आएका छन् ।

### २.६.५ गैर कृषि आर्थिक कृयाकलाप

मादी गाउँपालिकाको प्रमुख आर्थिक कियाकलाप कृषि हो । गैरकृषि आर्थिक कियाकलाप अर्न्तगत जागिर, उद्योग, व्यापार, ज्याला मजदुरी, व्यावसायिक कार्य, वैदेशिक रोजगार आदि रहेका छन् ।

#### क) घरेलु तथा साना उद्योग

यस गाउँपालिका अर्न्तगत परम्परागत रुपमा चोयाको डोको, डालो, नाङ्लो, नाम्लो, थुन्से, स्याखु, भकारी, चित्रो आदि घरायसी सामग्रीहरु बनाउने गरिनछ भने ऊनबाट राडी पाखी, भांग्रा आदि बुनिन्छ । पछिल्लो समयमा ढुङ्गा काट्ने, ब्लक बनाउने, फर्निचर बनाउने, कुटानी पिसानी आदि उद्योगहरु सञ्चालनमा आएका छन् ।

#### ख) ग्रामीण पर्यटन तथा घरवास

मादी गाउँपालिका पर्यटनको विकासका संभावना धेरै भएको ठांउ हो ग्रामीण पर्यटन तथा घरवासका लागि प्राकृतिक र सांस्कृतिक सम्पदाहरु छन् भने भर्खर मात्रै होमस्टेको सुरुवात सिक्लेस, थाक, ताङतिङ, यांजाकोट आदि ठांउहरुमा सञ्चालन गरेको पाइन्छ ।

#### ग) वित्तीय संस्थाहरु र सहकारी

मादी गाउँपालिकामा वित्तीय संस्थाको रुपमा माछापुच्छ्रे बैंकको शाखा याङ्जाकोटमा भर्खरै मात्र खुलेको छ भने सहकारीहरुमा अन्नपूर्ण महिला बचत तथा ऋण सहकारी संस्था ताङतिङ, घ्याम्राङ महिला बचत तथा ऋण सहकारी संस्था, मिलिजुली महिला सहकारी संस्था वडा नं ३, साना किसान कृषि सहकारी वडा नं ३, मादी गंगा महिला विकास बचत तथा ऋण सहकारी संस्था तारकाङ, तारकाङ कृषि सहकारी, साना किसान कृषि सहकारी तारकाङ, जनकल्याण सहकारी सजुकटोल तप्राङ, हरियाली कृषि सहकारी वडा नं. ७, सिल्दु छाचोक कफी सहकारी वडा नं. ७, सिल्दुजुरे महिला बचत सहकारी वडा नं. ७, कफी मिलन सहकारी नागीधार, मिजुरे सहकारी वडा नं.९, मादी रुदी सहकारी वडा नं.९, मकैखोला कृषि सहकारी, कफी सहकारी संस्था वडा नं.११ र १२, एकल महिला स्वावलम्वन बचत सहकारी वडा नं.१२ आदि रहेका छन् ।

### २.६.६ पारिवारिक आय व्ययको अवस्था

मादी गाउँपालिकाका प्राय सबै वडाहरुमा प्रमुख पारिवारिक आम्दानीका स्रोतहरु कृषि तथा पशुपालन, बैदेशिक रोजगार, नोकरी तथा पेन्सन रहेका छन् भने ब्यापार, उद्योग तथा ज्यालामजदुरी पनि आम्दानीका अन्य स्रोतका रुपमा रहेका छन् । वार्षिक आम्दानीका स्रोतहरुका वडागत रुपमा तालिका २.६ मा उल्लेख गरिएको छ ।

तालिका २.६: परिवारको वार्षिक आम्दानी स्रोतहरुको वडागत विवरण (रु. हजारमा)

| वडा नं. | कृषि तथा पशु पालन | व्यापार तथा उद्योग | नोकरी तथा पेन्सन | बैदेशिक रोजगार | ज्याला मजदुरी | अन्य | जम्मा आम्दानी |
|---|---|---|---|---|---|---|---|
| १ | १९१२९ | ८६४८ | ५६८३० | १९४१५० | ९३५५ | १५५०५ | ३०३६१७ |
| २ | ११९१० | ९३९० | ३५०८२ | ५७०६० | ६३०० | ७७२४ | १२७४६६ |
| ३ | ११५८९ | ३९६० | २५९४४ | ६५३७६ | ५२२० | ४८९८ | ११६९८७ |
| ४ | १८०६९ | १२७५० | ३५५५२ | ७३४०० | ६८८१ | ४६८३ | १५१३३५ |
| ५ | २४९१६ | ४००९५ | ९३१९४ | ८६८७९ | ७६५२ | १५५६४ | २६८२९९ |
| ६ | १४८५३ | ३१५० | १७६९१ | ३३८५५ | ७६५९ | ४४३० | ८१६३८ |
| ७ | २६३५३ | १७५६८ | ४११९५ | १०२८८५ | ८३४१ | १४८९३ | २११२३५ |
| ८ | २२४९९ | ६७६५ | ८६२९७ | ८६४५० | ५७६० | २३२८ | २१००९९ |
| ९ | २१८१० | ४७५० | २९०३५ | ४६१२० | ८२७७ | १८२२१ | १२८२१३ |
| १० | २४३५१ | ९९९६ | ३५६१३ | ७०७३३ | ४३३५ | २६०५२ | १७१०८० |
| ११ | १६६८९ | ७१५४ | २०९१४ | ९०७९० | ९३५९ | ३२२४ | १४८१३० |
| १२ | २४८१७ | ७३१४ | २५६१७ | ६२८०२ | ३८२८ | ६२२७ | १३०६०५ |
| **जम्मा** | २३६९८४ | १३१५४० | ५०२९६४ | ९७०५०० | ८२९६७ | १२३७४९ | २०४८७०३ |

त्यसैगरी मादी गाउँपालिकाका परिवारको वार्षिक खर्चका क्षेत्रहरु खाना खर्च, शिक्षा, स्वास्थ्य उपचार, चाडपर्व तथा लत्ताकपडाका प्रमुख रहेका छन् भने कृषि तथा अन्य उत्पादन कार्यमा पारिवारिक खर्च न्यून रहेको छ । मादीबासीहरुको पारिवारिक वार्षिक बचत करिब ८५ करोड ११ लाख रुपैया रहेको देखिन्छ । विस्तृत खर्च र वचतको वडागत विवरण तालिका २.७ उल्लेख गरिएको छ ।

तालिका २.७: परिवारको वार्षिक खर्चका क्षेत्रहरु र वचतको वडागत विवरण (रु. हजारमा)

| वडा नं. | खाना खर्च | लत्ता कपडा | शिक्षा | स्वास्थ्य उपचार | चाडपर्व मनोरञ्जन | कृषि र अन्य उत्पादन | जम्मा खर्च | वचत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५४०३७ | १३६४६ | २३११९ | १९७४६ | १७४४७ | ११०९३ | १३९०८७ | १६४५२९ |
| २ | २२४३० | ८३०२ | १२४८४ | ८८७४ | ८८२८ | ६६१० | ६७५२८ | ५९९३८ |
| ३ | २९७२४ | ११७८२ | १४८६१ | १४२१७ | ९३६९ | ३६३४ | ८३५८७ | ३३४०० |
| ४ | ३६९६० | ११६१३ | २४५१४ | १५१७५ | १४२१८ | ७८४५ | ११०३२५ | ४१०१० |
| ५ | ४४५६७ | २१२०५ | २९४०७ | २४४५४ | २४११२ | १९३८४ | १६३१२९ | १०५१७० |
| ६ | १८३०५ | ६८४२ | ९१४७ | ५७३१ | ९२३९ | ५६३० | ५४८९४ | २६७४४ |
| ७ | ५९५८३ | १८७६६ | २१७४१ | १६४३४ | १८७३१ | १४९०९ | १५०१६४ | ६१०७१ |
| ८ | ३६७५३ | ९९४३ | ८०२१ | ७९५६ | १२३३५ | १९९३३ | ९४९४१ | ११५१५८ |
| ९ | २६४५१ | ११६०१ | ११३०६ | १३६२८ | ११९९५ | ७७५३ | ८२७३४ | ४५४७९ |
| १० | २७६२७ | १०५९५ | १४३७५ | ११०६८ | १२३९७ | ९०८३ | ८५१४५ | ८५९३५ |
| ११ | २३७७६ | १०२०४ | ९५८९ | ११६९३ | ९८७७ | ८३५८ | ७३४९७ | ७४६३३ |
| १२ | ३०३८६ | ११०४८ | १६०३२ | १२६४५ | १४३४८ | ८१२७ | ९२५८६ | ३८०१९ |
| जम्मा | ४१०५९९ | १४५५४७ | १९४५९६ | १६१६२० | १६२८९५ | १२२३५९ | ११९७६१६ | ८५१०८६ |

## २.७ खानेपानी तथा सरसफाईको अवस्था (Status of Drinking Water and Sanitation)

मादी गाउँपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भएता पनि व्यवस्थित रुपमा सबै घरघरमा पुगेको छैन । गाउँपालिका प्रोफाइल २०७५ को प्राप्त तथ्यांक अनुसार घरमै पानी पुगेको ६५.८७ प्रतिशत, सार्वजनिक धारा २८.०७ प्रतिशत, नढाकिएको कुवा ०.३२ प्रतिशत, मूलको पानी २.५७ प्रतिशत, नदी तथा खोलाको पानी ०.१८ प्रतिशत र अन्य २.९७ प्रतिशत घर परिवार रहेका छन् । घरमै पानी पुगेको संख्या धेरै देखिएपनि व्यवस्थित रुपमा घरमा भएको छैन । खानेपानी ल्याउन लाग्ने समय अनुसार घरमै भएको ६५.८७ प्रतिशत, १५ मिनेट सम्मको दूरीमा ०.२७ प्रतिशत, ३० मिनेटसम्म ३.७५ प्रतिशत, ३० मिनेटभन्दा बढी ०.८८ प्रतिशत र नबताइएको २.९७ प्रतिशत घर परिवार रहेका छन् ।

गाउँपालिका प्रोफाइल २०७५ अनुसार सेफ्टी टेंकी सहित फ्लस भएको घरहरु ८७.२० प्रतिशत, सेफ्टी टेंकी नभएको शौचालय ०.२३ प्रतिशत, साधारण १२.०३ प्रतिशत, नभएको ०.५३ प्रतिशत घर परिवार छन् । विभिन्न वडामा रहेका सार्वजनिक शौचालयहरुमा सिक्लेस बसपार्क, खिलाङ, खिलाङ बसपार्क, पार्चे, पार्चे सार्की गाँउ, सभाथर,सयू धप्राङथर, गैरीथर सिक्लेस ताङतिङगाँउमा गैरीथर दलितटोल, क्यादुक्रमी, काजीघर, पण्डितटोल, माखु, सेतिखोला, याञ्जाकोटमा दोवाटो, ६ थानडाँडा, गाउँपालिका भवन, चिप्लि, रानीपोखरी भाचोक, भगवती बजार आदि छन ।

मादी गाउँपालिकाका वडामा विभिन्न टोल विकास संस्थाहरुको शुरुवात भएको छ ती टोलविकास संस्थाहरुले सरसफाईको क्षेत्रमा कार्यहरु गर्न सुरुवात गरेका छन् । कतिपय वजार क्षेत्रहरुमा फोहोर मैला व्यवस्थापन राम्रोसँग भएको छैन । गाउँपालिका प्रोफाइल २०७५ अनुसार फोहोर मैला विर्सजन गर्नेमा जलाउने ५३.३६ प्रतिशत, कम्पोष्ट मल बनाउने ३०.९७ प्रतिशत, व्यवस्थित डस्टविनमा राख्ने ११.०१ प्रतिशत, यत्रतत्र फाल्ने ०.३७ प्रतिशत र अन्य ४.२९ प्रतिशत घर परिवार रहेका छन् ।

## २.८ इन्धन तथा बत्तिको श्रोत र प्रयोगको अवस्था (Source and Uses of Fuel and Light)

मादी गाउँपालिकामा मुख्यतः इन्धनको श्रोत दाउरा नै हो जुन सामुदायिक, संरक्षित तथा निजी वनवाट ल्याउने गरिन्छ । गाउँपालिका प्रोफाइल २०७५ अनुसार दाउरा प्रयोग गर्ने घर परिवार ८२.४७ प्रतिशत, एलपि ग्याँस १०.९७ प्रतिशत, वायोग्याँस २.८० प्रतिशत, मट्टितेल ०.०२ प्रतिशत रहेका छन् । यसैगरी मादी गाउँपालिका प्रोफाइल २०७५ अनुसार बत्तिको मुख्य स्रोतमा विद्युत प्रयोग गर्ने घरपरिवारको संख्या ९५.६१ प्रतिशत, सोलार ३.७३, वायोग्याँस २.८० प्रतिशत, मट्टीतेल ०.४६ प्रतिशत रहेका छन् ।

## २.९ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था (Status of Environment and Natural Disaster)

गाउँपालिका प्रोफाइल २०७५ अनुसार मादी गाउँपालिकामा वातावरण तथा प्राकृतिक प्रकोप तथा विपद् विभिन्न वडाहरुमा परेको छ । विगत ३ वर्ष भित्रमा सवैभन्दा वढी भूकम्प तथा असिनावाट प्रभाव परेको छ । भूकम्पवाट करिब १३ करोडको क्षति भएको अनुमान रहेको छ । बाढी पहिरोबाट करिव १ करोड १० लाख साथै असिनावाट करिव ५७ लाख ३१ हजार रुपैयाँको क्षति भएको अनुमान गरिएको छ । साथै विभिन्न वडामा आगालागिवाट प्रभावित हुने घर परिवार संख्या करिव १२ घर परिवार भन्दा बढी रहेको छ । बाढी डुवानवाट २७ घर परिवार, पहिरोवाट २९ घर परिवार, सर्पको टोकाईवाट ३ जना, जंगली जनावरको आक्रमणवाट १३ घर परिवार पीडित भएका छन् ।

मादी गाउँपालिकाका विभिन्न ठाँउहरुमा भूक्षय तथा बाढी पहिरोको प्रभाव परेको छ । मूख्य गरी वडा नं. ६ को नाउनुको पहिरो सबै भन्दा ठूलो पहिरो हो । साथै मुग्रीवेसिको सेतो पहिरो, ढोडेनीको

पहिरो, सैमराङको पहिरो आदिले नजिकका वस्तीहरुमा प्रभाव पारेको छ भने, बाढीले सोंधा, ज्याम्दु, सवि, चित्रेको नदी किनारी भाग, भैंसे पुलको मुख, सैमराङ, पैरे, घुम्ले, नयाँ बजार रवैडाँडाको सिपाहीटोल, पानीघाट, घर्ती डाँडा, काउरे आदि ठाँउहरुमा बाढी पहिरोको जोखिम रहेको छ ।

मादी गाउँपालिकाका केही वडाहरुमा बाँदरको समस्या रहेको छ । विशेषगरिवडा नं.१२, ११, १०, ९, ५ र ४ का मादी नदी किनारी बस्तिहरुमा बढी समस्याको रुपमा छ । बाँदरले लगाएको अन्नबाली, तथा फलफूल नाश पारिदिने हुनाले यसको उचित ब्यवस्थापन गर्नेतर्फ ध्यान जानु जरुरी छ ।

## २.१० **यातायात तथा परिवहनको सुविधाको अवस्था** (Status of Transportation Facilities)

मादी गाउँपालिकामा सडकहरु सबै धुले कच्ची बाटोहरु छन् । मुख्य गरी राखी-मिजुरे मोटरवाटो, कसेरी-भैंसे-याङ्जाकोट मोटर बाटो, काहुँखोला-दूधपोखरी मोटर बाटो प्रमुख बाटाहरु हुन् । साथै मादी करिडोर, थुम्सीकोट-भाचोक, भगवती-सैमराङ, काउरे-ज्याम्दु-ताङतिङ, सौरे-लिपियानी-हाडीखोला, मिजुरे-रबै-पोसी, थुन्सिकोट-मुग्रीवेसी-बालुवाबेसी आदि यातायात सञ्चालनमा आएका बाटोहरु हुन । यी वाटोहरु सञ्चालनमा रहेका भएपनि बाह्रै महिना चल्न गाह्रो छ । प्रत्येक वडाका वस्तीहरुवाट वडा कार्यालयसम्म जोड्ने र प्रत्येक वडा कार्यालयवाट गाउँपालिकाको कार्यालय जोड्ने सडकहरुको ट्र्याक खोल्ने काम भैरहेको छ ।

मादी गाउँपालिकाका विभिन्न सडकहरुमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्र्याक्टर, ट्रक, मोटरसाईकल, ट्याक्सी आदि यातायातका साधनहरु सञ्चालनमा रहेका छन् । वर्षात्को समयमा वाढी पहिरोको कारणले यातायात नियमित रुपमा सञ्चालन गर्न कठिनाई हुने गरेको छ ।

मादी गाउँपालिकामा विभिन्न मोटरेवल तथा झोलुङ्गे पुलहरु रहेका छन् । जसमा मादी नदीमा भगवती, मादीवेसी र विजयपुरको सुनपदालीमा मोटरेवल पुल रहेका छन् भने, मादी, बिजयपुर, चिप्लि, इँदीखोला, सेतीखोला, मदक्यू, वार्दी, मकैखोला, रुदी, घट्टेखोला आदि खोलाहरुमा झोलुङ्गेपुलहरु छन् ।

## २.११ **सूचना तथा सञ्चारको पहुंच** (Access to Information and Communication)

मादी गाउँपालिकाका विभिन्न ठाउहरुमा टेलिफोन, एफएम, रेडीयो, पत्रपत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिमा सामान्य पहुँच रहेको छ । तर यी सुविधाहरु पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् ।

## २.१२ **पार्क तथा मनोरञ्जन स्थलहरु** (Park and Recreational Sites)

मादी गाउँपालिकामा विभिन्न वडाहरुमा पार्क तथा मनोरञ्जन स्थलहरु रहेका छन् जसमा सिक्लेस पार्क, रंग्यो पिकनिक स्थल पार्चे, खिलाङ पिकनिक स्थल, नौचु डाँडा, चितेपानी डाँडा पिकनिक स्थल, भैंसेखोला पिकनिक स्थल, मादी नदी किनार पिकनिक स्थल, थाक डाँडा, मणीको डाँडा, भाले चुचुरो, रुदीको दोभान, मिजुरे डाँडा, बालुवावेसी, यांजाकोट आदि स्थानहरुमा रहेका छन् भने मनोरञ्जन स्थलहरुको रुपमा विभिन्न हिउ पर्ने ठाँउहरु, हिमताल (क्हफुचे ताल), खर्कहरु, हिमाल, नदी आदि रहेका छन् । त्यहाँ विभिन्न मनोरञ्जनका लागि मानिसहरु जाने गरेका छन् ।

## भाग – तीन

## गाउँपालिकाको अपेक्षा पहिचान तथा विश्लेषण

(Need Identificaiton and Analysis of Rural Municipality)

यस मादी गाउँपालिकाको समस्या र अपेक्षा पहिचान तथा विश्लेषणका लागि चेक लिष्ट तयार गरिवडाहरुमा भराउनुका साथै, स्थलगत अध्ययन, वडागत सम्बद्ध निकायहरुसँगको छलफल, विभिन्न राजनैतिक दलसँग छलफल, विषयगत विज्ञहरुसँगको अर्न्तक्रियाबाट तथा गाउपालिका प्रोफाईलमा आधारित भै गरिएको छ । यसको विस्तृत विवरण यस अध्यायमा प्रस्तुत गरिएको छ ।

### ३.१ **गाउंपालिकाका प्रमुख समस्याहरु** (Major Problems of Rural Municipality)

मादी गाउँपालिकामा प्राप्त तथ्यांकहरु, स्थलगत अध्ययन तथा छलफलको आधारमा विद्यमान समस्याहरु पहिचान गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा विभिन्न चरणमा विषयगत उपसमितिको छलफल, वडा भेला, स्थलगत अध्ययन भ्रमणबाट प्राप्त सूचनाका आधारमा गाउँपालिकाका प्रमुख समस्याहरु पहिचान गरिएको छ । ती समस्याहरुलाई विषयगत शीर्षकअनुसार वर्गिकरण गरिएको छ । साथसाथै समस्याहरु समाधानको लागि गरिनुपर्ने अल्पकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रम समेत पहिचान गरी आवधिक योजनामा प्रस्ताव गरिएको छ ।

### ३.१.१ **भौतिक पूर्वाधार विकाससंग सम्बन्धित समस्याहरु**

यस गाउँपालिकामा विद्यमान भौतिक पूर्वाधारसँग सम्बन्धी समस्याहरु निम्नानुसार छ :

क) गाउँपालिकामा योजनाबद्ध विकासको प्रारम्भ नभएकोले यससँग सम्बन्धित अल्पकालीन तथा दीर्घकालीन योजनाहरु छनौट योजनाबद्ध रुपमा सञ्चालन हुन नसकेको,।

ख) भौतिक पूर्वाधार अन्तर्गत सडकहरु विना योजना खोलिएका, सबै वडाकेन्द्रमा बाटो नपुगेका, खोलिएका सडकहरु पनि साँघुरा, धुले, हिले र कच्ची भएका साथै आवश्यक स्थानमा पुल नभएकाले वर्षा याममा यातायात आवतजावतमा कठीनाइ भएको,

ग) ट्र्याक खोलिएका सडकहरुमा ढलको उचित व्यवस्था नभएकोले वर्षा यामको पानीले सडकहरुको अवस्था दयनीय रहेको र नियमित यातायात सञ्चालन हुन नसकेको,

घ) स्वच्छ खानेपानीको सुविधा केही वडाबाहेक धेरैजसो वडाहरुमा नपुगेको,

ङ) गाउँपालिकाको कार्यालय, वडा कार्यालय र सम्बन्धित शाखा भवनहरुको उचित निर्माण तथा व्यवस्थापन हुन नसकेका,

च) विद्यालय भवन र स्वास्थ्य चौकीहरुको स्तरोन्नति, मर्मत तथा सम्भार हुन नसकेको,

छ) कतिपय स्थानहरुमा विद्युत सुविधा नपुगेको, पोलहरु काठको भएकाले समस्या उत्पन्न भैरहेका, थ्री फेस लाइन नभएको र केही बस्तीहरुमा राष्ट्रिय प्रसारण लाईन नपुगेकोले समस्या परेको,

ज) स्थानीय रुपमा उत्पादित साना जलविद्युत केन्द्रहरुको उत्पादन एकत्रित गरी प्रयोग ल्याउन नसकिएका,

झ) सिँचाईको उचित व्यवस्थापन हुन नसकेकोले खेतीयोग्य जमिन वर्षाको पानीमा निर्भर हुनु परेको,

ञ) सार्वजनिक भवन, सभासम्मेलन र सामुदायिक अर्न्तक्रिया गर्ने व्यवस्थित सामुदायिक भवनहरुको अभाव रहेको ।

### ३.१.२ आर्थिक तथा वित्तीय विकाससंग सम्बन्धित समस्याहरु

क) आर्थिक गतिविधिलाई प्रोत्साहित गर्ने खालका सेवामुलक उद्योगहरु सञ्चालन नभएकाले रोजगारीका अवशरहरु उपलब्ध हुन नसकेका,

ख) कृषि र वनमा आधारित उत्पादित बस्तुहरुले उचित बजार पाउन नसकेको ।

ग) कृषि तथा पशु सेवा केन्द्रहरुको उचित व्यवस्थापन हुन नसकेकोले कृषकहरुले तत् सम्बन्धी सेवाहरु पाउन नसकेका,

घ) बाली संरक्षण र भण्डारणको उचित व्यवस्था हुन नसकेकोले खाद्य सुरक्षामा समस्या देखिएको,

ङ) गाउँपालिकाको आयआर्जनमा चुस्त, दुरुस्त गर्न आफ्नो क्षेत्रभित्र व्यवसाय कर, उद्योग कर, सम्पत्ति कर तथा सेवाशुल्क कर आदिको उचित व्यवस्थापन हुन नसकेका,

च) गाउँपालिकाको समग्र विकास गर्नको लागि वित्तीय श्रोत व्यवस्थापन उचित किसिमले हुन नसकेको,

छ) सार्वजनिक साझेदारी तथा निजी क्षेत्रसँगको समन्वय गरी कर तथा गैरकरबाट प्राप्त हुने वित्तीय श्रोतको प्रभावकारी परिचालन हुन नसकेको,

ज) वित्तीय संस्थाहरुको अभाव र सरकारको सहयोग नभएकोले कृषि र पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण हुन नसकेको,

झ) गरीब तथा सीमान्तकृत परिवारहरुको पहिचान र उनीहरुको समस्याको उचित सम्बोधन हुन नसकेको,

ञ) खाद्यान्न तथा अन्य उपभोग्य सामग्रीहरुको आयातमा निर्भरता बढ्दै गएको तर गाउँपालिकाबाट निर्यात हुने वस्तुहरुको पहिचान र उत्पादन हुन नसकेको,

ट) व्यापारिक केन्द्रहरुको समुचित व्यवस्थापन हुन नसकेको,

ठ) गाउँपालिका क्षेत्रमा रहेका उल्लेख्य प्राकृतिक स्रोत तथा सम्पदाहरुको समूचित उपयोग हुन नसकेको ।

### ३.१.३ सामाजिक विकाससंग सम्बन्धित समस्याहरु

क) गाउँपालिका क्षेत्रभित्र सरकारी विद्यालयहरुको कमजोर व्यवस्थापन, पाठ्य सामग्रीको अभाव, विषय शिक्षकको अभाव, आधुनिक प्रविधिमा पहुँचको अभाव, प्रभावकारी अनुगमनको अभावका कारण विद्यालय शिक्षाको गुणस्तर कमजोर हुँदै गएको,

ख) प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसकेको,

ग) स्वास्थ्य संस्थाहरुमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपांगमैत्री सुविधाको अभाव,

घ) असाहाय, अशक्त, बालबालिका, जनजाति, दलित, महिला, अपाङ्ग, ज्येष्ठ नागरीक आदिलाई उचित समयमा सेवा सुविधा दिन नसकिएको,

ङ) दलित, उत्पडित, असहाय वर्ग एवं महिलाको शसक्तीकरण हुन नसकेको,

च) स्थानीय विकासमा युवाहरुको संलग्नतालाई परिचालन गर्न तथा सिप तथा तालिमको व्यवस्था गर्न नसकिएको,

छ) साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन तथा संरक्षण गर्न नसकिएको,

ज) कृषि भूमिहीन परिवारलाई उचित व्यवस्थापन हुन नसकिएका,

झ) विकास आयोजनाहरुमा अशक्त, दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता, उत्पिडन समुदायको प्रतिनिधित्व कम रहेकाले उनीहरुको सहभागिता सुनिश्चित हुन नसकेको,

ञ) निर्माण संरचनाहरुमा अपाङ्ग, अशक्त तथा बालमैत्री नहुनु,

ट) नीतिगत तहमा पिछडिएका समुदायको पहुँच नहुनु,

ठ) जनचेतना कार्यक्रमहरु पर्याप्त नभएका,

ड) बृद्धबृद्धा तथा असहायका लागि आश्रय स्थलको व्यवस्थापन नभएको ।

### ३.१.४ वातावरणीय तथा प्रकोप सम्बन्धित समस्याहरु

क) गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरु (वनजंगल, वन्यजन्तु, जडिबुटि, नदीनाला, मन्दिर, गुम्बा, पाटीपौवा) आदिको अभिलेख तयार नभएको,

ख) बस्तीहरुबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन हुन नसकेको,

ग) जलवायु परिवर्तनको कारणले पोखरी लोप हुँदै गैरहेका, मुलहरु सुक्दैगैरहेका, संरक्षित जंगली जनावरहरुको बासस्थान परिवर्तन भैरहेको, केही जंगली फलफूल, कन्दमूल तथा जडिबुटीहरु हराउँदै गइरहेको,

घ) बाढीपहिरो, नदी कटान, भूक्षय जस्ता प्राकृतिक प्रकोपको समस्या भैरहेको,

ङ) डढेलो, असिना, आँधिबेरी, भूकम्प, अतिबृष्टि, अनाबृष्टि, बाँदर जस्ता प्रकोप भैरहेको,

च) सार्वजनिक तथा निजी भवनहरुको संरचना जोखिम प्रतिरोधात्मक नभएको,

छ) प्राकृतिक विपत्तिका बेला आवश्यक जनशक्ति, सामाग्री तथा राहतको उचित व्यवस्थापन नभएको ।

### ३.१.५ संस्थागत विकाससंग सम्बन्धित समस्याहरु

क) गाउँपालिकाको कार्यालय भवनको अभावले पदाधिकारी तथा सेवाग्राहीलाई सेवाप्रवाहमा अत्यन्त समस्या परेको,

ख) गाउँपालिकाका सबै शाखाहरु व्यवस्थित हुन नसक्दा सेवा प्रवाहमा समस्या भएको,

ग) गाउँपालिकाका कतिपय वडाका वडा कार्यालयहरु नभएका र भएका पनि व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,

घ) गाउँपालिका केन्द्र र वडाहरुमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न नसकिएको,

ङ) केही वडाहरुमा स्वास्थ्य संस्था नभएका र भएका वडाहरुमा पनि साधन सम्पन्न नभएकाले कठिनाई भएको ।

### ३.१.६ सांस्कृतिक तथा पर्यटन विकाससंग सम्बन्धित समस्याहरु

मादी गाउँपालिका महत्वपूर्ण सांस्कृतिक धरोहर क्होलासोथर गुरुङ जातिको धरोहर रहेको तथा प्राकृति धार्मिक तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ । सांस्कृतिक तथा पर्यटन विकाससँग सम्बन्धित समस्याहरु निम्नअनुसार छ ।

क) साँस्कृतिक धरोहरका रुपमा रहेको क्होलासोंथर, गुरुङहरुको गाउँबस्तीमा रहेका सोरठी, घाटुँ तथा ब्राम्हण क्षेत्रीका भजन, बाजा, गाजा, लोक दोहरीको संरक्षण नभएको,

ख) पर्यटकीय सम्भावना भएका कतिपय क्षेत्रहरुको पहिचान हुन नसकेको,

ग) साँस्कृतिक सम्पदा र पर्यटकीय पूर्वाधारहरुको व्यवस्थापन हुन नसकेको,

घ) सञ्चालित होमस्टे (घरबास)हरु व्यवस्थित हुन नसकेको र अन्य गाउँहरुको सम्भावना हुँदाहुँदै पनि प्रबर्द्धन गर्न नसकिएको,

ङ) सँस्कृति तथा पर्यटनको प्रचारप्रसार पर्यटकीय गतिविधि बढाउन नसकिएको ।

### ३.२ प्राथमिकताका आधारमा वडागत समस्याहरु (Wardwise Problems in Priority Basis)

वडागत रुपमा गरिएको अर्न्तक्रिया सम्बन्धित वडाका जनप्रतिनिधिहरुलाई भराइएको चेकलिष्टका आधारमा मादी गाउँपालिकाका वडाहरुमा रहेका विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित समस्याहरुको विवरण प्राथमिकताका आधारमा देहायबमोजिम सूचिकृत गरिएको छ ।

| वडा नं. | **वडागत समस्याहरु (प्राथमिकताका आधारमा)** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | सडक/पुल | पर्यटन | कृषि | साँस्कृतिक पहिचान | शिक्षा/स्वास्थ्य | | आर्थिक विकास |
| २. | सडक/पुल | पर्यटन | कृषि | प्राकृतिक श्रोत | शिक्षा/स्वास्थ्य | ऐतिहासिक स्थल संरक्षण | कलासंस्कृति |
| ३. | सडक/पुल | पर्यटन | कृषि | खानेपानी | जडिबुटी | वातावरण व्यवस्थापन | आर्थिक विकास |
| ४. | सडक/पुल | कृषि | सिंचाई | शिक्षा/स्वास्थ्य | खानेपानी | भवन | शान्तिसुरक्षा |
| ५. | कृषि | सडक/पुल | सिंचाई | भवन | शिक्षा | स्वास्थ्य | शान्तिसुरक्षा |
| ६. | पहिरो | सडक/पुल | भवन | पर्यटन | शिक्षा/स्वास्थ्य | प्राकृतिक श्रोत | सिंचाई |
| ७. | कृषि | सडक/पुल | शिक्षा/स्वास्थ्य | पर्यटन | ऐतिहासिक स्थल संरक्षण | खानेपानी | विद्युत |
| ८. | सडक/पुल | कृषि | प्राकृतिक श्रोत | भवन | शिक्षा/स्वास्थ्य | सिंचाई | विद्युत |
| ९. | सडक/पुल | कृषि | शिक्षा/स्वास्थ्य | भवन | खानेपानी | सिंचाई | नदी कटान,पहिरो |
| १०. | सडक/पुल | कृषि | सिंचाई | पर्यटन | प्राकृतिक श्रोत | शिक्षा/स्वास्थ्य | खानेपानी |
| ११. | सडक/पुल | कृषि | पर्यटन | ऐतिहासिक स्थल संरक्षण | सिंचाई | शिक्षा/स्वास्थ्य | शान्तिसुरक्षा |
| १२. | कृषि | सडक/पुल | शिक्षा/स्वास्थ्य | सिंचाई | भवन | पर्यटन | खानेपानी |

### ३.३ गाउँपालिकाको सवलता, दुर्वलता, अवसर र चुनौती को विश्लेषण (SWOT Analysis of Rural Municipality)

माथि उल्लिखित समस्याहरु तथा अपेक्षाहरुको पहिचानका आधारमा समग्र मादी गाउँपालिकाको सबलता, दुर्वलता, अवसर र चुनौतीहरुको विश्लेषणको (SWOT Analysis) म्याट्रिक्स देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

| **सवलता** (Strength) | **दुर्वलता** (Weakness) |
|---|---|
| • प्रदेश तथा प्रमुख व्यवसायिक केन्द्रसग सहज पहुँच ।<br>• जलश्रोतको अपार भण्डार ।<br>• विविधतायूक्त धरातल, हावापानी, वनस्पति तथा जैविक विविधतामा धनि ।<br>• मानवीय उपयोगमा नआइसकेको (Virgin) प्रशस्त सम्भाव्य प्राकृतिक स्रोत र साधनहरुको उपलब्धता ।<br>• विविधतायुक्त तर सहअस्तित्व र सदभावयुक्त | • बढ्दो बसाइँसराई र जनशक्ति पलायन ।<br>• परंपरागत र निर्वाहमुखी कृषि र पशुपालनमा उल्लेख्य निर्भरता ।<br>• खेतियोग्य जमिन बाँझो भूमिमा रुपान्तरण र बढ्दो खण्डीकरण, अप्रयाप्त सिंचाई, उत्पादनमा ह्रास, आयातीत खाद्यवस्तुमा बढ्दो निर्भरता ।<br>• वन्यजन्तु र प्राकृतिक प्रकोप बाट बाली नालीहरुको |

| | |
|---|---|
| सामाजिक संरचना ।<br>● सापेक्षिक रुपमा साक्षर र सचेत जनसमुदाय ।<br>● जनता र नेतृत्वको विकास प्रतिको उच्च सकारात्मक लगाव र प्रतिबद्धता ।<br>● तलबाट उठेको (Buttom up) योजना निर्माण प्रक्रिया र यसमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता<br>● योजना तथा कार्यक्रमहरुको निरन्तर स्थानीय स्तरको सरोकार अनुगमन र खबरदारीको संभावना<br>● जननिर्वाचित सम्बैधानिक अधिकार प्राप्त स्थानीय सरकार । | असुरक्षा, बाली संरक्षण सुविधाको अभाव तथा शीतगृहको अभाव ।<br>● युवा वर्गमा उपयोगी शिप, उद्यमशिलता तथा दक्षताको कमी<br>● गैरकृषि क्षेत्रमा उल्लेख्य रोजगारीका अवसरहरुको सिर्जना हुन नसक्नु ।<br>● गाउँपालिका कार्यालयमा पर्याप्त संस्थागत तथा प्राविधिक क्षमताको अभाव, प्रक्रियामुखी सार्वजनिक सेवा प्रवाह ।<br>● प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापनमा संरचना, सुविधा र सक्षमताको अभाव ।<br>● विकास कार्यक्रम कार्यान्वयनमा सुस्पष्ट संरचना, कार्यविधि र दृढ ईच्छाशक्तिको अभाव ।<br>● विकास, योजना र कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कनगर्ने परिपाटीको अभाव । |
| **अवसर** (Opportunities) | **चुनौतिहरु** (Threats) |
| ● आकर्षक पर्यटकीय स्थल र क्रियाकलापहरुको विकास र सम्बर्द्धन मार्फत जनताको आयआर्जनमा बृद्धि ।<br>● अपार जलश्रोतको भण्डारको प्रभावकारी उपयोगबाट ऊर्जा ,् सिंचाई, खानेपानी र सरसफाईको विकास ।<br>● भूमीको बहुआयामिक उपयोग मार्फत स्थानीय अर्थतन्त्रको सुदृढीकरण ।<br>● उच्च हिमाली क्षेत्रमा उपलब्ध वन, चरन, जडिबुटि र जैविक विविधताको समुचित उपयोग ।<br>● उच्च प्रतिफल दिने आधुनिक पशुपालन र नगदे वालीको विस्तार ।<br>● वन तथा कृषि पैदावारमा आधारित प्रशोधन उद्योगको विकास ।<br>● परम्परागत शिप र ज्ञानमा आधारित घरेलु तथा साना उद्योगको प्रर्वद्धन र यसको पर्यटन व्यवसायसँगको आबद्धता ।<br>● युवा शक्तिलाई रोजगारमूलक र उद्यमशीलताको तालिम प्रदान गरी स्वरोजगारको प्रवर्द्धन ।<br>● विकास निर्माणमा स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग ।<br>● संघ तथा प्रदेश सरकारको महत्वपूर्ण सहयोग र सद्भाव प्राप्त ।<br>● स्वदेशी तथा विदेशी दातृनिकाय र लगानीकर्तालाई आकर्षक परियोजनाहरुको विकास ।<br>● आधुनिक प्रविधि र शिपयुक्त नयाँ जनशक्तिको व्यवस्थापन । | ● बाह्य (स्वदेश तथा विदेश) बसाँइसराइको परिणाम स्वरुप बित्तीय स्रोत र श्रमशक्तिको पलायन ।<br>● विकासमा जनसहभागिता वृद्धि गर्न कठिनाई ।<br>● जनताका आकांक्षामा तीव्र वृद्धि र स्रोतसाधनको सीमितताका कारण परिपूर्ति गर्न चुनौती ।<br>● कृषिमा आधुनिकीकरणका लागि पूँजी, प्रविधि, गुणस्तरीय बिउ विजन, मल तथा प्राविधिज्ञ सेवाको अभाव<br>● यस गाउँपालिकामा उच्च हिमाली पहाडहरु भएको र मौसम परिवर्तनकोकारणले उच्च हिमाली पहाड जोखिममा रहेका<br>● ठूला आयोजनाहरुको निर्माण र कार्यान्वयनमा पर्याप्त पूँजी, प्रविधि र जनशक्तिको अभाव ।<br>● बढ्दो अव्यवस्थित बसोवास वेंसी तथा सुगम स्थानमा बसोबासको केन्द्रीकरण ।<br>● सम्भाव्य पर्यटकीय स्थलहरुमा पूर्वाधार निर्माणका लागि वित्तीय स्रोतको व्यवस्था मिलाउने ।<br>● गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवाको पहुँच पुर्‍याउने ।<br>● फोहोर मैला प्रदूषण र भू:स्खलन नियन्त्रण र व्यवस्थापन ।<br>● स्थानीय तहमा संविधानले प्रदान गरेको अधिकार सूचीको प्रभावकारी कार्यान्वयन ।<br>● गाउँपालिकाबाट प्रवाह हुने सेवाको सरलीकरण तथा आधुनिकीकरण, वडास्तरमा जनशक्तिको सबलीकरण । |

उपयुक्त विश्लेषणको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने मादी गाउँपालिकाले योजनावद्ध विकास प्रकृया अबलम्बन गर्न सक्छ यसका लागि प्रर्याप्त भौतिक, आर्थिक, सामाजिक, संस्थागत सम्भावना रहेका छन् । राज्यको पुर्नसंरचनाबाट स्थानीय तहको विकास स्थानीय स्तरमै हुने वातावरण निर्माण भएको सन्दर्भ र राजनैतिक प्रतिबद्धता र उच्च इच्छाशक्ति भएको नेतृत्वले योजनाको सफल कार्यान्वयन समयवद्ध रुपमा गर्न सक्छ ।

## ३.४ **तर्कबद्ध प्रणाली विश्लेषण** (Logical Framework Analysis)

मादी गाउँपालिकाको योजनाबद्ध विकासको सन्दर्भमा भौतिक विकास योजना, आर्थिक विकास योजना, सामाजिक विकास योजना, वातावरण व्यवस्थापन, वित्तीय विकास योजना र संस्थागत विकास योजनाहरुमा योजनाका कार्यक्रम, सूचकहरु, पुष्ट्याईका आधार र योजनाको पूर्वानुमानको आधारमा तर्कबद्ध प्रणाली अबलम्बन गरी योजनाको तर्जुमा गरिएको छ । सबै विषयगत योजनाहरुको तर्कबद्ध प्रणाली सम्बन्धित अध्यायमा उल्लेख गरिएको छ ।

## ३.५ **जनसंख्याको प्रक्षेपण तथा विश्लेषण** (Projection and Analysis of Population)

मादी गाउँपालिकाको २०५८ को जनगणना अनुसार जम्मा जनसंख्या २७३११ थियो भने २०६८ अनुसार जनसंख्या १८१५३ देखिएको छ । यस गाउँपालिका क्षेत्रबाट मानिसहरु स्थायी र अस्थाई रुपमा बसाईसराई गरेर गएका हुनाले बृद्धिदर (-३.३५%) घटेको देखिन्छ । अस्थाई रुपमा बसाँइसराई गरेर गएका व्यक्तिहरुको गणना गाउँपालिका भित्र नभई अन्यत्रै गणना गरिएको हुनाले जनसंख्या घट्न गएको हो । मादी गाउँपालिकाको प्रोफाइल २०७५ अनुसार २०७४ मा कूल जनसंख्या २५७७९ देखिएको छ । वि.सं. २०६८ को तुलनामा २०७४ को घरधुरी सर्वेक्षणमा अस्थाई रुपमा बसाईसराइमा गएका परिवारहरुलाई समेत गणना गरेकाले जनसँख्या ७ प्रतिशतले बृद्धि हुन गएको छ । जनसंख्या प्रक्षेपण गर्दा कास्की जिल्लाको जनसंख्या बृद्धिलाई आधार मानि २०७४ देखि २०७९ सम्म प्रक्षेपण गरिएको छ ।

तालिका ३.१: जनसंख्या वृद्धि तथा प्रक्षेपण

| बर्ष | महिला | पुरुष | जम्मा जनसंख्या | बार्षिक बृद्धि (प्रतिशत) |
|---|---|---|---|---|
| २०५८ | १३७१० | १३६०१ | २७३११ | |
| २०६८ | ९९१२ | ८२४१ | १८१५३ | -०.०३३५ |
| २०७४ | १२४५४ | १३३२६ | २५७८० | ०.०७ |
| २०७५ | १२७७४ | १३६६८ | २६४४२ | ०.०२५७ |
| २०७६ | १३१०२ | १४०१९ | २७१२१ | ०.०२५७ |
| २०७७ | १३४३८ | १४३७९ | २७८१७ | ०.०२५७ |
| २०७८ | १३७८३ | १४७४८ | २८५३१ | ०.०२५७ |
| २०७९ | १४१३७ | १५१२७ | २९२६४ | ०.०२५७ |

मादी गाउँपालिकाको प्रोफाइल २०७५ ले गाउँपालिकामा प्रति घरपरिवार औसत सदस्य संख्या ५.९८ जना रहेको छ भने यस गाउँपालिकाको जनघनत्व ३८.८८ जना प्रति वर्ग कि.मी मात्र छ । यहाँको महिला पुरुष अनुपात प्रति १०० महिलामा १०७ जना पुरुष पर्न आउँछ जसले मादीमा महिला भन्दा पुरुषको संख्या बढी भएको देखाउँछ । बृहद उमेर समुह अनुसारको मादीको जनसंख्या १५ बर्ष मुनिका बालबालिका ६५०७ (२५.२४%) जना, १५ देखि ५९ बर्षसम्मको सक्रिय जनसंख्या १६३५६ (६३.४६%)

जना छ भने ६० बर्ष माथिका बृद्ध बृद्धाको संख्या २९१६ (११.३१ %) जना छन् । यहाँको जनसंख्या निर्भरता अनुपात १:०.५७ (१०० जना सक्रिय जनसंख्यामा ५७ जना निश्क्रिय जनसंख्या) हुन आउँदछ । जातिगत रुपमा मादी गाउँपालिकामा सबैभन्दा बढी जनसंख्या जनजातिको ४४.२१ प्रतिशत बसोबास रहेको छ भने दलितको जम्मा १९.२२ प्रतिशत र ब्राम्हण, क्षेत्री, दशनामीको जम्मा ३६.५७ प्रतिशत जनसंख्या रहेको छ । धार्मिक हिसाबले मादी गाउँपालिकामा सबैभन्दा बढी हिन्दु धर्माबलम्बी ७०.९८ प्रतिशत रहेको पाइएको छ भने बौद्ध धर्माबलम्बी १७.०४ प्रतिशत रहेका छन् । त्यसैगरी वोन धर्माबलम्बी ११.२२ प्रतिशत छन् भने क्रिश्चियन जम्मा ०.७६ प्रतिशत छन् ।

### ३.६ **शिक्षा तथा स्वास्थ्य स्थितीको विश्लेषण** (Analysis of Education and Health Condition)

मादी गाउँपालिकाको कूल जनसंख्या २५७७९ मध्ये ८८.७ प्रतिशत साक्षर छन् भने बांकी ११.३ प्रतिशत निराक्षर छन् । यस मध्ये पनि महिलाको साक्षरता दर जम्मा ८३.८५ प्रतिशत छ भने पुरुष साक्षरता दर ९३.३० प्रतिशत हुन पुगेको छ । यस गाउँपालिका भित्र रहेका कूल ५४ विद्यालय मध्ये १० वटा माध्यमिक तह र ४४ वटा आधारभूत तहका छन् । विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी संख्या ३२१४ रहेका छन तीमध्ये छात्रा १६१२ र छात्र १६०२ रहेका छन् । गाउँपालिका अन्तर्गत विद्यालयमा जम्मा शिक्षकको संख्या ३४२ मध्ये १६५ महिला र १७७ पुरुष छन् । विद्यालय शिक्षक र विद्यार्थी अनुपात १: ९.४ रहेको छ जसले यस गाउँपालिकामा विद्यार्थी संख्या न्यून रहेको देखाउँछ (मादी गाउँपालिका प्रोफाइल, २०७५) । तुलनात्मक रुपमा गण्डकी प्रदेशअन्तर्गतका दुर्गमका गाउँपालिकाभन्दा यहाँको शिक्षाको स्थिति औसतमा राम्रो देखिएता पनि कास्की जिल्लाको तुलनामा कमजोर नै छ । गाउँपालिकासँग जोडिएको पोखरा महानगरपालिका भएका कारण पनि यहाँका बालबालिका राम्रो शिक्षाका निम्ति पोखरा आउने क्रम बढ्दो रुपमा रहेको छ । गाउँपालिकामा प्राविधिक शिक्षाको व्यवस्था गर्ने र गुणस्तरको पनि बृद्धि गर्न सकेको खण्डमा शिक्षाकै लागि गाउँपालिका भन्दा बाहिर जाने विद्यार्थीको संख्या रोक्न सकिन्छ ।

त्यस्तैगरी मादी गाउँपालिकाको स्वास्थ्यको स्थितीलाई हेर्दा तीन शैया मात्र भएको प्राथमिक स्वास्थ्य केन्द्र एउटा मात्र छ भने सात वटा स्वास्थ्य चौकी र छ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र रहेका छन् । यी स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मीको दरबन्दी ६६ जनाको भएतापनि हाल कार्यरत संख्या ४६ मात्र छ । पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी भएका कारण यहाँ ठूलो संख्यामा हस्पिटल तथा अन्य स्वास्थ्य संस्थाहरु भएकै कारण मादी गाउँपालिकाका विरामीहरु स्वास्थ्य जाँचका लागि सिधै पोखरा आउने चलन अत्यधिक रहेको छ ।

### ३.७ **भौतिक सुविधाहरुको विश्लेषण** (Analysis of Physical Facilities)

भौतिक तथा यातायात स्थिति विश्लेषण अन्तर्गत गाउँपालिकाको भौतिक पक्षको स्थिति र विद्यमानको अवस्थामा विश्लेषण गरिएको छ । खासगरी बाह्रै महिना यातायातका साधनहरु चल्ने सडक, पुल पुलेसाको निर्माण, सबै गाउँहरुमा सञ्चार, खानेपानी, विद्युत पुऱ्याउनुका साथै सार्वजनिक भवनहरुको अबस्था र निर्माणको विश्लेषण गरिएको छ ।

मादी गाउँपालिकाका केन्द्र तथा वडाकेन्द्रहरुसम्म पुग्नको लागि प्रारम्भिक सडकको ट्र्याक खोल्ने काम मात्र भएको छ । यहाँका कुनै पनि सडकमा ढल तथा नालाको निर्माण भएको छैन । सडकहरु कच्ची एवं भत्किएका कारणबाट धुलो उड्ने भएकाले जनताको स्वास्थ्यमा समेत प्रत्यक्ष असर परेको देखिन्छ । यस क्षेत्रमा हिउँदको समयमा केही सहज तरिकाबाट यातायातका साधनहरु चलेका भएतापनि वर्षादको समयमा बाढी तथा पहिरो र सडक पुल तथा कल्भर्टको निर्माण नभएको कारणले यातायातका साधनहरु नचल्दा वर्षेनी यहाँका जनताले दुख भोगिरहनु परेको छ । यस गाउँपालिकाका मुख्य

सडकहरुमध्ये सर्वप्रथम काहुँखोला-सिक्लेस, काहुँखोला-याङजाकोट र राखी-मिजुरे सडक खण्डलाई बाह्रै महिना यातायातका साधन चल्ने सडक बनाउन जरुरी देखिन्छ ।

तालिका ३.२: मादी गाउँपालिकामा विस्तारित सडक सम्बन्धी विवरण

| सि.नं. | सडकको नाम | सडकले छुने वस्तीहरुको नाम | सडक (लम्बाई कि.मी.) |
|---|---|---|---|
| १. | राखी मिजुरे सडक | पैरे, टार, घम्ले, थुम्सकिोट, नयाँ बजार, गहते, च्याँदी, मिजुरे | १५.३३ |
| २. | कसेरी भैसे थुमाको डाँडा सडक | गारकाटे, सुनपदेली, चितेपानी, भैसे, तारकाङ, याँजाकोट | १६.१८ |
| ३. | काहुँखोला दूधपोखरी सडक | काउरे, छाचोक, थाक, तप्राङ, चिप्ली, खिलाङ, पार्चे, सिक्लेस | ३५.९२ |
| ४. | काउरे ज्याम्दु ताङतिङ सडक | काउरे डाँडा, बाहुन छाचोक, ज्याम्दु, रोहि फाँट, सेतीखोला, ताङतिङ | २१.४९ |
| ५. | ज्याम्दु, सोंधा सडक | ज्याम्दु, सवी, चाँसु, सोंधा | ५.८१ |
| ६. | मादी कोरीडोर | रुदी दोभान, मुग्रीवेसी,नयाँवजार, थुम्सीकोट, कसेरी, ठूलढुङ्गा, भगवती,ईदी केउरानी, पुलको मुख, भैसे, मादीवेसी, चित्रे, छाचोक, ज्याम्दु, सवी, चाँसु, सोंधा | ३३.१२ |
| ७. | नयाँवजार मुग्रीवेसी, मिजुरे, पाखीकोट, नागीधार सडक | नयाँवजार मुग्रीवेसी, गोर्जे, मिजुरे, पाखीकोट,चौतारी डाँडा नागीधार, | १६.०० |
| ८. | चौतारी डाँडा, नागीधार, रवैडाँडा, पोसी, पर्क्यु, सडक | चौतारी डाँडा नागीधार,रवैडाँडा, पोसी, पर्क्यु, | ७.८४ |
| ९. | रुदी कोरीडोर | भोर्रतुङ,हिले, कमलवोट, पातीखोला, रवैडाँडा, दलुवा, | १३.३५ |
| १०. | लिप्यानी हाडीखोला, मादी किनार सडक | लिप्यानी हाडीखोला, मादी किनार | ७.३६ |
| ११. | सौर्य,पात्ले, लिप्यानी सडक | पात्ले, लिप्यानी | ८.४० |

स्रोतः Satellite Image, 2017 (Google Map) र स्थलगत सर्वेक्षण, २०१८ ।

भौतिक पूर्वाधार विकास अन्तर्गत मादी नदीमा ठूला जलविद्युत २५ मे.वा. अपर मादी हाइड्रो र १३ मे.वा.को सिक्लेस हाइड्रो (मद्क्यू) तथा अन्य सहायक खोलाहरु उत्पादित साना हाइड्रोहरु सञ्चालनमा आएका छन् । यस गाउँपालिका निर्माणाधिन तथा अध्ययन भैसकेका गरी करिब ३०० मे.वा. विद्युत उत्पादन हुनसक्ने देखिएको छ । यी परियोजनाहरु सञ्चालनका लागि निजी तथा साझेदारी मोडलमा विद्युत उत्पादन गृह तथा प्रसारण सब स्टेशनको निर्माण गर्न आवश्यक छ । सिंचाईतर्फ गोर्जेको ठूलो कुलो, बार्दीदेखि मुग्रीवेंशीसम्मको नहरको स्तरोन्नति तथा तारकाङ फाँट, भगवतीटार आदिमा सिंचाइका लागि नहर निर्माण गर्नु पर्ने देखिन्छ ।

गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा जनताका प्रत्यक्ष सरोकारका सेवाहरु  दैनिक सञ्चालन हुने हुँदा यस्ता केन्द्रहरुको सुबिधासम्पन भवन निर्माण तथा स्तरोन्नति हुनु अत्यन्त जरुरी रहेको छ । केन्द्र तथा वडास्तरीय गोष्ठी, सेमिनार, तालिम आदि कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकामा बहुउद्देश्यीय सामुदायिक भवनहरु नभएकाले यथाशिघ्र निर्माण गर्न आवश्यक छ ।

गाउँपालिकाको भौतिक पूर्वाधार विकासमा निजी क्षेत्रलाई सम्लग्न गराउने पहलकदमी समेत हुन जरुरी छ । विकास आयोजनामा निजी क्षेत्रका सहभागिताले विकासमा अपनत्वको भावना जगाई दिगो विकासमा समेत योगदान पुग्ने हुँदा निजी साझेदारी अबधारणामा विकास आयोजनाहरु निर्माण गर्दै जानुपर्ने देखिन्छ । यसै वास्तविकतालाई मध्यनजर गर्दै निजी साझेदारी लगानी रणनीतिलाई प्राथमिकता दिई आयोजनाहरु समेत प्रस्ताव गरिएको छ ।

### ३.८ आर्थिक अवस्थाको विश्लेषण (Analysis of Economic Situation)

वर्तमान अवस्थामा मादी गाउँपालिकाको आर्थिक आधार कृषि हो । यहाँका कुल जनसंख्यामध्ये ३१०४ महिला र २४४८ पुरुष कृषिमा सम्लग्न छन् । कृषिमा संलग्न घरपरिवारको संख्या २७६६ (६४.१२%) रहेको छ (मादी गाउँपालिका प्रोफाइल, २०७५) । यहाँका प्रमुख कृषि बालीमा धान, मकै, गहुँ, कोदो, दलहनमा मास, सिमी, भट्ट, तोरी, तरकारीमा आलु, बन्दा, काउली बोडी, घिरौला, काँक्रा आदि, फलफूलमा केरा, सुन्तला, भुईकटहर, अम्बा आदि, नगदेबालीमा कफी, अलैंची, उखु आदिको उत्पादन हुन्छ । यसबाहेक गाउँपालिकामा औषधीजन्य बहुमूल्य जडिबुटिहरु जस्तै यार्सागुम्बा, सतुवा, पाँचऔंले, जटामसी, जंगली लसुन सिल्टुमुर, पाखनवेद, गुर्जो आदि जडिबुटिहरु पाइन्छन् । यी जडीबुटिहरु प्रशोधन गरी विक्रिवितरण गर्न सकेमा मादी गाउँपालिकाको आर्थिक अबस्था मजबुत हुने देखिन्छ ।

यस गाउँपालिकामा गाइगोरु, भैसीराँगा, भेडा बाख्रा आदि पशुहरु पालिन्छ । यी पशुहरुबाट ७१९७७४ लिटर दूध र १९६५१४ के.जी. मासु वार्षिक रुपमा उत्पादन हुने गर्दछ । मादी गाउँपालिका भित्र ११४० वटा मौरीघारहरु छन जसबाट ४८१३ के.जी. मह वार्षिक उत्पादन हुने गर्दछ ।

मादी गाउँपालिका भित्रका घरहरुको आम्दानीमा कृषिबाट रु. २३६,९८४ हजार बार्षिक आम्दानी हुन्छ भने ब्यापार/उद्योग तथा नोकरी/पेन्सन बाट क्रमशः १३१५४०, ५०२९६४ हजार रुपैया आम्दानी हुने गरेको छ । साथै वैदेशिक रोजगारीबाट ९७०५००, ज्यालामजदुरीबाट ८२९६७ र अन्यबाट १२३७४९ हजार रुपैंया वार्षिक आम्दानी हुन्छ ।

मादी गाउँपालिका भित्र स-साना घरेलु उद्योगहरु सञ्चालन भएका छन् । यहाँका राडिपाखी, भांग्रा, मान्द्रा, भकारी, थुन्से, स्याखु, डोका लगायत विभिन्न वस्तुहरुको उत्पादन हुन्छ । यस गाउँपालिकामा उद्योग ब्यापारमा संलग्न महिलाहरुको जनसँख्या २१० जना छन् भने पुरुष ३२० संख्यामा रहेका छन् । यस गाउँपालिकामा ब्यावसायिक कृषि फर्म २ वटा, पशुपालन फर्म ८३ वटा दर्ता भएको देखिन्छ । यी मध्ये धेरैजसौ फर्महरु अझैसम्म पनि सञ्चालनमा आएका छैनन् । यिनीहरुलाई सञ्चालनमा ल्याउन सके आर्थिक आयआर्जनमा टेवा पुग्न सक्नेछ ।

पर्यटन व्यवसाय मादीको सम्बृद्धिको आधार हो । यहाँ ऐतिहाँसिक, साँस्कृतिक, धार्मिक स्थलहरु प्रशस्त रहेका छन । साथै यहाँका हिमशिखर, लेकफाँट, नदी खोला, झरना, ताल तथा कुण्ड, बन्यजन्तु तथा वनस्पतिहरु पर्यटकका लागि आकर्षक स्थलहरु हुन् । यिनीहरुको खोजी तथा उचित सम्बर्दन गर्न सके मादीको आर्थिक अवस्थामा महत्वपूर्ण भूमिका खेल्न सक्नेछ ।

### ३.९ वित्तीय विश्लेषण र प्रक्षेपण (Financial Analysis and Projection)

गाउँपालिकाको आवधिक योजना अबधिको आयव्ययको वित्तीय विश्लेषण गर्नको लागि साविक गाविस र वडाहरुको आयव्ययको तथ्यांक संकलन विभिन्न स्रोतबाट गरिएको र त्यसका आधारमा आगामी ५ वर्षको लागि आयव्यय-वित्तीय विश्लेषण र प्रक्षेपण गरिएको छ । आयव्ययको विश्लेषण र प्रक्षेपण क्रमशः तालिका ३.३ र ३.४ मा राखिएको छ ।

## तालिका ३.३: योजना अबधिको आय र लगानिको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| आयका स्रोतहरु | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | कूल अपेक्षित आय र लगानी | प्रतिशत वितरण |
|---|---|---|---|---|---|---|---|
| **आन्तरिक आय** | **६४६९०** | **२७८०९** | **३१३३७** | **३५३३१** | **३९८५२** | **१९९०२०** | १.१७ |
| -आन्तरिक राजश्व | ३१६९० | १२८५९ | १४१४५ | १५५५९ | १७११५ | **९१३६९** | |
| -जिल्ला समन्वय समितिबाट प्राप्त हुने अपेक्षित आय | २०००० | ० | ० | ० | ० | **२००००** | |
| -बिगत वर्षको संचित आम्दानी | १३००० | १४९५० | १७१९३ | १९७७१ | २२७३७ | **८७६५१** | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **१२४३२३३** | **१३०३६३३** | **१४०७०३५** | **१५२५८८४** | **१०५२४८८** | **६५३२२७३** | ३८.२६ |
| **संघीय सरकारबाट** | **१२०४९८३** | **१२४७६४६** | **१३४२६४९** | **१४५१८४०** | **९६७३३८।३** | **६२१४४५६।७** | ३६.४० |
| -राजश्व बाँडफँड | ६५८६५ | ७५७४५ | ८७१०६ | १००१७२ | ११५१९८ | ४४४०८७ | |
| -समानीकरण अनुदान | ७१५०० | ८२२२५ | ९४५५९ | १०८७४३ | १२५०५४ | ४८२०८० | |
| -ससर्त अनुदान | १७६९२८ | २०३४६७ | २३३९८७ | २६९०८५ | ३०९४४८ | ११९२९१६ | |
| -समपुरक अनुदान | १५००० | १७२५० | १९८३८ | २२८१३ | २६२३५ | १०११३६ | |
| -विशेष अनुदान | २००० | २३०० | २६४५ | ३०४२ | ३४९८ | १३४८५ | |
| -सामाजिक सुरक्षा भत्ता | ६९००० | ७९३५० | ९१२५३ | १०४९४० | १२०६८१ | ४६५२२४ | |
| -लाइन आइटम कार्यक्रम बजेट (संघीय सरकार) | २०००० | २३००० | २६४५० | ३०४१८ | ३४९८० | १३४८४८ | |
| -संघीय सरकारको गौरबका परियोजना अपेक्षित बजेट | ७०४६९० | ६८२८०९ | ७०३५८७ | ७२७४१९ | २१४७५३ | ३०३३२५७ | |
| -निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्र (संघीय सरकार) | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | ६७४२४ | |
| **राष्टिय पूननिर्माण कार्यक्रमः** | **७००००** | **७००००** | **७००००** | **७००००** | **०** | **२८००००** | |
| -निजी आवास निर्माण | ६०००० | ६०००० | ६०००० | ६०००० | ० | २४०००० | |
| -सार्वजनिक भवन निर्माण | १०००० | १०००० | १०००० | १०००० | ० | ४०००० | |
| **प्रदेश सरकारबाट** | **३८२५०** | **५५९८८** | **६४३८६** | **७४०४३** | **८५१५०** | **३१७८१७** | १.८६ |
| -प्रदेश राजश्व बाँडफँड | ३१८१ | ३६५८ | ४२०७ | ४८३८ | ५५६४ | २१४४८ | |
| -समानिकरण अनुदान | ११०६९ | १२७२९ | १४६३९ | १६८३५ | १९३६० | ७४६३१ | |
| -ससर्त अनुदान | ० | १२००० | १३८०० | १५८७० | १८२५१ | ५९९२१ | |
| -समपुरक अनुदान | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | ६७४२४ | |
| -विशेष अनुदान | १००० | ११५० | १३२३ | १५२१ | १७४९ | ६७४२ | |
| -सामाजिक सुरक्षा भत्ता | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | ६७४२४ | |
| -लाइन आइटम कार्यक्रम बजेट (संघीय सरकार) | ३००० | ३४५० | ३९६८ | ४५६३ | ५२४७ | २०२२७ | |
| **सार्वजनिक र गैरसरकारी संस्थाबाट अपेक्षित बजेट** | **४५०००** | **५१७५०** | **५९५१३** | **६८४३९** | **७८७०५** | **३०३४०७** | १.७८ |
| -नगद सहभागिता ( उपभोक्ताबाट) | १५००० | १७२५० | १९८३८ | २२८१३ | २६२३५ | १०११३६ | |
| -श्रम तथा अन्य सहभागिता (उपभोक्ता बाट) | ५००० | ५७५० | ६६१३ | ७६०४ | ८७४५ | ३३७१२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| -राष्टिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रम | २५००० | २८७५० | ३३०६३ | ३८०२२ | ४३७२५ | १६८५६० | |
| **अपेक्षित निजीक्षेको लगानी** | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००००० | ५८.५७ |
| -मादीबासी जनताको शेयर लगानी | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | १२००००० | |
| -संस्थापक निजीलगानी (प्रर्बद्धक) | २०००००० | १७००००० | १७००००० | १७००००० | १७००००० | ८८००००० | |
| **अपेक्षित वैदेशिक सहायता (अनुदान)** | | **१००००** | **१००००** | **१००००** | **१००००** | **४००००** | **०.२३** |
| **कूल जम्मा आय र लगानी** | **३३५२९२३** | **३३९३१९२** | **३५०७८८५** | **३६३९६५४** | **३१८१०४६** | **१७०७४७००** | **१००.०** |

मादी गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को यथार्थ आय व्यय, अर्न्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त विभिन्न अनुदानहरु संघीय सरकारबाट गाउँपालिकामा छुट्याइएको लाइन आइटम कार्यक्रम बजेट संघीय सरकारका गौरबका परियोजनाहरुमा भएको बजेट र खर्चको अनुमान, राष्ट्रिय पूनर्निमाणमा निजी आवास र सार्वजनिक भवन निर्माणका लागि भएको खर्च र आउन सक्ने अनुमानित बजेट, संघीय र प्रदेश सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रमा छुट्याइने बजेट गैरसरकारी संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको अनुमानित बजेट, विकास निर्माणमा उपभोक्ताहरुको नगद तथा अन्य सहभागितालाई ध्यानमा राखी आर्थिक वर्ष २०७५/७६ को लागि प्राप्त हुन सक्ने राजश्व र आयको अनुमान गरिएको छ । त्यसबाहेक निजीक्षेत्रबाट जलविद्युत, पर्यटन व्यवसाय, उद्योगधन्धा, कृषि तथा पशुपालनमा गाउँपालिका क्षेत्रभित्र भैरहेको र हुन सक्ने लगानी समेतलाई मध्यनजर राखी आर्थिक वर्ष २०७५/०७६ का लागि निजी क्षेत्रको कूल लगानीको अनुमान गरिएको छ । यस्तो लगानीका हकमा अरु बाँकी चार वर्षका लागि समेत समान लगानीको प्रक्षेपण गरिएको छ । तर योजना अबधिमा हुने गाउँपालिकाको आन्तरिक आय संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण गैरसरकारी संस्थाबाट अपेक्षित कार्यक्रममा हुने खर्च र जनसहभागिताबाट हुने योगदान शीर्षकहरुमा प्रत्येक अघिल्ला वर्षहरुका लागि राजश्व र आम्दानीको प्रक्षेपण १५ प्रतिशतका दरले बृद्धि हुने अनुमानका आधारमा गरिएको छ । निजी लगानीका हकमा भने योजना अबधिभरि सरदर प्रत्येक वर्ष २ अर्बका दरले लगानी हुने अनुमान र प्रक्षेपण गरिएको छ । निजी क्षेत्रको लगानी अनुमान गर्दा निजी क्षेत्रका लगानीकर्ताहरुबाट हाल गाउँपालिका क्षेत्रमा भइरहेको लगानी र भविष्यमा हुन सक्ने लगानी बारे सम्बन्धित व्यवसायीहरुसँगको छलफल र अन्तर्क्रियाबाट आएका तथ्य र सुझावहरुलाई समेत आधार मानिएको छ ।

यस आवधिक योजना अबधिभरिमा कूल १७ अर्ब ७ करोड ४७ लाख आय र लगानीको अनुमान गरिएको छ । यस अन्तर्गत निजी क्षेत्रका आयोजना प्रर्वद्धकहरु, व्यवसायका लगानीकर्ताहरु र मादीबासी जनताले सम्बन्धित परियोजनाहरुमा गर्ने शेयर लगानी समेत कूल १० अर्ब लगानी हुने अनुमान गरिएको छ । गाउँपालिकाले योजना अबधिमा कूल ४ करोड बैदेशिक अनुदान प्राप्त गर्ने अनुमान गरिएको छ भने यस अबधिमा गाउँपालिकाको आन्तरिक राजश्व र आय कूल ३९ करोड ८० लाख प्राप्त हुने प्रक्षेपण गरिएको छ । त्यस बाहेक संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र तिनीहरुले सञ्चालन गर्ने विभिन्न कार्यक्रम र आयोजनाहरुमा ६ अर्ब ५३ करोड २२ लाख प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी योजना अबधि भरिमा गैरसरकारी संस्थाहरु र जनसहभागिता मार्फत परिचालन हुने कूल आय ३० करोड ३४ लाख अनुमान र प्रक्षेपण गरिएको छ ।

उल्लिखित आय र लगानीको प्रक्षेपण गर्दा गाउँपालिकामा विगत आर्थिक वर्षमा भएको यथार्थ आय र साविक गाउँविकास समितिहरुमा केन्द्र र जिल्ला विकास समिति मार्फत भएको विकास खर्चको

परिचालनको स्थितीलाई विश्लेषण गरीएको छ । गाउँपालिकाको वर्तमान नेतृत्वको दीर्घकालीन सोँच, क्रियाशीलता सघ र प्रदेशले आफ्ना निती र कार्यक्रमहरु र बजेट मार्फत देखाएको मार्गदर्शन जनताका अपेक्षा र विकासमा सहभागिता राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको प्रभावकारी परिचालन समेतलाई दृष्टिगत गर्दा योजना अबधिका लागि अनुमानित आय र लगानीको अनुमान र त्यसलाई पूर्ति गर्ने स्रोतहरु अपेक्षा गरेअनुरुप परिचालन हुने विश्वास गरिएको छ ।

तालिका ३.४: योजनाअबधिको खर्च र लगानीको प्रक्षेपण (रु. हजारमा)

| **लगानी र खर्चका शीर्षकहरु** | **आ.व. २०७५/७६** | **आ.व. २०७६/७७** | **आ.व. २०७७/७८** | **आ.व. २०७८/७९** | **आ.व. २०७७/८०** | **योजना अबधिको कूल अपेक्षित खर्च र लगानी** | **प्रतिशत वितरण** |
|---|---|---|---|---|---|---|---|
| **क. चालु खर्च** | **३०६८६२** | **३५२८९१** | **४०५८२५** | **४६६६९९** | **५३६७०४** | **२०६८९८१** | **२९.२४** |
| आर्थिक विकास | १३९७७ | १६०७४ | १८४८५ | २१२५७ | २४४४६ | ९४२३८ | |
| सामाजिक विकास | २४२९७५ | २७९४२१ | ३२१३३४ | ३६९५३५ | ४२४९६५ | १६३८२३० | |
| पूर्वाधार विकास | ५५० | ६३३ | ७२७ | ८३६ | ९६२ | ३७०८ | |
| वातावरण तथा विपद् व्यवस्थापन | २९०० | ३३३५ | ३८३५ | ४४११ | ५०७२ | १९५५३ | |
| सुशासन तथा संस्थागत विकास | ४६४६० | ५३४२९ | ६१४४३ | ७०६६० | ८१२५९ | ३१३२५१ | |
| **ख. पूंजीगत खर्च (सार्वजनिक)** | **१०४६०६१** | **१०४०३००** | **११०२०६०** | **११७२९५५** | **६४४३४३** | **५००५७१९** | **७०.७६** |
| आर्थिक विकास | १३५९० | १५६२९ | १७९७३ | २०६६९ | २३७६९ | ९१६२९ | |
| सामाजिक विकास | २१६६८ | २४९१८ | २८६५६ | ३२९५४ | ३७८९७ | १४६०९४ | |
| पूर्वाधार विकास | ९०६६३ | १०४२६२ | ११९९०२ | १३७८८७ | १५८५७० | ६११२८५ | |
| वातावरण तथा विपद् व्यवस्थापन | ५७०० | ६५५५ | ७५३८ | ८६६९ | ९९६९ | ३८४३२ | |
| सुशासन तथा संस्थागत विकास | ४७५० | ५४६३ | ६२८२ | ७२२४ | ८३०८ | ३२०२६ | |
| संघीय सरकारको गौरबको योजना पूर्ननिर्माणमा खर्चहुने अपेक्षित बजेट | ९०९६९० | ८८३४७४ | ९२१७०९ | ९६५५५२ | ४०५८२९ | ४०८६२५४ | |
| **निजी लगानी** (पूर्वाधार+आर्थिक विकास) | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००००० | **५८.५७** |
| **कूल पूंजीगत लगानी र खर्च** (सार्वजनिक+निजी) | **३०४६०६१** | **३०४०३००** | **३१०२०६०** | **३१७२९५५** | **२६४४३४३** | **१५००५७१९** | |
| **कूल खर्च** (सार्वजनिक) | **१३५२९२३** | **१३९३१९२** | **१५०७८८५** | **१६३९६५४** | **११८१०४६** | **७०७४७००** | **४१.४३** |
| **कूल लगानी र खर्च** (सार्वजनिक+निजी) | **३३५२९२३** | **३३९३१९२** | **३५०७८८५** | **३६३९६५४** | **३१८१०४६** | **१७०७४७००** | **१००** |

योजना अबधिमा कूल खर्च र लगानी १७ अर्ब ७ करोड ४७ लाख हुने अनुमान गरिएको छ । यस अन्तर्गत सार्बजनिक क्षेत्रबाट हुने खर्च ७ अर्ब ७ करोड ४७ लाख (४१.४३%) र निजी क्षेत्रबाट हुने कूल लगानी १० अर्ब (५८.५७%) हुने प्रक्षेपित अनुमान गरिएको छ । निजीक्षेत्रबाट हुने लगानीका क्षेत्रहरु जलस्रोत, पर्यटन, कृषि तथा पशुपालन, उद्योग र ब्यापार र तत्सम्बन्धी पूर्वाधारका क्षेत्रहरुमा योजना

अबधिको प्रत्येक वर्ष सरदर २ अर्बका दरले लगानी हुने प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकाको पूर्वाधार र आर्थिक विकास योजनाले प्रयाप्त मद्दत प्राप्त गर्ने छ । गाउँपालिकाको योजना अबधिमा हुने कूल सार्वजनिक खर्च ७ अर्ब ७ करोड ४७ लाख मध्ये नियमित चालु खर्चमा २ अर्ब ६ करोड ९० लाख (२९.२४%) र पूँजिगत खर्च ५ अर्ब ५७ लाख (७०.७६%) विनियोजन गरिएको छ । विनियोजित चालु खर्चमध्ये आर्थिक विकासमा ९ करोड ४२ लाख, सामाजिक विकासमा १ अर्ब ६३ करोड ८२ लाख, पूर्वाधार विकासमा ३७ लाख, वातावरण तथा विपद्व्यवस्थापनमा १ करोड ९६ लाख र वित्त व्यवस्थापन, शुसासन र संस्थागत विकासमा ३१ करोड ३३ लाख खर्च हुने अनुमान गरिएको छ । योजना अबधिमा हुने कूल सार्वजनिक पूँजीगत खर्च ५ अर्ब ५७ लाख मध्ये आर्थिक विकास योजनामा ९ करोड १६ लाख, सामाजिक विकास योजनामा १४ करोड ६१ लाख, पूर्वाधार विकास योजनामा ६१ करोड १३ लाख, वातावरण तथा विपद् व्यवस्थापनमा ३ करोड ८४ लाख, वित्त व्यवस्थापन सुशासन र संस्थागत विकासमा ३ करोड २० लाख खर्च हुने अनुमान गरिएको छ भने उक्त योजना अबधिमा संघीय सरकार, प्रदेस सरकारका गौरवका आयोजनाहरु पूर्ननिर्माण र लाइन बजेट कार्यक्रममा कूल ४ अर्ब ८ करोड ६३ लाख पूँजीगत खर्च हुने अनुमान गरिएको छ । योजना अबधिको पहिलो वर्षका लागि खर्च र लगानीको अनुमानित विनियोजन गाउँपालिकामा आर्थिक वर्ष २०७४/७५ मा भएको यथार्थ चालु खर्च र पूँजीगत खर्चको अवस्था र त्यसपूर्व साविक गाउँविकास समितिहरुले गरेको यथार्थ चालु तथा पूँजीगत खर्चको अवस्था विश्लेषण गरी यथार्थपरक रुपमा गरिएको छ । योजना अबधिका बाँकी वर्षहरुमा हुने प्रक्षेपित चालु र पूँजीगत सार्वजनिक खर्च प्रत्येक अघिल्ला वर्षहरुमा १५ प्रतिशतका दरले बृद्धि हुने अनुमानका आधारमा विनियोजन गरिएको छ ।  संघ र प्रदेशका गौरबका आयोजना, पूर्ननिर्माणमा हुने खर्च र लाइन बजेट कार्यक्रम बाहेका गाउँपालिकाको आफ्नै वार्षिक वजेटमार्फत हुने खर्च चालु र पूँजीगत तर्फको खर्चको विनियोजन हुने हो भने क्रमशः ७० र ३० प्रतिशतको अनुपातमा निर्धारण गरिएको छ ।

### ३.१० प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण (Analysis of Disaster and Environmental Condition)

वातावरणीय हिसाबले मादी गाउँपालिका स्वच्छ र हराभरा छ । तापनि यहाँ वातावरणसँग सम्बन्धित विभिन्न समस्याहरु रहेका छन् । जनचेतनाको अभावले गर्दा फोहोर मैलाको उचित व्यवस्थापन हुन सकेको छैन । गाउँपालिका प्रोफाइल २०७५ अनुसार मादी गाउँपालिकामा वातावरण तथा प्राकृतिक प्रकोप तथा विपद्का घटनाहरु सबै वडाहरुमा देखा परेका छन् । विगत ३ वर्ष भित्रमा सवैभन्दा वढी भूकम्प तथा असिनावाट वातावरणीय प्रकोप प्रभाव परेको छ । भूकम्पवाट करिब १३ करोडको क्षति भएको अनुमान रहेको छ बाढी पहिरो बाट लगभग १ करोड १० लाख र असिना वाट करिव ५७ लाख ३१ हजार रुपैयाँको क्षति भएको अनुमान गरिएको छ । साथै विभिन्न वडामा आगालागिवाट प्रभावित १२ घर परिवार रहेका छन् भने बाढी डुवानवाट २७ घर परिवार, पहिरोवाट २९ घर परिवार, सर्पको टोकाईवाट ३ जना, जंगली जनावरको आक्रमणवाट १३ घर परिवार पीडित भएका छन् । यसका साथै मादीका विभिन्न बस्तीमा बाँदरको समस्या टड्कारो रुपमा देखिएको छ ।

मादी गाउँपालिकाका विभिन्न ठाँउहरुमा भूक्षय तथा बाढी पहिरोको प्रभाव परेको छ । मूख्य गरिवडा नं. ६ को नाउनुको पहिरो सबै भन्दा ठूलो पहिरो हो । साथै मुग्रीवेसिको सेतो पहिरो, ढोडेनीको पहिरो, सैमराङको पहिरो आदिले नजिकका वस्तीहरुमा प्रभाव पारेको छ भने, बाढीले सोंधा, ज्याम्दु, सवि, चित्रेको नदी किनारी भाग, भैंसे पुलको मुख, सैमराङ, पैरे, घुम्ले, नयाँ बजार, भगवती, रवैडाँडाको सिपाहीटोल, पानीघाट, घर्ती डाँडा, काउरे आदि ठाँउहरुमा बाढी पहिरोको जोखिम रहेको छ ।

मादी गाउँपालिकाका सबै वडाका घरहरुमा शौचालयको उचित व्यवस्था भएको पाइदैन केही वडाहरु (१,२, ३, १० र ११) मा मात्र सार्वजनिक शौचालय रहेका छन् । गाउपालिकाका कूल घरसंख्या ४३१४ मध्ये २३ घरमा शौचालय नभएका, १० घरको शौचालय सार्वजनिक ढलमा मिसाएको, ५१९ घरमा साधारण शौचालय भएको र ३७६२ घरधुरीमा सेफ्टी टंकी सहितको शौचालय रहेका छन् ।

यस गाउँपालिका विभिन्न ठाउँहरुमा फोहोरमैलाको उचित ढंगले विसर्जन गरेको पाइदैन । यहाँका कूल घरपरिवार मध्ये ५३.३६ प्रतिशत घरपरिवारले फोहोरलाई जलाएर नष्ट गर्दछन् भने ३१ प्रतिशत घरले फोहोरबाट कम्पोष्ट मल बनाउने गर्दछन् । यस्तै गरेर ११.०१ प्रतिशत घरपरिवारले फोहोरलाई डष्टविनमा राख्ने, ०.३७ प्रतिशत परिवारले फोहोरलाई यत्रतत्र फाल्ने र ४.२९ प्रतिशत परिवारले अन्य तरिकाले फोहर व्यवस्थापन गरेको पाइन्छ । जलाएर नष्ट गर्दा प्लाष्टिकजन्य फोहोरबाट हुने प्रदुषण बढ्दो छ ।

मादी नदी करिडोरको विभिन्न स्थानमा जलविद्युत आयोजनाहरु निर्माणको क्रममा एकातिर सुरुङ खन्ने र बम बिस्फोट गराउँदा भू-क्षय र बाढीपहिरोको प्रकोप देखापरेको छ भने अर्कोतिर मेशिनरी औजारमा प्रयोग हुने पेट्रोलियम पदार्थ नदीमा सिधै मिसिन गई नदी प्रदूषित भएर जलचर समेत संकटमा परेका छन् ।

बस्तीहरुबाट निस्कने फोहोरमैलालाई टोलविकास संस्था मार्फत व्यवस्थापन गर्न वडा कार्यालयले पहल गर्नु पर्ने देखिन्छ । सार्वजनिक तथा व्यक्तिगत भवनहरु निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक विधि अपनाउनु आवश्यक छ । सडक दायाँबायाँमा सुरक्षित ढलनिकास सहित वृक्षारोपण, भू-क्षय, पहिरो तथा नदी कटान क्षेत्रमा चेक ड्याम निर्माण र वृक्षारोपण गर्न अपरिहार्य छ ।

### ३.११ प्रमुख परिसूचकहरुको प्रवृत्ति विश्लेषण (Trend Analysis of Main Indicators)

प्रवृत्ति विश्लेषण गर्दा मादी गाउँपालिकाको विद्यमान वस्तुस्थितीबाट भविश्यमा के कस्ता योजना तथा कार्यक्रमहरुको कार्यान्वयनबाट दिगो विकास गर्न सकिन्छ भन्ने पक्षलाई विशेष जोड दिइएको छ । यसको साथै विद्यमान अवस्थालाई विगतको तथ्यांकगत अवस्थाको आधारमा विश्लेषण गरिएको छ । वर्तमान अवस्थामा मादी गाउँपालिकाका मुख्य समस्या तथा आवश्यकतामा भौतिक पूर्वाधार विकास, विस्तार र स्तरोन्नती, वातावरण संरक्षण र प्रवर्द्धन तथा विपद् व्यवस्थापन तयारी सामाजिक सेवा तथा सुविधाको विकास र विस्तार आदि छन् । यस गाउँपालिकाका प्रवृत्तिगत विश्लेषणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ३.११.१ भौतिक पूर्वाधार

**क) सडकः**

पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी, विद्युत आदिको विगत र वर्तमान स्थितीको विश्लेषण गरिएको छ । यस गाउँपालिकाको सडक पूर्वाधारको प्रवृत्तिलाई २०६६ र २०७४ सालको सडकलाई आधार मानेर निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ३.५: सडक निर्माणको स्थिति

| वडा नं. | सडक कि.मी. (२०६६) | सडक कि.मी. (२०७४) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| १ | १२.५३ | १९.२७ | ५३.७९ |
| २ | ४.४३ | १७.८६ | ३०३.१६ |
| ३ | ४.५४ | ११.९६ | १६३.४४ |
| ४ | ७.५५ | २२.९ | २०३.३१ |
| ५ | १२.३४ | २४.६१ | ९९.४३ |
| ६ | ११.८९ | २१.२६ | ७८.८१ |
| ७ | ६.५३ | १८.६९ | १८६.२२ |
| ८ | ३.६४ | ३२.२२ | ७८५.१६ |
| ९ | १८.४५ | ३१.६४ | ७१.४९ |
| १० | ९.०७ | १७.६१ | ९४.१६ |
| ११ | ५.९६ | २२ | २६९.१३ |
| १२ | ७.४१ | २६.९२ | २६३.२९ |
| **जम्मा** | **१०४.३४** | **२२९.८१** | **१२०.२५** |

स्रोतः सडक २०७४: GPS स्थलगत सर्भेक्षण र Satellite Image (Google Map)
सडक २०६६: साविकका गाविस प्रोफाइल, २०६६ ।

मादी गाउँपालिकामा वितग आठ वर्षको अन्तरालमा कच्ची सडकको रुपमा मात्रै विस्तार भएको पाइन्छ । समग्र गाउँपालिकाको सडक २०६६ सालमा १०४.३४ कि.मी लम्बाइमा थियो भने २०७४ मा २२९.८१ कि.मी अर्थात् १२०.२५ प्रतिशतले सडकको बृद्धि भएको छ । यस अबधिमा मुख्यतः वडा नं. २, ४, ७, ८, ११ र १२ मा सडकको विस्तार दुई गुणाभन्दा बढीले बृद्धि भएको देखिन्छ भने वडा नं. ८ मा सबैभन्दा बढी ७८५ प्रतिशतले बृद्धि भएको छ । २०६६ सालमा मोटरेबल पुल निर्माण भएका थिएनन् भने हाल आएर तीन वटा पुलहरु निर्माण भैसकेका छन भने ४ वटा पुलहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।

## ख) खानेपानी

मादी गाउँपालिकामा खानेपानी लिनजाने समय १५ मिनेट दूरीसम्मका लाई ध्यानमा राखेर खानेपानी सुविधालाई ध्यानमा राखेर विश्लेषण गरिएको छ । वि.सं. २०६६ सालमा ८५.१२ प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको थियो भने २०७४ सालमा ९३.१० प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ । वडा नं. १ र २ का प्राय सबै घरहरुमा खानेपानी धारा उपलब्ध भएको र वडा नं ३, ५, ६, ७, ८, १० र ११ का घरहरुमा ५० प्रतिशतभन्दा बढी घरहरुमा धारा जडान गरिएको छ । वडा नं ४, ९ र १२ का घरमा नै धारा जडान भएका घरहरु ज्यादै कम रहेका छन् ।

तालिका ३.६: खानेपानी सुविधाको स्थिति

| वडा नं. | खानेपानी सुबिधा (२०६६) (१५मिनेटसम्म दूरी) | खानेपानी सुबिधा (२०७४) (१५ मिनेटसम्म दूरी) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| १ | ९५.९८ | १०० | ४.१९ |
| २ | ७१.३४ | १०० | ४०.१७ |
| ३ | ८७.५ | ९७.५० | ११.४३ |
| ४ | ८४.५ | ९७.३७ | १५.२३ |
| ५ | ८८.१२ | ९६.७९ | ९.८४ |
| ६ | ९३.६ | १०० | ६.८४ |
| ७ | ८९.६ | ९६.१५ | ७.३१ |
| ८ | ९१.२७ | ९२.८६ | १.७४ |
| ९ | ९१.२७ | ९२.४२ | १.२६ |
| १० | ९२.२ | ९९.१९ | ७.५८ |
| ११ | ९०.४४ | ९१.२४ | ०.८८ |
| १२ | ४५.६६ | ५३.६४ | १७.४७ |
| **जम्मा** | ८५.१२ | ९३.१० | ९.३७ |

स्रोतः गाउँपालिका प्रोफाइल, २०७५, साविक गा.वि.स. प्रोफाइल, २०६६ ।

**ग) विद्युतः** समग्र मादी गाउँपालिकाको स्थितीलाई सबै घरधुरीमा विद्युत सुविधा पुगेको छैन । विगत २०६६ सालमा यस गाउँपालिकाका ७३.२० प्रतिशत घरहरुमा विद्युत सेवा उपलब्ध हुन सकेको थियो भने उक्त सेवा २०७४ मा अधिकांश (९९.४६%) घरमा उपलब्ध भएको छ । गाउपालिकाको वडा नं १, २, ३ र ८ का सबै घरहरुमा विद्युत सुविधा पुगेको छ भने वडा नं ४, ५, ९, १०, ११ र १२ केही घरधुरीमा अझै विद्युत सुविधा पुगेको छैन । गाउँपालिकाभित्रमध्ये वडा नं ६ र ७ मा तुलनात्मक रुपमा कम विद्युत सुविधा छ । गाउँपालिकाको अधिकांश घरहरुमा विद्युत सेवा उलपब्ध भएता पनि विद्युत सेवाको नियमितता र गुणस्तरमा ध्यान दिनु आवश्यक छ ।

तालिका ३.७: विद्युत सुविधाको स्थिति

| वडा नं. | विद्युत सुविधा (%) (२०६६) | विद्युत सुविधा (%) (२०७४) | परिवर्तन ( % ) |
|---|---|---|---|
| १ | ९७.०३ | १०० | ३.०६ |
| २ | ९८ | १०० | २.०४ |
| ३ | ८३ | १०० | २०.४८ |
| ४ | ८९ | ९९.४२ | ११.७० |
| ५ | ९७ | ९९.७५ | २.८४ |
| ६ | ८५ | ९७.४२ | १४.६२ |
| ७ | ८८ | ९८.९० | १२.३९ |
| ८ | ८ | १०० | ११५० |
| ९ | १४ | ९९.७१ | ६१२.२० |
| १० | ३९.४२ | ९९.१९ | १५१.६२ |
| ११ | ९४ | ९९.४० | ५.७४ |
| १२ | ८६ | ९९.७० | १५.९३ |
| **जम्मा** | ७३.२० | ९९.४६ | ३५.८६ |

स्रोतः गाउँपालिका प्रोफाइल, २०७५, साविक गा.वि.स. प्रोफाइल, २०६६ ।

### ३.११.२ भू-उपयोगको प्रवृत्ति

मादी गाउँ पालिकाको भूउपयोग स्थिति विगत १७ वर्षमा खासै उल्लेख्य रुपमा परिवर्तन भएको देखिदैन । यस क्षेत्रका बासिन्दाहरु बसाँइसराई गरी बाहिर गएकाले कृषि भूमि तथा बस्तीको क्षेत्रफल -९.०६ प्रतिशत घटन गएको छ भने वनजंगलको अनुपात २ प्रतिशतभन्दा बढीले बृद्धि भएको छ । त्यस्तै गरी घाँसेभूमि, बलौटे क्षेत्र, झाडी क्षेत्र र घाँसे क्षेत्र घटेको देखिन्छ भने हिमक्षेत्र र ताल तथा कुण्ड क्षेत्र बढेको देखिन्छ । यी क्षेत्रहरु मानव पहुँच लगभग नभएका कारण खासै प्रभाव पारेको देखिदैन ।

तालिका ३.८ भू-उपयोगमा परिवर्तनको स्थिति

| क्र.संख्या | भू-उपयोगको प्रकार | भू-उपयोग (बर्ग कि.मी.) | | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|
| | | सन् २००० | सन् २०१७ | |
| १ | कृषि भूमि तथा बस्ती | ७१.०९ | ६४.६४९ | -९.०६ |
| २ | वन जंगल | ३०१.५५ | ३०८.२९ | २.२४ |
| ३ | ब्यारेन भूमि | ४०.३९ | २९.८६४ | -२६.०६ |
| ४ | घाँसे क्षेत्र | ५४.७१ | ५४.४१८ | -०.५३ |
| ५ | झाडी क्षेत्र | १०.६ | १०.३५२ | -२.३४ |
| ६ | हिम क्षेत्र | ६८.४१ | ८१.५५१ | १९.२१ |
| ७ | भिर पहरा | ६.९४ | ६.९५०८ | ०.१६ |
| ८ | बलौटे तथा कंकड | ८.०५ | ४.८९४८ | -३९.१९ |
| ९ | नदी किनार | ०.९६ | ०.९६०६ | ०.०७ |
| १० | ताल तथा कुण्ड | ०.३२ | १.०६६५ | २३३.२७ |
| | जम्मा | ५६३ | ५६३ | |

स्रोतः Topographical Map, 2000 र Satellite Image (Google Map), 2017 ।

### ३.११.३ जनसंख्याको स्थिति

मादी गाउँपालिकाको २०५८ को जनगणनाअनुसार जम्मा जनसंख्या २७३११ थियो भने २०६८ अनुसार जनसंख्या १८१५३ देखिएको छ । यस गाउँपालिका क्षेत्रबाट मानिसहरु स्थायी र अस्थायी रुपमा बसाईसराई गरेर गएका हुनाले बृद्धिदर (३.३५%) घटेको देखिन्छ । अस्थायी रुपमा बसाईसराई गरेर गएका व्यक्तिहरुको गणना गाउँपालिका भित्र नभई अन्यत्रै गणना गरिएको हुनाले जनसंख्या घट्न गएको हो । मादी गाउँपालिकाले आफ्नै स्रोतसाधन प्रयोग गरी २०७४ सालमा घरधुरी सर्भेक्षण गर्दा कूल जनसंख्या २५७७९ देखिएको छ । वि.सं. २०६८ को तुलनामा २०७४ को घरधुरी सर्वेक्षणमा अस्थायी रुपमा बसाईसराइमा गएका परिवारहरुलाई समेत गणना गरेकाले जनसँख्या ७ प्रतिशतले बृद्धि हुन गएको छ । त्यसै गरी २०५८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनघनत्व ४८.५१ जना प्रति वर्ग कि.मी रहेको थियो २०७४ को गाउँपालिका प्रोफाइलअनुसार जनघनत्व घट्न गई ४५.७९ जना प्रति वर्ग कि.मी. कायम भएको छ । तथापि २०६८ को जनगणनाको तुलनामा २०७४ को जनघनत्व वृद्धि भएको देखिन्छ ।

तालिका ३.९ : जनसंख्या वृद्धि तथा जनघनत्व

| बर्ष | क्षेत्रफल (वर्ग कि.मी.) | कूल जनसंख्या | बृद्धि (प्रतिशत) | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|
| २०५८ | ५६३ | २७३११ | - | ४८.५१ |
| २०६८ | ५६३ | १८१५३ | -३.३५ | ३२.२४ |
| २०७४ | ५६३ | २५७७९ | ७.०० | ४५.७९ |

स्रोतः नेपालको जनगणना, २०५८, २०६८ र गाउँपालिका प्रोफाइल, २०७५ ।

### ३.११.४ शैक्षिक तथा स्वास्थ्य स्थिति

मादी गाउँपालिकाको शैक्षिक स्थितिको प्रवृति विश्लेषण गर्दा २०६६ र २०७४ सालको विद्यालय संख्या र साक्षरता प्रतिशतलाई आधार मानिएको छ । यस गाउँपालिकामा २०६६ सालमा विद्यालयहरुको संख्या ५८ थियो भने २०७४ सालमा यो संख्या घटेर ५४ कायम भएको छ । आगामी दिनमा हाल कायम भएका विद्यालयहरुको संख्या अझ घट्ने प्रवल सम्भावना रहेको छ । मादी गाउँपालिकाबाट मानिसहरु पोखरा महानगरपालिका र अन्य ठाउँमा बसाईसराई गर्ने प्रबृत्ति बढिरहेको हुनाले विद्यार्थीको संख्या कम भई कतिपय विद्यालयहरु मिलान भैसकेको र कतिपय विद्यालयहरु मिलान गर्नुपर्ने अवस्थामा छन् । यस गाउँपालिकाको वडा नं. ५, ६, ९ र १० मा गरी ६ वटा विद्यालयको संख्या घटेको छ भने वडा नं. ७ मा २ वटा विद्यालय थप हुन गई ८ वर्षको अन्तरालमा समग्रमा ४ वटा विद्यालयहरु घटन गएका छन । तसर्थ मादी गाउँपालिकाका विभिन्न बस्तीहरुमा आयमुलक र रोजगारका अवसरहरु बृद्धि गरी यहाँका मानिसहरुलाई गाउँमा नै बस्ने बातावरणको सिर्जना गर्नु आवश्यक छ । यसको साथै गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षाको व्यवस्था गर्नुपर्ने उत्तिकै जरुरी छ ।

तालिका ३.१०: शैक्षिक स्थिति

| वार्ड नं. | २०६६ | | | | २०७४ | | |
|---|---|---|---|---|---|---|---|
| | प्रा.वि. तह | निमावि तह | मावि तह | जम्मा | आधारभूत तह | माध्यमिक तह | जम्मा |
| १ | २ | | २ | ४ | २ | २ | ४ |
| २ | १ | १ | १ | ३ | २ | १ | ३ |
| ३ | ४ | | | ४ | ३ | १ | ४ |
| ४ | २ | | २ | ४ | ३ | १ | ४ |
| ५ | ५ | १ | | ६ | ४ | ० | ४ |
| ६ | ४ | १ | | ५ | ३ | १ | ४ |
| ७ | ३ | | १ | ४ | ५ | १ | ६ |
| ८ | ४ | २ | | ६ | ६ | ० | ६ |
| ९ | ४ | २ | १ | ७ | ४ | १ | ५ |
| १० | ४ | २ | | ७ | ५ | १ | ६ |
| ११ | ३ | १ | | ४ | ३ | १ | ४ |
| १२ | २ | २ | | ४ | ४ | ० | ४ |
| जम्मा | ३८ | १२ | ७ | ५८ | ४४ | १० | ५४ |

स्रोतः गाउँपालिका प्रोफाइल, २०६६ र २०७५ ।

मादी गाउँपालिकाको साक्षरताको स्थितिलाई हेर्दा २०६६ सालमा कूल साक्षरता ८०.६४ प्रतिशत थियो भने २०७४ सालमा साक्षरता बृद्धि भएका ८८.७१ प्रतिशत पुगेको छ । यसैगरी २०६६ सालमा महिला र पुरुष साक्षरता क्रमशः ७६ र ८५.०८ थियो भने २०७४ सालमा साक्षारता बृद्धि भएर ८३.८५ र ९३.३० प्रतिशत पुगेको छ । आगामी ५ वर्षभित्रमा मादी गाउँपालिकाका सम्पूर्ण बासिन्दाहरुलाई साक्षर बनाउनका निम्ति साक्षरता सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।



मादी गाउँपालिकाको स्वास्थ्य स्थितिको प्रवृत्तिलाई विश्लेषण गर्दा २०६६ र २०७४ सालमा सञ्चालित स्वास्थ्य संस्थाको आधारमा गरिएको छ । यहाँ २०६६ सालमा ८ वटा स्वास्थ्य संस्था मात्र सञ्चालित थिए भने २०७४ सालमा यी संस्थाहरुको संख्या बृद्धि भएर १४ वटा पुगेका छन् । त्यसैगरी २०६६ सालमा १ स्वास्थ्य चौकी र ७ वटा उपस्वास्थ्य चौकी थिए भने २०७५ सालमा १ प्राथमिक स्वास्थ्य केन्द्र, ७ स्वास्थ्य चौकी र ६ सामुदायिक स्वास्थ्य इकाई सञ्चालित छन् । आगामी दिनमा गाउँपालिकाले यी स्वास्थ्य संस्थामा औषधी, प्राविधिक सहितको ल्याबको व्यवस्था गर्ने योजना रहेको छ । साथै गण्डकी प्रदेश सरकारको तर्फबाट यस गाउँपालिकामा २५ शैयाको अस्पताल सञ्चालन गर्ने कार्यक्रम समेत रहेको छ ।

### ३.११.५ आर्थिक स्थिति

मादी गाउँपालिकाको आर्थिक स्थितिको विश्लेषण गर्दा यहाँ सञ्चालित कुटिर उद्योगहरु, सहकारी संस्था, पर्यटन र रेमिटेन्सको आधारमा गरिएको छ । बिगतको समयमा राडिपाखी तथा भाङ्ग्रा बुन्ने चलन थियो भने हाल आएर ती उत्पादनहरु क्रमशः घट्दै गएको पाइन्छ । तर बाँस, निगालो र अल्लोबाट निर्मित डोको, नाम्लो, मान्द्रो, भकारी, थुन्से, डालो, नाङ्लो, कुचो लगायतका दैनिक प्रयोगका सामाग्रीहरु निर्माण गर्ने कुटिर उद्योगहरु सञ्चालित छन् । यसको साथै हाल आएर कुटानी/पिसानी उद्योग, फर्निचर उद्योग, ढुङ्गा कटिङ्ग र ब्लक उद्योग समेत सञ्चालनमा आएका छन् । गाउँपालिकाले विभिन्न उद्योगहरु सञ्चालनको लागि वडा नं. १२ को भाटवेंशीमा औद्योगिक ग्रामको घोषणा गरेको छ । बिगतमा यस गाउँपालिकाका सिमित ठाउँमा लघु विद्युत आयोजना सञ्चालित थिए भने हाल आएर ठूला जलविद्युत आयोजनामध्ये सम्पन्न हुन बाँकी र सम्भाव्यता अध्ययन भैसकेका आयोजनाहरुलाई यथाशिघ्र सञ्चालनमा ल्याउन सकेमा मादी गाउँपालिकाको आर्थिक सम्बृद्धिमा टेवा पुग्नेछ ।

गाउँपालिकामा विगतका दिनहरुमा बैकिंङ तथा वित्तीय संस्थाहरुको अभाव थियो । तर हाल आएर माछापुच्छ्रे बैंकको शाखा कार्यालय याङ्जाकोटमा स्थापना भएको छ । यहाँ ६ वटा महिला सहकारी संस्था, ९ वटा साना किसान कृषि सहकारी संस्था र ५ वटा अन्य सहकारी संस्था सञ्चालनमा रहेका छन् । यस गाउपालिकामा मौरी पालन, बंगुरपालन, बाख्रा पालन, भैंसि पालन, कुखुरा पालन आदि व्यावसायिक रुपमा सुरुवात गरेका छन् भने, कफी खेती, अलैंची खेती आदिको पनि उत्पादन गरिएको छ ।

मादी गाउापालिकामा पर्यटन विकासको प्रचूर सम्भावना रहेको छ । वडा नं. १ को सिक्लेस गाउँ, वडा नं. २ को ताङतिङ मा स्वेदेशी तथा विदेशी पर्यटकहरु आउने क्रम बढ्दो छ । यसै गरी याङजाकोट, भाचोक, वार्चोक, मिजुरे, लिप्यानी, ठूलास्वारा, थाम, थाक लगायतका ठाउँहरुमा पनि स्वदेशी पर्यटकहरु आउन थालेका छन् । मूख्यत क्हफुचे हिमताल र दूधपोखरी, नेपालकै मध्य विन्दुको प्रचारप्रसार, कोरी क्षेत्रमा केबुल कारको निर्माण, क्होंलासोंथरको प्रबर्द्धन, सिक्लेसमा शान्ति स्तम्भ निर्माण, खुला चिडियाखानको स्थापना, ट्रेकिङ्ग रुटहरुको विकास र विस्तार, उच्च प्रर्वतीय र साहसिक खेलहरुको विकास गर्न सकेको खण्डमा मादी गाउँपालिका पर्यटन विकासको माध्यमबाट आर्थिक सम्बृद्धि हुनगई जीवनस्तर माथि उठ्न सक्ने देखिन्छ ।

## ३.१२ **प्राथमिकताका मुख्य विषयहरु** (Priorities of Periodic Plan)

मादी गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रहरुको विगत र वर्तमान अवस्थाको विश्लेषण, प्रवृत्तिहरुको विश्लेषण र मादीबासी जनताको विकास आकांक्षा समेतको विश्लेषणका आधारमा यस आवधिक योजनामा देहायबमोजिमका विकासका प्राथमिकता क्रम निर्धारण गरिएको छ ।

| **योजनाका क्षेत्रहरु** | **प्राथमिकता** |
|---|---|
| ● बहुआयामिक पर्यटन विकास | पहिलो |
| ● कृषिको आधुनिकीकरण र व्यवस्थित पशुपालन | दोस्रो |
| ● जलश्रोत विकास | तेस्रो |
| ● भौतिक पूर्वाधार विकास (सडक, सिंचाई, भवन, पर्यटन पूर्वाधार, आवास तथा बस्ती विकास ) | चौथो |
| ● सामाजिक विकास (शिक्षा, स्वास्थ्य र खानेपानी, लैङ्गिक समानता, सामाजिक सुरक्षा) | पाँचौं |
| ● औद्योगिक तथा व्यवसायिक विकास | छैठौं |
| ● प्राकृतिक वातावरण संरक्षण र विपद् व्यवस्थापन | सातौं |
| ● संस्थागत क्षमता विकास र सुशासन | आठौं |

# भाग – चार

## गाउंपालिकाको आवधिक योजनाको दीर्घकालीन प्रारुप
(Long-term Framework of Periodic Plan of Rural Municipality)

### ४.१ **परिचय** (Introducation)

मादी गाउँपालिकाको यो प्रथम आवधिक योजना हो । यसमा गाउँपालिकाको विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य र उद्देश्यका साथै पाँच वर्ष भित्र गर्न सकिने विकासका कार्यक्रमहरु र आयोजनाहरु समेटिएका क्षेत्रगत योजनाहरु रहेका छन् । प्रत्येक क्षेत्रगत योजनाहरु अर्न्तगत योजनाका लक्ष्य, कार्यक्रमहरु, आयोजनाहरु, तिनीहरुको उपलब्धिका सूचकहरु, पुष्ट्याईका आधारहरु र पूर्व मान्यताहरु समेटिएका तर्कबद्ध योजनाहरु प्रस्तुत गरिएको छ । दीर्घकालीन सोंच लक्ष्य, ध्येय र उद्देश्यहरु मध्यनजर राखी विषयगत योजनाका कार्यक्रमहरुको प्राथमिकता तय गरिएको छ । संघ, प्रदेशका योजनाहरु लाई गाउँपालिकाका योजनाहरुसँग तालमेल मिलाइनुका साथै वडा स्तरमा सञ्चालन हुने कार्यक्रम र आयोजनाहरुको समयबद्ध तालिका पनि प्रस्तुत गरिएको छ ।

### ४.२ **दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य** (Vision, Mission, Goal and Objectives)

आवधिक योजना तयार गर्दा दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु निर्धारण गर्न जरुरी हुन्छ । यस आवधिक योजनाको तयारीका क्रममा यससँग सम्बन्धित पक्षहरुको अन्तक्रियाका आधारमा विशेषज्ञहरुको समेत राय लिइ मादी गाउँपालिकाको दीर्घकालीन सोंच, ध्येय लक्ष्य र उद्देश्यहरु देहायबमोजिम निर्धारण गरिएको छ ।

#### ४.२.१ **दीर्घकालीन सोंच** (Long-term Vision)

"**पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार, समन्यायीक समृद्ध मादीका मूल आधार**"

**दीर्घकालीन सोँच कथनका पुष्ट्याईका आधारहरु** :

- **पर्यटनः** मादी गाउँपालिकाको विकासको मुख्य आधार पर्यटन हो । यसको पुष्टि यस गाँउपालिकाको विशेषताहरुले गर्दछन् । खासगरी प्राकृतिक र सांस्कृतिक मौलिकता पर्यटन विकासको दीर्घकालीन आधार हुन सक्छन् । साथै मादी गाउँपालिकाका विभिन्न स्थानहरु जस्तै सिक्लेस, कोरी, क्होला सोथर, क्हफुचे ताल, क्रपु डाँडा, लम्तरीको विकास र विभिन्न पदमार्गहरुले जोडी गाँउहरुको होम स्टे प्रवर्द्धन, साहसिक पर्यटन, पर्वतारोहण र दृश्यावलोकन स्थलहरुको विकास गरी मादीलाई पर्यटकहरुको आकर्षक गन्तव्य स्थल बनाई मादीवासी जनताको समन्यायीक समृद्धि सुनिश्चित गर्न सकिन्छ ।
- **कृषि**ः मादी गाउँपालिकावासी अधिकांश जनताहरुको जीविकाको आधार कृषि हो । यसको व्यवसायिकीकरण र आधुनिकीकरण गर्न विभिन्न क्षेत्रहरुलाई विभिन्न कृषि कार्यहरुको पकेट क्षेत्र बनाई आवश्यक सेवा र सुविधाहरु प्रदान गरी उत्पादन र उत्पादकत्वमा उल्लेख्य बृद्धि मार्फत जनताको जीवनस्तरमा दीगो सुधार, निरपेक्ष गरी बी उन्मूलन गर्न सकिन्छ ।
- **जलश्रोतः** मादी गाउँपालिकाको विकासको अर्को महत्वपूर्ण आधार जलश्रोत हो । हिमालयबाट उत्पत्ति भएको मादी नदी र यसका सहायक खोलाहरुको जलस्रोतको बहुमुखी प्रयोगका

सम्भावनाहरु पहिचान गर्ने, जलविद्युत उत्पादन गरी जनतालाई जलविद्युत कम्पनीको शेयर दिलाई शेयरधनी बनाउने, मादीबासीका हरेक गाउँघरमा विद्युत पुऱ्याउने, मादीका विभिन्न नदीबेंसी तथा टारहरुमा सिंचाई सुबिधा पुऱ्याइ कृषि उत्पादन र आयआर्जनमा बृद्धि मार्फत जीवनस्तरमा सुधार गर्ने र स्वच्छ खानेपानीको सुविधा घरघरमा पुऱ्याई जनताको स्वास्थ्य स्थितिमा सुधार गरी समन्यायीक समृद्धि सुनिश्चित गर्न सकिन्छ ।

- **वनः** वनले मादी गाउँपालिकाको कूल भूभागको ५४.७६ प्रतिशत ओगटेको छ । यहाँ विभिन्न प्रजातिका वनस्पतिहरु पाइने हुनाले जैविक विविधतामा पनि यो गाउँपालिका धनी छ । यहाँ उपलब्ध विविध खालका जडिबुटि, वन्यजन्तु तथा वनस्पतिको उपयोग गरी यस गाउँपालिकाको सम्बृद्धिमा टेवा पुग्ने छ ।
- **पूर्वाधारः** पूर्वाधार आर्थिक विकासको सिंढी हो । यसले आर्थिक तथा सामाजिक विकासको प्रयासहरुमा पहुँच र सहजता बृद्धि गर्दछ । सडक, पुलपुलेसा, सिंचाई बाँध नहर निर्माण आवास तथा सामुदायिक भवनहरुको निर्माणमार्फत विकास कार्यलाई सम्बृद्धितर्फ उन्मुख बनाउन सकिन्छ । मादी गाउँपालिकाको आवधिक योजनामा समावेश गरिएका सन्तुलित, समावेसी र सहभागितामूलक भौतिक पूर्वाधार आयोजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनले सम्बृद्धिको आधार तयार गर्न सक्छन् ।
- **समन्यायिक सम्बृद्धिः** सम्बृद्धि सधैं न्यायपूर्ण नहुन सक्छ । सम्बृद्धिले आधारभूत जनताको आर्थिक, सामाजिक हैसियतमा बृद्धि गर्नु आवश्यक छ । सम्बृद्धिको न्यायपूर्ण वितरण र विकासको प्रतिफलको समतामूलक हिस्सेदारी नभई विकास दीगो हुन सक्दैन । यस योजनामा आर्थिक सामाजिक सम्बृद्धिको समन्यायिक वितरण र प्रतिफलको हिस्सेदारी सीमान्तकृत वर्ग र क्षेत्रले प्राप्त गर्न सकोस् भन्ने कुरालाई विशेष रुपमा ख्याल गरिएको छ ।




चित्र ४.१: दीर्घकालीन सोंच निर्धारणको प्रवाह

### ४.२.२ **दीर्घकालीन ध्येय** (Long- term Mission)

प्रशस्त प्राकृतिक सम्पदा, मानवीय श्रोत र उपयुक्त प्रविधिमा आधारित भौतिक, आर्थिक र सामाजिक तथा सांस्कृतिक विकासका माध्यमवाट समग्र मादी गाउँपालिकाका बासिन्दाहरुको आर्थिक, सामाजिक जीवनस्तरमा सुधार ल्याई दिगो तथा समुन्नत मादी गाउँपालिकाको निर्माण गर्ने ।

### ४.२.३ **दीर्घकालीन लक्ष्य** (Long-term Goal)

मादी गाउँपालिकाको ऊर्जा, पर्यटन, सामाजिक आर्थिक पूर्वाधारको निर्माण अभियानका रुपमा अगाडि बढाउदै, एवं साँस्कृतिक वातावरणको संरक्षण, सम्बर्द्धन सहभागितात्मक समावेशी समन्यायीक विकास प्रकृयाको माध्यमबाट जनताको उत्पादनका साधन र प्रतिफल माथिको पहुँच अभिवृद्धि गरी गाउँपालिकावासीहरुको जीवनस्तरमा अपेक्षित सुधार ल्याई दीगो समुन्नत र सुरक्षित मादी गाउँपालिका निर्माण गर्ने ।

### ४.२.४ **उद्देश्यहरु** (Objectives)

उल्लिखित दीर्घकालीन सोँच, ध्येय र लक्ष्यलाई मध्यनजर राखी मादी गाउँपालिकाको यस आवधिक योजनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

उद्देश्य १: गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरुमा पहुँच सुनिश्चित गर्ने,

उद्देश्य २:गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै पर्यटन, ऊर्जा, कृषि तथा पशुपालन उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिबृद्धि र जनजीविकाका अवसरहरु प्रवर्द्धन गर्ने,

उद्देश्य ३: गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरु समावेसी र समन्यायीक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गर्दै असहाय, विपन्न, सिमान्तकृत वर्ग तथा समुदायहरुको सामाजिक विकास र सशक्तिकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पूरातात्विक धरोहरहरुको संरक्षण, तथा सम्वर्द्धन गर्दै मौलिकतामा आधारित मादी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने ।

उद्देश्य ४: गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपद्हरुको समुचित व्यवस्थापन गर्ने ।

उद्देश्य ५: गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिबृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी वनाउने, गाउँपालिका कार्यालय र वडाकेन्द्रहरुको संस्थागत क्षमता अभिबृद्धि गर्दै, स्थानीय जनताले प्राप्त गर्ने सेवा तथा अवसरहरु सहज तथा प्रभावकारी, निष्पक्ष रुपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्ने र संस्थागत विकासका प्रयासहरुलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी  बनाउने ।

### ४.२.५ रणनीति तथा कार्यनीतिहरु (Strategies and Working Policies)

**उद्देश्य १ सँग सम्बन्धी रणनीतिहरु**

१. गाउँपालिका भित्रका प्रमुख सडकहरुको निर्माण, पुल र सामुदायिक भवन तथा गाउँपालिकाको भवन निर्माण गर्ने केन्द्र र प्रदेश सरकारसँग साझेदारी गर्ने,
२. विद्युत, टेलिफोन सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने,
३. भौतिक पूर्वाधारहरुको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने,
४. भूउपयोगको योजना तयार गरी कार्यान्वयन गर्दै जाने,
५. वडास्तरका सडक तथा अन्य पूर्वाधारहरु निर्माण र मर्मतका साथै स्थानीय स्रोत र सम्भावनाको उपयोग गर्ने ।

**कार्यनीतिहरु**

१. गाउँपालिकाका प्रमुख सडकहरु कालेपत्रे गर्न, मोटरेबल पुल, सामुदायिक भवनहरु र गाउँपालिकाको भवन निर्माण गर्न, संघीय सरकार र प्रदेश सरकारको प्रयाप्त लगानि सुनिश्चित गर्न पहल गर्ने ।
२. भौतिक पूर्वाधारहरुको विकासको गुरुयोजना तयार गर्ने ।
३. विद्युत नपुगेका वडा र बस्तीहरुमा विद्युत पुऱ्याउन विद्युत प्राधिकरणसँग पहल गर्ने ।
४. भूउपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गर्ने र स्थानीय जनतासँग सहकार्य गर्ने ।
५. वडास्तरका सडक तथा अन्य पूर्वाधारहरु निर्माण र मर्मत स्थानीय जनसहभागीताको आधारमा सम्पन्न गर्ने ।

**उद्देश्य २ सँग सम्बन्धी रणनीतिहरु**

१. स्थानीय स्रोतको पहिचान र उपयोगमा आधारित आर्थिक विकास गर्ने,
२. पर्यटन, कृषि तथा पशुपालनको विकासमा स्थानीय जनतासँग सहकार्य गर्ने साथै यस क्षेत्रमा अगाडि बढन चाहने व्यवसायीहरुलाई गाउँपालिकाले अनुकुलता प्रदान गर्ने,
३. पर्यटन विकास गुरुयोजना निर्माण गरी समग्र मादी गाउँपालिकाको विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरुको अधिकतम् उपयोग गर्ने,
४. स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायहरुको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने,
५. पर्यटन उद्योग र जलस्रोतको विकास निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने ।

**कार्यनीतिहरु**

१. स्थानीय स्रोतको पहिचान र उपयोगको लागि विस्तृत स्रोत सर्भेक्षण र नक्सांकन गर्ने,
२. पर्यटन क्षेत्रको विकास दीर्घकालीन गुरुयोजनाका आधारमा निजी क्षेत्रको सहकार्यमा गर्ने,
३. कृषि र पशुपालनको विकासका लागि पकेट क्षेत्रहरु निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरुमा आवश्यक प्रविधि, प्राविधिक सेवा र वित्तीय सहायता पुऱ्याउने,।

४. गाउँपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरुको पहिचान गरी उद्योग तथा व्यवसायहरु स्थापनामा साझेदारी सहित भौतिक तथा संस्थागत कार्य गर्ने,
५. गौरबका पर्यटन उद्योग र जलविद्युतको विकास निजी क्षेत्रसँग साझेदारी गरी उत्पादन कार्य गर्ने ।

**उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरु**

१. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्ने,
२. उच्च तथा प्राविधिक शिक्षाको अवसरहरु बढाउने,
३. युवाहरुलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरब बृद्धिमा सरिक गराउने,
४.सामाजिक सुरक्षा र न्याय प्रवर्द्धन गर्ने,
५. परम्परागत मौलिक संस्कृति भाषा, र परम्पराको जगेर्ना गर्ने,
६. स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने,
७. सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अबलम्बन गर्ने ।

**कार्यनीतिहरु**

१. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरुको भौतिक सुधार, शिक्षक व्यवस्थापन, शैक्षिक सामाग्रीहरुको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार गर्ने र गाउँपालिकाबाट निरन्तर अनुगमन गर्ने,
२. प्रत्येक वडामा स्वास्थ्य संस्थाहरु स्थापना गर्ने, भैरहेका स्वास्थ्य संस्थाहरुको स्तर बृद्धि गर्ने, सेवा र सुविधालाई गुणस्तरीय बनाउन गाउँपालिकाबाट सहयोग गर्ने,
३. निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने,
४. शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा तथा स्वास्थ्य कर्मीहरुसँग सहकार्य गर्ने,
५. खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाउने,
६. गाउपालिका भित्रका युवा क्लबहरु र उनीहरुका खेलकुद क्रियाकलपहरुलाई भौतिक तथा वित्तीय सहयोग मार्फत सदृढ गर्ने,
७. एक घर एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न संघ, प्रदेस र गैरसरकारी संस्थाहरुसँग साझेदारी गर्ने,
८. बृद्ध, अपांग, असाहायहरुको सहयोग मार्फत उनीहरुको सामाजिक सुरक्षा सुनिश्चित गर्ने,
९. जनजातिहरुको भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर सहयोग गर्ने,
१०. दलित तथा विपन्नहरुको आवास तथा जनजीविका सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने,
११. मादी गाउँपालिकाभित्र हुने कार्यक्रमहरुमा स्थानीय मौलिक संस्कृति र साधनहरुको उपयोग गर्ने ।

**उद्देश्य ४ सँग सम्बन्धित रणनीतिहरु**

१. मादीका प्राकृतिक र सांस्कृतिक स्रोतहरुको सूची (Inventory) अद्यावधिक गर्ने,
२. पर्यटन लगायत आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यतालाई अवलम्बन गर्ने,
३. प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रविधिको अधिकतम् उपयोग गर्ने,

४. प्राकृतिक विपत्ति र मानवीय विपद्हरुको न्यूनीकरणका लागि जनचेतना अभिबृद्धि गर्ने
५. विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिबृद्धि गर्न सम्बद्ध संस्थाहरुसँग सहकार्य गर्ने

**कार्यनीतिहरु**

१. मादीका प्राकृतिक तथा सांस्कृतिक वातावरणीय स्रोतहरुको अध्ययन गरी स्रोत नक्सांकन र व्यवसायिक प्रर्वद्धन गर्ने,
२. प्राकृतिक र सांस्कृतिक सम्पदाहरुलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरुसँग आबद्ध गर्ने,
३ दीगो विकासको अवधारणा अनुसार प्राकृतिक र सांस्कृतिक स्रोतहरुको संरक्षण गर्ने,
४. मौलिक संस्कृति, परम्परा, खानपिन, चाडपर्वहरुलाई पर्वद्धन गरी पर्यटन विकास गर्ने ।
५. आर्थिक विकासका कार्यक्रमहरुमा स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम् प्रयोग गर्ने,
६. प्राकृतिक विपत्ति र मानवीय विपद् बारे जनचेतना अभिबृद्धि गर्ने,
७. विद्यालय स्तरमा प्राकृतिक विपत्ति र मानवीय विपद्बारे नियमित कार्यक्रमहरु सञ्चालन गर्ने,
८. विपद् व्यवस्थापनको लागि वडा स्तरमा विपद्कोष खडा गर्ने र कोषको परिचालन मार्फत स्थानीय स्तरमा आइपर्ने विपद्को सामना गर्न भौतिक क्षमता विकास गर्ने,
९. विपद् पछिको पुर्नस्थापनाको लागि संस्थागत र वैधानिक पूर्वाधार विकास गर्ने ।

**उद्देश्य ५ सँग सम्बन्धित रणनीतिहरु**

१. गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्ने उपायहरु खोजी गर्दै वित्तीय आत्म निर्भरता तर्फ अघि बढाउने,
२. केन्द्र र प्रदेश तथा अन्य स्रोतहरुबाट प्राप्त वित्तीय स्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने,
३. विकेन्द्रीकरणको अवधारणाअनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने,
४. जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अबलम्बन गर्ने,
५. गाउँपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शिता जवाफदेहिता र समयवद्धतालाई अबलम्बन गर्ने,
६. सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितालाई अबलम्बन गर्ने,
७. जनताको जीउधनको सुरक्षालाई उच्चतम् प्राथमिकता दिने ।

**कार्यनीतिहरु**

१. गाउँपालिकाको आन्तरिक वित्तीय स्रोतको बृद्धिका लागि विभिन्न विकल्पहरुको खोजी गरी क्रमशः लागू गर्ने,
२. कर तथा शुल्कहरु बृद्धि गर्दा न्यायपूर्ण र दीगो बृद्धिलाई आधार बनाउने,
३. आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट गाउँपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारीता ल्याउने,
४. गाउँपालिकाबाट बनाइने ऐन नियमहरु जनमुखी र समावेशी प्रकृतिका बनाउने,

५. गाउँपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरुलाई क्रमश वडा केन्द्रहरुमा विकेन्द्रीकरण गर्ने,
६. सबै वडा केन्द्रहरुलाई भौतिक र जनशक्तिका हिसाबले साधन सम्पन्न बनाउने,
७. विकास कार्यहरुलाई सहभागिता मुलक र समावेशी आधारहरुमा अगाडि बढाउने,
८. गाउँपालिकामा हुने विकास निर्माणका कामहरुमा स्थानीय भौतिक तथा मानवीय स्रोतहरुको अधिकतम् उपयोग गर्ने,
९. विकास निर्माण कार्यहरुको सार्वजनिक लेखा परिक्षण (Public Auditing) गर्ने,
१०. गाउँपालिकामा हुने विकास निर्माणमा दोहोरो पन र पक्षपात हुन नदिन गाउँपालिका कार्यालयले समन्वयको भूमिका निर्वाह गर्ने,
११. मादी गाउँपालिकाभित्र जनताको जिउधनको सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने ।

### ४.३ **आवधिक योजनाका निर्देशक सिद्धान्तहरु** (Guiding Principles of the Periodic Plan)

प्रस्तुत आवधिक योजना तयार गर्दा निम्नलिखित सिद्धान्तहरु अबलम्बन गरिएको छ ।

- सामाजिक आर्थिक पूर्वाधारको विकास र स्तरोन्नति गर्ने,
- सहभागितामूलक कार्यपद्धति अबलम्बन गर्ने,
- प्राकृतिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षणमा आधारित दीगो विकास गर्ने,
- प्राकृतिक वातावरण, भौगोलिक अवस्थिति, सामाजिक, सांस्कृतिक मौलिकताको संरक्षण र संवर्द्धन गर्ने,
- समावेशी र समन्यायीक पद्धती अनुसार गर्ने,
- सुशासन र समन्वय,
- प्रभावकारी मूल्याङ्कन र अनुगमन प्रणालीको विकास,
- विकेन्द्रीकरण र सक्षमतामा अभिबृद्धि गर्ने ।

### ४.४ **गाउंपालिकाका विकासका प्राथमिकता पहिचानका आधारहरु** (Basis for Indentifying Priorities of Rural Municipality Development):

आवधिक योजना निर्माणमा कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण निम्नलिखित आधारहरुमा गरिएको छ :

- गाउँपालिकाको विद्यमान वस्तुस्थिति
- दीर्घकालीन सोंच ध्येय र लक्ष्य
- योजनाका उद्देश्यहरु
- स्थलगत सर्वेक्षणका नतिजाहरु/अवलोकन
- वडा भेला, अन्तरक्रिया र कार्यशालाबाट प्राप्त सुझाव र अपेक्षाहरु
- श्रोत व्यक्तिहरुसँगको (Key informants) अन्तरक्रियावाट सुझाव र अपेक्षाहरु
- गाउँपालिकाको आय-व्ययको विगतको प्रवृत्ति र त्यसमा आधारित प्रक्षेपण
- गाउँपालिकाको संस्थागत क्षमता र उपलब्ध जनशक्ति

## ४.५ गाउंपालिकाका विकासका अग्रणी क्षेत्रहरु र प्राथमिकीकरण (Leading Development Sectors and Priorities of Rural Municipality)

१ बहुआयामिक पर्यटनको विकास

२ कृषिको आधुनिकीकरण र व्यवस्थित पशुपालन

३ जलस्रोतको विकास

४ भौतिक पूर्वाधार निर्माण तथा सदृढीकरण

५. सामाजिक विकास :

६ औद्योगिक तथा व्यवसायिक विकास

७ वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

८ सुशासन र संस्थागत विकास

## ४.६ मादी गाउंपालिकाका प्रमुख दीर्घकालीन महत्व (गौरब) का योजनाहरु :

### १. बहुआयामिक पर्यटन विकास र प्रर्वद्धन

- पर्यटन पूर्वाधार र प्रवर्द्धन गरी ५ वर्ष भित्रमा ५०,००० र दश वर्षभित्रमा मादीमा १,००,००० पर्यटक भित्र्याउने,
- क्हफुचे ताल क्होला सोंथर, टुलेक, क्षेत्रलाई पर्वतीय पर्यटन केन्द्रका रुपमा विकास गर्न विस्तृत संभाव्यता सर्वेक्षण गर्ने,
- सिक्लेस-कोरी केबलकार र कोरीमा उच्च पर्वतीय खेलकुद र पर्वतारोहण तालिम केन्द्र निर्माण गर्ने,
- प्रत्येक वडाका प्रमुख वस्तीहरुमा १/१ वटा हेलिप्याड निर्माण गर्ने,
- उच्च पर्वतीय फाँट (चिग्रे)मा पर्यटकीय वस्ती विकासको सम्भाव्यता अध्ययन गरि व्यवस्थित वस्ती निर्माण गर्ने,
- सिक्लेस, ताङतिङ, याङ्जाकोट, वार्चोक, भाचोक र पाखीकोट नमुना पर्यटकीय गाउँको रुपमा विकास गर्ने,
- प्रमुख सांस्कृतिक ग्रामको वरिपरि आधुनिक सुविधा सम्पन्न होटल, स्वास्थ्य केन्द्र र पर्यटकले खरिद गर्ने सामानहरुका घरेलु उद्योग सञ्चालन गर्ने,
- घलेखर्क-सिक्लेस इको ट्रेक, क्होला सोंथर ट्रेक, अर्मला-सिक्लेस ट्रेक, गुरुङ हेरिटेज ट्रेल, दुधपोखरी ट्रेक, कफुचे ताल ट्रेक, सिक्लेस-क्होला सोंथर-ताङतिङ ट्रेक, याङ्जाकोट-क्होला सोंथर ट्रेक, वार्चोक-क्होला सोंथर ट्रेक, भाचोक-क्होला सोंथर ट्रेक, नागीधार-क्होला सोंथर ट्रेक, छ्योस्याङगारा ट्रेक, हाइकिङ ट्रेल, रोयल ट्रेक, मनसुन ट्रेक आदिको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, विभिन्न गाँउहरुलाई जोड्ने पदमार्गको नक्सांकन, पदमार्गमा आवश्यक सेवा र सुविधाहरुको निर्माणमा सहयोग (प्रतिक्षालय, बिसौनी चौतारी, दृश्यावलोकन स्थल, पिउने पानी, शौचालय, क्याम्पिङ् साइट आदि)

- गुरुङ हेरिटेज ट्रेल जोड्ने विभिन्न वस्तिमा र अन्य पदमार्गका प्रमुख वस्तीहरुमा होमस्टे पर्यटनको प्रर्वद्धन गर्ने,
- सिक्लेस र पाखुरीकोटमा जाति जनजातिका परिवेश र साँस्कृतिक झल्काउने सांस्कृतिक संग्रहालय बनाउने
- तप्राङ भालेगरा, जुरेभूमी, क्षेत्रलाई प्राकृतिक वन्यजन्तु उद्यानको रुपमा विकास गरी पर्यटकहरुलाई आकर्षित गर्ने,
- मादी गाउँपालिका भित्र अग्ला चुचुराहरु मणीडाँडा, भालेचुचुरा, लम्तरी डाँडा, याङ्जाकोटको जलजला, ताङतिङको करापुडाँडा, नउजु डाँडा, राम्चेडाँडा, सिक्लेसको रिसीधों डाँडा, आदिमा दृश्यावलोकन स्थल र पार्कको विकास गर्ने, उक्त स्थानहरु पुग्नको लागि आवश्यक पदमार्ग र भौतिक पूर्वाधारहरु पुऱ्याउने,
- पर्यटकहरुको स्वागतमा प्रयोग हुने सामान र खानपिनका वस्तुहरुको उत्पादन स्थानीय स्तरमा गर्ने
- **पर्यटन प्रवर्द्धन** : पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रहरु सञ्चालन गर्ने जस्तै कसेरीमा पर्यटक सूचना केन्द्रको स्थापना गर्ने, पर्यटकहरुको लागि गाइड (पथ प्रर्दशकहरु) तयार गर्न जनशक्ति विकासको लागि गाउँपालिकाले सहयोग गर्ने, मुख्य पर्यटक स्थलहरुको प्रचार प्रसारका लागि परिचय पुस्तिका (Brochure) र Documentry Film तयार गर्ने, सांगीतिक सांस्कृतिक समूहहरुलाई तालिम दिने, पदमार्गलाई नक्शाङ्कन गर्ने र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रवर्द्धनका लागि मादी गाउँपालिकाको Website वनाई सामग्रीहरु अपडेट गर्ने, ट्रेकिङ रुटमा सूचना प्रवाह गर्न होर्डीङ वोर्ड राख्ने, प्राकृतिक वन्यजन्तुको संरक्षण समेत गर्ने गरी पर्यटन प्रहरीको व्यवस्था गर्ने अथवा नेपाली सेनाको व्यारेकको प्रवन्ध गर्ने ।

## २. आधुनिक व्यवसायिक कृषि र पशुपालन विकास

- मादीको उपल्लो क्षेत्रहरुका लेकाली फाँटहरुमा व्यवसायिक जडविुटी खेती, चौंरीपालन, कृषि वा फलफूल खेतीको संभाव्यता अध्ययन गर्ने,
- तल्लो भेगमा व्यवसायिक बाख्रा पालन, भैसीपालन, चियाखेती, कफी खेती, अलैंची खेती, फलफूल खेतीको पकेट क्षेत्रको रुपमा विकास गर्ने,
- मादी नदीको होचो भेगमा रहेका वेंसीहरुमा धान खेती, तरकारी खेती, गहुँ, मकै, वंगुर पालन, माछापालन, पकेट क्षेत्रका रुपमा विकास गर्ने,
- मादीका मौलिक खाद्यान्न, वन्जन्य फलफूल, तरकारी, मह र अन्य जडिवुटीहरुलाई पहिचान, उत्पादन र स्तरीकरण गरी  प्याटेण्ट राइट (Patent Right) दर्ता गर्ने र **मादी व्राण्ड**का रुपमा उत्पादनको निर्यात गर्ने प्रवन्ध मिलाउने (जस्तै मादीको जेठोवुढो, मादीको आलु, मादीको सिमी, मादीको भट्टमास, मादिको मह आदि),
- कृषि विकासका लागि यान्त्रिकीकरण, आधुनिक वीउ जैविक मल र किटनाशक औषधी, कर्जा सुविधामा अनुदान व्यवस्था (जस्तै ५०० भन्दा वढी बाख्रा पालन गर्ने किसानलाई २ लाख नगद अनुदान दिने),
- प्रत्येक वडामा कृषि ज्ञानकेन्द्रको स्थापना गरी  प्राविधिक सेवा उपलब्ध गराउने,

- कृषि उपज वेचविखनको व्यवस्था गर्न मादीका तीन वटा उपयुक्त स्थानमा कृषि बजार ( उपज संकलन तथा बजार) विकास गर्ने साथै प्रत्येक वडामा कृषि उपज संकलन र बजारीकरण गर्ने, सहकारी संस्थासँग समन्वय गरी  सहयोग गर्ने,
- प्रत्येक वडामा कृषि उपज हाटबजारको विकास गर्न पूर्वाधार विकासमा सहयोग गर्ने
- वीउ विजन विकास र संरक्षण : परम्परागत वालिहरुका विभिन्न जातहरुको संरक्षणका लागि **विउ विजन संरक्षण बैंक** वनाउने, अन्य बालीहरुको स्तरीय विउ विजन उत्पादन गरी  विकी वितरणको व्यवस्था मिलाउने (जस्तै आलु, सिमी, धान,मकै गहुँ, तरकारी आदि)
- मादीको तल्लो भेगमा पर्ने थुम्सीकोटमा शीतगृह निर्माण गरी  संचालनमा ल्याउने

### ३. जलविद्युत विकास

- मादी कोरिडोरलाई विद्युत करिडोरको रुपमा विकास गरी निजी, सहकारी, सामुदायिक प्रवर्द्धकहरुलाई आवश्यक प्रोत्साहन सहित सहजीकरण गर्ने,
- मादी कोइलेनीमा छिमेकी गाउँपालिका/नगरपालिकाको सहकार्यमा एक जलाशययुक्त विद्युत परियोजना निर्माणको कार्यमा केन्द्र र प्रदेश सरकारको सहयोग प्राप्त गर्ने,
- निर्माण हुने जलविद्युत आयोजनाहरुमा स्थानीय नागरीक र गाउँपालिकाका कर्मचारीहरुलाई शेयर वितरणको व्यवस्था मिलाई **विद्युत शेयरका मालिक** बनाउने,
- ज्याम्दुमा विद्युत प्रशारण सव स्टेशन स्थापना गर्ने,
- गाउँपालिका र स्थानीय जनताको आफ्नै लगानीमा १ मेघावाट सम्मको जलविद्युत परियोजना निर्माणमा पहलकदमी गर्ने,
- मादी गाउँपालिकालाई जलविद्युत अध्ययन केन्द्रको रुपमा स्थापित गर्ने ।

### ४. सडक तथा भौतिक पूर्वाधार विकास

- राखी-मिजुरे, काहुंखोला-सिक्लेस, काहुँखोला-याङ्जाकोट सडकहरु स्तरोन्नति गरी कालोपत्रे गर्ने,
- सडक नपुगेका वडाहरुलाई ट्र्याक खोली गाउँपालिका केन्द्रसम्म जोड्ने सडक सञ्जाल विकास गर्ने,
- विभिन्न १० स्थानहरुमा मोटरेबल पुल निर्माण गर्ने र अन्य आवश्यक ठाउँहरुमा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने,
- मादी करिडोर भित्रको मध्य पहाडी लोकमार्ग विकासमा समन्वय गर्ने,
- पर्यटन पदमार्गहरुको सुदृढीकरण गर्ने ।

### ५. उद्योग तथा व्यवसाय विकास

- मादी गाउँपालिका वडा नं. १२ को भाटवेंशीलाई औद्योगिक ग्रामका रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने,
- औद्योगिक ग्राममा वन पैदावरमा आधारित फर्निचर, काठ सिजनिङ, प्लाईउड, जडिवुटी प्रशोधन र कृषि पैदावरमा आधारित कृषि वस्तु प्रशोधन उद्योगहरु स्थापना गर्न मादीवासी र वाह्य लगानिकर्ता लाई प्रोत्साहन गर्ने,

- परम्परागत सिपमा आधारित ऊन, निगालो, बाँस, काठपात, अल्लो, लगायत कच्चा पदार्थमा आधारित घरेलु उद्योगको विकासमा प्राविधिक, आर्थिक, र अन्य सहयोग उपलब्ध गराउने,
- मादीवासी शिक्षित युवाहरुलाई उद्यमशिलताको तालिम दिएर व्यवसाय प्रारम्भ गर्न वीउ पुँजी उपलब्ध गराउन वित्तीय संस्थाहरुसँग ग्यारेन्टी वस्ने व्यवस्था मिलाउने,
- उद्योग र व्यवसायमा लगानी गर्ने वातावरण वनाउन मादीको औद्योगिक ग्राम तथा अन्य ठाँउमा वित्तीय संस्था स्थापना गर्न वित्तीय संस्थाहरु सँग समन्वय गर्ने ।

## ६. शिक्षा

- भगवतीटारमा प्राविधिक शिक्षालय स्थापना गर्ने ।
- विद्यालय शिक्षा सुधारका लागि आवासीय विद्यालयको सम्भाव्यता अध्ययन र आवश्यक कार्य योजनाको निर्माण गरी लागू गर्ने,
- विद्यालय शिक्षालाई प्रभावकारी बनाउन सञ्चार तथा शैक्षणिक प्रविधिहरुले विद्यालयहरुलाई सुदृढ गर्ने,
- मादी गाउँपालिकालाई जलविद्युत, पर्यटन, पर्वतीय खेलकुद र जडिबुटिको अध्ययन केन्द्रका रुपमा विकास गर्ने ।

## ७. स्वास्थ्य

- थुम्सीकोटमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र र पार्चे स्वास्थ्य केन्द्रलाई २५ शैयाको गाउँपालिका स्तरको अस्पतालमा स्तरोन्नति गर्ने,
- गाउँपालिकाको उपयुक्त स्थानमा औषधी भण्डारण केन्द्र स्थापना गर्ने,
- प्रत्येक वडामा प्रयाप्त जनशक्ति MBBS डक्टर र प्रयोगशाला सहितको स्वास्थ्य चौकी बनाउने वा स्तरोन्नति गर्ने,
- गरीव तथा विपन्न परिवारको पहिचान गरी  स्वास्थ्य विमामा अनुदान प्रदान गर्ने,
- ७० वर्ष नाघेका बृद्धाहरुलाई घरमै गएर स्वास्थ्य परिक्षण गर्ने घुम्ती शिविर वर्षमा २ पटक सञ्चालन  गर्ने,
- सुत्केरीलाई अस्पताल वा स्वास्थ्य संस्थामा प्रसुती गराउने कार्यलाई प्रोत्साहन गर्न रु. २००० सुत्केरी स्याहार खर्च उपलब्ध गराउने ।

## ८. शान्ति सुरक्षा, संस्थागत सुदृढीकरण र सुशासन प्रवर्द्धन

- गाउँपालिकाको सुविधा सम्पन्न कार्यालय भवन र १२ वटै वडामा वडा कार्यालय भवन निर्माण गर्ने,
- गाउँपालिकामा १ इलाका प्रहरी भवन र १२ वटै वडामा प्रहरी चौकी निर्माण गरी शान्ति सुरक्षालाई सुदृढ गर्ने,
- गाउँपालिकावाट प्रवाहित हुने सेवा र प्रकियाको APPS बनाउने र कार्यान्वयनमा ल्याउने,
- गाउँपालिकास्तरमा विकास निर्माण कार्यमा संलग्न हुने गरी  यूवा शक्तिको परिचालन गर्न विकास दल निर्माण गर्ने,

- गाउँपालिकाका कर्मचारीहरुको स्तर वृद्धि गर्न लेखा लगायत अन्य प्रशासनिक कार्यालय कार्यलाई डीजिटल प्रणालीमा रुपान्तरण गर्ने ।

### ४.७ योजनाका संभावित जोखिमहरु

- प्रक्षेपित वित्तीय श्रोतको परिपूर्ति हुन नसक्ने,
- कार्यान्वयनमा तदारुकताको कमी (फितलो कार्यान्वयन पक्ष),
- सरोकार समूहहरु विच स्वार्थमा द्वन्द्ध,
- संस्थागत व्यवस्था र क्षमतामा हुने फेरबदल,
- केन्द्रिय र प्रादेशिक सरकारको अनुदान तथा अन्य नीतिहरुमा आउन सक्ने परिवर्तन,
- योजना प्रति सम्वन्धित सरोकारवालाहरुको अपनत्व र प्रतिवद्धतामा कमी,
- निजी क्षेत्र र सहकारीबाट अपेक्षित सहकार्य र सहयोग प्राप्त नहुन सक्ने,
- कार्यक्रम तथा आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको कमी ।

### ४.८ आवधिक योजनाका भौतिक आर्थिक तथा सामाजिक लक्ष्यहरु (Physical, Economic and Social Target of Periodic Plan)

यस आवधिक योजनाको अन्तमा निम्नलिखित भौतिक, आर्थिक तथा सामाजिक लक्ष्यहरु प्राप्त भएको हुनेछ ।

| विषयगत योजना | अपेक्षित लक्ष्यहरु (Targets) |
|---|---|
| १. भौतिक विकास | १. प्रमुख ३ सडकहरु सम्पन्न हुने,<br>२. १० वटा मोटरेबल पुलहरु निर्माण हुने,<br>३. विभिन्न १५ स्थानहरुमा झोलुङ्गे पुलको निर्माण हुने,<br>४.मादीका नदी वेंशीहरुमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको हुने,<br>५.गाउँपालिका र वडा भवनहरु निर्माण भई सेवा प्रवाह भएको हुने,<br>६. १ मेघावाटको विद्युत परियोजना निर्माण प्रारम्भ भएको हुने,<br>७. विद्युत प्रसारणमा प्रयोग भएको काठको पोललाई सिमेण्ट र स्टिल पोलले विस्थापित भएको हुने,<br>८. विद्युत प्रसारण सब स्टेशनको निर्माण भएको हुने,<br>९. प्रत्येक मादीबासी जनताले विद्युत परियोजनाको शेयर प्राप्त गरेको हुने,<br>१०. प्रत्येक वडाहरुमा सामुदायिक भवन निर्माण भएको हुने,<br>११. प्रत्येक वडाका प्रमुख बस्तीहरुमा हेलिप्याड निर्माण भएको हुने । |
| २. आर्थिक विकास | १. कृषि र पशुपालनका पकेट क्षेत्रहरुको विकास भइ आधुनिक व्यवसायिक खेती तथा पशुपालन फर्महरु सञ्चालनमा आएको हुने,<br>२. प्रत्येक वडामा कृषि र पशुपालन सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध हुने,<br>३. उपल्लो भेकमा व्यवसायिक फलफूल खेती तथा जडिबुटि खेतीको सम्भाव्यता अध्ययन भई फर्महरु स्थापना हुने उपयुक्त वातावरणको सिर्जना हुने,<br>४. मादीका विभिन्न ठाउँहरुलाई पर्यटन केन्द्रको रुपमा विकास गर्न प्रारम्भिक कार्य सम्पन्न भएको हुने,<br>५. मादीका कम्तिमा ५ वटा गाउँहरु नमूना पर्यटकीय गाउँको रुपमा विकास भएको हुने, |

| | |
|---|---|
| | ६. प्रमुख पर्यटकीय पदमार्गहरुको निर्माण, स्तरोन्नति र नक्शाङ्कन भएको हुने,<br>७. सिक्लेस कोरी केबलकार निर्माणकार्य प्रारम्भ भएको हुने,<br>८. कोरीमा उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापनाको लागि प्राविधिक अध्ययन सम्पन्न भएको हुने,<br>९. सांस्कृतिक संग्राहलयहरु (सिक्लेस, पाखुरीकोट)को निर्माण भएको हुने,<br>१०.मादीका प्रमुख पहाडी चुचुराहरुमा पर्यटकीय दृष्यावलोकन स्थलहरु निर्माण भइ आवश्यक पुर्वाधारहरुले सम्पन्न भएको हुने,<br>११.अध्यक्षसँग स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन भई ५०० युवाहरुले स्वरोजगार उद्यम प्रारम्भ गरेको हुने,<br>१२.मादीमा निरपेक्ष गरीवीको रेखामुनिका परिवारहरुको पहिचान भै गरीवी निवारणको कार्यक्रम लागू भएको हुने,<br>१३.उज्यालो मादी कार्यक्रम अन्तर्गत बैकल्पिक ऊर्जा पुऱ्याई सबै घरपरिवारमा ऊर्जाको उपलब्धता भएको हुने,<br>१४. उद्योग ग्राम स्थापना भई स्थानीय स्रोतमा आधारित उद्योगहरु सञ्चालनमा आएको हुने,<br>१५. शीतगृह निर्माण भई कृषकहरुले भण्डारण सेवा प्राप्त गरेको हुने,<br>१६. मादीबासी जनताको औषत पारिवारिक प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औषत आम्दानीको हाराहारीमा भएको हुने ।<br>१७. उत्पादन क्षेत्रमा सडकको पहुँच पुगेको हुने । |
| ३. सामाजिक विकास | १. आधारभूत र माध्यमिक शिक्षामा ब्यापक सुधार भई प्रत्येक वडामा कम्तिमा १ वटा विद्यालय आवासीय नमूना विद्यालयको रुपमा सञ्चालन भएको हुने,<br>२. SEE र राष्ट्रिय परीक्षा बोर्डको नतिजामा उल्लेख्य सुधार भएको हुने,<br>३. प्राविधिक शिक्षालय र महाविद्यालयको स्थापना भएको हुने,<br>४. मादीमा शतप्रतिशत साक्षरता हाँसिल भएको हुने,<br>५. प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना र २ वटा २५ शैयाका सुविधा सम्पन्न अस्पताल स्थापना भई सञ्चालन भएको हुने,<br>६. प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध भएको हुने,<br>७. मातृशिशु मृत्युदरमा उल्लेख्य कमी आएको हुने,<br>८. हरेक घरमा खानेपानीको सुबिधा १ घर १ धारा उपलब्ध भएको हुने,<br>९. महिला हिंसा लगायत घरेलु हिंसाहरुको उल्लेख्य रुपमा कमी भएको हुने,<br>१०. बृद्ध, असहाय र असक्तहरुले सामाजिक सुरक्षा र सामाजिक सम्मान पाएको हुने,<br>११. जाती जनजातिहरुका भाषा, भेषभूषा, साहित्य र संस्कृतिको संरक्षण भई सबैले सामाजिक सम्मान पाएको हुने,<br>१२.जात, धर्म, लिङ्ग र वर्गका आधारमा हुने भेदभाव अन्त भएको हुने,<br>१३.मादी गाउँपालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको हाराहारीमा पुगेको हुने । |
| ४.वातावरण तथा विपद् व्यवस्थापन | १. गाउँपालिकाको वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण भई वातावरणमा सन्तुलन कायम भएको र प्राकृतिक प्रकोपहरुमा कमी आएको हुने,<br>२. मानव सिर्जित कारणहरुबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरुमा कमी आएको हुने,<br>३. गाउँपालिकाका परम्परागत सांस्कृतिक धरोधहरहरुको संरक्षण र सम्बर्धन |

| | |
|---|---|
| | भएको हुने,<br>४. विपद् पूर्व सूचना प्रणालीको विकास भएको हुने,<br>५. विपद् व्यवस्थापनको क्षमता अभिबृद्धि भएको हुने,<br>६. प्रमुख पहिरोहरु र नदी कटान भएका क्षेत्रहरुको समुचित व्यवस्थापन भएको हुने,<br>७. विपद् पछिको पुर्नस्थापनाको लागि आवश्यक भौतिक र कानुनी संरचनाको विकास भएको हुने । |
| ५. वित्तीय तथा शुसाशन तथा संस्थागत विकास | १. गाउँपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुगेको हुने,<br>२. केन्द्र, प्रदेशबाट प्राप्त हुने अनुदान प्राप्त गर्ने क्षमता बृद्धि भएको हुने,<br>३. योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा जनताको सहभागिता बृद्धि भएको हुने,<br>४. वार्षिक बजेटमा आधारित पूँजिगत विकास खर्च शतप्रतिशत भएको हुने,<br>५. गाउँपालिकामा वित्तीय अनुशासनमा सुधार भई पारदर्शिता आएको हुने,<br>६. गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सरलीकरण भै जनताले शीघ्र स्वच्छ र भेदभावरहित सेवाप्राप्तिको अनुभूति गरेको हुने,<br>७. गाउँपालिकाको आयव्ययको कारोबार पूर्ण रुपमा बैंकिङ्ग प्रणालीबाट सञ्चालित भएको हुने,<br>८. Digital Apps मार्फत गाउँपालिकाका सेवा, सुविधाहरु र प्रकृयाहरुको जानकारी सर्बसाधारणले प्राप्त गरेको हुने,<br>९. गाउँपालिकाका विभिन्न कार्यालयहरु र वडा कार्यालयहरुको निर्माण सम्पन्नभई सेवा प्रवाह सहज भएको हुने,<br>१०.गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा र कामको वातवरण मा सुधार भई उनीहरुको मनोवल उच्च भएको हुने,<br>११.गाउँपालिकामा जनताको जिउधनको सुरक्षाको प्रत्याभूति र असामाजिक तथा फौजदारी अपराध कर्ममा कमी आाएको हुने । |

# भाग–पाँच

## गाउँपालिकाका क्षेत्रगत विकास योजनाहरु
(Sectoral Development Plans of Rural Municipality)

### ५.१ **परिचय** (Introduction)

यस अध्यायमा मादी गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुपलाई मध्यनजर राखी क्षेत्रगत विकासका योजना तथा कार्यक्रमहरु समावेश गरीएको छ । खासगरी यस अन्तर्गत Terms of Reference (TOR) मा उल्लिखित विषयगत क्षेत्रहरु क्रमशः भौतिक विकास योजना, आर्थिक विकास योजना, सामाजिक विकास योजना, वातावरण संरक्षण योजना तथा दिगो विकास, प्रकोप तथा विपद् व्यवस्थापन योजना, संस्थागत विकास योजना र वित्तीय विकास योजना समेटिएको छ । क्षेत्रगत बिकास योजनाहरुहरुको तर्कबद्ध प्रणाली (Logical Framework Approach) मा गरिएको विश्लेषण समेत यसमा उल्लेख गरिएको छ ।

### ५.२ **भौतिक विकास योजना** (Physical Development Plan)

भौतिक विकास योजनाले गाउँपालिकाको विकास प्रकृयालाई योजनाबद्ध तरिकाले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत हाल निर्माणाधीन सडकहरुको स्तरोन्नति, मोटरेबल पुल निर्माण गर्ने, वडाकेन्द्र देखि गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण गर्ने, गाउँपालिका तथा वडा केन्द्रहरु तथा सेवा केन्द्रहरुको निर्माण तथा आधुनिकीकरण गर्ने कार्यक्रमहरु समावेश गरिएको छ । साथै भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि गाउँपालिकाको लगानी रणनीति लगायतका कार्यक्रम तथा विनियमहरुको समेत पहिचान गरिएको छ । गाउँपालिकाको भौतिक योजनाको प्रस्ताव गर्दा विद्यमान बस्तुस्थितिको लेखाजोखा गरी एकिकृत बस्ती विकास गर्न आवश्यक छ । गाउँपालिकामा भौतिक विकास गर्नको लागि प्रशस्त खुला ठाउँ भएकाले उपयुक्त ठाउँहरु छनौट गरी भवन आचारसंहिता, मापदण्डअनुसार विभिन्न प्रयोजनको लागि भवनहरु निर्माण गर्न जोड दिइएको छ ।

भौतिक विकास योजनाले गाउँपालिकाको विकासलाई निश्चित गर्न एक अबधारणागत मार्गचित्र प्रस्तुत गर्दछ । पूर्वाधार विकासको लागि वडागत र गाउँपालिका स्तरीय योजनाहरुमा बर्गीकरण गरी सोही आधारमा लगानी रणनीति तयार गर्नुपर्ने हुन्छ । यसै बास्तविकतालाई ध्यानमा राखेर गाउँपालिकाको भौतिक विकास योजना तयार गर्दा वडास्तरीय तथा गाउँपालिका स्तरीय योजनाहरु प्रस्ताव गरिएको छ र सोही अनुसार लगानी केन्द्रीत गर्दै जानु पर्ने प्रस्ताव गरिएको छ ।

**लक्ष्य** : सडक, संचार, सिंचाई, खानेपानी र सार्वजनिक सुविधामा सहज पहुँच पुऱ्याउने ।

**उपलब्धी** : बाह्रै महिना यातायातका साधन चल्ने सडक, पुल पुलेसा निर्माण गर्ने, सबै गाउँहरुमा सञ्चार, खानेपानी, विद्युत पुऱ्याउने र सार्वजनिक सामुदायिक भवनहरुको निर्माण गर्ने ।

**कार्यक्रमहरुः**

- मुख्य सडक तथा पुलपुलेसा निर्माण तथा मर्मत संभार गर्ने :
    - काहुँखोला–सिक्लेस, काहुँखोला–याङ्जाकोट, राखी–मिजुरे मुख्य सडक कालो पत्रे ।
    - काहुँखोला–सिक्लेस सडक अन्तरगत विजयपुर खोलामा मोटरेवल पक्की पुल निर्माण ।
    - वडाकेन्द्रदेखी गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण ।
    - मादी कोरीडोर सडक निर्माण ।
    - मुख्य सडकमा पर्ने नदी/खोलाहरुमा १० वटा पुल निर्माण गर्ने ।
- विद्युत विकास तथा वितरण कार्यक्रम :
    - विद्युत प्रसारण सवस्टेशनको निर्माण (ज्याम्दुमा) ।
    - मादी नदीमा वांध निर्माण गरी जलाशययुक्त जलविद्युत परियोजना संभाव्यता अध्ययन ।
    - एक मेगावाट सम्मको विद्युत परियोजनाहरुको संभाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ ।
    - विद्युत नपुगेका वस्तीहरुमा विद्युत विस्तार ।
    - सञ्चालित लघु विद्युत आयोजनाले उत्पादन गरेको विद्युतलाई केन्द्रीय प्रशारण लाइनमा जोड्ने ।
    - हाल प्रयोगमा भएको काठका पोललाई स्टील/सिमेंट पोलले विस्थापन ।
- सिंचाई, खानेपानी (नहर, कुलो) कार्यक्रम
    - मुख्य टार तथा फाँटहरुमा सिंचाई नहर निर्माण ।
    - सिंचाई कुलाहरु मर्मत तथा निर्माण ।
    - एक घर एक धारा कार्यक्रमलाई कार्यान्वयन ।
    - बृहत्तर बहुउद्देश्यिय मादी परियोजना संभाब्यता अध्ययन ।
- संचार पूर्वाधार तथा प्रविधि विकासः
    - संचार टावर निर्माण,
    - प्रत्येक वडामा अप्टिकल फाइबर मार्फत ईन्टरनेट प्रविधिको पहुँच,
    - रेडियो/एफ.एम सेवा सञ्चालन (समुदायिक/निजी),
    - स्वास्थ्य टेलिमेडिसिन सेवाको उपलब्धता (प्रत्येक स्वास्थ्य चौकीमा) ।
- सार्वजनिक तथा सामुदायिक भवन प्रस्ताव :
    - गाउँपालिका केन्द्रमा सुविधा सम्पन्न बहुउद्देश्यिय सभा कक्ष निर्माणमा प्रदेश सरकारसँग समन्वय,
    - मुख्य वस्तीहरुमा सामुदायिक भवनको निर्माण,
    - वाचनालय/पुस्तकालय निर्माणमा सहयोग,
    - प्रमुख स्थानहरुमा वसपार्क तथा प्रतिक्षालयको व्यवस्था,
    - चिहानडाँडा र घाटहरुमा पौवाको निर्माण,
    - खर्क तथा धार्मिक, सांस्कृतिक क्षेत्रका विभिन्न स्थानहरुमा प्रतिक्षालय, आराम केन्द्र तथा आवास भवनहरुको निर्माण ।
- आवास तथा एकिकृत वस्ती विकास :
    - छरिएर रहेका आवासहरुलाई पायक पर्ने उपयुक्त स्थानहरुमा स्थानान्तरण गरी आधुनिक सुविधा सम्पन्न एकिकृत बस्ती निर्माणमा सम्भाव्यता अध्ययन गर्ने,

- एकिकृत वस्तीका लागि उपयुक्त जमिनको खोजी , खरिद र कानुनी संरचनाको निर्माण लगानीमा साझेदारी वा ऋणमा बैंक ग्यारेन्टी दिने पूर्वाधार (खानेपानी, बाटो, विजुली) विद्यालय, स्वास्थ्य केन्द्र आदी विकास गर्ने,
- गरिव, विपन्न र अल्पसंख्यकका लागि प्रदेश सरकारको जनता आवाश कार्यक्रम अन्तरगत आवास निर्माणका लागि पहल ।

● जोखिमयुक्त संवेदनशिल भू-उपयोग क्षेत्र निर्धारणः
  - मादी गाउँपालिका ५२० मीटरदेखि ७९३७ मीटर उचाइसम्म फैलिएको हुनाले यहाँ विभिन्न जोखिमयुक्त क्षेत्रहरु रहेका छन् । नदी खोला किनारी क्षेत्रमा कटान र बाढीको समस्या, भिरालो भूभागमा भूक्षय र पहिरो, प्राविधिक विना बनाइएका सडकले निम्त्याएको बस्तीको जोखिम देखिएको हुनाले यी क्षेत्रहरुको अध्ययन गरी भू-उपयोग नीति निर्माण गरि लागु गर्ने,
  - जोखिम क्षेत्रहरु पहिचान गरी नियन्त्रणको लागि उपयुक्त प्रविधिको खोजी गरी दीर्घकालीन समाधान पहिल्याउने र गाउँपालिकाले स्रोत साधनको व्यवस्थापनको लागि नक्सांकन समेत गरिएको छ ।

● भवन तथा सडक निर्माण मापदण्ड निर्धारण गर्ने
  - मादी गाउँपालिकाले निर्माण मापदण्ड बनाई कार्यान्वयन गर्न नसके योजनाबद्ध विकासको दीगोपना हुन सक्दैन । निर्माण मापदण्ड लागू गरी भवन निर्माण मापदण्डबाट ग्रामिण बस्तीको सुन्दरता बढाउने, बजार केन्द्रहरु र त्यहाँका गल्लीहरु फराकिला पार्ने, आबश्यक खुला क्षेत्रहरुको व्यवस्था गर्ने, धनजनको सुरक्षा गर्ने, सुस्वास्थ्यको व्यवस्था गर्ने, पूर्वाधारको सन्तुलित प्रयाप्त व्यवस्था गर्ने, स्रोतसाधनहरुको समानुपातिक उपभोग र वितरणलाई नियमित गर्ने साथै वातावरणीय ह्रास हुन नदिने ।
  - गाउँपालिकामा निर्माण भैरहेका सरकारी तथा निजी भवन, विद्यालय, सडक लगायत अन्य पूर्वाधारहरुको निर्माण मापदण्ड बनाई कार्यान्वयन गर्ने ।
  - नेपाल सरकारले विभिन्न ठाउँमा भिन्न प्रकारले सडकका प्रकार निर्धारण गरी अधिकार क्षेत्र तोकेको छ । स्थानीय सरकारले पनि सडकका प्रकारहरु निर्धारण गरेर अधिकार क्षेत्रको नियम कानुन तयार पारी कार्यान्वय गर्नु अत्यावश्यक छ । हाल गाउँपालिकाभित्र सडक निर्माणको क्रममा मापदण्ड अबलम्बनको अभावका कारण सडकको निश्चित चौडाईमा कुनै समानता देखिदैन । त्यसैले गाउँपालिकाले प्रत्यक्ष अनुगमन गरी सडक अधिकार क्षेत्र, ढल/नालाको अवस्था, सेट ब्याक, भवन आचार संहिता लगायत प्राविधिक पक्षलाई कार्यान्वयन गराउनु अनिवार्य हुन्छ ।

● ठेगाना प्रणाली व्यवस्थित गर्ने
  - घरहरुको ठेगाना व्यवस्थित गर्न डाटाबेस बनाई समय समयमा अद्यावधिक गर्ने, यसबाट प्रत्येक घरको जनसंख्या, सदस्य संख्या, लिङ्ग, पेशा, आय जस्ता आर्थिक सामाजिक विवरणका साथै घरघरमा सञ्चालित पसल, व्यवसाय आदिको विवरण सजिलै पाउन सक्ने र गाउँपालिकाको घरधुरी सर्भेक्षण, कर संकलन, प्रशासनिक कामकार्वाहीमा समेत छिटो र सरल हुने हुँदा ठूलो सहयोग मिल्न सक्छ ।

## तालिका ५.१ : भौतिक विकास सम्बन्धी कार्यक्रमहरुको तर्कवद्ध योजना

| कियाकलाप/कार्यक्रम | सूचकहरु | पुष्ट्याईका आधार | पूर्वानुमान |
|---|---|---|---|
| **१. सडक निर्माण तथा स्तरीकरणः** | | | |
| क) ३ मुख्य सडक कालो पत्रे गर्ने (काँहुखोला-सिक्लेस, काहुखोला-याङ्जाकोट र राखी - मिजुरे) | ५ वर्षभित्र मुख्य सडक कालो पत्रे भएको हुने । | केन्द्र प्रदेश र गाउँपालिकाको प्रतिवेदन | केन्द्र र प्रदेशका कार्यक्रममा परेका र पर्न सक्ने । |
| ख) गाउँपालिका भित्रका सबै वडाहरुलाई जोड्ने सडक सञ्जाल (दीर्घकालीन रुपमा मादी चक्रपथलाई मध्यनजर राखि) निर्माण | ५ वर्षभित्र ट्रयाक खोल्ने र ट्रयाक खुलेका सडक (Link) हरु १२ महिना यातायात साधन चल्ने बाटोको रुपमा निर्माण भएको हुने । | गाउँपालिकाको विभिन्न भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको वर्तमान नीति तथा वार्षिक कार्यक्रम हरुमा परेका योजना र पर्याप्त बजेट छुट्टयाइएको हुने । |
| ग) मादी करीडोर सडक निर्माण | मादी करिडोरको मुख्य निर्माण कार्यसम्पन्न भएको हुने । | संघीय सरकारको प्रतिवेदन | संघीय सरकारको कार्यक्रममा परेको हुने |
| घ). सडकहरुको मर्मत तथा स्तरवृद्धि | सडकहरु बाह्रै महिना यातायात साधन चल्न सक्ने भएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदनबाट प्राप्त तथ्याङ्क | गाउँपालिकाको वार्षिक कार्यक्रममा वजेट छुट्टयाइएको हुने । |
| **२.पूल पुलेसा निर्माण :** | | | |
| क) १० वटा मोटरेवल पूल निर्माण | ५ वर्षभित्र पक्की पूल निर्माण भई आवागमन सहज हुने | संघीय सरकार को प्रतिवेदन | संघीय सरकारको कार्यक्रममा वजेट छुट्टयाइएको । |
| ख) मादी गाउँपालिकाको विभिन्न ठाउँमा फट्के पूल निर्माण | ५ वर्ष भित्र फड्के पूलहरु निर्माण भई आवागमन सहज हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको वजेट तथा कार्यक्रममा परेको |
| ग) विभिन्न ठाउँमा झोलुङ्गे पुल निर्माण | १५ वटा झोलुङ्गे पुल निर्माण भएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको वजेट तथा कार्यक्रममा परेको |
| **३. विद्युत उत्पादन तथा वितरणः** | | | |
| क) ज्याम्दुमा विद्युत प्रसारण सवस्टेशन को निर्माण | सवस्टेशन निर्माण भएको हुने | संघीय र प्रदेश सरकारलाई गाउँपालिकाले निर्माण गर्न अनुरोध गरेको कार्यक्रम | संघ र प्रदेश सरकारसँग गाउँपालिकाले अनुरोध गरेको |
| ख) मादी कोइलेनीमा वांध निर्माण गरी जलाशययुक्त जलविद्युत परियोजना संभाव्यता अध्ययन | संभाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएको हुने | संघीय र प्रदेश सरकार सँग समन्वय गरी सम्पन्न गर्ने योजना | संघ र प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गरेको |
| ग) एक मेगावाट सम्मको विद्युत परियोजनाहरुको संभाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ । | विस्तृत परियोजना प्रतिवेदन तयार भएको हुने र निर्माण कार्य प्रारम्भ हुने । | गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा परेको र प्रतिवेदनमा ( भौतिक विकास) समावेश भएको | गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा परेको |
| घ) विद्युत नपुगेका वस्तीहरुमा विद्युत प्रसारण | प्रशारणलाइन पुगेको र विद्युत उपलब्ध भएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदनमा समावेश । | गाउँपालिकाले प्रतिवद्धता जनाएको । |
| ङ) संचालित लघु विद्युत आयोजनाले उत्पादन गरेको विद्युतलाई केन्द्रीय प्रशारण लाइनमा जोड्ने | विभिन्न ठाँउमा आवश्यक पूर्वाधार तयार भएको हुने । | गाउँपालिकाको भौतिक विकास प्रतिवेदनमा समावेश । | गाउँपालिकाले प्रतिवद्धता जनाएको । |
| च) हाल प्रयोगमा भएको काठका पोललाई स्टील/ सिमेंट पोलले बिस्थापन | स्टील वा सिमेन्टको पोल लगाइएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदनमा समावेश । | गाउँपालिकाले प्रतिवद्धता जनाएको । |

| | | | |
|---|---|---|---|
| **४. सिंचाई बाँध तथा नहर र कुलोः** | | | |
| क) तारकाङ फाँट सिंचाई नहर निर्माण | नहर निर्माण भई १२ महिना सिंचाई भएको हुने | संघीय, प्रदेश र गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | संघ र प्रदेशसँग समन्वय भई कार्यक्रम सञ्चालन भएको हुने । |
| ख) भगवतीटार सिंचाई नहर निर्माण | नहर निर्माण भई १२ महिना सिंचाई भएको हुने | संघिय, प्रदेश र गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | संघ र प्रदेश सँग समन्वय भई कार्यक्रम सञ्चालन भएको हुने । |
| ग) वार्दी देखि मुग्रीवेशी सम्मको नहरको स्तरोन्नति गर्ने | नहर निर्माण भई १२ महिना सिंचाई भएको हुने | प्रदेश र गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | प्रदेशसँगको समन्बयमा कार्यक्रम सञ्चालन भएको हुने । |
| घ) गोर्जेको ठूलो कुलो मर्मत तथा स्तरोन्नति | कुलो निर्माण भई १२ महिना सिंचाई भएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको भौतिक विकास कार्यक्रममा प्राथमिकतामा परेको |
| ङ) रुदीखोला सिंचाई नहर निर्माण | नहर निर्माण भई १२ महिना सिंचाई भएको हुने | गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको भौतिक विकास कार्यक्रममा प्राथमिकतामा परेको |
| च) विभिन्न वडामा स-साना कुलो तथा वाँध निर्माण | कुलो तथा वांधको स्तर वृद्धि भएको हुने । | गाउँपालिकाको भौतिक विकास प्रतिवेदन | गाउँपालिकाको भौतिक विकास कार्यक्रममा प्राथमिकतामा परेको |
| **५.संचार प्रविधि तथा सेवा विस्तार :** | | | |
| क) संचार टावर निर्माण (घर्तीडाँडा, भाले चुचुरा लगायत विभिन्न ठाउँमा) | गाउँपालिकाका सवै, गाउँहरुमा तथा उपल्लो हिमाली क्षेत्र अन्तरगतका पदमार्गमा संचार संकेत उपलब्ध हुने । | गाउँपालिका तथा सम्बब्धित निकायको प्रतिवेदन | गाउँपालिकाले Ncell/ NTC लगायत सेवा प्रदायक सँग सम्बन्ध गरेको हुने । |
| ख) ईन्टरनेट प्रविधिको पहुँच | गाउँपालिका का सवै गाँउ, विद्यालय, कार्यालय र संभावित पर्यटन केन्द्र र पदमार्गमा इन्टरनेट सेवाको पँहुच भएको | गाउँपालिका र सेवा प्रदायक कम्पनी प्रतिवेदन | गाउँपालिकाले Ncell/ NTC लगायत सेवा प्रदायक सँग सम्बन्ध गरेको हुने । |
| ग) रेडियो/एफ.एम सेवा सञ्चालन ( समुदायीक/निजी) | गाउँपालिकाको सेवा विकास निर्माण कार्यक्रम, रेडियोमा प्रसारण भई जनता सुसूचित भएको हुने । | गाउँपालिकाको प्रतिवेदन | गाउँपालिका र निजी क्षेत्रको समन्वय भएको हुने । |
| घ) स्वास्थ्य टेलीमेडिसिन सेवाको उपलब्धता | गाउँपालिकाको अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द थुम्सीकोट, प्रत्येक स्वास्थ्य केन्द्रमा टेलिफोन मार्फत विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध भएको हुने । | गाउँपालिकाको प्रतिवेदन/प्रमुख अस्पताल तथा स्वास्थ्य केन्द्रको प्रतिवेदन | गाउँपालिकाको स्वास्थ्य संस्था, पोखरा र काठमाण्डौका प्रमुख अस्पतालसँग समन्वय भएको हुने |
| **६. सामुदायिक भवन/सार्वजनिक सुविधा** | | | |
| क) मुख्य वस्तीहरुमा सामुदायिक भवनको निर्माण | गाउँस्तरमा उपयुक्त स्थानमा भवन निर्माण भई कार्यक्रम सञ्चालन भएको हुने । | गाउँपालिकाको प्रतिवेदन | गाउँपालिकाको कार्यक्रम मा परेको हुने । |
| ख) गाउँपालिका स्तरिय वहुउद्देश्यिय सामुदायिक भवन निर्माण । | भवन निर्माण भई सुविधा उपलब्ध भवन भएको हुने । | प्रदेश र गाउँपालिकाको प्रतिवेदन | गाउँपालिकाले प्रदेश समन्वय कार्यक्रम कार्यान्वयन गर्ने । |
| ग) वाचनालय/पुस्तकालय निर्माण सहयोग | गाउँपालिकाको मुख्य वस्तीमा वाचनालय/पुस्तकालय निर्माण भई सुविधा प्राप्त भएको हुने । | गाउँपालिकाको प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा परेको हुने । |
| घ) प्रमुख स्थानमा वसपार्क तथा प्रतिक्षालयको स्थापना | गाउँपालिकाको यातायातका प्रमुख स्थानहरुमा यातायातका साधनहरुका पार्किङ्ग सुविधा उपलब्ध भएको हुने र यात्रुहरुलाई सुविधा पुगेको हुने | गाउँपालिकाको प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा परेको हुने । |

| | | | |
|---|---|---|---|
| ङ) चिहानडाँडा तथा घाटहरुमा पाटी पौवा निर्माण | प्रमुख घाट र चिहान डांडामा पाटी पौवाको सुविधा पुगेको हुने । | गाउँपालिकाको प्रतिवेदन | गाउँपालिकाको कार्यक्रम परेको हुने । |
| च) खर्क तथा धार्मिक, साँस्कृतिक क्षेत्रमा आरामकेन्द्र र आवास भवनको निर्माण | पाँच वर्ष भित्र निर्माण भएको हुने । | गाउँपालिकाको संभाव्यता प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा परेको हुने अनुमान । |
| **७. आवास तथा एकिकृत वस्ती, मापदण्ड र ठेगाना प्रणाली** | | | |
| क) एकिकृत वस्ती निर्माण | विभिन्न संस्थाको समन्वयमा एकिकृत वस्ती निर्माणको संभाव्यता अध्ययन भएको हुने र गाउँपालिकाले यसको लागि वैधानिक आधार तयार गरेको हुने । | गाउँपालिकाको संभाव्यता प्रतिवेदन र कानुन निर्माण | गाउँपालिकाको नीति तथा कार्यक्रममा परेकोले । |
| ख) जोखिमयुक्त संबेदनशील भू-उपयोग क्षेत्र निर्धारणः | भूउपयोग नीति बनाई त्यस अनुरुप जोखिमयुक्त र संवेदनशील क्षेत्र निर्धारण गरिएको हुनेछ । | गाउँपालिकाको कार्यक्रम र प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा समावेश हुनु पर्ने |
| ग) भवन तथा सडक निर्माण मापदण्ड निर्धारण गर्ने | भवन तथा सडक निर्माण मापदण्ड निर्धारण गरी कार्यविधि तयार भएको हुने | गाउँपालिकाको कार्यक्रम र प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा समावेश हुनु पर्ने |
| घ) ठेगाना प्रणाली व्यवस्थित गर्ने | गाउँपालिकाका सबै वडाहरुमा ठेगाना प्रणाली लागू गरी संस्थागत गरीएको हुने | गाउँपालिकाको कार्यक्रम र प्रतिवेदन | गाउँपालिकाको कार्यक्रममा समावेश हुनु पर्ने |

## ५.३ आर्थिक विकास योजना (Economic Development Plan)

आर्थिक विकास योजना अन्तर्गत गाउँपालिकाबासीको आर्थिक स्तर सुधारका लागि गरिने विकास कार्यक्रमहरु यस अन्तर्गत समावेश गरिएको छ । आर्थिक विकास योजना वडागत तथा गाउँपालिका स्तरीय आयोजनाहरुको रुपमा समेत प्रस्ताव गरीएको छ । यसका लक्ष्य, उपलब्धि र कार्यक्रमहरु देहायबमोजिम रहेका छन् ।

**लक्ष्यः** कृषि तथा गैरकृषि आर्थिक क्रियाकलापको बृद्धि मार्फत रोजगारी तथा प्रतिव्यक्ति आम्दानीमा दीगो बृद्धि ।

**उपलब्धीः**खाद्यान्न बाली, नगदेबाली, फलफूल उत्पादनमा बृद्धि भई आत्मनिर्भरतामा बृद्धि, पर्यटन, उद्योग तथा व्यवसायहरुको बिस्तारबाट रोजगारीको सिर्जना, गरिबीमा कमी र आत्मनिर्भरता तर्फ उन्मुख भएको हुने ।

**कार्यक्रमहरुः**

### १) कृषि तथा पशुपालन

क) अन्न वाली विकास तथा संरक्षण कार्यक्रम

| मूख्य वाली | पकेट क्षेत्र | गाउँपालिका वाट गर्नुपर्ने काम |
|---|---|---|
| धानवाली | मुग्री वेसी, भगवतीटार, ठुल्ढुङ्गा,सुन्दरवेसी, भगवती, वरालडाँडा, तारकाङ, मादीवेसी, सुनपदाली, ज्याम्दुफाँट, रोहिफाँट, मकैखोला, थुम्सिकोट, गोर्जेफाँट, सिमार, चालिसे आदि | कृषि औजार, विउविजन, मल, किटनासक औषधीमा अनुदान, कृषकलाई खेति तालिम, कृषि विज्ञको सेवा उपलब्ध गराउने, कृषि ऋणमा अनुदान दिने, कृषि प्रसार सेवा । |
| गहुँ तथा मकै वाली | मुग्री वेसी, भगवतीटार, ठुल्ढुङ्गा, भगवती, वरालडाँडा, तारकाङ, मादीवेसी, सुनपदाली, ज्याम्दुफाँट, रोहिफाँट, गोर्जेफाँट, मकैखोला | कृषि औजार, विउविजन, मल, किटनाशक औषधीमा अनुदान, कृषकलाई खेती तालिम, कृषि बिज्ञको सेवा उपलब्ध गराउने, कृषि ऋणमा अनुदान दिने, कृषि प्रसार सेवा । |

| | | |
|---|---|---|
| कोदो, फापर बाली | सिक्लेस, ताङतिङ, याङ्जाकोट, वार्चोक, भाचोक, मिजुरे, तप्राङ, साप्ले सैमराङ, भगवतीटार | कृषि औजार, विउविजन, मल, किटनासक औषधीमा अनुदान, कृषकलाई खेती तालिम, कृषि बिज्ञको सेवा उपलब्ध गराउने, कृषि ऋणमा अनुदान दिने, कृषि प्रसार सेवा । |

ख) विशेष वाली विकास कार्यक्रम

| **विशेष वाली विकास कार्यक्रम** | **पकेट क्षेत्र** | **गाउँपालिकावाट गर्नुपर्ने** |
|---|---|---|
| अलैची | पोसि, पर्च्यू, अलैचे, घ्याम्राङ , ताङतिङ, रोहीगाँउ, भाचोक, जलजला, तोगी | विरुवा वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |
| कफी खेती | तोगी, ध्याम्राङ, तारकाङ, पानीघाट, थुम्सिकोट | विरुवा वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |
| चिया खेती | सम्भाव्यता अध्ययन | विरुवा वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |
| आलु | सिक्लेस, ताङतिङ | प्राविधिक सहयोग |
| तरकारी | सबै ठाउँमा | वीउविजन तथा विरुवा वितरण, प्राविधिक सहयोग,बिमा तथा कर्जा अनुदान, प्लाष्टिक टनेल |
| मसलाबाली | पोसी, पर्च्यू, वडा नं १० र ११ को माथिल्लो भूभाग | बीउ, बिजन, विरुवा वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |
| मौरी पालन | तोगी, मकैखोला, भगवतीटार, लिप्यानी, | घार वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |
| माछा पालन (ट्राउट समेत) | सुन्दरवेंशी, इंदि, गहतेवेंसी, काफलडांडाको तल्लो बेंशी, चिप्लीखोलामा ट्राउट र अन्य नदी तथा खोलाहरुमा अन्य जातका माछा | भुरा वितरण, कर्जा अनुदान, विमा तथा प्राविधिक सहयोग |

ग) कृषि वन तथा जडीवुटी विकास

| संम्भाव्य कार्यक्रम | पकेट क्षेत्र | गाउँपालिकाबाट गर्नुपर्ने काम |
|---|---|---|
| क) कृषि वालीमा कृषि भूमीका साथसाथै रुख, विरुवा डाले घाँस, घाँस, विकास गर्ने | सैमराङ, तप्राङ, तारकाँङ, गोर्जे, रवैडाँडा, हाडीखोला तथा अन्य बस्ती वरपर | ○वीउ विरुवा वितरण, तालिम, भ्रमण, आदि गराउने<br>○वन उपयोग सम्वन्धी कानून वनाई कबुलियती वन कार्यक्रम, सामुदायिक वनका उपयोग गर्न प्रेरित गर्ने |
| ख) जडीवुटी | उच्च पहाडी क्षेत्रहरु | लेकफाँट उपयोग सम्वन्धी नीति र कानुन बनाई लागु गर्ने, निजी जमिनमा खेती गर्नेलाई प्रोत्साहन |
| ग) वस्ती निकट रहेका सामुदायिक वन र संरक्षित वनहरुमा वालिनाली र जडीवुटी खेतीको विकास गर्ने, संरक्षित वनमा व्यवसायिक फर्महरुलाई कृषि वन सञ्चालन गर्न पहल गर्ने | वस्ती निकट रहेका सामुदायिक वन र संरक्षित वनहरुमा | जंगल उपयोग सम्वन्धी करार र रोयल्टी सम्वन्धी कानुन बनाइ लागू गर्ने |
| घ) अल्लो खेतीको लागि सम्भाव्य स्थान पहिचान गरी सो सम्वन्धी व्यवसायिक खेती गर्ने | सैमराङ, वडा नं ८ को माथिल्लो भूभाग, सिक्लेस, भाचोक, ताङतिङ, | अल्लो प्रशोधनका लागि उपयुक्त प्रविधि विकासका लागि गाउँपालिकाले अनुदान सहयोग उपलब्ध गराउने । |
| ङ) सिलाजित | कोरी पछाडिको भिर (मौरो भिर) | नीति निर्माण, सम्भाव्यता अध्ययन र व्यवसायिक संकलन र प्रशोधनमा सहयोग |
| च) भिरमौरी | वडा नं. १,२,३,६ का भिरहरु | नीति निर्माण, सम्भाव्यता अध्ययन र व्यवसायिक संकलन र प्रशोधनमा सहयोग |

घ) बागवानी तथा पुष्प खेती

| संम्भाव्य कार्यक्रम | पकेट क्षेत्र | गाउँपालिकावाट गर्नुपर्ने काम |
|---|---|---|
| कागती | खेतीयोग्य जमिन र पाखो | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| सुन्तला | मुग्रिवेंशी, हाँडिखोला, लिप्यानी, मादीबेंशी, | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| जुनार | सम्भाव्यता अध्ययन | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| स्याउ | सम्भाव्यता अध्ययन | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| नास्पती | खेतीयोग्य जमिन र पाखो | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| अम्बा | खेतीयोग्य जमिन र पाखो | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| किवी | सम्भाव्यता अध्ययन | विरुवा वितरण, प्राविधिक सहयोग, बिमा तथा कर्जा अनुदान |
| पुष्पखेती | सिक्लेस, ताङतिङ, सैमराङ तथा अन्य वडाको क्षेत्रहरु | वीउविजन तथा विरुवा वितरण, प्रविधिक सहयोग, बिमा तथा कर्जा अनुदान, प्लाष्टिक टनेल |

ङ) पशुपंक्षी पालन कार्यक्रम

- आधुनिक पशुपंक्षीपालन कार्यक्रम (व्यावसायिक)

| कार्यक्रम | क्षेत्र/स्थान | गाउँपालिकाले गर्नुपर्ने काम |
|---|---|---|
| भैसी/गाई पालन फर्म | नदी बेंसी र आसपासका क्षेत्र | कार्य विधि निर्माण, बीमा , पशु स्वास्थ्य, पशु दाना, कर्जामा अनुदान, कृषक प्रोत्साहन, अबलोकन भ्रमण, सहकारी गठन र संचालन |
| भेडापालन/बाखा पालन | खर्कखर्तरी र अन्य पाखो जमिन र खाली क्षेत्रहरु | कार्य विधि निर्माण, बीमा , पशु स्वास्थ्य, पशु दाना, कर्जामा अनुदान, कृषक प्रोत्साहन, अबलोकन भ्रमण, सहकारी गठन र संचालन |
| बंगुरपालन | नदी बेंसी र आसपासका क्षेत्र | कार्य विधि निर्माण, बीमा , पशु स्वास्थ्य, पशुपंक्षी दाना, कर्जामा अनुदान, कृषक प्रोत्साहन, अबलोकन भ्रमण, सहकारी गठन र संचालन |
| कुखुरापालन | नदी बेंसी र आसपासका क्षेत्र | कार्य विधि निर्माण, बीमा , पंक्षी स्वास्थ्य, पंक्षी दाना, कर्जामा अनुदान, कृषक प्रोत्साहन, अबलोकन भ्रमण, सहकारी गठन र संचालन |

- घरायसी पशुपंक्षीपालन कार्यक्रम

| कार्यक्रम | क्षेत्र/स्थान | गाउँपालिकाले गर्नुपर्ने काम |
|---|---|---|
| पशुपंक्षी नश्ल सुधार र पशुपंक्षी स्वास्थ्य सेवा | सबै वडाहरुमा | आवश्यक स्रोतसाधन उपलब्ध गराउने |
| कृषक तथा कृषि सहकारीलाई प्रोत्साहन र अबलोकन भ्रमण | सबै वडाहरुमा | आवश्यक स्रोतसाधन उपलब्ध गराउने |

च) कृषि अनुदानमा वृद्धि गर्ने र प्रतिफलका आधारमा अनुदानको मात्रा बढाउदै लैजाने,

छ) कृषिमा यान्त्रिक प्रणाली प्रवेश गर्दै लैजाने,

ज) **मादी ब्राण्ड**का रुपमा खाद्यान्न, मासु, फलफूल, तरकारी, मह र अन्य जडिवुटीहरुलाई उत्पादन गरि निर्यात गर्ने प्रवन्ध मिलाउने (जस्तै मादीको जेठोवुढो, मादीको आलु, मादीको सिमी, मादीको भट्टमास, मादिको मह, मह, आदि),

झ) कोरी, ठूलेक,लगायत लेक फाँटका बिभिन्न स्थानमा चौरी पालनको संभाव्यता अध्ययन गर्ने,

ञ स्थानीय जडिवुटी एवं कृषि उत्पादनको पहिचान अभिलेखिकरण गरि Patent Right को लागि पहल गर्ने,

ट) संभाब्य स्थानहरुमा जग्गा चकलावन्दी कार्यक्रम संचालन गरि सामुहिक कृषि पद्दतिको विकास गनृ पहल गर्ने,

ठ) आगामी ५ वर्ष भित्रमा मादी गाउँपालिकालाई दुध, मासु, तरकारी, खाद्यान्न आदिमा आत्म निर्भर बनाउन बिशेष कार्यक्रम संचालन गर्ने,

ङ) गोर्जे, तारकाङ, मादीवेसी, भगवतिटारमा मुख्यमन्त्रि नमूना कृषि गाउँ स्थापनाका लागि प्रदेशसँग समन्बय गर्ने,

ढ) नमुना ब्यवसायिक कृषि र पशुविकास कार्यक्रमको लागिगाउँपालिकाले १/१ वडा छनौट गरि प्रदेशसँग समन्वय गर्ने ।

**२. पर्यटन विकास कार्यक्रम**

क) पर्यटन केन्द्रहरुको पहिचान र विकास

| पर्यटन केन्द्र | गाउँपालिकाले गर्नुपर्ने काम |
|---|---|
| सिक्लेस, ताङतिङ, याङजाकोट,पार्चे, वार्चोक, भाचोक, नागीधार, पाखुरीकोट, लिपियानी, तप्राङ, | सम्भाव्यता अध्ययन, गुरुयोजनाको निर्माण, प्रदेस, निजी क्षेत्र र संघ संस्थाहरुसँग सहकार्य, पर्यटन प्रबर्धन, पर्यटन पूर्वाधारको निर्माण, निजी क्षेत्रलाई प्रोत्साहन, आवश्यक कानुनी व्यवस्था गरिनमुना पर्यटकीय गाँउको रुपमा विकास गर्ने |

ख) होमस्टे र पर्यटन पदमार्गको विकास

| संभावित पदमार्ग | गाउँपालिकाले गर्नुपर्ने काम |
|---|---|
| ➢ **घलेखर्क-सिक्लेस इको ट्रेक :** घलेखर्क, तारा हिलटप, पार्चे, सिक्लेस<br>➢ **क्होला सोंथर ट्रेक :** ताङतिङ, रूपु, चिंग्रे, तप्रों, क्होलासोंथर, सिक्लेस<br>➢ **अर्मला-सिक्लेस ट्रेक** : अर्मला, मौजा, पानीघाट, थाक, साइनोडाँडा, तारा हिलटप, पार्चे, सिक्लेस<br>➢ **गुरुङ हेरिटेज ट्रेल** : लिपियानी, देउमाडी, ठूलास्वाँरा, थाम, काउरे, छाचोक, थाक, चिप्लि, खिलाङ, पार्चे, सिक्लेस, ताङतिङ, घ्रयाम्राङ, यांजाकोट, वार्चोक, भाचोक, नागिधार,पोषी, पर्क्यू हुदै लमजुङ<br>➢ **दुधपोखरी ट्रेक** : सिक्लेस, कोरी, दुधपोखरी, नामुनपास हुदै मनाङ<br>➢ **कफुचे ताल ट्रेक**: सिक्लेस, होगो, कफुचे ताल<br>➢ **सिक्लेस-क्होला सोंथर-ताङतिङ ट्रेक** : सिक्लेस, क्होला सोंथर, ताङतिङ<br>➢ **यांजाकोटं-क्होला सोंथर ट्रेक** : याङ्जाकोट, रूपुडाँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **वार्चोक-क्होला सोंथर ट्रेक** : वार्चोक, रूपुडाँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **भाचोक-क्होला सोंथर ट्रेक** : भाचोक, रूपुडाँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **नागीधार-क्होला सोंथर ट्रेक** : नागीधार, रूपुडाँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **छ्योस्याङगारा ट्रेक** :क्होला सोंथर, छ्योस्याङगारा, थुलेक<br>➢ **हाइकिङ ट्रेल** पोखरा : कसेरी, लंकाछर, थाम, ठूलास्वाँरा, चितेपानी, ठूलाकोट हुदै बेगनास ताल सम्म<br>➢ **रोयल ट्रेक :** विजयपुरबाट कालिका, माझठाना, लिप्यानी र स्याक्लुङ<br>➢ **मनसुन ट्रेक** : वर्षाद्को समयमा विभिन्न ठाउँहरुमा | सम्भाव्यता अध्ययन, विस्तुत परियोजना प्रतिवेदन, विभिन्न गाँउहरुलाई जोड्ने पदमार्गको नक्सांकन, पदमार्गमा आवश्यक सेवा र सुविधाहरुको निर्माणमा सहयोग (प्रतिक्षालय, बिसौनी चौतारी, दृश्यावलोकन स्थल, खाजा घर, होम स्टे, व्यवस्थापन तालिम) सुरक्षा र सरसफाई प्रर्वद्धन, छिमेकी गाउँपालिका र नगरपालिकासँग समन्वय गर्ने |

ग) पर्यटन प्रवर्द्धन कार्यक्रमहरु :

- सिक्लेसमा शान्ति स्तम्भ र कोरीमा मध्यबिन्दु स्तम्भ स्थापना गर्ने,
- कसेरीमा पर्यटक सूचना केन्द्रको स्थापना गर्ने,
- पर्यटकहरुको लागि गाइड (पथ प्रर्दशकहरु) तयार गर्न जनशक्ति विकासको लागि गाउँपालिकाले सहयोग गर्ने,
- मुख्य पर्यटक स्थलहरुको प्रचार प्रसारका लागि परिचय पुस्तिका (Brochure) र Documentry Film तयार गर्ने,
- सांगीतिक सांस्कृतिक समूहहरुलाई तालिम दिने,
- पदमार्गलाई नक्शाङ्कन गर्ने,
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रवर्द्धनका लागि मादी गाउँपालिकाको Website वनाई सामग्रीहरु अपडेट गर्ने,
- ट्रेकिङ रुटमा सूचना प्रवाह गर्न होर्डिङ वोर्ड राख्ने,
- साहसिक पर्यटन अन्तरगत पर्वतारोहण, बन्जि जम्पिङ्, रक क्लाइम्बिङ्, कायाकिङ, र्याफ्टिङ, प्याराग्लाइडिङ्, क्यानोनिङ्, हनी हन्टिङ् आदिको सम्भाव्यता अध्ययन गर्ने ।

घ) अन्य कार्यक्रमहरु

- प्राकृतिक वन्यजन्तुको संरक्षण समेत गर्ने गरी  पर्यटन प्रहरीको व्यवस्था गर्ने अथवा नेपाली सेनाको व्यारेकको प्रवन्ध गर्ने ।
- क्हफुचे ताल क्होला सोंथर, टुलेक, क्षेत्रलाई पर्वतिय पर्यटन केन्द्रका रुपमा विकास गर्न विस्तृत संभाव्यता सर्वेक्षण गर्ने
- सिक्लेस कोरी केबलकार र कोरीमा उच्च पर्वतीय खेलकुद तथा पर्वतारोहण तालिम केन्द्र संभाव्यता अध्ययन गरि निर्माण गर्ने,
- प्रत्येक वडाका प्रमुख वस्तीहरुमा १/१ वटा हेलिप्याड निर्माण गर्ने,
- उच्च पर्वतीय फाँटमा (चिंग्रे) पर्यटकीय वस्ती विकासको सम्भाव्यता अध्ययन गरि ब्यवस्थित वस्ती निर्माण गर्न पहल गर्ने,
- कोरी, ठूलेक, दूधपोखरी क्षेत्रलाई फिल्म सुटिङ् स्थलको रुपमा विकास गर्ने,
- प्रमुख सांस्कृतिक ग्रामको वरिपरि आधुनिक सुविधा सम्पन्न होटल, स्वास्थ्य केन्द्र र पर्यटकले खरिद गर्ने सामान सम्वन्धि घरेलु उद्योग सञ्चालन   गर्ने,
- सिक्लेस र पाखुरीकोटमा जाति जनजातिका सँस्कृति झल्काउने सांस्कृतिक संग्रहालय बनाउने,
- तप्राङको भालेगरा जुरेभूमी क्षेत्रलाई प्राकृतिक वन्यजन्तु उद्यानको रुपमा विकास गरी पर्यटकहरुलाई आकर्षित गर्ने,
- मादी गाउँपालिका भित्र अग्लो चुचुराहरु मणीडाँडा, भालेचुचुरा, लम्तरी डाँडा, याङजाकोटको जलजला, ताङतिङको करापुडाँडा, नौचु डाँडा, राम्चेडाँडा, सिक्लेसको रिसीधों डाँडा, आदिमा दृश्यावलोकन स्थल र पार्कको विकास गर्ने, उक्त स्थानहरु पुग्नको लागि आवश्यक पदमार्ग र भौतिक पूर्वाधारको विकास गर्ने,
- पर्यटकहरुको स्वागतमा प्रयोग हुने सामान र खानपिनका वस्तुहरुको उत्पादन स्थानीय स्तरमा गर्ने,
- पर्यटन वजारीकरणका लागि पोखरा लगायत अन्य ठाउँमा रहेका पर्यटनसँग सम्वन्धित संघ, संस्थासँग समन्वय गर्ने,
- मादी गाउँपालिका भित्र रहेका तातोपानीका मुलहरुको संरक्षण र सम्वर्द्धन गर्ने ।

### ३. औद्योगिक तथा व्यवसायिक विकास

क) उद्योग ग्रामको विकासः

वडा नं. १२ को भाटवेसीमा प्रस्तावित उद्योग ग्रामको स्थापनाका लागि सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी, आवश्यक पूर्वाधारहरुको निर्माण, सञ्चालनको कार्यविधि, कानुनी व्यवस्था, संघ र प्रदेशसँगको समन्वयमा गर्ने । उद्योग ग्रामको प्रभावकारी उपयोग गर्न स्थानीय श्रोतमा आधारित उद्योगहरुको स्थापनामा प्रोत्साहन गर्ने, मादीवासीलाई प्राथमिकता दिने र वाह्य लगानीलाई पनि आकर्षिक गर्ने निती अवलम्वन गर्ने,

ख) लघु तथा घरेलु उद्योगहरुको प्रर्वर्द्धनः

विगतदेखि संचालनमा रहेका परम्परागत राडी, पाखी, भांग्रा, भकारी, डोको, डालो नाम्लो, थुन्से, आदि बाँस तथा निगालोमा आधारित घरेलु उद्योगहरुलाई आधुनिकीकरण गर्न आवश्यक तालिम, औजार, उपकरण, संकलन तथा विक्री वितरण गर्न गाउँपालिकाले सहयोग गर्ने, स्थानीय सहकारीसँग सहकार्य गर्ने र प्रर्वदनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने,

ग) वन पैदावरमा आधारित उद्योग प्रवर्द्धनः

सःमिल, प्लाइउड, फर्निचर उद्योग, जडिवुटी प्रशोधन गर्ने उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र त्यसका लागि आवश्यक वैधानिक संरचना सञ्चालन गर्ने साथैजडिवुटीको व्यावसायिक खेती प्रवर्द्धन र संकलन केन्द्रको स्थापना गर्ने ।

घ) व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रमः

- वडा नं. ५ को सुनपदेली सुगम तथा यातायातसँग जोडीएको र पोखरा देखि पायक पर्ने उपयुक्त स्थान भएकोले उक्त स्थानमा व्यापारिक केन्द्र स्थापना गर्ने,
- कृषि उपज तथा वनमा आधारित उत्पादनहरुको संकलन केन्द्र र शीतगृह निर्माण गर्ने,
- गाउँपालिकाका पायक पर्ने स्थानमा साप्ताहिक/पाक्षिक हाट बजार र वार्षिक महोत्सव ( स्थानीय उत्पादनमा आधारित) सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार र वैधानिक संरचना निर्माण गर्ने ।

ङ) अन्य कार्यक्रमः

- मादी गाउँपालिका भित्र रहेका बिभिन्न खनिज पदार्थहरुको अन्वेषण, उत्खनन्, प्रशोधन र प्रयोगको संभाव्यता अध्ययन गर्ने ।

### ४. रोजगारी प्रवर्द्धन कार्यक्रम

क) युवाहरुलाई स्वरोजगारतर्फ आकर्षित गर्न अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी १०० जना बेरोजगारलाई प्रति वर्ष स्वरोजगार बनाउन व्यवसायमा वीउ पूँजीको रुपमा अनुदान दिने र अन्य आवश्यक सहयोग गर्ने,

ख) निर्माण दलको गठन र परिचालनः स्थानीय वेरोजगार युवाहरुलाई विकास निर्माणका कार्यहरुको जिम्मेवारी दिनेगरी वडाध्यक्षहरुको प्रत्यक्ष निगरानिमा रहने १० देखि १५ जनाको एक निर्माण दल गठन गर्ने र निश्चित समयबद्ध जिम्मेवारी दिने, आवश्यक तालिम दिने, निर्माण दलका सदस्यहरुको क्षमता पहिचान गरी जिम्मेवारी दिने कामका आधारमा पारिश्रमिक र मूल्याङ्कन गर्ने र सीप प्रमाणीकीकरण गरी प्रमाणपत्र उपलब्ध गराउने,

ग) स्थानीय विकास निर्माण कार्यमा संलग्न गराउने र अवैध चोरी सिकारी नियन्त्रणमा गस्ती गर्ने गरी गाउँपालिका सुरक्षा संयन्त्र निर्माण गर्ने,

घ) महिलाहरुको घरयासी कामको मुल्यांकन प्रमाणीकिकरण गरी प्रमाणपत्र उपलव्ध गराउने, आयमूलक सीपको तालिम दिने र महिला स्वरोजगार प्रवर्द्धन गर्ने,

ङ) विभिन्न सीपमुलक तालिम जस्तैः बिद्युत जडान, सिकर्मी, डकर्मी, सिलाई बुनाई, इलेक्ट्रोनिक्स, प्लम्बिङ्, कम्प्यूटर आदि सञ्चालन गरीउद्यमशिलता र रोजगारी अभिवृद्धि गर्ने ।

**५. गरिवी निवारण तथा समृद्धि**

- गरिवी मापन र नक्सांकन गरी निरपेक्ष गरिवीको रेखामुनि रहेका घरपरिवारको पहिचान गर्ने,
- गरिवीको रेखामुनि रहेका घरपरिवारको सदस्यलाई कम्तिमा १०० दिनको रोजगारी सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने (जस्तैः गाउँपालिकावाट सञ्चालित विकास निर्माण कार्यहरुमा गरिव परिवारका सदस्यहरुलाई प्राथमिकता दिने, स्थानीय विकास निर्माणका कार्यहरुमा श्रममुलक प्रविधिलाई प्राथमिकता दिने),
- कृषिमा आधुनिकीकरण र उन्नत पशुपालन कार्यक्रमहरुलाई गरिव लक्षित गर्दै आयस्तरमा बृद्धि गर्ने,
- गरिव परिवारका महिलाहरुलाई केन्द्रित गरी स्वरोजगार सीप प्रदान गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,
- स-साना व्यवसाय सञ्चालन गर्न लद्युवित्त संस्थामार्फत विउ पूँजी उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने,
- गरिव घरपरिवारलाई सहकारी मार्फत सामूहिक खेती, पशुपालन, स-साना व्यवसाय सञ्चालन गर्न गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने (जस्तै भूमिबैंक मार्फत जमिन उपलब्ध गराउने),
- गरिवी परिचय पत्र प्राप्त परिवारलाई सुपथ मूल्यमा खाद्यान्न तथा अन्य सेवा उपलब्ध गराउने।
- गरिव व्यक्तिसंग भएको परम्परागत सीप तथा ज्ञानको पहिचान गरी तदनुसारको कार्यक्रमतर्फ उन्मुख गराउन उत्प्रेरित गराउने ।
- गरिव परिवारको शिक्षा स्वास्थ्य र आय आर्जनको क्षेत्रमा पहुँच बढाउन वडास्तरमा १ वर्षमा २ पटक परामर्श सेवा (Counselling) अभियान सञ्चालन गर्ने ।

**६) नविकरणीय ऊर्जा प्रवर्द्धन**

- नविकरणीय ऊर्जा विकास र उपयोग सम्वन्धी नीति तयार गरी आयातीत इन्धन प्रतिस्थापन गर्ने कार्यक्रम,
- उज्यालो मादी कार्यक्रमः वायोग्याँस, सौर्य ऊर्जा र धुवाँरहित चुलो प्रयोगमा प्रोत्साहन गर्ने अनुदान र प्रर्बद्धनका कार्यक्रम सञ्चालन गर्ने साथै प्रत्येक वडामा सहज विजुलीको पहुँचवाट वञ्चित परिवारलाई सौर्य ऊर्जाको प्रवर्द्धनको माध्ममवाट ऊर्जामा पहुँच पुऱ्याउने,
- स्वास्थ्य चौकी, सार्वजनिक स्थल र कयाम्पिङ साइटमा सोलार बत्तिको व्यवस्था गर्ने,
- जल बिद्युत, सौर्य, वायु र जैविक ऊर्जा विकासको संभाबयता अध्ययन गर्ने ।

**तालिका ५.२ः आर्थिक विकास सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कियाकलाप/कार्यक्रम | सूचकहरु | पुष्ट्याईका आधार | पूर्वानुमान |
|---|---|---|---|
| **१. कृषि तथा पशुपालन** | | | |
| क) अन्नवाली विकास तथा संरक्षण (पकेट क्षेत्रहरुमा) आधुनिक पशुपंक्षी पालन कार्यक्रम | उत्पादन र उत्पादकत्वमा वृद्धि, तोकिएको स्थानमा व्यवसायिक पशुपालन फर्महरु सञ्चालन भइ दूध/मासुमा आत्मनिर्भर भएको र निर्यात गर्ने अवस्था भएको । | गाउँपालिकाको घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारी र पशुपंक्षि सम्बन्धी प्रतिवेदन | कृषि सर्वेक्षणमा गाउँपालिकाले आवश्यक श्रोत साधन र सूविधामा सहयोग पुऱ्याएको । गाउँपालिकाले |

| | | | |
|---|---|---|---|
| | | | आवश्यक आर्थिक प्राविधिक र कानुनी व्यवस्था मिलाएको हुने |
| ख) विशेषवाली विकास कार्यक्रम | तोकिएको पकेट क्षेत्रमा उत्पादन विस्तार भएको हुने | स्थलगत सर्वेक्षण र गाउँपालिकाको प्रतिवेदन | कृषि सर्वेक्षणमा गाउँपालिकाले आवश्यक श्रोत साधन र सूविधामा सहयोग पुऱ्याएको । |
| ग) कृषि वन र जडिवुटी खेतीको विकास | सामुदायिक वन नजिकका वस्तीहरुमा किसानहरुले निकट वन जंगलमा खेती गरेको हुने, जडिवुटी खेती गरेको हुने र संरक्षित वन क्षेत्रमा व्यवसायिक फर्महरुलाई वालीनाली जडिवुटी खेती प्रारम्भ गर्न अनुमति दिइएको हुने । | संघ र प्रदेशको वन कार्यलय र गाउँपालिकाको प्रतिवेदन | वीऊ, विरुवा वितरण, तालिम वन उपयोग सम्बन्धी कानुन र सम्बन्धित फर्मको सम्बन्धमा र करार सम्बन्धी काम भएको हुने । |
| घ) वागवानी तथा पुष्प उत्पादन खेती | पकेट क्षेत्रमा कागती, सुन्तला, जुनार, स्याउ, नास्पति, अम्वा र पुष्प खेती संघन रुपमा प्रारम्भ भएको हुने । | गाउँपालकाको कृषि विकास प्रतिवेदन | गाउँपालिकाले आवश्यक प्राविधिक तथा वैधानिक व्यवस्था गरेको हुने । |
| ङ) आधुनिक पशुपंक्षी पालन कार्यक्रम (विभिन्न पकेट क्षेत्रहरुमा) | तोकिएका पकेट क्षेत्रहरुमा आधुनिक पशुपंक्षी फर्महरु सञ्चालनमा आएको हुने । | गाउँपालकाको कृषि तथा पशुपंक्षी विकास प्रतिवेदन | गाउँपालिकाले आवश्यक प्राविधिक तथा वैधानिक व्यवस्था गरेको हुने । |
| च) वहुउद्देश्यीय सेवा केन्द्रको स्थापना | ५ वर्षभित्र बहुउद्देश्यीक कृषि सेवा केन्द्र स्थापनाले किसान लाभान्वित भएको हुने | प्रदेशको नीति तथा कार्यक्रममा परेको र तिनीहरुको प्रतिवेदन | प्रदेशसँगको समन्वयमा विस्तृत परियोजना प्रतिवेदन वनाई कार्यान्वयन हुने । |
| छ) शीतगृह निर्माण | ५ वर्षभित्रमा शीत गृहले कृषकहरुलाई शुलभ रुपमा भन्डारण सेवा उपलब्ध गराएको हुने | प्रदेशको नीति तथा कार्यक्रममा परेको र तिनीहरुको प्रतिवेदन | प्रदेशसँगको समन्वयमा विस्तृत परियोजना प्रतिवेदन वनाई कार्यान्वयन हुने । |
| **२. पर्यटन विकास** | | | |
| क) पर्यटन केन्द्रको पहिचान, विकास र पर्वद्धन | तोकिएका स्थानमा पर्यटन केन्द्रको पहिचान भई आवश्यक पूर्वाधार र प्रवर्द्धनमा गाउँपालिकाले सहयोग गरेको हुने साथै पर्यटकहरुको आगमन संख्या, वसाइ अबधि बृद्धि भएको हुने । | गाउँपालिकाको नीति, तथा कार्यक्रममा परेको र सर्वेक्षणका नतिजाहरुले समन्वय क्षेत्रको पहिचान | केन्द्र, प्रदेश र निजी क्षेत्रको समन्वय र सहकार्यमा शीघ्र कार्यान्वयन हुने । |
| ख) पर्यटन पदमार्गको विकास | पाँच वर्षमा गाउँपालिकाको विभिन्न क्षेत्रमा पर्यटन पदमार्ग निर्माण भई पर्यटकीय आवश्यक पूर्वाधार निर्माण भएको हुने | गाउँपालिकाको नीति, तथा कार्यक्रममा परेको र सर्वेक्षणका नतिजाहरुले समन्वय क्षेत्रको पहिचान | प्रदेश र निजी क्षेत्रको समन्वय र सहकार्यमा शीघ्र कार्यान्वयन हुने । |
| ग) पर्यटन पूर्वाधारहरुको विकास | मुख्य पर्यटक स्थल र पदमार्गहरुमा पहुच सडक, होटल, रेष्टुरेन्ट, दृश्यावलोकन स्थल, स्वास्थ्य केन्द्र, अवलोकन क्षेत्र र पार्क स्थलहरु तथा विश्राम स्थलहरुको निर्माण भएको हुने र पर्यटकहरुलाई | प्रदेश, निजीक्षेत्र र गाउँपालिकाको प्रमुख कार्यक्रम र आकर्षणको क्षेत्र र गाउँपालिकाको प्रतिवेदन | प्रदेश निजी क्षेत्र र गाउँपालिकाको समन्वय र सहकार्यमा कार्यान्वयन हुने । |

| | | | |
|---|---|---|---|
| | सुविधा र मनोरञ्जन प्राप्त भएको हुने । | | |
| घ) साँस्कृतिक धरोहरहरुको संरक्षण र विकास | क्होला सोथरको संरक्षण र विकासको संभाव्यता अध्ययन भएको हुने ।<br>तोकिएको स्थानमा साँस्कृतिक संग्रहालय र सिक्लेस, पाखुरीकोटमा संभाव्यता अध्ययन भएको हुने, सिक्लेस, ताङतिङ र याङ्जाकोट, खिलाङ गाउँहरु साँस्कृतिक गाउँको रुपमा विकास हुने । | प्रदेशको कार्यक्रम र गाउँपालिकाको नीति तथा कार्यक्रम मा गौरवको योजनामा उल्लेख भएको | प्रदेश तथा गाउँपालिका, स्थानीय समुदाय र निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन हुने । |
| ङ) होमस्टेको सुदृढीकरण र प्रवर्द्धन | गाउँपालिकाका विभिन्न पदमार्गमा पर्ने गाँउमा सुविधा सम्पन्न होमस्टे बनेको हुने र पर्यटकको आगमन भएको हुने । | प्रदेशको कार्यक्रम र गाउँपालिकाको नीति तथा कार्यक्रम मा गौरवको योजनामा उल्लेख भएको | प्रदेश तथा गाउँपालिका, स्थानीय समुदाय र निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन हुने । |
| च) सिक्लेस - कोरी केवलकार निर्माण | ५ वर्षभित्र सिक्लेस देखि कोरीसम्मको केवल कार निर्माण भई पर्यटक को आकार्षण को केन्द्र वनेको हुने । | प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन, गाउँपालिकाको गौरवको योजनामा परेको । | विस्तृत परियोजना निर्माण गरी निजी क्षेत्रको सहकार्यमा निर्माण र व्यवस्थापन हुने । |
| छ) पर्यटक केन्द्रित उत्पादनको विकास | पर्यटकको स्वागत र उनीहरुको खानपिनका लागि प्रयोग हुने वस्तु स्थानीय रुपमा उत्पादन भएको हुने । | गाउँपालिकाको प्रतिबद्धता र प्रतिवेदन | गाउँपालिकाले यस्ता सामानको उत्पादनमा अनुदान दिने र पर्वद्धन गर्ने । |
| ज) पर्यटक सूचना र प्रर्वद्धनात्मक कार्यक्रम | गाउँपालिकको कसेरीमा/ कांहुखोला पर्यटक सूचना केन्द्र स्थापना हुने र मादीको प्रचार प्रसार को सामाग्री तयार भई प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन हुने । | गाउँपालिकाको गौरव योजना र प्रतिवेदन | गाउँपालिका आफैले व्यवस्थापन गर्ने । |
| झ) प्राकृतिक वन्यजन्तु उद्यान र जंगल सफारी | तप्राङ भालेगरा, जुरेभूमी क्षेत्रलाई खुल्ला प्राकृतिक वन्यजन्तु उद्यानको रुपमा विकास गर्न विस्तृत संभाव्यता अध्ययन भएको हुने । | गाउँपालिकाको गौरवको योजना र प्रतिवेदन | प्रदेशसँगको सहकार्यमा कार्यान्वयन हुने । |
| ट) शान्ति स्तम्भ र मध्यविन्दु स्तम्भ निर्माण | २ वर्ष भित्र सिक्लेसमा शान्ति स्तम्भ र कोरीमा मध्यविन्दु स्तम्भ निर्माण भएको हुने | गाउँपालिकाको कार्यक्रममा उल्लेख भएको | गाउँपालिका आफैंले ब्यबस्था गर्ने |
| **३. औद्योगिक तथा व्यवसायिक विकास** | | | |
| क) उद्योग ग्रामको निर्माण र संचालनको व्यवस्थापन | गाउँपालिकाको वडा नं. १२ मा सुविधा सम्पन्न उद्योग ग्राम स्थापना भई, स्थानिय श्रोतमा आधारति औद्योगिक वस्तुहरुको उत्पादन सुरु भएको हुने । | केन्द्र, प्रदेश, र गाउँपालिकाको प्रतिवद्धता र कार्यक्रममा समावेश | केन्द्र, प्रदेश, र गाउँपालिकाको समन्वयमा सञ्चालन हुने |
| ख) लघु तथा घरेलु उद्योगको पर्वद्धन | परम्परागत ज्ञान र सिपमा आधारति घरेलु तथा लघु उद्योगहरुलाई सहकारी मार्फत सञ्चालन गर्न आवश्यक सहयोग प्राप्त भएको हुनेछ । | केन्द्र, प्रदेश, र गाउँपालिकाको प्रतिवद्धता र कार्यक्रममा समावेश | गाउँपालिकाले सहयोगका लागि आवश्यक कानुनी व्यवस्था मिलाएको हुने । |
| ग) वन पैदावरमा आधारित लघु उद्योगहरुको विकास र प्रर्वद्धन | गाउँपालिकाको वन पैदावारको उपयोग भई काष्ठ उद्योग र | गाउँपालिकाको नीति तथा कार्यक्रममा | गाउँपालिकाको सहयोगमा निजी क्षेत्र, |

| | | | |
|---|---|---|---|
| कार्यक्रम | कृषि पैदावरको प्रशोधन उद्योग सञ्चालन भएको हुने । | समावेश | स्थानीय स्तरको उद्योग प्रवर्द्धनमा सक्रियताका साथ लागेको हुने । |
| घ) व्यापारिक केन्द्र, व्यवस्थित हाट बजार तथा वार्षिक महोत्सव सञ्चालन पूर्वाधार निर्माण | कृषि तथा वनमा आधारित उत्पादनको बजारीकरणका लागि साप्ताहिक, पाक्षिक हाट बजार सञ्चालन भएको र वार्षिक महोत्सव सञ्चालन भएको हुने । | गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश | गाउँपालिकाको सहयोगमा निजी क्षेत्र, स्थानीय स्तरको उद्योग प्रवर्द्धनमा सक्रियताका साथ लागेको हुने |
| **४. रोजगारी पर्वद्धन तथा गरिबी निवारण कार्यक्रम** | | | |
| क) गाउँपालिकाको सवै वडामा रोजगारी प्ववर्द्धनका लागि सीपमुलक तालिम, निर्माण दल गठन र परिचालन, स्वरोजगारका लागि वीउ पूँजीको प्रवन्ध गर्ने कार्यक्रम | वेरोजगार युवा स्वरोजगारमा लागेको र विकास निर्माणका काममा परिचालन भएको | गाउँपालिकाका सवै वडाहरुमा रोजगार प्राप्त युवाहरुको तथ्य संकलनको प्रतिवेदन | गाउँपालिकाले युवा लक्षित कार्यक्रम सञ्चालन र निजी क्षेत्रसँग समन्वय गर्ने । |
| ख) गरिवी निवारण तथा समृद्धिको कार्यक्रम र (गरिवी मापन र नक्साक्न गरी निरपेक्ष गरिवीको रेखामुनी रहेका जनसंख्याको पहिचान) गरिवहरुलाई १०० दिनको रोजगारीको सुनिश्चितता र अन्य आर्थिक कार्यक्रमसँग समायोजन । | ५ वर्ष भित्र गाउँपालिकामा निरपेक्ष गरिवीको रेखामुनी रहेको जनसंख्या शून्यमा झरेको हुने । | पारिवारिक सर्वेक्षण,गरिवी मापन र नक्सांकन प्रतिवेदन | गाउँपालिकको कार्यक्रममा परेकोले प्रभावकारी रुपमा कार्यान्वयन |
| **५. नविकरणीय ऊर्जा** | | | |
| क) उज्यालो मादी कार्यक्रम - वायोग्यॉस, धुवा रहित चुलो र सौर्य ऊर्जा मा सहयोग कार्यक्रम । | मादी गाउँपालिकाको कुनै पनि परिवार उज्यालो र ऊर्जाबाट वञ्चित नभएको हुने । | गाउँपालिकाको नीति तथा कार्यक्रममा प्राथमिकतामा परेको | गाउँपालिका र निजी क्षेत्रको सहकार्यमा प्रभावकारी कार्यान्वयन हुने । |

## ५.४ सामाजिक विकास योजना (Social Development Plan)

गाउँपालिकाको सामाजिक क्षेत्रहरुको पहिचान गर्दा सबैभन्दा बढी समस्याग्रस्त क्षेत्र शिक्षा हो । खासगरी माध्यमिक तहसम्मको शिक्षामा गुणस्तरमा कमी, प्राविधिक शिक्षालयको सञ्चालन नहुनु, उच्च शिक्षाको पहुँच नहुनु र विशेषगरी महिला साक्षरता दरमा कमी, पिछडिएका जेष्ठ नागरीक, अशक्त, अपांग, गरीब आदिलाई स्वास्थ्य क्षेत्रमा दिनुपर्ने सुबिधाको कमी, गाउँपालिका स्तरीय अस्पतालको अभाव, स्वास्थ्य चौकीको अभाव, भैरहेका स्वास्थ्य केन्द्रहरुमा अत्यावश्यक औषधी र सामग्रीहरुको अभाव, जनचेतनाका कमी, घरेलु हिंसा, लैङ्गिक विभेद, बेरोजगारी समस्या, युवालक्षित आयमुलक कार्यक्रमहरुको अभाव आदि जस्ता समस्याहरुको पहिचान गरिएको छ । सामाजिक विकास योजनाका लक्ष्य, उपलब्धि र कार्यक्रमहरु निम्नानुसार रहेका छन् :

**लक्ष्यः** शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा लैङ्गिक समानता वाल विकास, सामाजिक सुरक्षा, यूवा तथा खेलकुद कार्यकमहरुको सफल कार्यान्वयन गरी मादी गाउँपालिकाबाट वाहिर वसाइ सर्ने प्रवृतिलाई निरुत्साहित गर्ने, सुशिक्षित, स्वस्थ र सामाजिक न्यायसहितको समाज निर्माण गर्ने ।

**उपलब्धिः** गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी मा पहुँच बृद्धि गर्ने, लैङ्गिक, जातीय र वर्गीय समानता र सुरक्षा प्राप्त भएको हुने साथै बालबालिका, युवाको विकासमा योगदान हुने, बृद्ध असहाय तथा अपांगले सामाजिक सुरक्षा प्राप्त गरेको हुने, भाषा संस्कृति र कलाको संरक्षण भएको हुने ।

**कार्यक्रमहरुः**

**१. जनसंख्या व्यवस्थापन** :

- मादी गाउँपालिकावाट वाहिर वसाइँसराई जाने घरपरिवारलाई/व्यक्तिलाई मादी गाउँपालिकामा रहने वातावरण सिर्जनाका लागि गाउँपालिकाले प्राविधिक तथा उच्च शिक्षाको अवसर बृद्धि गर्ने, आयमूलक रोजगारीका अवसर सिर्जना गर्ने र दीर्घकालीन कार्यक्रम तय गरी क्रमश लागु गर्ने ।
- गाँउवैंसी बसाईसराई (Ridge to Valley Migration) लाई पनि निरुत्साहित गर्न शिक्षा स्वास्थ्य, रोजगारी पर्यटन आयआर्जन पूर्वाधार लगायत अन्य सेवा पुऱ्याउदा पुराना वस्तीहरुलाई लाभ हुने कार्यक्रम सञ्चालन गर्ने ।
- पुराना वस्तीहरु भन्दा माथि रहेका खर्क खर्तरीको विकास र वस्ती भन्दा तल आधुनिक कृषि तथा उद्योग व्यवसायको विस्तार मार्फत सन्तुलित विकासको माध्यमवाट पुराना मुल वस्तीहरु उजाड हुनवाट रोक्ने ।

**२. शिक्षाः**

क) साक्षरताः निराक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाई केन्द्र स्थापना गर्ने । यसका लागि प्रत्येक वस्तीमा आमा समूह महिला समूहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने र त्यसका लागि आवश्यक पर्ने श्रोत साधन तथा सामग्री गाउँपालिकाले उपलब्ध गराउने साथै आगामी ४ वर्षमा मादी गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने ।

ख) बालविकास केन्द्रः प्रत्येक वडाका वस्तीहरुमा बालविकास केन्द्रको स्थापना र सञ्चालनमा स्थानीय समुदायसँग सहकार्य गर्दै आवश्यक भौतिक, प्राविधिक एवं शैक्षिक जनशक्तिको प्रवन्ध मिलाउने । यस्ता केन्द्रहरुमा दिवा खाजा, पोशाक, शैक्षिक सामग्री र अन्य साधनहरु उपलब्ध गराउन गाउँपालिकाले/वडाले आवश्यक वित्तिय सहयोग गर्ने ।

ग) विद्यालय स्तरोन्नति कार्यक्रम

- आधारभूत तथा माध्यामिक तहको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन आफ्नो विद्यालय आफै बनाऊँ कार्यक्रम सञ्चालन गर्ने । यसका लागि स्थानीय समुदायलाई व्यवस्थापनको जिम्मा दिने ।
- आवश्यक जनशक्ति स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तर्जुमा, शैक्षिक सामाग्री तथा भौतिक सुविधाको विकासमा (कम्पाउन्ड वाल सहित) गाउँपालिकाले वडा मार्फत सहयोग गर्ने ।
- सबै माध्यामिक विद्यालयहरुलाई प्रभावकारी व्यवसायिक शिक्षा प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने ।
- पाठ्यपुस्तक, पुस्तकालय तथा आधुनिक सञ्चार प्रविधि (ईन्टरनेट) माथीको पहुँच सवै विद्यालयहरुमा समयमा नै पुऱ्याउने ।
- विषयगत शिक्षक व्यवस्थापन, शिक्षकहरुको नियमित विषयगत पूनर्ताजगी तालिम, नियमित पठनपाठनको अनुगमन उपलब्धिका आधारमा शिक्षकको कार्यदक्षता मूल्याङ्कन, वार्षिक शैक्षिक अडिट गर्ने र दण्ड एवं पुरस्कारको व्यवस्था लागू गर्ने । यस कामको लागि आवश्यक कानुनी र संस्थागत संयन्त्रको व्यवस्था गर्ने ।
- विद्यालयको शैक्षिक स्तरको उन्नतिको लागि शैक्षिक नेतृत्वको आवश्यकता भएकोले प्रत्येक विद्यालयको प्रधानाध्यापक सक्षम व्यक्तिलाई नियुक्त गर्ने र उसको निरन्तरता शैक्षिक उपलब्धिको मूल्याङ्कनमा निर्भर हुने व्यवस्था गर्ने ।
- जेहेन्दार, गरिव, उत्पिडित, असहाय र महिला छात्राहरुका लागि प्रत्येक आधारभूत तथा माध्यामिक विद्यालयमा छात्र, छात्रालाई छात्रबृत्ति प्रदान गर्ने ब्यवस्था मिलाउने ।

- ○ गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको कार्यक्रम सञ्चालन गर्ने ।
- ○ सम्पूर्ण विद्यालयमा भौतिक सुविधा सहित खेलकुद (Indoor and Outdoor Games) को व्यवस्था गर्ने ।
- ○ प्राविधिक तथा उच्च शिक्षा:
    - ➢ आगामी ४ वर्ष भित्रमा CTEVT वाट सम्वन्धन प्राप्त ध्रुव मावि तारकाङ र हिमालय मिलन मावि ताडतिङमा प्राविधिक शिक्षाको व्यवस्था गर्ने । यसका लागि आवश्यक योजना वनाई केन्द्र र प्रदेशवाट समपूरक वा विशेष अनुदान प्राप्त गर्न पहल कदमी गर्ने ।
    - ➢ आगामी ५ वर्ष भित्रमा भगवतिटारमा प्राविधिक महाविद्यालय स्थापना गर्ने ।
    - ➢ प्राविधिक उच्च शिक्षा हासिल गर्न चाहने मादी गाउँपालिकाभित्रका विद्यार्थीहरुलाई उच्च शिक्षामा आंशिक छात्रबृत्ति प्रदान गर्ने ।
- ● शैक्षिक गुणस्तर सुधारका लागि प्रयोगात्मक शिक्षण, स्थानीय पाठ्यक्रम (व्यवसायिक शिक्षा) र अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- ● आगामी ५ वर्ष भित्रमा गाउँपालिकामो एक वडा एक नमुना विद्यालयको (सुविधा सम्पन्न छात्रावास सहितको) रुपमा ब्यबस्थापन गर्ने ।
- ● शिक्षकलाई प्रविधिसँग परिचित हुन ICT तालिम एवं अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- ● गाउँपालिका भित्रका विद्यालयहरुमा किशोरीहरुलाई नि:शुल्क सेनिटरी प्याड वितरण गर्ने ।
- ● गाउँपालिका भित्रका विद्यालयहरुमा किशोर किशोरीहरुलाई प्रजनन स्वास्थ्य तथा लैङ्गिक समानता सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।
- ● विद्यालयका भौतिक पूर्वाधारहरु वाल मैत्री, अपाङ्गता मैत्री र किशोरी मैत्री वनाउने ।
- ● आधारभूत तहका प्राथमिक कक्षाहरुमा स्थानीय मातृभाषामा पठनपाठनको संभाब्यताको अध्ययन गरी क्रमश: लागु गर्दै जाने ।
- ● गाउँपालिका भित्रका विद्यालयहरुको अनुगमन गरी विद्यालय समायोजन प्रकृयालाई अगाडी बढाउने ।
- ● मादी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षा शाखाले स्थानीय पाठ्यक्रम निर्माण, शिक्षण सिकाई, शिक्षक तालिम, भौतिक सुविधा, अभिभावक सचेतिकरण, विद्यालय समायोजन लगायत विद्यालयको समग्र ब्यवस्थापनको लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### ३. स्वास्थ्य

- ● सरकारले तोकेको आधारभूत स्वास्थ्य सेवालाई आम जनताको पहुँचभित्र पुर्‍याउन आवश्यक श्रोत साधनको परिचालन गर्ने ।
- ● सुरक्षित मातृत्व र खोप, मातृशिशु स्वास्थ्य सेवालाई गाउँपालिकाका सवै वडाहरुका वस्तीहरुमा पुर्‍याउने ।
- ● गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य केन्द्रहरुमा आम जनताको पहुँच पुर्‍याउने ।
- ● गाउँपालिका अन्तरगत वसोवास गर्ने आम जनता विच स्वास्थ्य सम्वन्धी जनचेतना जगाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने साथै उपचारात्मकभन्दा रोकथाम पद्धतिलाई व्यापक वनाउन प्रयत्न गर्ने ।
- ● अति जटिल रोग हाल व्यापक भैरहेको परिप्रेक्षमा सो सम्वन्धी समस्याको समयमै सुसूचित हुनु अनिवार्य भैसकेको छ, तसर्थ जटिल रोगहहरुको कारण सम्वन्धमा स्वास्थ्य कर्मीवाट सचेतना गराउने ।

- हाल संचालनमा रहेको स्वास्थ्य केन्द्रहरुको सेवाको स्तर बृद्धि गर्नुको साथै सुविधा (प्रयोशाला, परिक्षण र औषधी) को विस्तार सूचिकृत गर्ने र स्वास्थ्य केन्द्र २४ सै घण्टा सञ्चालन गर्ने ।
- महिलाहरुको प्रजनन स्वास्थ्यका बारेमा ज्ञान दिलाउने र सुरक्षित प्रजननका निमित्त स्वास्थ्य संस्थामा सुत्केरी गराउन अभिप्रेरित गर्ने र आगामी पाँच वर्षभित्र घरमा सुत्केरी गराउने संख्या शून्यमा झार्ने (Zero Home Delivery) ।
- गाउँपालिकाका स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्ने ।
- गाउँपालिकाभित्र सवैलाई पायक पर्ने ठाँउ छनौट गरी कम्तिमा १५ सैयाको २ वटा गाउँपालिकास्तरका अस्पताल स्थापना गर्ने
- गाउँपालिकाभित्र शिशु, वाल तथा मातृ मृत्युदर घटाउन स्वास्थ्यकर्मीको प्रत्यक्ष सहयोगमा अवलम्वन गर्नुपर्ने सवै उपायहरु अपनाउने ।
- जेष्ठ नागरीकका स्वास्थ्य सेवाका लागि समय समयमा घुम्ती शिविरहरु सञ्चालन गरी उनीहरुको स्वास्थ्य परीक्षण गर्नुको साथै आवश्यक साधन, सेवा तथा श्रोतको उपलब्ध गराउने ।
- आयुर्वेदिक उपचारको पहुँच बढाउन गाउँपालिकाभित्र पायक पर्ने ठाउमा एउटा आयुर्वेदिक अस्पतालको स्थापना गर्ने र स्थानीय जडिवुटीहरुको पहिचान गरी प्रवर्द्धन र उपयोग गर्न प्रेरित गर्ने ।
- स्वास्थ्य सम्वन्धी पूर्वाधारहरु निर्माण गर्दा अपाङ्ग मैत्री, कीशोर किशोरी मैत्री एवं IT मैत्री बनाउने ।
- छोरा छोरीको बिचको विभेद अन्त्य गर्न गर्भ पहिचान गरी गर्भपतन गर्ने प्रचलन लाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने र गाउँपालिकाले छोरीलाई आधारभूत तह सम्मको शिक्षामा विशेष सहयोग गर्ने ।
- कुपोषित गर्भवति तथा सुत्केरी आमा तथा बालबालिकाहरुका लागि विशेष पोषण कार्यक्रम संचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने ।
- निशुल्क स्वाथ्य सेवा प्राप्त गर्ने जनसंख्याको तथ्यांक संकलन गर्ने ।
- प्रत्येक वडाका मुख्य वस्तीहरुमा एक एक वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने ।
- जेष्ठ नागरीक, महिला स्वयं सेविका, असहाय, एकल महिला र विपन्न वर्गको तथ्यांक अद्यावधिक गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- असाध्य ८ वटा रोगहरुको उपचार निःशुल्क हुने कुराको जानकारी सर्वसाधारण लाई गराउने
- खोप, औषधी तथा उपकरणको भण्डारणका लागि आधुनिक सुविधा सम्पन्न Cold Storage भवनको निर्माण गर्ने र Blood Bank को समेत व्यवस्थापन गर्ने ।
- एम्वुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गर्नका लाीग स्थानीय क्लब, समुदाय वा संस्थाहरुलाई व्यवस्थापनको जिम्मा दिने ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न असहाय, बिपन्न वर्गका लागि स्वास्थ्य विमा कोष स्थापना गरी सञ्चालन गर्ने ।
- गाउँपालिकामा एक सुरक्षित प्रसुती कोष स्थापना गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन, कोष व्यवस्थापन गरी Mobile Reporting System मा सक्षम बनाउने ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई अतिरित्त कामको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

## ४. खानेपानी

- गाउँपालिकाका सवै वडा अन्तरगत रहेका वस्तीहरुमा एक घर एक धारा शुद्ध खानेपानीको वितरणको व्यवस्था सुनिश्चित गर्ने ।
- गाउँपालिका अन्तरगत रहेका सवै खानेपानीका श्रोतहरुको उचित संरक्षणको व्यवस्था गर्ने ।
- खानेपानीको श्रोतको अभााव भएका वस्तीहरुमा खानेपानीको वैकल्पिक उपायहरुको खोजी गरी समाधानका उपायहरु निकाल्ने । (जस्तै : सौर्य शक्तिमा आधारित लिफ्ट प्रणालीवाट खानेपानी आपूर्ति गर्ने) वर्षाद्को पानी जम्मा गरी काम चलाउने उपायसमेत अपनाउने, यसका लागि गाउँपालिकाले अनुदान सहयोग जुटाउने ।

## ५. महिला विकास तथा लैङ्गिक समानता

- गाउँपालिका भित्र महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आगामी ५ वर्ष भित्रमा गाउँपालिकालाई महिला हिंसा मूक्त बनाउने ।
- गाउँपालिका भित्र बाल विवाहलाई निरुत्साहित गर्न कार्यक्रमहरु सञ्चालन गर्ने
- महिला, गरिव बालबालिकाहरुका लागि छात्रबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- हाल कार्यरत महिला स्वंयसेविका /सामाजिक परिचालकहरुलाई उत्प्रेरित गरी उनीहरुको कार्य क्षमता बृद्धि गर्ने खालका कार्यक्महरु सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्र निर्माण हुने विकास निर्माणका परियोजनाहरुमा महिलाहरुको सहभागिता सुनिश्चित हुने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- गाउँपालिकाभित्र परम्परागत सीपमा आधारित भई उत्पादन क्षेत्रमा लागेका महिलाहरुलाई उन्नत सिप, तथा क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम एवं कार्यशालाको व्यवस्था गर्ने ।
- महिलाद्धारा संचालित उद्योग तथा आर्थिक कियाकलापलाई सघाउन सहुलियत ऋण, अनुदानका कार्यक्रम सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्र रहेका दलित, पिछडिएको वर्ग एवं गरिव महिलाहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्र विद्यालयको पहुँचभन्दा टाढा रहेका छोरीहरुलाई विद्यालय पठाउने कार्यक्रम सञ्चालन गर्ने र आगामी ४ वर्षभित्र गाउँपालिकाका सवै छोरीहरुलाई विद्यालय पठाउन अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्र समुहमा उद्यम गर्न खोज्ने महिला समुह तथा क्लवहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदानको कार्यक्रम सञ्चालन गर्ने ।
- महिलाहरुको घरायसी कामको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने र राष्ट्रिय आम्दानीमा त्यसको गणना गर्न पहल समेत गर्ने ।
- मुलुकी संहिता र अन्य कानुनी सचेतना सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने ।

## ६. बालविकास कार्यक्रम

- गाउँपालिकाभित्रका सवै वडाका वस्तीहरुमा बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्र संचालित वालविकास केन्द्रहरुको अनुगमन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक ठाउँमा बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्रका सवै पायक पर्ने ठाउहरुमा वाल उद्यान एवं बाल क्लवको निर्माण गर्ने ।
- गाउँपालिका भित्र बाल पुस्तकालय स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- वाल शिक्षा सम्वन्धी प्रकाशनमा सहयोग गर्ने ।

- गाउँपालिक स्तरीय बाल संजाल गठन गर्ने ।
- प्रारम्भिक वाल विकासका लागि अभिभावक सचेतना तथा पोषण कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले सहयोग गर्ने ।
- वालवालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त कियाकलापहरु सञ्चालन गर्न सहयोग गर्ने ।

## ७. दलित एवं पिछडीएको वर्ग उत्थान

- गाउँपालिकाभित्र रहेका सवै दलित तथा उत्पिडितहरुका लागि शसक्तिकरण कार्यक्रम सञ्चालन गर्ने । सशक्तिकरण अर्न्तगत शिक्षा, स्वास्थ्य, आयआर्जनका कार्यक्रम संचालनमा सहयोग गर्ने ।
- छुवाछुत र विभेद जस्ता कुरीतिको अन्त्य गर्न सचेतना कार्यक्रमहरु (पोष्टर, जनचेतना,गोष्ठी, सार्वजनिक सूचना) सञ्चालन गर्ने ।
- दलित युवाहरुलाई व्यवसायिक तालिम प्रदान गर्ने ।
- आधारभूत तथा माध्यामिक तहको शिक्षामा दलितहरुलाई छात्रबृत्तिको व्यवस्था गर्ने ।

## ८. सामाजिक सुरक्षा

क) जेष्ठ नागरीक सम्मान तथा हेरचाह

- जेष्ठ नागरीकहरुको तथ्यांक अद्यावधिक गर्ने ।
- जेष्ठ नागरीकहरुका लागि वस्तीस्तरमा जेष्ठ नागरीक केन्द्र स्थापना गर्ने र उक्त केन्दमा योगा, मनोरञ्जन तथा अन्य अन्तरकिया कार्यक्रम सञ्चालन गर्ने ।
- जेष्ठ नागरीकहरुको स्वास्थ्य नियमित जाँच गराउने सेवा उपलब्ध गराउने ।
- जीविका तथा सम्मान स्वरुप नियमित भत्ता उपलब्ध गराउने ।
- प्रदेश सरकारको कार्यक्रम अन्तरगत एक स्थानीय तह एक जेष्ठ नागरिक आश्रयस्थलको छनोट गरी निमाणका लागि प्रदेश सरकारसँग समन्वय गर्ने ।

ख) असहाय तथा अपाङ्गता संरक्षण कार्यक्रम

- अपाङ्गता भएकाहरुलाई सहयोगी साधन वैशाखी र Wheel Chair प्रदान गर्ने ।
- अपाङ्गता भएकाहरुका लागि आयमूलक सीप प्रदान गर्ने ।
- असहाय द्वन्द्वपीडित वालवालिका तथा एकल महिलालाई संरक्षण तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अपाङ्गताको किसिमअनुसार वर्गीकरण गरी परिचय पत्र अनुरुप भत्ता उपब्ध गराउने ।
- गाउँपालिकाका हरेक पूर्वाधारहरु अपाङ्मैत्री रुपमा निर्माण गर्ने ।

## ९. जनजाति उत्थान

- गाउँपालिकामा बसोवास गर्ने जनजातिहरुको तथ्यांक अद्यावधिक गर्ने । उनीहरुको भाषा, संस्कृति, पुरातात्विक स्थलहरुको संरक्षण गर्ने । सिक्लेस र पाखुरीकोटमा जनजाति सङ्ग्रहालय निर्माण गर्ने ।
- जनजातिहरुको भाषा संरक्षण गर्न आधारभूत तहमा पाठ्यक्रम निर्माण गर्ने र विद्यालय तहमा लागू गर्ने साथै शिक्षण सिकाइका लागि आवश्यक जनशक्ति तयार गर्ने ।
- गुरुङहरुको आदिम ऐतिहाँसिक बसोवास स्थल क्होला सोंथर लाई पर्यटकीय आकर्षक स्थलको रुपमा विकास र प्रवर्द्धन गर्ने ।

## १०. युवा तथा खेलकूद

- युवाहरुको सक्रियता र स्थानीय विकासमा सहभागिता बृद्धि गर्न गाउँपालिकाभित्रका विकास निर्माणका क्रियाकलापहरुमा सहभागी हुनेगरी युवा निर्माण दल गठन गर्ने ।
- युवाहरुका स्थानीय क्लवहरुलाई विकास निर्माणका कार्यक्रमहरुसँग आवद्ध गर्ने । यिनीहरुलाई साधन, श्रोत तथा तालिम प्रदान गर्ने ।
- युवाहरुका लागि सुरक्षित वैदेशिक रोजगार प्रशिक्षण प्रदान गर्ने ।

### खेलकुद

- मादी गाउँपालिकामा खेलकुदका क्रियाकलापहरु सञ्चालन गर्न क्रमश प्रत्येक वडामा एक एक खेल मैदान निर्माण गर्ने र भैरहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्ने ।
- पार्चेको रंग्यो खेलमैदानलाई गाउँपालिकस्तरीय सुविधा सम्पन्न खेलकुद मैदान निर्माण गर्न प्रदेश सरकारसँग समन्वय गर्ने ।
- मादी गाउँपालिकाका मूख्य खेलहरु (फुटवल, बास्केटवल, भलिवल, छेलो, क्रिकेट, एथलेटिक्स आदि) समेटी गाउँपालिकास्तरको अन्तरक्लव, अन्तरवडा तथा खुला खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
- गाउँपालिकावाट खेलकुदका प्रादेशिक तथा राष्ट्रिय कार्यक्रमहरुमा खेलाडीहरुलाई सहभागी गराउन सहयोग गर्ने र ख्याती प्राप्तखेलाडीहरुलाई सम्मान र पुरस्कृत गर्ने ।
- गाउँपालिकाभित्रका खेलाडीहरुको सीप विकास र स्तरोन्नतिका लागि गाउँपालिकावाट आवश्यक भौतिक, आर्थिक तथा संस्थागत सहयोगको व्यवस्था गर्ने ।

## ११. साहित्य कला तथा संस्कृति प्रवर्द्धन

- मादी गाउँपालिकाका ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरुको पहिचान गरी पुस्तिका प्रकाशन गर्ने साथै उक्त स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- गाउँपालिकाभित्रका लोक संस्कृतिसँग सम्वन्धित (सोरठी, घाँटु, पञ्चेवाजा, भजन चुट्का) विभिन्न सांस्कृतिक गतिविधिहरुको उत्थान र संरक्षणका निम्ति उपयुक्त नीति निर्धारण गर्ने ।
- गाउँपालिका अर्न्तगत साहित्य कलाको प्रवर्द्धनका लागि गाउँपालिका/वडा स्तरीय प्रतिस्पर्धा नियमित रुपमा आयोजना गर्ने साथै गाउँपालिका भित्र रहेका कवि, कलाकार, साहित्यकारहरुलाई उत्प्रेरित गर्ने ।
- एउटा गाउँपालिका स्तरको बौद्ध गुम्वा स्थापना गर्न र लामा स्कुलको स्थापना गर्नका लागि सम्भाव्यताको अध्ययन गर्ने ।
- भाषा, लिपी, धर्म,साहित्य, कला तथा संस्कृतिको संरक्षणको लागि गाउँपालिका स्तरको एक प्रतिष्ठान स्थापना गर्न पहल गर्ने ।

## १२. नागरीक सचेतना कार्यक्रम

- गाउँपालिकाभित्रका सवै नागरीकहरुलाई शिक्षा, स्वास्थ्य, वातावरण, कानुन आदि विषयमा नियमित रुपमा सम्वन्धित निकायको संयोजनमा उपयुक्त समय हेरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- नागरीक अधिकार तथा कर्तव्यको पालनाका लागि नागरीक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

## १३. श्रोत तथा साधनमा पहुँच

- गाउँपालिका अन्तर्गत वसोवास गर्ने विपन्न वर्ग, सीमान्तकृत, महिला, उत्पिडित, वर्गहरुको गाउँ पालिकाको सार्वजनिक श्रोत र साधनहरुमा पहुँच सुनिश्चित गर्ने ।
- गाउँपालिका अर्न्तगत रहेका सार्वजनिक श्रोत तथा साधनमा पहुँच नपुगेका नागरीकहरुको पहिचान गरी  उनीहरुलाई तत् तत् सार्वजनिक श्रोत तथा साधनको उपभोग गर्ने उपभोक्ता समितिहरुमा (वन, खानेपानी, कृषि, सहकारी आदि) समावेश गरी पहुँच सुनिश्चित गर्ने ।

**तालिका ५.३: सामाजिक विकास सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कार्यक्रमहरु | सूचक | पुष्ट्याइएको आधार | पूर्वानुमान |
|---|---|---|---|
| **१. शिक्षा** | | | |
| क) सघन साक्षरता कार्यक्रम | मादी गाउँपालिकालाई ५ वर्ष भित्र पूर्ण साक्षर भएको घोषणा | गाउँपालिकाको प्रतिवेदन | स्थानीय आमा समूह टोल सुधार समितिको समन्वयमा साक्षरता कार्यक्रम भएको गाउँपालिका |
| ख) वाल विकास केन्द्र प्रवर्द्धन | प्रत्येक वडामा वालविकास केन्द्रको स्थापना भएको हुनेछ र ती केन्द्रहरुमा आवश्यक श्रोत साधन उपलब्ध भएको हुनेछ । | गाउँपालिकाको प्रतिवेदन | वडा तथा स्थानीय गैर सरकारी संस्था को समन्वयमा कार्यक्रम कार्यान्वयन हुने |
| ग) विद्यालय शिक्षा स्तरोन्नती, शिक्षक दरबन्दी समायोजन तथा व्यवस्थापन कार्यक्रम | मादी गाउँपालिका भित्रका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुको गुणस्तर वृद्धि भएको हुने । | गाउँपालिका शिक्षा शाखाको प्रतिवेदन । | गाउँपालिका, वडा र स्थानीय व्यक्ति को सयुक्त पहलमा गुणस्तर वृद्धि गर्न जनशक्ति, शैक्षिक सामाग्री, संचार प्रविधि, शिक्षक व्यवस्थापन तालिम, सक्षम नेतृत्व, एवं प्रभावकारी अनुगममन भएको हुने । |
| घ) गाउँपालिका भित्र आवासीय विद्यालय स्थापना | संभावित विद्यालयहरुलाई छात्रावास सुविधा सहित एकीकरण गरी आवासीय विद्यालयहरुको स्थापना भएको हुने । | गाउँपालिकाको शिक्षा शाखाको प्रतिवेदन । | संभाव्यता अध्ययन भई कम्तीमा दुई नमूना विद्यालय स्थापना हुने गाउँपालिकाले केन्द्र र प्रदेशको समन्वयमा प्राविधिक शिक्षालय भएको हुने । |
| ङ) प्राविधिक शिक्षालयहरुको स्थापना र संचालन | ५ वर्षभित्र गाउँपालिकाको २ माविमा प्राविधिक शिक्षालयको स्थापना भएको हुने । | गाउँपालिकाको शिक्षा शाखाको प्रतिवेदन | संघ वा प्रदेशस्तरीय विश्वविद्यालयसँगको सम्बन्धनमा गाउँपालिकाले कार्यान्वयन गरेको हुने । |
| च) प्राविधिक महाविद्यालय/क्याम्पस स्थापना गर्ने | संभाव्यताका आधारमा विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी १ प्रविधिक महाविद्यालय भगवतीटारमा स्थापना भएको हुने | गाउँपालिकाको आवश्यकता पहिचान र शिक्षा सम्बन्धी प्रतिवेदन | संघ वा प्रदेशस्तरीय विश्वविद्यालयसँगको सम्बन्धनमा गाउँपालिकाले कार्यान्वयन गरेको हुने । |
| **२ स्वास्थ्य** | | | |
| क) गाउँपालिका स्तरीय अस्पताल स्थापना गर्ने । | ५ वर्षभित्र प्रदेश सरकारको सहयोगमा २५ शैयाको अस्पताल निर्माण भई सेवा उपलब्ध भएको हुने । | प्रदेश सरकारको कार्यक्रम परेको | प्रदेशसँग समन्वयमा कार्यान्वयन हुने । |

| | | | |
|---|---|---|---|
| ख) स्वास्थ्य संस्थाहरुको स्तरीकरण | गाउँपालिकाको प्रत्येक वडामा १-१ स्वास्थ्य केन्द्रमा चिकित्सक सहितको प्रयोगशाला परीक्षण र औषधीको उपलब्ध भएको हुने । | गाउँपालिकाको प्रतिवद्धता र स्वास्थ्य शाखाको प्रतिवेदन | गाउँपालिकाको प्रतिवद्धता वमोजिम काम भएको हुने । |
| ग) जनस्वास्थ्य प्रवर्द्धन ( रोकथाम र सचेतना कार्यक्रम) | गाउँपालिकाको प्रत्येक वडामा स्वास्थ्यकेन्द्रहरु मार्फत मातृशिशु, प्रजनन, खोप, जेष्ठ नागरीक स्वास्थ्य सेवाहरु उपलब्ध हुने । जनचेतनाको लागि अभियानहरु सञ्चालन भएको हुने । | गाउँपालिकाको प्रतिबद्धता र स्वास्थ्य शाखाको प्रतिवेदन | गाउँपालिकाको प्रतिवद्धता वमोजिम काम भएको हुने । |
| घ) आर्युर्वेद उपचार केन्द्र तथा औषधी प्रर्वद्धन | गाउँपालिकाको एक स्थानमा आर्यूर्वेदिक उपचार सेवा दिने अस्पतालको स्थापना भएको हुने र स्थानीय जडिवुटीहरुको पहिचान र प्रर्वद्धन र उपयोगमा वृद्धि भएको हुने । | गाउँपालिकाको स्वास्थ्य सर्वेक्षण प्रतिवेदन | गाउँपालिकाको प्रतिवद्धता हुने |
| **३ खानेपानी** | | | |
| क) खानेपानीको प्रभावकारी वितरण | ५ वर्षभित्र गाउँपालिकाको हरेक घरमा खानेपानीको १ धारा पुगेको हुने । | गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश | गाउँपालिकाको प्रतिबद्धता वमोजिम काम भएको हुने । |
| ख) संचालित खानेपानी परियोजनाहरुको संरक्षण र व्यवस्थापन | सबै खानेपानी परियोजनाहरु व्यवस्थित रुपमा सञ्चालन भएको हुने | गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश | गाउँपालिका र स्थानीय उपभोक्ता हरुको सहकार्यमा सञ्चालन र व्यवस्थापन भएको हुने । |
| **४ महिला विकास तथा सशक्तिकरण** | मादी गाउँपालिकाका विभिन्न क्षेत्र र वर्गका महिलाहरुको सीप, रोजगारीको प्रर्वद्धन मार्फत, जीवनस्तर उठेको हुने । साथै महिला हिसां र विभेद न्यूनीकरण भएको हुने । | गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश | गाउँपालिकाको प्रतिवद्धता वमोजिम र आमासमूह को सहकार्यमा प्रभावकारी कार्यान्वयन भएको हुने । |
| **५.बालविकास कार्यक्रम** | गाउँपालिकाको सबै वडामा वाल विकास कार्यक्रम सञ्चालन वालउद्यान को निर्माण र वाल क्लवको स्थापना मार्फत वालबालिकाको स्वास्थ्य, शिक्षा र सहभागितामा वृद्धि भएको हुने । | गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश | बालक्लवहरुको सहकार्यमा कार्यक्रम सञ्चालन हुने |
| **६.दलित तथा पिछाडिएको वर्ग उत्थान कार्यक्रम** | दलित तथा पिछाडिएको वर्गको शिक्षा, स्वास्थ्य र आयआर्जनमा पहुँच हुने । दलित यूवा व्यवसायिक तालिम तथा छात्रवृत्ति प्राप्त गरी आय आर्जन वृद्धि भएको हुने । | गाउँपालिकाको सामाजिक विकास प्रतिवेदन | गाउँपालिकाको प्रतिवद्धता र विकास प्रतिवेदन |
| **७.जेष्ठ नागरीक सम्मान तथा हेरचाह कार्यक्रम** | जेष्ठ नागरीकहरुको नियमित स्वास्थ्य जाँच भएको हुने, उनीहरुको सम्मान भएको हुने र उनीहरुलाई मनोरञ्जनको साधन र स्थल प्राप्त भएको हुने । नियमित भत्ता उपलब्ध भएको हुने । | केन्द्रीय, प्रदेश र गाउँपालिकाको नीति तथा कार्यक्रम | गाउँपालिकाले प्रदेश र केन्द्रीय सरकारको सहयोगमा कार्यक्रम सञ्चालन गरेको हुने । |
| **८.असहाय तथा अपांङ्ग सहयोग र संरक्षण कार्यक्रम** | अपांङ्गहरुलाई आवश्यक सीप र साधन प्राप्त भएको हुने । असहाय, द्वन्द पीडित र एकल | गाउँपालिकाको नीति तथा कार्यक्रममा | दातृनिकाय, गैरसरकारी संस्था र गाउँपालिकाको समन्वयमा कार्यक्रमहरु |

| | | | |
|---|---|---|---|
| | महिलाले संरक्षण सीप र आयमूलक कार्यमा संलग्न भएको हुने । | परेको | कार्यान्वयन हुने । |
| **९.जनजाति उत्थान कार्यकमः** ( जनजाति संग्रहालय निर्माण, आधारभूत तहमा जनजातिको भाषामा पाठ्यकम निर्माण भई कार्यान्वयन, गुरुङ्गको आदिम ऐतिहासिक स्थल (क्होला सांथर) को विकास | जनजातिहरुले आफ्नो सांस्कृतिक, भाषा र पूरातात्विक स्थल को संरक्षण भएको महशुस गर्ने । | प्रदेश र गाउँपालिकाको गौरवको कार्यकममा परेको । | प्रदेश र गाउँपालिकाको समन्वयमा सञ्चालन भएको हुने । |
| **१०. युवा तथा खेलकुद** | | | |
| क) युवा निर्माण दल गठन युवा क्लवलाई विकास निर्माणमा आवद्ध गर्ने एवं यूवा क्लवलाई तालिम प्रदान गर्ने | स्थानीय युवाहरु गाउँपालिकाको विकास निर्माणमा सहभागी भएको हुने । | प्रदेश र गाउँपालिकाको गौरवको कार्यकममा परेको । | गाउँपालिकाले स्थानीय युवाक्लवको समन्वयमा कार्यकम सञ्चालन गर्ने । |
| **ख) खेलकुद :** गाउँपालिका स्तरीय खेल मैदान निर्माण र वडास्तरीय खेल मैदानको निर्माण र स्तरोन्नति, अन्तरवडा, अन्तरक्लव र खुला खेलकुद प्रतियोगिता सञ्चालन गर्ने र खेलाडीको सम्मान र सहयोग | यूवाहरुको खेलको माध्यमबाट सकिय स्वास्थ्य र खेलकुद क्षेत्रमा सहभागिता वृद्धि भएको हुने । | प्रदेश र गाउँपालिकाको गौरवको कार्यकममा परेको । | प्रदेश र गाउँपालिका र स्थानीय यूवा क्लवहरुको समन्वयमा कार्यकम कार्यान्वयन भएको हुने । |
| **११. साहित्य, कला एवं संस्कृतिको प्रवर्द्धन** ( गाउँपालिकाको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलसँग सम्वन्धित पत्रिका प्रकाशन, संरक्षण र सम्वर्द्धन गर्ने । लोक संस्कृति र संरक्षण र सम्वर्द्धन गर्ने र प्रतिपर्धात्मक कार्यकम आयोजना गर्ने) | गाउँपालिका भित्रको भौतिक कला, संस्कृतिको संरक्षण र संवर्द्धन भएको हुने । | गाउँपालिकाको कार्यकम समावेश भएको | गाउँपालिकाले प्रवर्द्धन गर्ने |

## ५.५ वातावरण संरक्षण तथा दीगो विकास योजना (Environmental Protection and Sustainable Developmnet Plan)

मादी गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक वातावरण मुलुकको अन्य स्थानमा जस्तै दिनप्रतिदिन ह्रास हुँदै गैरहेकोले यसको व्यवस्थापनमा ध्यान जानु जरुरी छ । विशेषगरी भूक्षय, बाढी पहिरो, नदी कटानले वर्षेनी भौतिक तथा मानवीय क्षती हुँदै गैरहेको छ । दीगो पर्यटनको विकासको लागि सामाजिक सांस्कृतिक पक्षलाई ध्यानमा राखी निम्नानुसारका लक्ष्य, उपलब्धी र कार्यक्रमहरु प्रस्ताव गरिएको छ :

**लक्ष्यः** प्राकृतिक तथा सांस्कृतिक वातावरणको संरक्षण गरी कृषि, पशुपालन, पर्यटन, उद्योग तथा व्यवसायको दीगो विकास गर्ने ।

**उपलब्धीः** गाउँपालिका भित्रको वन, जैविक विविधता, धरातलीय स्वरुपको संरक्षण गर्दै प्राकृतिक वातावरण संरक्षित रहेको हुने, सरसफाइ र फोहोरमैलाको व्यवस्थान भई जनताको स्वास्थ्य स्थितिमा सुधार भएको हुने, पार्क बगैचाहरु निर्माण भई सुन्दरतामा सुधार भएको हुने र जलवायु परिवर्तनप्रति सचेत भई अनुकुलन कार्यक्रमहरु अबलम्बन गरिएको हुने ।

**कार्यक्रमहरुः**

## १. वन तथा वातावरण संरक्षण

- गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरु (वन, जंगल, जग्गा, गुम्बा, पाटी, पौवा, मन्दिर आदि) को नापजाँच तथा एकिकृत अभिलेख कायम गरी संरक्षणको रणनीति तयार गर्ने ।
- गाउँपालिका अर्न्तगतका सार्वजनिक सम्पत्तिहरुको प्रवर्द्धन गर्न उपयुक्त विकास योजनाहरु तर्जुमा गर्ने ।
- वातावरणीय सौन्दर्य कायम राख्न अभिप्रेरित गर्ने खालका वोर्डहरु राख्ने ।
- गाउँपालिका भित्रका सवै विद्यालयहरुमा अनिवार्य रुपमा प्रकृति क्लवहरु गठन गर्ने ।
- गाउँपालिका भित्र रहेका विभिन्न किसिमका वनस्पतिका प्रजातिहरु र औषधिजन्य जडिवुटीहरुको अनुसन्धान गरी अभिलेख तयार गरेर त्यसको संरक्षण र सम्वर्द्धन गर्ने ।
- गाउँपालिका भित्रका वन जंगल क्षेत्रमा रहेका विभिन्न किसिमका वन्यजन्तुहरु र लोपोन्मूख वनयजन्तुहरुको अध्ययन अनुसन्धान र संरक्षणका कार्यक्रमहरु अबलम्वन गर्ने ।
- ACAP को सहकार्यमा अवैध चोरी शिकार नियन्त्रण र संरक्षण शिक्षा सञ्चालन गर्ने ।

## २. सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुमा सरसफाईको व्यापक सचेतना कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने ।
- गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुमा संकलन भएको फोहोरमैला उचित विर्सजन गर्न कन्टेनरहरुको व्यवस्था गर्ने ।
- फोहोरको किसिम स्रोतमै छुट्याएर रिसाईक्लिङ्ग गर्ने तथा कम्पोष्ट मल बनाउने ।
- गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुवाट उत्पन्न हुने तरल फोहोरलाई सुरक्षित विर्सजन गर्ने ।
- सडक, नदी किनार, पहिरो, नाङ्गा पाखा आदि क्षेत्रमा बृक्षारोपण गरी वन क्षेत्रमा कृषि वन प्रवद्धन गर्ने ।
- सामुदायिक र संरक्षित वनमा बैज्ञानिक वन ब्यवस्थापन कार्यक्रम संचालन गर्ने ।
- वन क्षेत्रमा हुने बाढी, पहिरो, भूक्षय र आगलागि नियन्त्रणका उपायहरुको सचेतना कार्यक्रम संचालन गर्ने ।
- मानव र वन्यजन्तु बिचको द्वन्दलाई उचित ढंगले ब्यवस्थापन गर्ने ।
- खर्क खर्तरीको उचित ब्यवस्थापन कार्यक्रम संचालन गर्ने ।

## ३. पार्क तथा वगैचा निर्माण

- गाउँपालिका/वडा कार्यालयहरुले आफ्नो हाताभित्र सुन्दर नमुना वगैचा निर्माण गर्ने र सोही वगैचालाई नमुना गराई वस्ती वस्तीमा वगैंचा विस्तार गर्न उत्प्रेरित गर्ने ।
- गाउँपालिका अर्न्तगत रहेका दृश्यावलोकनका लागि उपयुक्त स्थानहरुमा वडा मार्फत आकर्षक पार्कहरु निर्माण गर्ने ।
- गाउँपालिकाले वातावरण कोष निर्माण गरी सो कोषको रकम बृक्षारोपण, विरुवा उत्पादन, पहिरो नियन्त्रण लगायतका कार्यक्रममा प्रयोग गर्ने ।
- गाउँपालिकाले साझेदारी निजि तथा सार्वजनिक सहकार्यमा वातावरण मैत्री पर्यटकीय हरियाली पार्क तथा पिक्निक स्थलहरुको निर्माण गर्ने ।

## ४. जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

- विश्वव्यापी तथा स्थानीय रुपमा जलवायुको मुद्धा टड्कारो भैरहेको परिप्रेक्ष्यमा प्रत्येक नागरीकलाई जलवायु परिवर्तन सम्वन्धी सही जानकारी उपलब्ध गराउन गाउँपालिकाले समय समयमा जलवायू सम्वन्धी विज्ञद्धारा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- जलवायू परिवर्तनको असरलाई ध्यानमा राखेर गाउँपालिका अर्न्तगतका उपयुक्त स्थानमा जलवायु परिवर्तनको अभिलेख तयार गर्न कम्तिमा तापक्रम, वर्षा, सापेक्षिक आर्द्रता मापन स्टेसन स्थापना गर्ने ।
- जलवायू परिवर्तनको कारणले तापक्रम, वर्षा, सापेक्षित आर्द्रतामा आएको परिवर्तन सँग अनुकूलन हुने विधि वारे जानकारी गराउने र सोही अनुसारका मानवीय क्रियाकलाप सञ्चालन गर्ने ।

## ५. हिमताल, जलाधार एवं भू-संरक्षण कार्यक्रम

- मादी गाउँपालिकामा रहेका हिमतालहरुको पहिचान गरी संरक्षणका उपायहरु अवलम्वन गर्ने ।
- मादी नदी र अन्य खोलाहरुको जलाधार क्षेत्रमा भएको भूक्षय नदी कटान नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

**तालिका ५.४: वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कार्यक्रमहरु | सूचक | पुष्ट्यांइएको आधार | पूर्वानुमान |
|---|---|---|---|
| **१. वातावरण संरक्षण योजना** | | | |
| क) गाउँपालिका भित्रका वन जंगल, सार्वजनिक जग्गा गुम्वा, मन्दिर, पाटीपौवाको संरक्षण गर्ने, वातावरणीय सौन्दर्य कायम गर्न जनचेतना अभिवृद्धि गर्ने । प्रत्येक विद्यालयमा प्रकृति क्लव गठन गर्ने | गाउँ भित्रको प्राकृतिक र सांस्कृतिक क्षेत्रहरु संरक्षण र प्रवर्द्धन भएको हुने । | दीगो विकासमा गाउँपालिकाको प्रतिवद्धता | ACAP, गैर सरकारी संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन भएको हुने । |
| ख) सरसफाइ तथा फोहर मैला व्यवस्थापन | सबै वस्ती हरुमा सचेतना वृद्धि भई सरसफाइमा सुधार भएको हुने, सबै वस्ती हरुबाट संकलित नकुहिने फोहोरमैला को उचित र सुरक्षित विर्सजन भएको हुने । | गाउँपालिकाको प्रतिवद्धतामा समावेश भएको । | गाउँपालिकाले स्थानीय तहमा समन्वय गरी फोहरमैला व्यवस्थापन गरिएको हुने । |
| ग) पार्क तथा वगैचा निर्माण कार्यक्रम, अफिस, विद्यालय र घरहरुमा वगैचाहरुको निर्माण गर्न उत्प्रेरित गर्ने, दृश्यावलोकनमा आकर्षक पार्कहरु निर्माण गर्ने, पर्यटकिय हरियाली पार्क र पिकनिक स्थलको निर्माण गर्ने । | स्थानीय वासिन्दा, वडा कार्यालय, निजी क्षेत्रको सहकार्यमा वातावरण मैत्री पार्क तथा स्थलहरुको निर्माण भएको हुने | गाँउपाीकाको कार्यक्रम तथा प्रतिवद्धता | स्थानीय समूदाय निजी क्षेत्र र गाउँपालिकाको सहकार्यमा सञ्चालन हुने |
| घ) जलवायू परिवर्तन अनुकुलन कार्यक्रम (सचेतना कार्यक्रम, जलवायू मापन स्टेशनको स्थापना, अनुकुलनका कार्यक्रम हरु) सञ्चालन गर्ने । | स्थानीय जनताहरु जलवायु परिवर्तन सम्बन्धी सचेत भएको हुने, जलवायू मापन स्टेशनको स्थापना सम्बन्धित क्षेत्र अनुकूलन कार्यक्रममा सहभागी भएको हुने । | गाउँपालिकाको कार्यक्रम तथा प्रतिवद्धता | गाउँपालिका र स्थानीय समुदाय र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |
| ङ) हिमताल, जलाधार तथा भुसंरक्षण कार्यक्रम | गाउँपालिका भित्रका हिमताल, जलाधार र जोखिम यूक्त भूमिको संरक्षण भएको हुने । | गाउँपालिकाको कार्यक्रम तथा प्रतिवद्धता | गाउँपालिका र स्थानीय समुदाय र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |

## ५.६ प्रकोप तथा विपद् व्यवस्थापन योजना (Disaster management Plan)

गाउँपालिकामा हुन सक्ने प्रकोपहरुको व्यवस्थापन गर्नु जरुरी हुन्छ । विशेषगरी आगलागि, भूकम्प, बाढी, पहिरो, जंगली जनावर बाट क्षति आदि जस्ता प्राकृतिक प्रकोपको व्यवस्थापन चुनौतिपूर्ण हुन्छ । यसको व्यवस्थापनमा विशेष ध्यान दिई जोखिम न्यूनीकरणमा विशेष पहल हुनु पर्ने हुँदा प्रकोप तथा विपद् व्यवस्थापन योजनाका लक्ष्य, उपलब्धी र कार्यक्रमहरु निम्नानुसार हुने छन् :

**लक्ष्य:** प्राकृतिक तथा मानवीय कारणबाट हुने प्रकोपप्रति सचेतनामा बृद्धि भई प्रकोप तथा विपद्को न्यूनीकरण गर्न समुचित व्यवस्थापन भई जनताको काम र व्यवहारमा परिवर्तन हुने ।

**उपलब्धि:** प्रकोप र विपदका पूर्व सूचना प्रवाह र सचेतनामा बृद्धि भएको हुने, जनतामा विपद र प्रकोप व्यवस्थापनको क्षमता बृद्धि भएको हुने, प्रकोपमा परेकाहरुको उचित व्यवस्थापन भएको हुने र प्रकोप र विपदको सामना गर्न उपयुक्त रणनीति अबलम्बन गरिएको र आवश्यक संस्थागत व्यवस्था भएको हुने ।

**कार्यक्रमहरु**

१.सचेतना र तालिम कार्यक्रम

- भूकम्प, डढेलो, माहामारी, अनावृष्टि, अतिवृष्टि, आधिवेहरी, असिना, तुषारो आदिवाट उत्पन्न हुन सक्ने प्रकोप सम्वन्धमा गाउँपालिका अन्तरगत सबै वस्तीहरुमा पूर्व सूचना तथा सचेतना कार्यकम सञ्चालन गर्ने ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा जोखिम व्यवस्थापनका लागि नियमित तालिम सञ्चालन, समिति गठन तथा पाठ्यक्रम समेत बनाई अध्यापन गराउने ।
- सामाजिक अपराध, रोगव्याधी, एवं महामारी विरुद्ध नियमित रुपमा जनचेतना कार्यकम सञ्चालन गर्ने ।

२. विपद् तथा प्रकोप व्यवस्थापन

- प्रकोप पूर्व तयारी सामग्रीको भण्डारण एवं व्यवस्थापन गर्ने ।
- प्रकोपवाट उत्पन्न हुन सक्ने संभावित विपद्वाट नागरीकलाई सुरक्षित वनाउन प्रत्येक वडामा स्वयम्सेवी दल गठन गर्ने । उद्धारदललाई आवश्यक तालिम उपलब्ध गराउने र उद्धारमा आवश्यक सामग्रीहरुको पनि जोहो गर्दै जाने ।
- गाउँपालिकाले प्रत्येक वडामा प्राकृतिक विपद् राहत कोषको स्थापना गर्न सहयोग गर्ने ।
- गाउँपालिकाले जोखिम अभिलेख राख्ने कार्यलाई निरन्तरता दिने र उद्धार तथा राहत वितरण एकद्वार प्रणालीवाट सञ्चालन गर्ने ।
- गाउँपालिकाभित्रका विभिन्न वस्तीहरुमा भैरहेका पोखरी मर्मत तथा नयाँ निर्माण गर्ने ।
- वडाका मुख्य वस्तीहरुमा एक एक वटा हेलिप्याड निर्माण गर्ने ।
- मादी नदीको बाढी प्रकोपको संभाब्यता अध्ययन गरी पूर्व सुचना प्रणाली (Early Warning System) को ब्यवस्था गर्ने ।

३. विपद् तथा प्रकोप पश्चात् पुर्नस्थापना

- प्रकोपमा परेका व्यक्ति तथा घर परिवारलाई तत्काल उपयुक्त सार्वजनिक स्थानमा बसोबासको व्यवस्था गरी आवश्यक सहयोग गर्ने ।
- गाउँपालिका अन्तर्गतका वस्तीहरुमध्ये अति जोखिम क्षेत्रमा रहेका वस्तीहरुको अध्ययन गरी स्थानान्तरण गराउने र जोखिम न्यूनीकरण गर्ने ।

४. पहिरो नियन्त्रण

तप्राङको नाउनु, मुग्रीवेसिको सेतो पहिरो लगायतका अन्य पहिरोहरुको नियन्त्रणको लागि उपयुक्त प्रविधिको खोजी गरी दीर्घकालीन समाधान पहिल्याउने र गाउँपालिकाले स्रोत साधनको व्यवस्थापन गर्न प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्ने ।

५ नदी नियन्त्रण तथा तटबन्ध निर्माण

गाउँपालिकाका विभिन्न नदी र खोलाहरुले कटान गरेका स्थानहरुमा तटबन्ध निर्माण गर्ने

६. दीर्घकालीन नीति र मापदण्ड निर्धारण

- गाउँपालिकाले जोखिम न्यूनीकरण गर्नका लागि जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन निर्देशिका तथा कार्यविधि निर्माण गरी  कार्यान्वयन गर्ने । साथै निर्देशिका प्रकाशन गरी सार्वजनिक गर्ने ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा निजी भवनहरु निर्माण गर्दा जोखिम प्रतिरोधात्मक संरचना मापदण्ड तयार गर्ने नीति अवलम्वन गर्ने ।

**तालिका ५.५: प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कार्यक्रमहरु | सूचक | पुष्ट्याइएको आधार | पूर्वानुमान |
|---|---|---|---|
| **१. पूर्व सूचना तथा सचेतना** | | | |
| क) प्रकोप तथा विपदको पूर्वसूचना र सचेतना कार्यक्रम<br>ख) स्वयम्सेवी उद्धार दलको निर्माण, तालिम र उद्धार सामग्रीको व्यवस्था र भण्डारण व्यवस्थापन | • गाउँपालिकाबासीहरु प्राकृतिक तथा मानव सिर्जित प्रकोपप्रति सूचित र सचेत भएको हुने ।<br>• वडास्तरमा स्वयंसेवी उद्धार दलको गठन भई आवश्यक सीप र सामाग्री उपलब्ध भएको हुने | • गाउँपालिकको कार्यक्रम तथा प्रतिवद्धता<br>• गाउँपालिकको कार्यक्रम तथा प्रतिवद्धता | • गाउँपालिका र स्थानीय जनताको सहकार्य<br>• गाउँपालिका र स्थानीय समुदाय र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |
| २) विपद् राहत कोषको स्थापना | पाँच वर्षभित्र राहत कोष स्थापना तथा सञ्चालन र कार्यविधि सञ्चालन भएको हुने । | गाउँपालिकाको कार्यक्रम तथा प्रतिवद्धता | गाउँपालिका र स्थानीय समूदाय र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |
| ३) प्रकोप पश्चात पूर्नस्थापना कार्यक्रम | प्रकोप पीडित हरुलाई उद्धार पछि, उपयुक्त स्थानमा पुर्नस्थापना र सहयोग प्राप्त भएको हुने । | गाउँपालिकाको कार्यक्रम तथा प्रतिवद्धता | गाउँपालिका र स्थानीय समुदाय र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |
| ४) पहिरो नियन्त्रण कार्यक्रम | तप्राङ (नाउनु), मुग्रीवेशी ( सेतोपहिरो) लगायत ठाउँहरुमा पहिरो नियन्त्रणका स्थायी उपाय पत्ता लगाई कार्यान्वयन गरेको हुने | गाउँपालिकाको प्रतिवद्धता कार्यक्रम र प्रतिवेदन | केन्द्, प्रदेश, गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |
| ५. नदी नियन्त्रण तथा तटबन्ध निर्माण | गाउँपालिकाका विभिन्न नदी खोलाले कटान गरेका स्थानहरुमा तटबन्ध निर्माण भई विपद् न्यूनीकरण भएको हुने । | गाउँपालिकाको प्रतिवद्धता कार्यक्रम र प्रतिवेदन | केन्द्, प्रदेश, गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा कार्यान्वयन हुने |

| | | | |
|---|---|---|---|
| ६) भवन निर्माण मापदण्ड र कार्यान्वयन | सार्वजनिक तथा निजी भवनहरु भुकम्प प्रतिरोधी मापदण्डमा निर्माण भएको हुने । | गाउँपालिकाको निर्देशिका | गाउँपालिकाले भवन निर्माण निर्देशिका वनाइ कार्यान्वयन गर्ने । |

## ५.७ संस्थागत विकास योजना (Institutional Development Plan)

गाउँपालिकाको संस्थागत संरचनाको अबस्थाले नै गाउँपालिका क्षेत्रभित्र पुऱ्याउनु पर्ने सेवा सुविधा लगायत अन्य सेवाहरुको प्रवाहमा विशेष महत्व राख्दछ । एकातिर संस्थागत सुदृढीकरणका कार्यहरु गर्नुपर्छ भने अर्कोतिर गाउँबासीलाई सहज सेवा प्रवाह गर्नु जरुरी हुन्छ । संस्थागत विकास योजनाका लक्ष्य, उपलब्धि र कार्यक्रमहरु देहायबमोजिम रहेको छन :

**लक्ष्य:** गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारीता वृद्धि भई आम जनतामा समावेशी सहभागिता सहितको असल शासनको अनुभूति हुने ।

**उपलब्धी:** सेवा प्रवाहमा  सवलीकरण, विकास निर्माण तथा प्रभावकारिता, समावेशिता र सहभागितामा बृद्धि भएको हुने । साथै गाउँपालिकामा भौतिक पूर्वाधार,  आयश्रोत र जनशक्तिको विकास सवल भएको हुने ।

**कार्यक्रमहरु**

१. विकेन्द्रीकरण कार्यक्रम

- गाउँपालिकाका सेवाहरुलाई वडास्तरमा विकेन्द्रीकरण गर्न आवश्यक कार्यविधि तयार गर्ने र संस्थागत संरचना पनि निर्माण गर्ने ।
- विकास निर्माण कार्य तथा सेवा प्रवाहको अनुगमन गर्न संस्थागत ढाँचा र कार्य पद्धति वडास्तरमा विकास गर्ने ।
- गाउँपालिकाका क्षेत्रगत कार्यालयहरुवाट हुने सेवा (कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षण) लाई वडास्तरमा विकेन्द्रीकरण गर्ने । यसका लागि आवश्यक पर्ने भौतिक सुविधा र संस्थागत क्षमता वडास्तरमा विकास गर्ने ।

२. असल शासन कार्यक्रम

- गाउँपालिका र वडामा हुने निर्णयहरुमा सहभागिता, पारदर्शिता, जवाफदेहिता तथा दीगोपनाको स्पष्ट प्रकिया तयार गर्ने ।
- गाउँपालिका र वडास्तरमा सेवा प्रवाह सम्वन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने । यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग मादी गाउँपालिका नामक Digital Apps बनाई प्रयोगमा ल्याउने ।
- गाउँपालिकाका विकास निर्माण कार्यहरुको वार्षिक कार्यतालिका वनाउने र तदनुसार कार्यान्वयन गर्ने । स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने ।
- गाउँपालिकावाट सञ्चालन  हुने विकास निर्माणका प्रमुख परियोजनाहरुको विवरण भएको सूचनावोर्ड सम्वन्धित स्थानमा टाँस्ने ।
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने । तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने ।

### ३. समावेशी सहभागिता बढाउने कार्यक्रम

- गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियूक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने ।
- गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरुमा समावेसी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वियन, व्यवस्थापन, अनुगमन, मूल्यांकनका संयन्त्रहरुमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने ।
- विकास निर्माणका आयोजनाहरुको वाँडफाड र वजेट विनियोजन क्षेत्रीय (भेकीय) सन्तुलन कायम गर्ने ।

४. **प्रकृयाहरुको सरलीकरणः** गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण प्रकृयामा सरलीकरण गर्न निम्नानुसार कार्यहरु गर्ने ।

- सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्ने ।
- Digital Apps मार्फत सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरुको भूक्तानी दिनेलिने समेत गर्ने ।
- गाउँपालिका र वडा स्तरमा तथ्यांकहरुको आय व्ययको लेखा अभिलेखीकरण Digital Apps प्रणालीमा ल्याउने ।
- गाउँपालिकाका विभिन्न विषयगत शाखाहरुवाट हुने कामहरुको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने ।
- प्रत्येक वडाकेन्द्र र वजार उन्मुख स्थानमा कम्तिमा एक बैंक स्थापनाको लागि वित्तीय संस्थाहरुसँग पहल गर्ने ।
- गाउँपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरु वैकिङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने ।
- विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्वन्धित आय तथा भूक्तानी समेत वैकिङ्ग प्रणालीमा आबद्ध गर्ने ।
- गाउँपालिका तथा वडाहरुमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरु सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा (खाजा, झोला, अतिथि सत्कार सामग्रीहरु लगायतका अन्य सम्भाव्य सामाग्रीहरु) आधारित गराउदै लैजाने ।
- विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरु र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, वालुवा आदि) ।

### ५. संस्थागत समन्वय र सञ्जाल विकास

- गाउँपालिकावाट सञ्चालित कार्यक्रमहरुमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने ।
- गाउँपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी वसाउने ।
- जनतामा प्रवाहित हुने सेवा एकिकृत गर्न हरेक क्रियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने ।
- गाउँपालिका तथा यसका वडाहरु सुविधा सम्पन्न कार्यालय भवनहरु निर्माण गरी तिनीहरुमा Opticle Fibre जडान गर्न प्रदेशसँग समन्वय गर्ने ।

- गाउँपालिकाका हरेक विषयगत कार्यालयहरु र वडा कार्यालयहरुको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी  संस्थागत क्षमता बढाउने ।
- प्रत्येक विषयगत कार्यालयहरुमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि बिज्ञ, निरीक्षकआदि) को व्यवस्था गर्ने ।
- कर्मचारीहरु नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने । कर्मचारीको सीप तथा क्षमता अभिबृद्धिका लागि नियमित तालिमहरुको व्यवस्था मिलाउने ।
- जन प्रतिनिधिहरुलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरुमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन  गर्ने ।
- गाउँपालिका तथा वडाहरुका महत्वपूर्ण सार्वजनिक स्थानहरुमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरुको व्यवस्था गर्ने ।
- गाउँपालिकाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने ।
- गाउँपालिकामा करिब १०० जनाको दरवन्दी रहेको सुरक्षा संयन्त्र (गाउँपालिका प्रहरी) स्थापना गर्ने । यसको संरचनाका दुई विकल्पहरु हुन सक्ने (जस्तै : स्वयंसेवी अस्थायी-जसलाई आवश्यकता अनुसार काममा लगाउन सकिने र नियमित स्थायी-स्थायी दरवन्दी सृजना गरी काममा लगाउन सकिने) ।
- गाउँपालिकाको केन्द्रमा कर्मचारी आवासगृहका साथै जन प्रतिनिधि तथा अतिथिहरुका लागि सुविधा सम्पन्न अतिथिगृहको निर्माण गर्ने ।

**तालिका ५.६: संस्थागत विकास सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कार्यक्रमहरु | सूचकहरु | पुष्टयाइका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|
| १) विकेन्द्रीकरण कार्यक्रम | गाउँपालिकाका अधिकांश सेवाहरु वडास्तरमा सञ्चालन  गर्ने, आवश्यक सेवाहरु वडास्तरवाट प्राप्त भएको हुने र वडास्तरमै विकास निर्माण कार्यको सञ्चालन  र अनुगमनको व्यवस्था भएको हुने । | गाउँपालिकाको नीति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |
| २) असल शासन प्रवर्द्धन कार्यक्रम | गाउँपालिका र वडामा हुने निर्णयहरु सहभागिता, पारदर्शिता, जवाफदेहिता, दीगोपना, स्पष्ट रुपमा प्रतिविम्वित भएको महसुस भएको हुने । गाउँपालिकाको सेवा प्रवाह सम्वन्धी जानकारी विद्युतीय APPS मार्फत प्राप्त भएको हुने । | गाउँपालिकाको नीति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |
| ३) समावेशी सहभागिता बढाउने कार्यक्रम | गाउँपालिकाको कर्मचारी संरचना विकास निर्माणका क्रियाकलापमा लैङ्गिक, जातीय र क्षेत्रिय/भेकीय सहभागितामा सुनिश्चितता भएको पाईने छ । | गाउँपालिकाको निति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |
| ४) गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण प्रक्रियाहरुको सरलीकरण कार्यालय व्यवस्थापनमा स्थानिय साधन र श्रोतको प्रयोग | गाउँपालिकाको सेवा प्रवाह र अभिलेखीकरण विकास निर्माण क्रियाकलापमा डिजिटल प्रणाली अपनाइएको हुने, विभिन्न विषयगत शाखाहरुवाट हुने काम एकद्धार प्रणालीमा हुने, आर्थिक कारोवार बैकिङ्ग प्रणाली मार्फत भएको हुने र कार्यालय सञ्चालन  सामग्रीहरु स्थानीय श्रोतमा भएको हुने | गाउँपालिकाको नीति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |

| | | | |
|---|---|---|---|
| ५) संस्थागत समन्वय र सञ्जाल विकास | गाउँपालिकाको कार्यालय भित्र सञ्चालन हुने सरकारि तथा गैर सरकारी संस्थाहरुको कार्यक्रममा समन्वय भई दोहोरो पनको अन्त्य भएको पाईने छ । | गाउँपालिकाको नीति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |
| ६) जनशक्तिको व्यवस्थापन र सुदृढिकरण | गाउँपालिकाको हरेक विषयगत कार्यालयहरु, वडा कार्यालयहरुमा प्राविधिक जनशक्तिको व्यवस्था गरेको हुने, कर्मचारीको सीप र दक्षता अभिवृद्धि भएको हुने । | गाउँपालिकाको निति प्रतिवद्धता र कार्यक्रममा परेको | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |
| ७ गाउँपालिकामा सुरक्षा संयन्त्रको स्थापना | ५ वर्ष भित्रमा गाउँपालिकाको आफ्नो सुरक्षा संयन्त्र (स्वयंसेवी वा नियमित) को कानुनी व्यवस्था निर्माण भई कार्य प्रारम्भ भएको हुने । | स्थानीय आवश्यकता र संभावनाको कार्यक्रम | गाउँपालिका र वडाको समन्वयमा सञ्चालन भएको हुने |

## ५.८ वित्तीय विकास योजना (Financial Development Plan)

वित्तीय विकास र व्यवस्थापनको लागि गाउँपालिकाको संस्थागत पक्षको सुदृढीकरणका साथै वित्तीय व्यवस्थापनको पक्षलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस अन्तर्गत वित्तीय सुधार, लगानी अभिबृद्धि, आम्दानी बृद्धि, स्रोत परिचालन, संस्थागत सुधार र क्षमता अभिबृद्धि जस्ता विविध पक्ष समावेश गरिएको छ ।

**लक्ष्यः** गाउँपालिकाको आयश्रोतका संभावनाहरुको खोजी र परिचालन मार्फत तुलनात्मक आत्मनिर्भरता र सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने ।

**उपलब्धिः** गाउँपालिकाले आयश्रोतका संभावित कर तथा गैर कर श्रोतहरुको खोजी गरी करको दायरामा ल्याउने, खर्चमा पारदर्शिता र प्रभावकारिता ल्याई वित्तीय स्वाबलम्वन र अनुशासनको विकास भएको हुने ।

**कार्यक्रमहरु**

### १. आयश्रोत अभिबृद्धि कार्यक्रम

- गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाउने ।
- गाउँपालिकामा संचालित होटल, रेष्टुरेष्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा ब्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेसन गर्ने र करको दायरामा ल्याउने ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।
- वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वन तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँग समन्वय गरी कर तथा रोयल्टी बृद्धि गर्ने ।
- ACAP सँगको समन्वय र साझेदारीमा मादी गाउँपालिकाका ३५०० मी. भन्दा माथिका भू-भागलाई संरक्षित क्षेत्रका रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनमा हरित शुल्क (Green Fee) लगाई आय आर्जन गर्ने ।
- गाउँपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालनबाट आय बृद्धि गर्ने ।

- केन्द्र र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने रकम (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी  पहल कदमी गर्ने ।
- गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गर्ने ।

## २. सार्वजनिक खर्च र वित्तीय अनुशासन

- गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने ।
- केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।
- सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।
- गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय नगर्ने ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने ।
- बार्षिक खर्च विनियोजनमा समावेशितालाई जोड दिने ।
- गाउँ पालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।
- आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यांकन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्र मात्र गर्ने ।

**तालिका ५.७: वित्तीय विकास सम्बन्धी कार्यक्रमहरुको तर्कबद्ध योजना**

| कार्यक्रमहरु | सूचकहरु | पुष्टाइका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|
| १. आयश्रोत विकास कार्यक्रमः<br>• एकिकृत सम्पत्ति करको कार्यान्वयन<br>• व्यवसाय कर लगायतका स्थानीय निकायले लगाउने कर तथा गैर कर क्षेत्रको कार्यान्वयन गर्ने । | गाउँपालिकाले कर तथा गैर कर क्षेत्रवाट राजश्व बृद्धि गर्न आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था मिलाएको हुने । | गाउँपालिका नीति तथा कार्यकममा परेको र संविधान प्रद्धत्त क्षेत्र | गाउँपालिकाले आवश्यक प्रशासनिक संयन्त्र वनाई लागू गरेको हुने । |
| २. गाउँपालिकाका नयाँ राजश्वका क्षेत्रहरुको खोजी गर्ने दीर्घकालीन योजना | गाउँपालिकाले पर्यटन, प्राकृतिक श्रोतको उपयोग, भूमी बैंक जस्ता नविन कार्यकम मार्फत आयश्रोत वृद्धि गर्ने दीर्घ कालिन नीति लिएको हुने । | गाउँपालिकाको प्रतिबद्धता र आवश्यकता | गाउँपालिकाले आवश्यक प्रशासनिक संयन्त्र वनाई लागू गरेको हुने । |
| ३. अनुदान अभिबृद्धि कार्यकम | गाउँपालिकाले विभिन्न परियोजनाहरुको DPR निर्माण गरी केन्द्र र प्रदेशवाट अनुदान प्राप्त गर्ने ( समपूरक, सर्सत र विशेष) परियोजनाको DPR बनाई पहल | गाउँपालिकाको निति तथा कार्यकम र संभावनाको क्षेत्र | गाउँपालिकाले आवश्यक प्रशासनिक संयन्त्र वनाई लागू गरेको हुने । |

| | | | |
|---|---|---|---|
| | गरेको हुने । | | |
| ४. गाउँपालिका अर्न्तगतका ठूला परियोजनामा लागत सहभागिता मार्फत आय बृद्धि गर्ने कार्यक्रम | गाउँपालिकाले आफ्नो क्षेत्रमा संचालित ठूला विद्युत, पर्यटन व्यवसाय र प्राकृतिक श्रोतमा आधारित उद्योगमा लागत सहभगिता मार्फत आय बृद्धि भएको हुने । | गाउँपालिकाको नीति तथा कार्यकम र संभावनाको क्षेत्र | गाउँपालिकाले आवश्यक र प्रशासनिक संयन्त्र वनाई लागू गरेको हुने । |
| ५. सार्वजनिक खर्च परिचालन कार्यकम | गाउँपालिका भित्रवाट हुने सार्वजनिक खर्चमा मितव्ययी र प्रभावकारिता भई परिणाम मुखी हुने । | गाउँपालिकाको नीति तथा कार्यकम र संभावनाको क्षेत्र | गाउँपालिकाले आवश्यक प्रशासनिक संयन्त्र वनाई लागू गरेको हुने । |

# भाग-छ

# योजना कार्यान्वयन तथा बहुक्षेत्रगत लगानी कार्ययोजना

(Plan Implimentation and Multisectoral Investment Action Plan)

## ६.१ **परिचय** (Introduction)

गाउँपालिका समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतिको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरुको सफल कार्यान्वयन गाउँपालिकाको आन्तरिक क्षमता र आगामी वर्षहरुमा सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ । यस आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाले योजना अबधिमा आफ्नो बित्तीय तथा संस्थागत अबस्था सुदृढ गरेको हुनेछ भन्ने मान्यता लिएको छ भने यसले संघ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र समुदायबाट यथेष्ट विश्वास, सहयोग र सहभागिता प्राप्त गर्नेछ भन्ने समेत विश्वास लिइएको छ । प्रस्तुत योजनामा यिनै मान्यताका आधारमा प्रस्तावित विकास योजना र कार्यक्रमहरुका लागि बहुक्षेत्रगत लगानी कार्ययोजना प्रस्ताव गरिएको छ । यस अध्यायमा संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनाहरु, गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरु र वडा स्तरका विकास कार्यक्रम/आयोजनाहरु छुट्टाछुट्टै शीर्षकमा क्षेत्रगत रुपमा उल्लेख गरिएको छ । त्यसै गरी योजना कार्यान्वयनको प्रकृया र योजना अनुगमन तथा मूल्यांकन पद्वति समेतको प्रस्ताव यसै अध्यायमा समेटिएको छ ।

## ६.२ **आवधिक योजनाका लागि लगानी र खर्चको ढाँचा** (Structure of Investment and Expenditure for Periodic Plan)

मादी गाउँपालिकाको यस आवधिक योजना अबधिमा कूल १७ अर्ब ७ करोड ४७ लाख खर्च र लगानी हुने प्रक्षेपण गरिएको छ जसमध्ये सार्वजनिक क्षेत्रको चालु खर्च २ अर्ब ६ करोड र कूल पूँजीगत खर्च ५ अर्ब ५७ लाख हुने अनुमान गरिएको छ । कूल पूँजीगत खर्च र लगानी मध्ये सार्वजनिक क्षेत्रको लगानी ४ अर्ब ८ करोड ६२ लाख हुनेछ भने निजी क्षेत्रको कूल लगानी १० अर्ब हुने अनुमान गरिएको छ । यसरी योजनाको कूल लगानीमध्ये ५८.५७ प्रतिशत निजी क्षेत्रको र बाँकी ४१.४३ प्रतिशत सार्वजनिक क्षेत्रको खर्च हुने अनुमान गरिएको छ । कूल सार्वजनिक खर्च र लगानी मध्ये ७०.७६ प्रतिशत पूँजीगत खर्च र बाँकी २९.२४ प्रतिशत चालु खर्च रहने अनुमान गरिएको छ । यस सार्वजनिक पूँजीगत खर्चमा गाउँपालिकाको आन्तरिक आयको साथै संघीय सरकारको गौरबका योजना र पुनःनिर्माणमा हुने खर्चसमेत समेटिएको छ । गाउँपालिकाको आन्तरिक बजेट अन्तर्गत योजना अबधिमा हुने कूल खर्चको विनियोजन चालु र पुँजीगत खर्चमा करिब ७० र ३० को अनुपात कायम गरिएको छ । योजना अबधिमा विभिन्न विषयगत क्षेत्रमा हुने कूल खर्च र लगानीको ढाँचा क्रमशः तालिका ६.१ र ६.२ मा उल्लेख गरिएको छ ।

तालिका ६.१ मादी गाउँपालिकाको आवधिक योजना अबधिको व्यय र लगानीको प्रक्षेपण
(आ.व. २०७५/७६ देखि २०७९/८०) रु. हजारमा

| लगानी र खर्चका शीर्षकहरु | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७७/८० | योजना अवधिको कूल अपेक्षित खर्च र लगानी | प्रतिशत वितरण |
|---|---|---|---|---|---|---|---|
| **क. चालु खर्च** | **३०६८६२** | **३५२८९१** | **४०५८२५** | **४६६६९९** | **५३६७०४** | **२०६८९८१** | **२९.२४** |
| आर्थिक विकास | १३९७७ | १६०७४ | १८४८५ | २१२५७ | २४४४६ | ९४२३८ | |
| सामाजिक विकास | २४२९७५ | २७९४२१ | ३२१३३४ | ३६९५३५ | ४२४९६५ | १६३८२३० | |
| पूर्वाधार विकास | ५५० | ६३३ | ७२७ | ८३६ | ९६२ | ३७०८ | |
| वातावरण तथा विपद् व्यवस्थापन | २९०० | ३३३५ | ३८३५ | ४४११ | ५०७२ | १९५५३ | |
| सुशासन तथा संस्थागत विकास | ४६४६० | ५३४२९ | ६१४४३ | ७०६६० | ८१२५९ | ३१३२५१ | |
| **ख. पूर्जींगत खर्च (सार्वजनिक)** | **१०४६०६१** | **१०४०३००** | **११०२०६०** | **११७२९५५** | **६४४३४३** | **५००५७१९** | **७०.७६** |
| आर्थिक विकास | १३५९० | १५६२९ | १७९७३ | २०६६९ | २३७६९ | ९१६२९ | |
| सामाजिक विकास | २१६६८ | २४९१८ | २८६५६ | ३२९५४ | ३७८९७ | १४६०९४ | |
| पूर्वाधार विकास | ९०६६३ | १०४२६२ | ११९९०२ | १३७८८७ | १५८५७० | ६११२८५ | |
| वातावरण तथा विपद् व्यवस्थापन | ५७०० | ६५५५ | ७५३८ | ८६६९ | ९९६९ | ३८४३२ | |
| सुशासन तथा संस्थागत विकास | ४७५० | ५४६३ | ६२८२ | ७२२४ | ८३०८ | ३२०२६ | |
| संघीय सरकारको गौरबको योजना ं पूर्ननिर्माणमा खर्चहुने अपेक्षित बजेट | ९०९६९० | ८८३४७४ | ९२१७०९ | ९६५५५२ | ४०५८२९ | ४०८६२५४ | |
| **निजी लगानी** (पूर्वाधार+ंआर्थिक विकास) | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००००० | **५८.५७** |
| **कूल पूंजीगत लगानी र खर्च** (सार्वजनिक+निजी) | **३०४६०६१** | **३०४०३००** | **३१०२०६०** | **३१७२९५५** | **२६४४३४३** | **१५००५७१९** | |
| **कूल खर्च** (सार्वजनिक) | **१३५२९२३** | **१३९३१९२** | **१५०७८८५** | **१६३९६५४** | **११८१०४६** | **७०७४७००** | **४१४३** |
| **कूल लगानी र खर्च** (सार्वजनिक+निजी) | **३३५२९२३** | **३३९३१९२** | **३५०७८८५** | **३६३९६५४** | **३१८१०४६** | **१७०७४७००** | **१००** |

## ६.३ बहुक्षेत्रगत लगानी योजना र खर्चको बांडफांड (Multi-sectrol Investment Plan and Expenditure Allocation)

योजना अबधिमा हुने कूल प्रक्षेपित लगानी मूलतः संघ र प्रदेशबाट प्राप्त हुने अनुदान र निजी क्षेत्रबाट हुने लगानीमा आधारित छ । गाउँपालिकाको आन्तरिक आम्दानी र गैरसरकारी संस्थाहरु र जनताको सहभागितामा सञ्चालन हुने योजनाहरु पनि क्रमश उल्लेख गरिएको छ । त्यसैगरी यस अध्यायमा लगानी कार्ययोजना अन्तर्गत गाउँपालिकामा संघ र प्रदेशबाट सञ्चालन हुने आयोजना, निजी क्षेत्रसमेतको सहभागितामा गाउँपालिकाले सञ्चालन गर्ने विकास आयोजनाहरु को छुट्टाछुट्टै बर्गीकरण गरिएको छ । सबै योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन हुने स्थलका आधारमा वडागत कार्यक्रमका रुपमा अनुसूचिमा उल्लेख गरिएको छ । विभिन्न तहका आयोजनाहरु र कार्यक्रमहरुको इकाई सम्पन्न हुने वर्ष, अनुमानित लागत र लगानी वा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकाय समेत यस बहुक्षेत्रगत लगानी कार्ययोजनामा समेटिएको छ । क्षेत्रगत आधारमा योजना अबधिको वार्षिक चालु तथा पूँजीगत खर्च र लगानीको बाँडफाँड तालिका ६.२ मा उल्लेख गरिएको छ ।

## तालिका ६.२: मादी गाउंपालिकाको आवधिक योजना अबधिमा प्रक्षेपित कूल खर्चको क्षेत्रगत योजना अनुसारको बाँडफाँड (आ.व. २०७५/७६ - २०७९/८०)

**रु. हजारमा**

| योजना र कार्यक्रमका क्षेत्रहरु | आ.व. २०७५/७६ | | आ.व. २०७६/७७ | | आ.व. २०७७/७८ | | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | | योजना अवधिको कूल खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूंजीगत खर्च | चालु खर्च | पूंजीगत खर्च | चालु खर्च | पूंजीगत खर्च | चालु खर्च | पूंजीगत खर्च | चालु खर्च | पूंजीगत खर्च | चालु खर्च | पूंजीगत खर्च |
| **क) गाउँपालिकाको बजेट र कार्यक्रम अन्तर्गत हुने खर्च** | **३०६८६२** | **१३६३७१** | **३५२८९१** | **१५६८२७** | **४०५८२५** | **१८०३५१** | **४६६६९९** | **२०७४०३** | **५३६७०४** | **२३८५१४** | **२०६८९८१** | **९१९४६५** |
| आर्थिक विकास | १३९७७ | १३५९० | १६०७४ | १५६२९ | १८४८५ | १७९७३ | २१२५७ | २०६६९ | २४४४६ | २३७६९ | ९४२३८ | ९१६२९ |
| सामाजिक विकास | २४२९७५ | २१६६८ | २७९४२१ | २४९१८ | ३२१३३४ | २८६५६ | ३६९५३५ | ३२९५४ | ४२४९६५ | ३७८९७ | १६३८२३० | १४६०९४ |
| पूर्वाधार विकास | ५५० | ९०६६३ | ६३३ | १०४२६२ | ७२७ | ११९९०२ | ८३६ | १३७८८७ | ९६१।९५ | १५८५७० | ३७०८ | ६११२८५ |
| वातावरण तथा विपद् व्यवस्थापन | २९०० | ५७०० | ३३३५ | ६५५५ | ३८३५ | ७५३८ | ४४११ | ८६६९ | ५०७२।१ | ९९६९ | १९५५३ | ३८४३२ |
| सुशासन तथा संस्थागत विकास | ४६४६० | ४७५० | ५३४२९ | ५४६३ | ६१४४३ | ६२८२ | ७०६६० | ७२२४ | ८१२५९ | ८३०८ | ३१३२५१ | ३२०२६ |
| **ख) संघ र प्रदेश सरकारको बजेटमा आधारित खर्च** | | **८३९६९०** | | **८१३४७४** | | **८५१७०९** | | **८९५५५२** | | **४०५८२९** | **०** | **३८०६२५४** |
| **ग) पुनर्निमाणमा हुने खर्च** | | **७००००** | | **७००००** | | **७००००** | | **७००००** | | **०** | **०** | **२८००००** |
| निजी आवास निर्माण | | ६०००० | | ६०००० | | ६०००० | | ६०००० | | ० | ० | २४०००० |
| सार्वजनिक भवन निर्माण | | १०००० | | १०००० | | १०००० | | १०००० | | ० | ० | ४०००० |
| **कूल सार्वजनिक खर्च (क+ख+ग)** | **३०६८६२** | **१०४६०६१** | **३५२८९१** | **१०४०३०१** | **४०५८२५** | **११०२०६०** | **४६६६९९** | **११७२९५५** | **५३६७०४** | **६४४३४३** | **२०६८९८१** | **५००५७१९** |
| **घ) निजी क्षेत्रबाट हुने लगानी** | | **२००००००** | | **२००००००** | | **२००००००** | | **२००००००** | | **२००००००** | **०** | **१०००००००** |
| प्रवर्धक लगानी | | १७००००० | | १७००००० | | १७००००० | | १७००००० | | १७००००० | ० | ८५००००० |
| स्थानीय जनताको शेयर लगानी | | ३००००० | | ३००००० | | ३००००० | | ३००००० | | ३००००० | ० | १५००००० |
| **कूल खर्च र लगानी (चालु+पूँजीगत** | ३०६८६२ | ३०४६०६१ | ३५२८९१ | ३०४०३०१ | ४०५८२५ | ३१०२०६० | ४६६६९९ | ३१७२९५५ | ५३६७०४ | २६४४३४३ | २०६८९८१ | १५००५७१९ |
| **समग्र कूल खर्च र लगानी** | ३३५२९२३ | | ३३९३१९२ | | ३४४६१२६ | | ३६३९६५४ | | ३१८१०४६ | | १७०७४७०० | |

## ६.४ संघ र प्रदेशबाट सञ्चालन हुने क्षेत्रगत आयोजनाहरु र अनुमानित लागत (Sectoral Projects under Federal and Provincial Government and Estimated Cost)

मादी गाउँपालिका क्षेत्रमा संघ र प्रदेशबाट सञ्चालन भैरहेका वा प्रस्तावित क्षेत्रगत विकास आयोजनाहरु यस शीर्षक अन्तर्गत पर्दछन् । यस अन्तर्गत संघको आर्थिक वर्ष २०७५/०७६ को बजेट, प्रदेशको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटमा उल्लिखित विभिन्न विषयगत क्षेत्रका कार्यक्रमहरु साथै भविष्यमा संघ र प्रदेशले सञ्चालन गर्न सक्ने सम्भावित आयोजनाहरुलाई मध्यनजर राखी गाउँपालिकाको नेतृत्वसँगको छलफलका आधारमा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरु तलको तालिकामा उल्लिखित छ । विभिन्न क्षेत्रगत कार्यक्रम र आयोजनाहरुको इकाई, सम्पन्न हुने वर्ष, अनुमान लागत र कार्यक्रम कार्यान्वयनमा जिम्मेवार निकाय समेत सम्बन्धित तालिकामा उल्लेख गरिएको छ ।

### संघ र प्रदेशबाट सचालन हुने विषयगत गाउँपालिका स्तरीय आयोजना/कार्यक्रमहरु

| क्र.सं. | आयोजनाहरु | इकाई | सम्पन्न हुने वर्ष | अनुमानित लागत (रु. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| **सडक पूर्वाधार विकास** | | | | | |
| १. | काहुँखोला – सिक्लेस कालोपत्रे गर्ने । | ३६ कि.मी. | ५ | ७२०० | संघ र प्रदेश |
| २. | काहुँखोला याङ्जाकोट (गाउँपालिका सदरमुकाम) जोड्ने सडक कालोपत्रे गर्ने । | १६ कि.मी. | ३ | ३२०० | संघ र प्रदेश |
| ३. | राखी मिजुरे सडक कालोपत्रे गर्ने (पोसीसम्म) । | २५ कि.मी. | ५ | ७२०० | संघ र प्रदेश |
| ४. | विजयपुर खोलामा (मोटरेवल) पक्की पुल निर्माण गर्ने । | ५० मी. | ५ | ७०० | संघ र प्रदेश |
| ५. | मादी कोरीडोर सडक निर्माण गर्ने । | | निरन्तर | २००० | संघ र प्रदेश |
| ६. | वार्दी, ईदी, सेतीखोला, घट्टेखोला, रुदीदोभान, घ्याम्राङ खोला, चिप्लीखोला, खिलाङ, पल्चेन्हो मादी, मदक्यू मादीमा १० वटा पुल निर्माण गर्ने । | १० वटा | ५ | ५००० | संघ र प्रदेश |
| ७. | झोलुंगे पुल निर्माण गर्ने । | १५ वटा | ५ | १००० | संघ र प्रदेश |
| **सिंचाई आयोजना** | | | | ० | |
| १. | तारकाङफाँट सिंचाई गर्ने बाँध र नहर निर्माण गर्ने । | | ५ | ५०० | संघ र प्रदेश |
| २. | भगवतिटार सिंचाई गर्ने नहर निर्माण गर्ने । | | ५ | २०० | संघ र प्रदेश |
| ३. | वार्दीवाट मुग्रीवेसी सम्म सिंचाई नहरको विस्तार र स्तरोन्नति । | | ५ | २०० | संघ र प्रदेश |
| ४. | गोर्जेको ठूलो कुलो विस्तार तथा स्तरोन्नति गर्ने । | | ५ | ३०० | संघ र प्रदेश |
| ५. | मादी नदीको जलश्रोत उपयोगको बहुउद्देश्यीय आयोजना सम्भाव्यता अध्ययन गर्ने । | | ५ | १०० | संघ र प्रदेश |
| **विद्युत तथा वैकल्पिक ऊर्जा** | | | | ० | |
| १. | ज्याम्दुमा विद्युत प्रसारण सव स्टेशनको निर्माण गर्ने | | ३ | ५०० | संघ र प्रदेश |
| २. | मादीको कोईलेनी (लम्जुङ) मा बाँध निर्माण गरी जलाशय सहितको ठूलो जलविद्युत परियोजना संचालनका लागि सम्भाव्यता अध्ययन गर्ने । | | ५ | २००० | संघ र प्रदेश |
| ३ | वैकल्पिक ऊर्जाको प्रर्बधन | | हरेक वर्ष | २०० | संघ र प्रदेश |

| | | | | | |
|---|---|---|---|---|---|
| **पर्यटन** | | | | ० | |
| १. | पर्यटन नमुना गाउँ ( ५ वटा) | ५ वटा | ५ | ५०० | प्रदेश |
| २ | क्हफुचे ताल, कोरी, थूलेकलाई पर्यटकीय क्षेत्र विकास गुरुयोजना | १ | ३ | १५० | प्रदेश |
| ३. | पर्यटन सुचना केन्द्रको स्थापना | १ | २ | ५० | प्रदेश |
| ४. | क्होला सोंथार र क्हफुचे तालको संरक्षण र पर्यटकीय विकासको वृहत गुरुयोजना बनाउने | १ | ३ | १०० | प्रदेश |
| ५. | उच्च पर्वतीय फिल्म सुटिङ स्थल निर्माण (कोरी क्षेत्रमा) | १ | ३ | २०० | प्रदेश |
| ६. | उच्च पर्वतीय खेलकुद तथा पर्वतारोहण तालिम केन्द्र सम्भाव्यता अध्ययन | १ | २ | ६३ | प्रदेश |
| **आवास तथा एकिकृत बस्ती निर्माण** | | | | ० | |
| १. | विपन्नहरुका लागि जनता आवास कार्यक्रम | १०० | प्रत्येक वर्ष २० घर | २५० | संघ |
| **शिक्षा** | | | | ० | |
| १. | ध्रुव मावि र हिमालय मिलन माविमा प्राविधिक विषयको शिक्षाको ब्यवस्थापन गर्ने । | २ | ५ | ३०० | संघ र प्रदेश |
| २. | भगवतिटारमा प्राविधिक महाविद्यालय/क्याम्पस स्थापना गर्ने । | १ | ५ | ३०० | संघ र प्रदेश |
| ३. | सरकारी विद्यालयको नक्सांकन गरी शिक्षा सुधारका लागि आवासीय विद्यालयको सम्भाव्यता अध्ययन | | २ | १०० | प्रदेश र गापा |
| ४. | भगवतीटारमा पुस्तकालय स्थापना | १ | ५ | १०० | संघ र प्रदेश |
| **संचार तथा प्रविधि विकास** | | | | ० | |
| १. | गाउँपालिका केन्द्र र वडा केन्द्रसम्म अप्टिकल फाइबर पुऱ्याउने | | ५ | २०० | संघ र प्रदेश |
| **भूकम्प पछिको पुर्ननिमाण** | | | | ० | |
| १ | निजी घर पुननिर्माण | ९०० | ४ | २४०० | संघ र प्रदेश |
| २ | सार्वजनिक भवन पुर्ननिर्माण | २० | ४ | ४०० | संघ र प्रदेश |
| **स्मारक तथा पार्क निर्माण** | | | | ० | |
| १. | सिक्लेसमा शान्ति स्मारक सहित पार्क निर्माण | १ | ३ | २०० | संघ र प्रदेश |
| २ | कोरीमा मध्यविन्दु स्मारक स्तम्भ सहित पार्क निर्माण | १ | ५ | २०० | संघ र प्रदेश |
| **उद्योग विकास** | | | | ० | |
| १ | भाटवेंसीमा उद्योग ग्राम स्थापना | १ | ५ | ५०० | संघ र प्रदेश |
| २ | खनिज अन्वेषण कार्यक्रम संचालन | | ५ | १०० | संघ र प्रदेश |
| ३ | जडिबुटी खेती, संकलन र प्रवर्द्धन | | निरन्तर | २०० | संघ र प्रदेश |
| **स्वास्थ्य सेवा** | | | | ० | |
| १. | पार्चे स्वास्थ्य केन्द्रलाई २५ शैयाको अस्पतालमा स्तरोन्नति गर्ने | २५ शैया | ३ | २०० | संघ र प्रदेश |
| २. | थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई २५ शैयाको अस्पतालका रुपमा स्तरोन्नती गर्ने | २५ शैया | २ | १०० | संघ र प्रदेश |
| ३. | Blood Bank सहितको औषधी भण्डारण केन्द्र निर्माण | १ | ४ | ३०० | संघ र प्रदेश |

| | | | | | |
|---|---|---|---|---|---|
| **कृषि** | | | | ० | |
| १. | तारकाङमा र मादीवेंसीमा बहुउद्देश्यीय कृषि सेवा केन्द्रको स्थापना गर्ने | २ | ५ | ४०० | संघ र प्रदेश |
| २. | थुम्सीकोटमा शीतगृह निर्माण गर्ने | १ | ५ | ३०० | संघ र प्रदेश |
| ३. | गोर्जे, तारकाङ, मादीवेंसी र भगवतिटारमा वातावरण मैत्री नमूना कृषि गाउँको रुपमा स्थापना | ४ | ५ | ३०० | प्रदेश |
| ४. | कृषि उपज र पशु बजारको स्थापना | १ | ३ | २०० | संघ र प्रदेश |
| **सामुदायिक सेवा** | | | | ० | |
| १. | गाउँपालिकाको दुई ठाँउ (थुम्सिकोट र मादीवेसी) मा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्ने | २ | ३ | २०० | संघ र प्रदेश |
| २. | सिक्लेस र पाखुरीकोटमा सांस्कृतिक सङ्ग्रहालयको स्थापना गर्ने | २ | ४ | २०० | संघ र प्रदेश |
| ३ | जेष्ठ नागरीक आश्रम स्थल र दिवा सेवा केन्द्र स्थापना | २ | ५ | २०० | संघ र प्रदेश |
| ४. | गाउँपालिका स्तरको पार्चेको रंग्यो खेलमैदान सुविधा सम्पन्न रुपमा निर्माण गर्ने | १ | ४ | १०० | संघ र प्रदेश |
| **संस्थागत योजना** | | | | ० | |
| १. | गाउँपालिकाको कार्यालय भवन निर्माण गरी Opticle Fibre जडान गर्ने | १ | ३ | ५०० | संघ |
| २. | याडजाकोटमा इलाका प्रहरी कार्यालयको निर्माण र छाचोक र भगवतीटारमा प्रहरी चौकी भवनहरुको निर्माण | ३ | २ | ५० | संघ |
| ३. | पर्यटन, वन्यजन्तु, जडिवुटी तथा वन पैदावरको संरक्षणका लागि नेपाली सेनाको व्यारेक (तप्रों धर्मशाला वरपर) स्थापना गर्ने । | १ | ३ | ३०० | संघ र प्रदेश |
| **वातावरण तथा प्रकृति संरक्षण** | | | | ० | |
| १. | तप्राङको भालेगरा जुरे भूमी क्षेत्रमा प्राकृतिक वन्य जन्तु उद्यान (खुला चिडियाखाना) स्थापनाको प्रारम्भिक कार्य | १ | ५ | १०० | संघ प्रदेश र गापा |
| २. | तप्राङको नाउनु र मुग्रीवेसीको सेतो पहिरो नियन्त्रण गर्न एकिकृत कार्यक्रम सञ्चालन गर्ने | २ | २ | १०० | संघ र प्रदेश |
| ३. | एक वडा १ उद्यान, १ पालिका १ बहुउद्यान कार्यक्रम | १३ | ३ | ७०० | प्रदेश |
| जम्मा | | | | ४०८६३ | |

## ६.५ गाउँपालिका आफै सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरु (Program and Projects to execute by Rural Municipality Itself)

मादी गाउँपालिकाले योजना अवधिभित्र सञ्चालन गर्ने विभिन्न विषययत क्षेत्रका विकास आयोजना र कार्यक्रमहरु यस शीर्षक अन्तर्गत समेटिएका छन् । गाउँपालिकाले यी योजना तथा कार्यक्रमहरु आफ्नै आन्तरिक श्रोत सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र निजी क्षेत्रसँगको सहकार्यमा सम्पन्न गर्ने सम्भाव्य आयोजनाहरुको सूची, सम्पन्न हुने वर्ष, अनुमानित लागत र जिम्मेवार निकायहरु समेतको विवरण यस पछिका विभिन्न विषयगत शीर्षकहरुमा उल्लेख गरिएको छ ।

१) भौतिक विकास योजनाका कार्यक्रम

| क.सं. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत (रु. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **सडक निर्माण तथा मर्मत संभार**<br>○ वडाकेन्द्रदेखि गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण ।<br>○ नागीधार, भाचोक, वार्चोक, याङ्जाकोट, घ्याम्राङसम्म ट्र्याक निर्माण<br>○ ताङतिङबाट कर्पुडांडा, चिंग्रे,तप्रोंसम्म सडक ट्र्याक निर्माण<br>○ सडकहरुको समयबद्ध मर्मत तथा स्तरोन्नति<br>○ फड्के, कल्भर्ट तथा काठे पुल निर्माण तथा मर्मत<br>○ पदमार्गहरुको निर्माण तथा स्तरोन्नति<br>○ वडास्तरीय आयोजना र कार्यक्रममा उल्लिखित सडकहरु | निरन्तर<br>२-३<br>२<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | ३७५० | गापा/समुदाय/निजी क्षेत्र |
| २. | **विद्युत विकास तथा वितरण**<br>○ एक मेगावाट सम्मको विद्युत परियोजनाहरुको संभाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्ने ।<br>○ निर्माणाधीन विद्युत आयोजनाहरु सम्पन्न गर्ने<br>○ नयाँ विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने<br>○ विद्युत नपुगेका वस्तीहरुमा विद्युत प्रसारण पुर्‍याउने<br>○ संचालित लघु विद्युत आयोजनाले उत्पादन गरेको विद्युतलाई केन्द्रीय प्रशारण लाइनमा जोड्ने<br>○ हाल प्रयोगमा भएको काठका पोललाई स्टील/ सिमेंट पोलले बिस्थापन गर्ने | निरन्तर<br>२-५<br>२<br>२<br>४-५<br>२ | ६४४५० | गापा<br>(१० करोड)<br>र<br>निजी क्षेत्र<br>(६ अर्ब ३४ करोड ५० लाख) |
| ३. | **सिंचाई**<br>○ ससाना सिंचाई कुलोहरुमा मर्मत सहयोग<br>○ सिंचाइ कुलोहरुको पक्की बाँध बनाउन सहयोग | निरन्तर<br>निरन्तर | २०० | गापा/समुदाय |
| ४. | **सञ्चार पूर्वाधार तथा प्रविधि विकासः**<br>○ संचार टावर निर्माण (थाक,घर्तीडांडा, भाले चुचुरा र अन्य ठाउँमा)<br>○ रेडियो/एफ.एम सेवा सञ्चालन (सामुदायिक/निजी)<br>○ स्वास्थ्य टेलिमेडिसिन सेवाको उपलब्धता (प्रत्येक स्वास्थ्य केन्द्रहरुमा) | २-५<br>३-४<br>२-३ | २०० | गापा/समुदाय र निजी क्षेत्र |
| ५. | **सार्वजनिक तथा सामुदायिक भवन निर्माण**<br>○ मुख्य वस्तीहरुमा सामुदायिक भवनको निर्माण<br>○ वडा नं. ४ को साझा भवनको पुनर्निर्माण<br>○ वडा नं. १ को सिक्लेसमा बहुउद्देश्यीय भवन निर्माण<br>○ वाचनालय/पुस्तकालय निर्माणमा सहयोग,<br>○ प्रमुख स्थानहरुमा वसपार्क तथा प्रतीक्षालयको व्यवस्था,<br>○ चिहानडाँडा र घाटहरुमा पौवाको निर्माण,<br>○ खर्क तथा धार्मिक, सांस्कृतिक क्षेत्रका विभिन्न स्थानहरुमा प्रतिक्षालय, आराम केन्द्र, आवास भवनहरुको निर्माण । | २-५<br>२<br>३-५<br>निरन्तर<br>२-५<br>२-३<br>४-५ | १००० | गापा/समुदाय |
| ७. | **आवास तथा एकिकृत वस्ती विकास :**<br>○ आधुनिक सुविधा सम्पन्न एकिकृत बस्ती निर्माणमा सम्भाव्यता अध्ययन गर्ने<br>○ एकिकृत वस्तीका लागि उपयुक्त जमिनको खोजी , खरिद र कानुनी संरचनाको निर्माण, लगानीमा साझेदारी वा ऋणमा बैंक ग्यारेन्टी दिने पूर्वाधार (खानेपानी, बाटो, | निरन्तर | ५०० | गापा/समुदाय |

| | | | | |
|---|---|---|---|---|
| | विजुली) विद्यालय, स्वास्थ्य केन्द्र आदि विकास गर्ने ।<br>○ उच्च हिमाली बस्ती विकासको सम्भाव्यता अध्ययन | २-५<br>२-३ | | |
| | **जम्मा** | | ७०१०० | |

## २) आर्थिक विकास योजनाका कार्यक्रमहरु

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **कृषिको आधुनिकीकरण तथा व्यवसायिक पशुपालन**<br>○ अन्न वाली विकास तथा संरक्षण कार्यक्रम (धानी, गहुँ, मकै, कोदो, एवं फापर बाली)<br>○ विशेष वाली विकास कार्यक्रम अलैंची, कफी खेती, चिया खेती, तरकारी, आलु, मसलाबाली, मौरी पालन, माछा पालन (ट्राउट समेत)<br>**कृषि वन तथा जडिवुटी विकास**<br>○ कृषि भूमिमा कृषि वालीका साथसाथै रुख, विरुवा, डाले घाँस, जडिवुटी, घाँस आदिको विकास गर्ने<br>○ वस्ती निकट रहेका सामुदायिक वनहरुमा जडिवुटी खेतीको विकास गर्ने, संरक्षित वनमा व्यवसायिक फर्महरुलाई कृषि वन सञ्चालन गर्न पहल गर्ने<br>○ अल्लो खेतीको लागि सम्भाव्य स्थान पहिचान गरी सो सम्वन्धी व्यवसायिक खेती गर्ने<br>○ बागवानी तथा पुष्प खेती अन्तरगत कागती, सुन्तला, जुनार, स्याउ, नास्पती, अम्बा, किवी, पुष्पखेती सम्वन्धी कार्यक्रम<br>**पशुपंक्षी पालन कार्यक्रम**<br>○ आधुनिक र व्यावसायिकरुपले पशुपंक्षी पालन कार्यक्रम संचालन<br>○ घरायसी पशुपंक्षीपालन कार्यक्रम<br>➢ पशुपंक्षी नश्ल सुधार र पशुपंक्षी स्वास्थ्य सेवा<br>➢ कृषक, कृषि सहकारीलाई प्रोत्साहन र अवलोकन भ्रमण<br>○ कृषि अनुदानमा वृद्धि गर्ने र प्रतिफलका आधारमा अनुदानको मात्रा बढाउदै लैजाने<br>○ कृषिमा यान्त्रिक प्रणाली प्रवेश गर्दै लैजाने<br>○ मादी पाउँपालिकाका संभावित स्थानहरुमा जग्गा चक्लावन्दी गरी सामुहिक कृषि पद्दतीको विकास गर्ने<br>○ कोरी, थूलेक र अन्य हिमाली भेगमा चौंरीपालनको संभाव्यता अध्ययन गर्ने<br>○ मादी ब्राण्डको रुपमा खाद्यान्न, मासु, फलफूल, तरकारी, मह र अन्य जडिवुटीहरुलाई उत्पादन गरि निर्यात गर्ने प्रवन्ध मिलाउने (जस्तैः मादीको जेठोवुढो, मादीको आलु, मादीको सिमी, मादीको भट्टमास, मादिको मह, आदि), | निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२-३<br>२<br>२-३ | १०८०० | गापा<br>(५ करोड)<br>+<br>निजी<br>(१ अर्ब ३ करोड) |
| २. | **पर्यटन विकास कार्यक्रम**<br>○ पर्यटन केन्द्रहरुको पहिचान र विकास<br>➢ सम्भाव्यता अध्ययन, गुरुयोजनाको निर्माण प्रदेश, निजी क्षेत्र र संघ संस्थाहरुसँग सहकार्य, पर्यटन प्रवर्द्धन, पर्यटन पूर्वाधारको निर्माण, निजी क्षेत्रलाई प्रोत्साहन, आवश्यक कानुनी व्यवस्था गरी नमूना पर्यटकीय गाँउको रुपमा विकास गर्ने ।<br>○ निम्न पर्यटन पदमार्गको विकास गर्ने<br>➢ **घलेखर्क-सिक्लेस इको ट्रेक :** घलेखर्क, तारा हिलटप, पार्चे, सिक्लेस<br>➢ **क्होला सोंथर ट्रेक :** ताङतिङ, ऋपु, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **अर्मला-सिक्लेस ट्रेक :** अर्मला, मौजा, पानीघाट, थाक, | निरन्तर<br>निरन्तर | १८००० | गापा<br>(५ करोड)<br>+<br>निजी<br>(१ अर्ब ७५ करोड) |

| | | | | |
|---|---|---|---|---|
| | साइनोडाँडा, तारा हिलटप, पार्चे, सिक्लेस<br>➢ **गुरुङ हेरिटेज ट्रेल** : लिपियानी, देउमाडी, ठूलास्वाँरा, थाम, काउरे, छाचोक, थाक, चिप्लि, खिलाङ, पार्चे, सिक्लेस, ताङतिङ, घ्रयाम्राङ, यांजाकोट, वार्चोक, भाचोक, नागिधार,पोषी, पर्क्यू हुदै लमजुङ<br>➢ **दुधपोखरी ट्रेक** : सिक्लेस, कोरी, दुधपोखरी, नामुनपास हुदै मनाङ<br>➢ **कफुचे ताल ट्रेक**: सिक्लेस, होगो, कफुचे ताल<br>➢ **सिक्लेस-क्होला सोंथर-ताङतिङ ट्रेक** : सिक्लेस, क्होला सोंथर, ताङतिङ<br>➢ **यांजाकोटं-क्होला सोंथर ट्रेक** : याङ्जाकोट, ऋपुडँडा, चिंग्रे, तप्रों, क्होला सोंथर,  सिक्लेस<br>➢ **वार्चोक-क्होला सोंथर ट्रेक** : वार्चोक, ऋपुडँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **भाचोक-क्होला सोंथर ट्रेक** : भाचोक, ऋपुडँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **नागीधार-क्होला सोंथर ट्रेक** : नागीधार, ऋपुडँडा, चिंग्रे, तप्रों, क्होला सोंथर, सिक्लेस<br>➢ **छ्योस्याङगारा ट्रेक** :क्होला सोंथर, छ्योस्याङगारा, थुलेक<br>➢ **हाइकिङ ट्रेल** : पोखरा, कसेरी, लंकाछर, थाम, ठूलास्वाँरा, चितेपानी, ठूलाकोट हुदै बेगनास तालसम्म<br>➢ **रोयल ट्रेक :** विजयपुरबाट कालिका, माझठाना, लिप्यानी र स्याक्लुङ<br>➢ **मनसुन ट्रेक** : वर्षाद्को समयमा विभिन्न ठाउँहरु<br><br>○ सिक्लेस कोरी केबलकारः विस्तृत परियोजना प्रतिवेदन तयार गरी निजी लगानीकर्ताहरुलाई आकर्षित गर्दै केबलकार निर्माण प्रारम्भ गर्ने ।<br>○ प्रत्येक पदमार्गको रुटमा रहेका गाउँहरुलाई होमस्टे गाउँको रुपमा विकास गर्ने ।<br>○ पर्यटन उद्योग सम्वन्धी उत्पादनको विकास : पर्यटकहरुले प्रयोग गर्ने सामानको उत्पादन गर्ने स्थानीय स्तरमा स्थानीय श्रोत साधनको उपयोग गर्ने नीति सहित प्रवर्द्धन गर्ने ।<br>○ पर्यटकीय सम्पदाहरुको संरक्षण विकास र प्रवर्द्धन गर्ने (डकुमेन्ट्री फिल्म निर्माण गर्ने) ।<br>○ मादी गाउँपालिकाले पोखराको पर्यटनसँग समन्वय राखेर बजारीकरणमा अगाडि बढ्ने ।<br>○ मादी गाउँपालिकामा अवस्थित निर्जन भूमीको पर्यटन उपयोगको लागि संभाव्यता अध्ययन गर्ने ।<br>○ मादी गाउँपालिकामा कृषि पर्यटनको विकास गर्ने ।<br>○ खिलाङ, सिक्लेस र ताङतिङलाई साँस्कृतिक गाउँको रुपमा विकास गर्ने ।<br>○ चिंग्रेमा उच्च पर्वतिय पर्यटकिय वस्तीको संभाव्यता अध्ययन गर्ने<br>○ प्रत्येक वस्तीमा १/१ हेलीप्याडको स्थापना गर्ने ।<br>○ पर्यटन प्रहरीको ब्यवस्था गर्ने ।<br><br>○ प्रत्येक पदमार्गको नक्शाङ्कन गर्ने ।<br>○ स्थानीय पथ प्रर्दशकहरुलाई तालिम प्रदान गर्ने ।<br>○ पर्यटन सुचना केन्द्र, दृश्यावलोकन केन्द्र, पार्क, तातोपानीका कुण्ड, होर्डिङ्बोर्ड, पिक्निक स्थल, क्याम्पिङ् साइट आदिको निर्माण तथा संरक्षण । | २-३<br>४-५<br>निरन्तर<br>२<br>निरन्तर<br>४-५<br>निरन्तर<br>४-५<br>२-३<br>निरन्तर<br>२-३<br>२<br>निरन्तर<br>निरन्तर | | |
| ३. | **औद्योगिक तथा ब्यवसायिक विकास**<br>○ उद्योग ग्रामको विकासः उद्योग ग्रामको स्थापनाको लागि सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी, उपयुक्त स्थानको चयन, संचालनको कार्यविधि एवं कानुनी व्यवस्था गर्ने । | २-३ | ८३०० | गापा<br>(३ करोड)<br>+<br>निजी |

| | | | | |
|---|---|---|---|---|
| | ○ उद्योग ग्रामको प्रभावकारी उपयोग गर्न स्थानीय श्रोतमा आधारित उद्योगहरुको स्थापनामा प्रोत्साहन गर्ने साथै उद्योग संचालनमा मादीवासीलाई प्राथमिकता दिने र वाह्य लगानीलाई पनि आकर्षित गर्ने नीति अवलम्वन गर्ने ।<br>○ लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनः विगत देखि सञ्चालनमा रहेका परम्परागत राडी, पाखी, भांग्रा, भकारी, डोको, डालो नाम्लो, थुन्से, आदि बाँस तथा निगालोमा आधारित घरेलु उद्योगहरुलाई आधुनिकीकरण गर्न आवश्यक तालिम, औजार, उपकरण, संकलन तथा विक्री वितरण गर्न गाउँपालिकाले सहयोग, सम्वन्धित सहकारीसँग सहकार्य गर्ने र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>○ वन पैदावरमा आधारित काष्ठ उद्योग प्रर्वद्धनः सःमिल, प्लाइउड, फनिचर उद्योग, जडिवुटी प्रशोधन गर्ने उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र त्यसका लागि आवश्यक वैधानिक संरचना सञ्चालन गर्ने ।<br>○ व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रमः<br>● सुनपदेली सुगम तथा यातायातसँग जोडिएकोले प्रमुख व्यापारिक केन्द्रको रुपमा स्थापना गर्ने ।<br>● मापदण्ड सहित कृषि भूमीको संरक्षण गर्दै व्यवस्थित वजार निर्माण गर्ने ।<br>● कृषि उपज तथा वनमा आधारित उत्पादनहरुको संकलन केन्द्र र शीतगृह निर्माण गर्ने ।<br>● गाउँपालिकाका पायक पर्ने स्थानमा साप्ताहिक/पाक्षिक हाट बजार र वार्षिक महोत्सव (स्थानीय उत्पादनमा आधारित) सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार र वैधानिक संरचना निर्माण गर्ने । | निरन्तर<br>निरन्तर<br>२-३<br>३-४<br>२-३<br>३-५<br>निरन्तर | | ८० करोड) |
| ४. | **रोजगारी प्रवर्द्धन कार्यक्रम**<br>○ अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रमः युवाहरुलाई रोजगारी मूलक व्यवसायिक उद्यमशिलता तालिम दिई प्रत्येक वर्ष १०० युवा लाइ व्यवसाय सुरु गर्न वीउ पूँजी रकम प्रदान गर्ने<br>○ निर्माण दलको गठन र परिचालन गरी स्थानीय विकास निर्माण कार्यमा संलग्न गराउने र अवैध चोरी सिकारी नियन्त्रणमा गस्ती गर्ने गरी गाउँपालिका सुरक्षा संयन्त्रण निर्माण गर्ने ।<br>○ महिलाहरुको घरायसी कामको मूल्यांकन प्रमाणिकीकरण गरी प्रमाणपत्र उपलव्ध गराउने,<br>○ महिलालाई आयमूलक सीपको तालिम दिने र महिला स्वरोजगार प्रवर्द्धन गर्ने । | निरन्तर<br>२-३<br>२-३<br>निरन्तर | ४०० | गापा |
| ५. | **गरिवी निवारण तथा समृद्धि**<br>○ गरिवी मापन र नक्सांकन गरी निरपेक्ष गरिवीको रेखामुनि रहेका घरपरिवारको पहिचान गर्ने ।<br>○ गरिवीको रेखामुनि रहेका घरपरिवारको सदस्यलाई कम्तिमा १०० दिनको रोजगारि सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने (जस्तैः गाउँपालिकावाट संचालित विकास निर्माण कार्यहरुमा गरिव परिवारका सदस्यहरुलाई प्राथमिकता दिने, स्थानीय विकास निर्माणका कार्यहरुमा श्रममुलक प्रविधिलाई प्राथमिकता दिने)<br>○ कृषिमा आधुनिकीकरण र उन्नत पशुपालन कार्यक्रमहरुलाई गरिव लक्षित गर्दै आयस्तरमा बृद्धि गर्ने ।<br>○ गरिव परिवारका महिलाहरुलाई केन्द्रित गरी स्वरोजगार सीप प्रदान गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने । | २-३<br>निरन्तर<br>निरन्तर<br>२-३ | २०९ | गापा |

| | | | | |
|---|---|---|---|---|
| | ○ स-साना व्यवसाय सञ्चालन गर्न लघुवित्त संस्थामार्फत वीउ पूजीं उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने ।<br>○ गरिव घरपरिवारलाई सहकारी मार्फत सामुहिक खेती, पशुपालन, स-साना व्यवसाय सञ्चालन गर्न गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने (जस्तै भूमिबैंक मार्फत जमिन उपलब्ध गराउने) ।<br>○ गरिवी परिचय पत्र प्राप्त परिवारलाई सुपथ मूल्यमा खाद्यान्न तथा अन्य सेवा उपलब्ध गराउने ।<br>○ गरिव व्यक्तिसंग भएको परम्परागत सीप तथा ज्ञानको पहिचान गरी तदनुसारको कार्यक्रम तर्फ उन्मुख गराउन उत्प्रेरित गराउने ।<br>○ गरिव परिवारको शिक्षा, स्वास्थ्य र आय आर्जनको क्षेत्रमा पहुँच बढाउन वडास्तरमा १ वर्षमा २ पटक परामर्श सेवा (Counselling) अभियान सञ्चालन गर्ने । | निरन्तर<br>निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर | | |
| ६. | **नविकरणीय ऊर्जा प्रवर्द्धन**<br>○ नविकरणीय ऊर्जा विकास र उपयोग सम्वन्धी नीति तयार गरी आयातित इन्धन प्रतिस्थापन गर्ने कार्यक्रम ।<br>○ उज्यालो मादी कार्यक्रमः वायोग्याँस, सौर्य ऊर्जा र धुवाँरहित चुलो प्रयोगमा प्रोत्साहन गर्ने अनुदान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने साथै प्रत्येक वडामा सहज विजुलीको पहुँचवाट वञ्चित परिवारलाई सौर्य ऊर्जा प्रवर्द्धनको माध्यमवाट ऊर्जामा पहुँच पुऱ्याउने । | २-३<br>निरन्तर | २०० | गापा (५० लाख) + निजी (१ करोड ५० लाख) |
| | **जम्मा** | | ३७९०९ | |

## ३) सामाजिक विकास योजना

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **जनसंख्या व्यवस्थापन**<br>○ गाउँपालिकाले प्राविधिक तथा उच्च शिक्षा अवसर बृद्धि गर्ने र आयमूलक रोजगारीका अवसर सिर्जना गर्ने र दीर्घकालीन कार्यक्रम तय गरी क्रमशः लागू गर्ने ।<br>○ पर्यटन आयआर्जन पूर्वाधार लगायत सेवा पुऱ्याउदै पूराना वस्तीहरुलाई लाभ हुने कार्यक्रम सञ्चालन गर्ने ।<br>○ खर्क खर्तरीको विकास र तल्लो क्षेत्रमा आधुनिक कृषि तथा उद्योग व्यवसायको विस्तार मार्फत सन्तुलित विकासको माध्यमवाट पुराना मुल वस्तीहरु उजाड हुनवाट रोक्ने । | निरन्तर<br>निरन्तर<br>निरन्तर | ३०० | गापा |
| २. | **शिक्षाः**<br>○ साक्षरताः निराक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्ने र त्यसका लागि आवश्यक पर्ने श्रोत साधन तथा सामग्री गाउँपालिकाले उपलब्ध गराउने, ४ वर्षमा मादी गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने ।<br>○ बालविकास केन्द्रः प्रत्येक वडाका वस्तीहरुमा बालविकास केन्द्रको स्थापना र संचालनमा स्थानीय समुदायसँग सहकार्य गर्दै आवश्यक भौतिक, प्राविधिक, शैक्षिक जनशक्तिको प्रवन्ध मिलाउने । यस्ता केन्द्रहरुमा दिवा खाजा, पोशाक, शैक्षिक सामग्री र साधनहरु उपलब्ध गराउन गाउँपालिकाले/वडाले आवश्यक वित्तीय सहयोग गर्ने ।<br>○ विद्यालय स्तरोन्नति कार्यक्रम | निरन्तर<br>निरन्तर | ४५०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | • आधारभूत तथा माध्यामिक तहको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन आफ्नो विद्यालय आफै बनाऊँ कार्यक्रम सञ्चालन गर्ने । यसका लागि स्थानीय समुदायलाई व्यवस्थापनको जिम्मा दिने । | निरन्तर | | |
| | • प्रत्येक विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने । | २ | | |
| | • स्थानीय मातृभाषामा पठनपाठनको संभाव्यता अध्ययन गरी कार्यक्रम संचालन गर्ने । | २-३ | | |
| | • आवश्यक जनशक्ति स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तर्जुमा, शैक्षिक सामग्री तथा भौतिक सुविधाको विकासमा गाउँपालिकाले वडा मार्फत सहयोग गर्ने । | ३-४ | | |
| | • सबै माध्यामिक विद्यालयहरुमा व्यवसायिक शिक्षा प्रभावकारीढंगले प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने । | ४-५ | | |
| | • पाठ्यपुस्तक, पुस्तकालय तथा आधुनिक संचार प्रविधि (ईन्टरनेट) को पहुँच सबै विद्यालयहरुमा समयमानै पुऱ्याउने । | निरन्तर | | |
| | • विषयगत शिक्षकहरुको व्यवस्थापन, शिक्षकहरुको नियमित विषयगत पुर्नताजगी तालिम, नियमित पठनपाठनको अनुगमनको उपलब्धिका आधारमा शिक्षकको कार्यदक्षता मूल्याङ्कन र वार्षिक शैक्षिक अडिट साथै दण्ड र पुरस्कारको व्यवस्था लागु गर्ने । यस कामको लागि आवश्यक कानुनी र संस्थागत संयन्त्रको व्यवस्था गर्ने । | निरन्तर | | |
| | • विद्यालयको शैक्षिक स्तर उन्नतिको लागि शैक्षिक नेतृत्वको आवश्यकता भएकोले प्रत्येक विद्यालयको प्रधानाध्यापक सक्षम व्यक्तिलाई नियुक्त गर्ने र उसको निरन्तरता शैक्षिक उपलब्धिको मूल्याङ्कनमा निर्भर हुने व्यवस्था गर्ने । | २ | | |
| | ○ जेहेन्दार, गरिव, उत्पिडित, असहाय र महिलाहरुका लागि प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा ५/५ जना छात्र, छात्रालाई प्रदान गर्ने । | निरन्तर | | |
| | ○ प्राविधिक तथा उच्च शिक्षाः | | | |
| | • ध्रुव मा.वि. र हिमालय मिलन मा.वि.लाई प्राविधिक बिषयको अध्यापन संचालन गर्नका लागि आवश्यक योजना वनाई संघ र प्रदेशवाट समपूरक वा विशेष अनुदान प्राप्त गर्न पहल कदमी गर्ने । | २-३ | | |
| | • भगवतिटारमा गाउँपालिकास्तरीय प्रविधिक महाबिद्यालय स्थापना गर्न संभाब्यता अध्ययन गर्ने । | २ | | |
| | • प्राविधिक उच्च शिक्षा हाँसिल गर्न चाहने मादी गाउँपालिका भित्रका वासिन्दाहरुलाई उच्च शिक्षामा आशिंक छात्रबृत्ति प्रदान गर्ने । | निरन्तर | | |
| | ○ मादी गाउँपालिका शिक्षा शाखाले बिद्यालय समग्र सुधारका लागि योजना बनाई विद्यालय समायोजन, शैक्षिक गुणस्तर सुधार, प्रयोगात्मक शिक्षण, स्थानीय पाठ्यक्रम ( व्यवसायिक शिक्षा), अभिभावक सचेतीकरण आदि कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | | |
| | ○ गाउँपालिकामा एक वडा एक नमुना विद्यालयको रुपमा ब्यबस्थापन गर्ने । | २-४ | | |
| | ○ शिक्षकलाई प्रविधिसँग परिचित हुन ICT तालिम, अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने । | निरन्तर | | |
| | ○ गाउँपालिका भित्रका विद्यालयहरुमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने । | निरन्तर | | |

| | | | | |
|---|---|---|---|---|
| | ○ गाउँपालिका भित्रका विद्यालयहरुमा किशोर किशोरीहरुलाई प्रजनन स्वास्थ्य तथा लैङ्गिक समानता सम्वन्धी सचेतना कार्यक्रम गर्ने ।<br>○ विद्यालयका भौतिक पूर्वाधारहरु वाल मैत्री, अपाङ्गता मैत्री र किशोरी मैत्री वनाउने । | निरन्तर<br>२-३ | | |
| ३. | **स्वास्थ्य**<br>○ सरकारले तोकेको आधारभूत स्वास्थ्य सेवालाई आम जनताको पहुँचभित्र पुऱ्याउन आवश्यक श्रोत साधनको परिचालन गर्ने ।<br>○ मातृशिशु स्वास्थ्य सेवालाई गाउँपालिकाका सवै वडाहरुका वस्तीहरुमा पुऱ्याउने ।<br>○ खोप र सुरक्षित मातृत्व सेवालाई गाउँपालिकाका सवै वडा अन्तरगतका वस्तीहरुमा पुऱ्याउने<br>○ गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य केन्द्रहरुमा आम जनताको पहुँच पुऱ्याउने ।<br>○ गाउँपालिका अन्तरगत वसोवास गर्ने आम जनता विच स्वास्थ्य सम्वन्धी जनचेतना जगाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने साथै उपचारात्मकभन्दा रोकथाम पद्धतिलाई व्यापक वनाउन प्रयत्न गर्ने ।<br>○ अति नसर्ने अति जटिल रोग हाल व्यापक भैरहेको परिप्रेक्षमा सो सम्वन्धी समस्याको समयमै सुसूचित हुनु अनिवार्य भैसकेको छ, तसर्थ तसर्थ जटिल रोगहहरुको कारण सम्वन्धमा स्वास्थ्यकर्मीवाट सचेतना गराउने ।<br>○ हाल संचालनमा रहेका स्वास्थ्य केन्द्रहरुको सेवाको स्तर बृद्धि गर्नुको साथै सुविधा (प्रयोशाला, परीक्षण र औषधी) को विस्तार सूचिकृत गर्ने ।<br>○ महिलाहरुको प्रजनन स्वास्थ्यका बारेमा ज्ञान दिलाउने र सुरक्षित प्रजननका निमित्त स्वास्थ्य संस्थामा सुत्केरी गराउन अभिप्रेरित गर्ने र पाँच वर्षभित्र घरमा सुत्केरी गराउने संख्या शुन्यमा झार्ने ।<br>○ गाउँपालिकाभित्र सवैलाई पायक पर्ने ठाँउ छनौट गरी कम्तिमा २५ सैयाको २ वटा गाउँपालिका स्तरका अस्पताल स्थापना गर्ने ।<br>○ गाउँपालिका भित्र शिशु , वाल तथा मातृ मृत्यु घटाउन स्वास्थ्यकर्मीको प्रत्यक्ष सहयोगमा अवलम्वन गर्नुपर्ने सवै उपायहरु अपनाउने ।<br>○ जेष्ठ नागरीकका स्वास्थ्य सेवाका लागि समय समयमा घुम्ती शिविरहरु सञ्चालन गरी उनीहरुको स्वास्थ्य परीक्षण गर्नुको साथै आवश्यक साधन, सेवा तथा श्रोतको उपलब्ध गराउने ।<br>○ आयुर्वेदिक उपचारको पहुँच बढाउन गाउँपालिकाभित्र पायक पर्ने ठाउमा एउटा आयुर्वेदिक अस्पतालको स्थापना गर्ने र स्थानीय जडिवुटीहरुको पहिचान गरी प्रवर्द्धन र उपयोग गर्न प्रेरित गर्ने ।<br>○ स्वास्थ्य सम्वन्धी पूर्वाधारहरु निर्माण गर्दा अपाङ्ग मैत्री, किशोर किशोरी मैत्री बनाउने ।<br>○ छोरा छोरीको बिचको विभेद अन्त्य गर्न गर्भ पहिचान गरी गर्भपतन गर्ने प्रचलनलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने र गाउँपालिकाले छोरीलाई आधारभूत तहसम्मको शिक्षामा विशेष सहयोग गर्ने ।<br>○ कुपोषित गर्भवती तथा सुत्केरी आमा तथा बालबालिकाहरुका लागि विशेष पोषण कार्यकम संचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने । | निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२-३<br>निरन्तर<br>५<br>निरन्तर<br>निरन्तर<br>४-५<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | ३५०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | ○ निशुल्क स्वाथ्य सेवा प्राप्त गर्ने जनसंख्याको तथ्यांक संकलन गर्ने<br>○ प्रत्येक मूख्य गाउँमा एक एक वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने<br>○ स्वास्थ्य विमा कोषको स्थापना गर्ने र जेष्ठ नागरीक, महिला स्वयं सेविका, असहाय, एकल महिला र विपन्न वर्गको तथ्यांक अद्यावधिक गर्ने ।<br>○ असाध्य ८ वटा रोगहरुको उपचार निशुल्क हुने कुराको जानकारी सर्वसाधारणलाई गराउने<br>○ खोप, औषधी तथा उपकरणको भण्डारणका लागि भवन निर्माण गर्ने<br>○ एम्वुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्थानीय क्लब, समुदाय वा संस्थाहरुलाई व्यवस्थापनको जिम्मा दिने ।<br>○ प्रसुती कोष स्थापना र संचालन गर्ने ।<br>○ प्रत्येक स्वास्थ्य चौकी चौविसै घण्टा संचालन गर्ने ।<br>○ स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्न पहल गर्ने ।<br>○ महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन, कोष व्यवस्थापन र Mobile Reporting System मा सक्षम बनाउने ।<br>○ प्रत्येक स्वास्थ्य संस्थामा टेलिमेडिसिनको सेवा उपलब्ध गराउने ।<br>○ स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारि ढंगले संचालन गरी असहाय विपन्न वर्गका लागि स्वास्थ्य विमा कोष स्थापना गर्ने ।<br>○ स्वास्थ्य संस्थामा कार्यरत कमचारीलाई अतिरिक्त कामको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने । | निरन्तर<br>३-५<br>२-३<br>निरन्तर<br>३-५<br>२-३<br>२-३<br>निरन्तर<br>२-३<br>२-३<br>३-४<br>२-३<br>निरन्तर | | |
| ४. | **खानेपानी**<br>○ गाउँपालिकाका सवै वडा अन्तरगत रहेका वस्तीहरुमा एक घर एक धारा शुद्ध खानेपानीको वितरणको व्यवस्था सुनिश्चित गर्ने ।<br>○ गाउँपालिका अन्तरगत रहेका सवै खानेपानीका श्रोतहरुको उचित संरक्षणको व्यवस्था गर्ने ।<br>○ खानेपानीको श्रोतको अभाव भएका वस्तीहरुमा खानेपानीको वैकल्पिक उपायहरुको खोजी गरी समाधानका उपायहरु निकाल्ने । (जस्तै : सौर्य शक्तिमा आधारित लिफ्ट प्रणालीवाट खानेपानी आपूर्ति गर्ने, वर्षाद्को पानी संकलन तथा उपयोग) यसका लागि गाउँपालिकाले अनुदान सहयोग जुटाउने । | २-३<br>निरन्तर<br>३ | १५०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| ५ | **महिला विकास तथा लैङ्गिक समानता**<br>○ गाउँपालिका भित्र महिला सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>○ आगामी ५ वर्ष भित्रमा गाउँपालिकालाई महिला हिंसा मुक्त बनाउने ।<br>○ गाउँपालिकाभित्र बाल विवाहलाई निरुत्साहित गर्न कार्यक्रमहरु सञ्चालन गर्ने<br>○ महिला तथा गरिव बालबालिकाहरुका लागि छात्रबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>○ हाल कार्यरत महिला स्वंयसेविका/सामाजिक परिचालकहरुलाई उत्प्रेरित गरी उनीहरुको कार्य क्षमता बृद्धि गर्ने खालका कार्यक्महरु सञ्चालन गर्ने । | निरन्तर<br>२-५<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | ५५० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | ○ गाउँपालिकाभित्र निर्माण हुने विकास निर्माणका परियोजनाहरुमा महिलाहरुको सहभागिता सुनिश्चित हुने खालका कार्यक्रमहरु संचालन गर्ने ।<br>○ गाउँपालिकाभित्र परम्परागत सीपमा आधारित भई उत्पादन क्षेत्रमा लागेका महिलाहरुलाई उन्नत सीप, तथा क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम तथा कार्यशालाको व्यवस्था गर्ने ।<br>○ महिलाद्धारा संचालित उद्योग तथा आर्थिक कियाकलापलाई सघाउन सहुलियत ऋण तथा अनुदानका कार्यक्रम सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाभित्र रहेका दलित, पिछडिएको वर्ग एवं गरिव महिलाहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाभित्र विद्यालयको पहुँचभन्दा टाढा रहेका छोरीहरुलाई विद्यालय पठाउने कार्यक्रम सञ्चालन गर्ने र ४ वर्षभित्र गाउँपालिकाका सवै छोरीहरुलाई विद्यालय पठाउन अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाभित्र समूहका उद्यम गर्न खोज्ने महिला समूह तथा क्लवहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदानको कार्यक्रम सञ्चालन गर्ने ।<br>○ महिलाहरुको घरायसी कामको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने र राष्ट्रिय आम्दानीमा त्यसको गणना गर्न पहल समेत गर्ने ।<br>○ मुलुकी संहिता र अन्य कानुनी सचेतना सम्बन्धि कार्यक्रम संचालन गर्ने । | निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>२-४<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | | |
| ६. | **बालविकास कार्यक्रम**<br>○ गाउँपालिका भित्रका सवै वडाका वस्तीहरुमा बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>○ गाउँपालिका भित्र संचालित वालविकास केन्द्रहरुको अनुगमन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक ठाउँमा बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाभित्रका सवै पायक पर्ने ठाउहरुमा वाल उद्यान, बाल क्लवको स्थापना गर्ने ।<br>○ गाउँपालिका भित्र बाल पुस्तकालय स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>○ वाल शिक्षा सम्वन्धी प्रकाशनमा सहयोग गर्ने ।<br>○ प्रारम्भिक वाल विकासका लागि अभिभावक सचेतना तथा पोषण कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले सहयोग गर्ने ।<br>○ वालवालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त कियाकलापहरु सञ्चालन गर्न सहयोग गर्ने ।<br>○ गाउँपालिका स्तरिय वालसंजाल गठन गर्ने । | निरन्तर<br>निरन्तर<br>२-४<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२ | ३५० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| ७. | **दलित एवं पिछीडएको वर्ग उत्थान**<br>○ गाउँपालिकाभित्र रहेका सवै दलित तथा उत्पिडितहरुका लागि सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने । सशक्तीकरण अर्न्तगत शिक्षा, स्वास्थ्य, आयआर्जनका कार्यक्रम संचालनमा सहयोग गर्ने ।<br>○ छुवाछुत र विभेद जस्ता कुरीतिको अन्त्य गर्न सचेतना कार्यक्रमहरु (पोष्टर, जनचेतना,गोष्ठी, सार्वजनिक सूचना) सञ्चालन गर्ने । | निरन्तर<br>निरन्तर | ३०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | ○ दलित युवाहरुलाई व्यवसायिक तालिम प्रदान गर्ने ।<br>○ आधारभूत तथा माध्यमिक तहको शिक्षामा दलितहरुलाई छात्रबृत्तिको व्यवस्था गर्ने । | २-३<br>२-३ | | |
| ८. | **सामाजिक सुरक्षा**<br>क) जेष्ठ नागरीकका सम्मान तथा हेरचाह<br>○ जेष्ठ नागरीकहरुको तथ्यांक अद्यावधिक गर्ने ।<br>○ जेष्ठ नागरीकहरुका लागि वस्तीस्तरमा जेष्ठ नागरीक केन्द्र स्थापना गर्ने, उक्त केन्दमा योग, मनोरञ्जन तथा अन्य अन्तरक्रिया कार्यक्रम सञ्चालन  गर्ने ।<br>○ जेष्ठ नागरीकहरुको स्वास्थ्य नियमित जाँच गराउने सेवा उपलब्ध गराउने ।<br>○ जिविका तथा सम्मान स्वरुप नियमित भत्ता उपलब्ध गराउने ।<br>ख) असहाय तथा अपाङ्गता संरक्षण कार्यक्रम<br>○ अपाङ्गता भएकाहरुलाई सहयोगी साधन (Wheel Chair, वैशाखी) प्रदान गर्ने साथै आयमूलक सीप प्रदान गर्ने<br>○ असहाय द्वन्द्वपीडित वालवालिका तथा एकल महिलालाई संरक्षण तथा आयमूलक कार्यक्रम सञ्चालन  गर्ने ।<br>○ अपाङ्गताको किसिम अनुसार वर्गीकरण गरी  परिचय पत्र अनुरुप भत्ता उपब्ध गराउने । | २<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२ | ५०४३ | संघ, गापा र गैह्र सरकारी संस्था |
| ९. | **जनजाति उत्थान**<br>○ गाउँपालिकामा बसोवास गर्ने जनजातिहरुको तथ्यांक अद्यावधिक गर्ने ।<br>○ उनीहरुको भाषा, संस्कृति, पूरातात्विक स्थलहरुको संरक्षण गर्ने ।<br>○ सिक्लेस र पाखुरीकोटमा जनजाति सङ्ग्रहालय निर्माण गर्ने<br>○ जनजातिहरुको भाषा संरक्षण गर्न आधारभूत तहमा पाठ्यक्म निर्माण गर्ने र विद्यालय तहमा लागु गर्ने साथै शिक्षण सिकाइका लागि आवश्यक जनशक्ति तयार गर्ने ।<br>○ गुरुङहरुको आदिम ऐतिहाँसिक बसोवास स्थल क्होला सोंथर लाई पुरातात्विक एवं पर्यटकीय आर्कषण स्थलको रुपमा विकास र प्रवर्द्धन गर्ने । | २<br>निरन्तर<br>४-५<br>२-५<br>३-५ | ४०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| १०. | **युवा तथा खेलकुद**<br>○ युवाहरुको सक्रियता र स्थानीय विकासमा सहभागिता बृद्धि गर्न गाउँपालिकाभित्रका विकास निर्माणका क्रियाकलापहरुमा सहभागी हुनेगरी यूवा निर्माण दल गठन गर्ने ।<br>○ स्थानीय यूवा क्लवहरुलाई विकास निर्माणका कार्यक्रमहरु सँग आवद्ध गर्ने । यिनीहरुलाई साधन, श्रोत तथा तालिम प्रदान गर्ने ।<br>○ सुरक्षित बैदेशिक रोजगार प्रशिक्षण तालिम संचालन गर्ने ।<br>**खेलकुद**<br>○ मादी गाउँपालिकामा खेलकुदका क्रियाकलापहरु सञ्चालन गर्न क्रमश प्रत्येक वडामा एक एक खेल मैदान निर्माण गर्ने र भैरहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्ने ।<br>○ मादी गाउँपालिकाका मूख्य खेलहरु (फुटवल, भलिवल, छेलो, एथलेटिक्स आदि) समेटी गाउँपालिकास्तरको अन्तरक्लव, अन्तरवडा तथा खुला खेलकुद प्रतियोगिता सञ्चालन  गर्ने ।<br>○ गाउँपालिकावाट खेलकुदका प्रादेशिक तथा राष्ट्रिय कार्यक्रमहरुमा खेलाडीहरुलाई सहभागी गराउन सहयोग गर्ने र ख्यातिप्राप्त खेलाडीलाई सम्मान गर्ने । | २-३<br>निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | १००० | गापा र स्थानीय समुदाय, युवा क्लबहरु |

| | | | | |
|---|---|---|---|---|
| | ○ गाउँपालिकाभित्रका खेलाडीहरुको सीप विकास र स्तरोन्नतिका लागि गाउँपालिकावाट आवश्यक भौतिक, आर्थिक तथा संस्थागत सहयोगको व्यवस्था गर्ने । | निरन्तर | | |
| ११. | **साहित्य कला तथा संस्कृति प्रवर्द्धन**<br>○ मादी गाउँपालिकाका ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरुको पहिचान गरी पुस्तिका प्रकाशन गर्ने साथै उक्त स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने ।<br>○ गाउँपालिका भित्रका लोक संस्कृतिसँग सम्वन्धित (सोरठी, घाँटु, पञ्चे वाजा, भजन चुट्का) विभिन्न साँस्कृतिक गतिविधिहरुको उत्थान र संरक्षणका निम्ति उपयुक्त नीति निर्धारण गर्ने ।<br>○ गाउँपालिका अर्न्तगत साहित्य कलाको प्रवर्द्धनका लागि गाउँपालिका/वडा स्तरीय प्रतिस्पर्धा नियमित रुपमा आयोजना गर्ने साथै गाउँपालिका भित्र रहेका कवि, कलाकार, साहित्यकारहरुलाई उत्प्रेरित गर्ने ।<br>○ सैमराङ्गमा एउटा गाउँपालिका स्तरको बौद्ध गुम्वा स्थापना गर्न र लामा स्कूलको स्थापना गर्नका लागि सम्भाव्यताको अध्ययन गर्ने ।<br>○ भाषा, कला, लिपी, साहित्य एवं संस्कृतिको संरक्षणको लागि गाउँपालिका स्तरको एक प्रतिष्ठान स्थापना गर्ने । | <br>२-३<br>२<br>निरन्तर<br>३-४<br>२ | २०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| १२. | **नागरीक सचेतना कार्यक्रम**<br>○ गाउँपालिका भित्रका सवै नागरीकहरुलाई शिक्षा, स्वास्थ्य, वातावरण, कानुन आदि विषयमा नियमित रुपमा सम्वन्धित निकायको संयोजनमा उपयुक्त समय हेरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>○ नागरीक अधिकार तथा कर्तव्यको पालनाका लागि नागरीक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>**श्रोत तथा साधनमा पहुँच**<br>○ गाउँपालिका अन्तर्गत वसोवास गर्ने विपन्न वर्ग, सीमान्तकृत, महिला, उत्पिडित, वर्गहरुको गाउँपालिकाको सार्वजनिक श्रोत र साधनहरुमा पहुँच सुनिश्चित गर्ने ।<br>○ गाउँपालिका अर्न्तगत रहेका सार्वजनिक श्रोत तथा साधनमा पहुँच नपुगेका नागरीकहरुको पहिचान गरी उनिहरुलाई तत् तत् सार्वजनिक श्रोत तथा साधनको उपभोग गर्ने उपभोक्ता समितिहरुमा (वन, खानेपानी, कृषि, सहकारी आदि) समावेश गरी पहुँच सुनिश्चित गर्ने । | निरन्तर<br>निरन्तर<br>३<br>निरन्तर | २०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था, संचार माध्यम |
| | **जम्मा बजेट** | | **१७८४३** | |

## ४) वन तथा वातावरण संरक्षण

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **वन तथा वातावरण संरक्षण** | | १०० | गापा, गैसस, एक्याप |
| | ○ गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरु (वन, जंगल, जग्गा, गुम्बा, पाटी, पौवा, मन्दिर आदि) को नापजाँच तथा एकिकृत अभिलेख कायम गरी संरक्षणको रणनीति तयार गर्ने । | २-३ | | |
| | ○ गाउँपालिका अर्न्तगतका सार्वजनिक सम्पतिहरुको प्रवर्द्धन गर्न उपयुक्त विकास योजनाहरु तर्जुमा गर्ने । | २-३ | | |
| | ○ वातावरणीय सौर्न्दय कायम राख्न अभिप्रेरित गर्ने खालका वोर्डहरु राख्ने । | निरन्तर | | |
| | ○ गाउँपालिकाभित्रका सवै विद्यालयहरुमा अनिवार्य रुपमा प्रकृति क्लवहरु गठन गर्ने । | २ | | |
| | ○ गाउँपालिका भित्र रहेका विभिन्न किसिमका वनस्पतिका प्रजातिहरु र औषधिजन्य जडिवुटीहरुको अनुसन्धान गरी अभिलेख तयार गरेर त्यसको संरक्षण र सम्वर्द्धन गर्ने । | ३-४ | | |
| | ○ गाउँपालिका भित्रका वन जंगल क्षेत्रमा रहेका विभिन्न किसिमका वन्यजन्तुहरु र लोपोन्मूख वन्यजन्तुहरुको अध्ययन अनुसन्धान र संरक्षणका कार्यक्रमहरु अबलम्वन गर्ने । | ४-५ | | |
| | ○ परम्परागत पोखरीहरुको संरक्षणमा समुदायसँग सहकार्य गर्ने । | ३ | | |
| | ○ गाउँपालिका भित्रका सामुदायिक र संरक्षित वनमा बैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गर्ने । | ४-५ | | |
| | ○ नदी किनार, सडक दायाँ वायाँ, पहिरो एवं नाङ्गा पाखाहरुमा वृक्षारोपण कार्यक्रम संचालन गर्ने । | निरन्तर | | |
| २. | **सरसफाइ तथा फोहोरमैला व्यवस्थापन** | | १५० | गापा, गैसस, एक्याप |
| | ○ गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुमा सरसफाइको व्यापक सचेतना कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने । | निरन्तर | | |
| | ○ गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुमा संकलन भएको फोहोरमैला उचित विर्सजन गर्न कन्टेनरहरुको व्यवस्था गर्ने । | २ | | |
| | ○ फोहोरको किसिम स्रोतमै छुट्याएर रिसाईकिक्लङ्ग गर्ने तथा कम्पोष्ट मल बनाउने । | ३ | | |
| | ○ गाउँपालिका/वडा अर्न्तगतका सवै वस्तीहरुवाट उत्पन्न हुने तरल फोहोरलाई सुरक्षित विर्सजन गर्ने । | निरन्तर | | |
| ३. | **पार्क तथा वगैंचा निर्माण** | | ३० | गापा, गैसस, एक्याप |
| | ○ गाउँपालिका/वडा कार्यालयहरुले आफ्नो हाताभित्र सुन्दर नमुना वगैंचा निर्माण गर्ने र सोही वगैंचालाई नमुना गराई वस्ती वस्तीमा वगैंचा विस्तार गर्न उत्प्रेरित गर्ने । | ४-५ | | |
| | ○ गाउँपालिका अर्न्तगत रहेका दृश्यावलोकनका लागि उपयुक्त स्थानहरुमा वडा मार्फत आकर्षक पार्कहरु निर्माण गर्ने । | ३-५ | | |
| | ○ गाउँपालिकाले वातावरण कोष निर्माण गरी सो कोषको रकम वृक्षारोपण, विरुवा उत्पादन, पहिरो नियन्त्रण, नदी कटान, लगायतका कार्यक्रममा प्रयोग गर्ने । | निरन्तर | | |
| | ○ गाउँपालिकाले साझेदारी, निजी तथा सार्वजनिक सहकार्यमा वातावरण मैत्री पर्यटकीय हरियाली पार्क तथा पिक्निक स्थलहरुको निर्माण गर्ने । | ४-५ | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | **जलवायु परिवर्तन अनुकूलन कार्यक्रम**<br>○ विश्वव्यापी तथा स्थानीय रुपमा जलवायुको मुद्धा टड्कारो भैरहेको परिप्रेक्ष्यमा प्रत्येक नागरीकलाई जलवायु परिवर्तन सम्वन्धी सहि जानकारी उपलब्ध गराउन गाउँपालिकाले समय समयमा जलवायु सम्वन्धी विज्ञद्धारा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>○ जलवायू परिवर्तनको असरलाई ध्यानमा राखेर गाउँपालिका अर्न्तगतका उपयुक्त स्थानमा जलवायु परिवर्तनको अभिलेख तयार गर्न कम्तिमा तापक्रम, वर्षा, सापेक्षिक आर्द्रता मापन स्टेसन स्थापना गर्ने ।<br>○ जलवायू परिवर्तनको कारणले तापक्रम, वर्षा, सापेक्षित आर्द्रतामा आएको परिवर्तनसँग अनुकूलन हुने विधि वारे जानकारी गराउने र सोहि अनुसारका मानवीय क्रियाकलाप सञ्चालन गर्ने ।<br>○ हिमतालहरुको पहिचान गरी संरक्षणका उपायहरुका कार्यक्रम संचालन गर्ने । | निरन्तर<br>३-४<br>निरन्तर<br>निरन्तर | २० | गापा, गैसस, एक्याप |
| | **जम्मा** | | ३०० | |

## ५) प्रकोप तथा विपद् व्यवस्थापन योजना

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | सचेतना र तालिम कार्यक्रम<br>○ भूकम्प, डढेलो, माहामारी, अनावृष्टि, अतिवृष्टि, आँधिवेहरी, असिना, तुषारो आदिवाट उत्पन्न हुन सक्ने प्रकोप सम्वन्धमा गाउँपालिका अन्तरगत सबै वस्तीहरुमा पूर्व सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाका सबै विद्यालयहरुमा जोखिम व्यवस्थापनका लागि नियमित तालिम सञ्चालन गर्ने तथा पाठ्यक्रम समेत बनाई अध्यापन गराउने ।<br>○ सामाजिक अपराध, रोगव्याधी, एवं महामारी विरुद्ध नियमित रुपमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>○ वन्यजन्तु, जडीवुटीको अवैध चोरी निकासी नियन्त्रण गर्न संरक्षण शिक्षा प्रदान गर्ने ।<br>○ मादी नदीको वाढी प्रकोपको सम्भाव्यताको अध्ययन गरि पूर्व सुचना प्रणालीको व्यवस्था गर्ने । | निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>३-४ | ५० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| २. | विपद् तथा प्रकोप व्यवस्थापन<br>○ प्रकोप पूर्व तयारी सामग्रीको भण्डारण एवं व्यवस्थापन गर्ने ।<br>○ प्रकोपवाट उत्पन्न हुन सक्ने संभावित विपद्वाट नागरीकलाई सुरक्षित वनाउन प्रत्येक वडामा स्वयम्सेवी रुपमा खट्ने दल गठन गर्ने । उद्धारदललाई आवश्यक तालिम उपलब्ध गराउने र उद्धारमा आवश्यक सामग्रीहरुको पनि जोहो गर्दै जाने ।<br>○ गाउँपालिकाले प्रत्येक वडामा प्राकृतिक विपद् राहत कोषको स्थापना गर्न सहयोग गर्ने ।<br>○ गाउँपालिकाले जोखिम अभिलेख राख्ने कार्यलाई | ३-४<br>निरन्तर<br>२ | १३० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | निरन्तरता दिने र उद्धार तथा राहत वितरण प्रणाली एकद्धार प्रणालीवाट सञ्चालन गर्ने ।<br>○ गाउँपालिकाभित्रका विभिन्न वस्तिहरुमा भैरहेका पोखरी मर्मत तथा नयाँ निर्माण गर्ने ।<br>○ वडाका मूख्य वस्तिहरुमा एक एक वटा हेलिप्याड निर्माण गर्ने । | निरन्तर<br>३-४<br>३-५ | | |
| ३. | विपद् तथा प्रकोप पश्चात पुर्नस्थापना<br>○ प्रकोपमा परेका व्यक्ति तथा घर परिवारलाई तत्काल उपयुक्त सार्वजनिक स्थानमा बसोबासको व्यवस्था गरी आवश्यक सहयोग गर्ने ।<br>○ गाउँपालिका अर्न्तगतका वस्तीहरुमध्ये नितान्त जोखिम क्षेत्रमा रहेका वस्तीहरुको अध्ययन गरी स्थानान्तरण गराउने र जोखिम न्यूनीकरण गर्ने । | निरन्तर<br>२-३ | ५० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| ४ | पहिरो नियन्त्रण तथा तटवन्ध निर्माण<br>○ तप्राङको नाउनु, मुग्रीवेसिको सेतो पहिरो लगायतका अन्य पहिरोहरुको नियन्त्रणका लागि उपयुक्त प्रविधिको खोजी गरी दीर्घकालीन समाधान पहिल्याउने र गाउँपालिकाले स्रोत साधनको व्यवस्थापन गर्ने ।<br>○ गाउँपालिकाका विभिन्न नदीले कटान गरेका स्थानहरुमा तटबन्ध निर्माण गर्ने | २-५<br>२-४ | ३० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |
| ५. | दीर्घकालीन नीति र मापदण्ड निर्धारण<br>○ गाउँपालिकाले जोखिम न्यूनिकरण सम्वन्धी जोखिम व्यवस्थापन योजना, कार्यान्वयन निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्ने । साथै निर्देशिका प्रकाशन गरी सार्वजनिक गर्ने ।<br>○ गाउँपालिका भित्रका सार्वजनिक तथा निजी भवनहरु निर्माण गर्दा जोखिम प्रतिरोधात्मक संरचना तयार गर्ने नीति अवलम्वन गर्ने । | २-३<br>निरन्तर | २० | गापा र स्थानीय समुदाय |
| | **जम्मा** | | २८० | |

## ६ वित्त व्यवस्थापन तथा संस्थागत विकास योजना

### क) सुशासन तथा संस्थागत विकास योजना

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **विकेन्द्रीकरण कार्यक्रम**<br>○ गाउँपालिकाका सेवाहरुलाई वडास्तरमा विकेन्द्रीकरण गर्न आवश्यक कार्यविधि तयार गर्ने र संस्थागत संरचना पनि निर्माण गर्ने ।<br>○ विकास निर्माण कार्य तथा सेवा प्रवाहको अनुगमन गर्न संस्थागत ढाँचा र कार्य पद्धति वडास्तरमा विकास गर्ने<br>○ गाउँपालिकाका क्षेत्रगत कार्यालयहरुवाट हुने सेवा (कृषि, पशु, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षण) लाई वडास्तरमा विकेन्द्रीकरण गर्ने । यसका लागि आवश्यक पर्ने भौतिक सुविधा र संस्थागत क्षमता वडास्तरमा विकास गर्ने । | २<br>निरन्तर<br>निरन्तर | ५०० | गापा र स्थानीय समुदाय |

| | | | | |
|---|---|---|---|---|
| २. | **असल शासन कार्यक्रम**<br>○ गाउँपालिका अध्यक्षको सचिवालय र न्याय समितिको सचिवालयको प्रभावकारी व्यवस्थापन गर्ने ।<br>○ गाउँपालिका र वडामा हुने निर्णयहरुमा सहभागिता, पारदर्शिता, जवाफदेहिता तथा दीगोपनाको स्पष्ट प्रकिया तयार गर्ने ।<br>○ गाउँपालिका र वडास्तरमा सेवा प्रवाह सम्वन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने । यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग मादी गाउँपालिका नामक digital Apps बनाई प्रयोगमा ल्याउने ।<br>○ गाउँपालिकाका विकास निर्माण कार्यहरुको वार्षिक कार्यतालिका वनाउने तदानुसार कार्यान्वियन गर्ने, स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वियनको अनुगमन र मूल्याङ्कन गर्ने ।<br>○ गाउँपालिकावाट सञ्चालन  हुने विकास निर्माणका प्रमुख परियोजनाहरुको विवरण भएको सूचनावोर्ड सम्वन्धित स्थानमा टाँस्ने ।<br>○ गाउँपालिकावाट प्रवाह हुने सेवाहरुको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने । तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने । | निरन्तर<br>निरन्तर<br>२-५<br>निरन्तर<br>२<br>निरन्तर | ५०० | गापा |
| ३. | **समावेशी सहभागिता बढाउने कार्यकम**<br>● गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियुक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रिय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने ।<br>● गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरुमा समावेसी ढाँचा र सहभागितामूलक पद्धति (योजना छनौट, कार्यान्वियन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कनका संयन्त्रहरुमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिर्तो) अवलम्बन गरी सुनिश्चित गर्ने ।<br>● विकास निर्माणका आयोजनाहरुको वाँडफाड र वजेट विनियोजन क्षेत्रीय सन्तुलन कायम गर्ने । | निरन्तर<br>निरन्तर<br>निरन्तर | २०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| ४ | **सेवा प्रवाहमा प्रक्रियाहरुको सरलीकरणः**<br>गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण प्रकृयामा सरलीकरण गर्न निम्नानुसार कार्यहरु गर्ने ।<br>● सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्ने ।<br>● Digital Apps मार्फत सूचना दिने लिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरुको भुक्तानी दिनेलिने समेत गर्ने ।<br>● गाउँपालिका र वडा स्तरमा तथ्यांकहरुको आय व्ययको लेखा अभिलेखीकरण Digital Apps प्रणालीमा ल्याउने ।<br>● गाउँपालिकाका विभिन्न विषयगत शाखाहरुवाट हुने कामहरुको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने ।<br>● गाउँपालिकामा प्राप्त हुने र भुक्तानी हुने कारोवारहरु नगदमा नगरी वैकिङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने ।<br>● विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्वन्धित आय तथा भुक्तानी समेत वैकिङ्ग प्रणालीमा आवद्ध गर्ने ।<br>● गाउँपालिका तथा वडाहरुमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरु सम्भव भएसम्म स्थानीय साधन श्रोतमा (खाजा, झोला, अतिथि सत्कार सामग्रीहरु लगायतका अन्य सम्भाव्य सामग्रीहरु) आधारित गराउदै लैजाने ।<br>● विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरु र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, वालुवा आदि) ।<br>● प्रत्येक वडा केन्द्र र बजारोन्मुख स्थानमा कम्तिमा एक बैक स्थापनाको लागि वित्तिय संस्थासगँ पहल गर्ने । | २<br>२<br>२-३<br>निरन्तर<br>२-३<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२-३ | ५०० | गापा |
| ५ | **संस्थागत समन्वय र सञ्जाल विकास**<br>● गाउँपालिकावाट संचालित कार्यक्रमहरुमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने ।<br>● गाउँपालिका क्षेत्रमा कियाशील सरकारी तथा गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा समन्वय गर्ने र संस्थागत जिम्वेवारीको परिपाटी वसाउने ।<br>● जनतामा प्रवाहित हुने सेवा एकिकृत गर्न हरेक कियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने ।<br>● गाउँपालिका तथा यसका वडाहरुमा सुविधा सम्पन्न कार्यालय भवनहरु निर्माण गरी अप्टीकल फाईवर जडान गर्ने ।<br>● गाउँपालिकाका हरेक विषयगत कार्यालयहरु र वडा कार्यालयहरुको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने ।<br>● प्रत्येक विषयगत कार्यालयहरुमा प्राविधिक जनशक्ति ( जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि सहायक, निरीक्षक) आदिको व्यवस्था गर्ने ।<br>● कर्मचारीहरु नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने । कर्मचारीको सीप तथा क्षमता अभिबृद्धिका लागि नियमित तालिमहरुको व्यवस्था मिलाउने । | २<br>निरन्तर<br>निरन्तर<br>२-५<br>२-३<br>२-३<br>निरन्तर | १३०० | गापा र स्थानीय समुदाय र गैरसरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| | ● जन प्रतिनिधिहरुलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरुमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>● गाउँपालिका तथा वडाहरुमा महत्वपूर्ण सार्वजनिक स्थानहरुमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरु को व्यवस्था गर्ने ।<br>● गाउँपालिकाका कर्माचारीहरु तथा जनप्रतिनिधिहरुको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने ।<br>● गाउँपालिकामा करिब १०० जनाको दरवन्दी रहेको सुरक्षा संयन्त्र (गाउँपालिका प्रहरी) स्थापना गर्ने । यसको संरचनाका दुई विकल्पहरु हुन सक्ने (जस्तै स्वयंसेवी जसलाई आवश्यकता अनुसार काममा लगाउन सकिने र स्थायी दरवन्दी सृजना गरी काममा लगाउन सकिने) ।<br>● गापाका कर्मचारीहरुको प्रोत्साहनका लागि पुरस्कारको व्यवस्था गर्ने ।<br>● गाउँपालिका केन्द्रमा कर्मचारी आवास गृह निर्माण गर्ने । | निरन्तर<br>२-३<br>निरन्तर<br>२-४<br>निरन्तर<br>२-५ | | |
| | **जम्मा** | | ३००० * | |

नोटः * गाउँपालिकाको प्रशासनिक खर्चसमेत यसै रकममा समायोजना गरिएको छ ।

## ख) वित्तीय विकास योजना

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | **आयश्रोत अभिबृद्धि कार्यक्रम**<br>● गाउँपालिकाको समग्र कर तथा गैरकर नीति निर्माण गर्न विज्ञ समूहबाट सम्भाव्यता अध्ययन गराउने ।<br>● गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम निर्माण गर्ने ।<br>● गाउँपालिकामा संचालित होटल, रेष्टुरेष्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक कियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेसन गर्ने र करको दायरामा ल्याउने ।<br>● गाउँपालिकामा संचालित उद्योग तथा व्यवसायलाई करको दायरामा ल्याउने ।<br>● गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।<br>● वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वन तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँग समन्वय गरी कर तथा रोयल्टी बृद्धि गर्ने ।<br>● ACAP सँगको समन्वय र साझेदारीमा मादी गाउँपालिकाका ३५०० मी. भन्दा माथिका भूभागलाई संरक्षित क्षेत्रका रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनमा हरित शुल्क, (Green Fee) लगाई आय आर्जन गर्ने ।<br>● गाउँपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालन बाट आय बृद्धि गर्ने ।<br>● संघ र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने रकम ( समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गर्ने । | <br>२<br>२-३<br>२<br>२<br>निरन्तर<br>२-३<br>२-३<br>२-४<br>निरन्तर | २०३ | गापा |

| | | | | |
|---|---|---|---|---|
| | ● गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु जस्तै विद्युत ,पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गर्ने । | निरन्तर | | |
| २. | **सार्वजनिक खर्च र वित्तीय अनुशासन**<br>● गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने ।<br>● संघ र प्रदेश सरकारका शसर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।<br>● सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।<br>● गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बन्ने कुनै नयाँ निर्णय नगर्ने ।<br>● आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने ।<br>● बार्षिक खर्च विनियोजनमा समावेशितालाई जोड दिने ।<br>● गाउँ पालिकाले खर्च व्यवस्थापना सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।<br>● लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्ने ।<br>● आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यङ्कन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने ।<br>● आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्न परे विषयगत क्षेत्र भित्र मात्र गर्ने ।<br>● कर्मचारी कल्याण कोषको व्यवस्था गरी अबकास हुने कर्मचारीहरुको अवकास व्यवस्थापन गर्ने । | निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>२-३<br>निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | २५० | गाउँ पालिका |
| | **जम्मा** | | ४५३ | |

## ६.६ मादी गाउँपालिकाको प्रस्तावित भू-उपयोग योजना
(Proposed Landuse Plan of Madi Rural Municipality)

मादी गाउँपालिकाको भू-उपयोग Google Earth Pro, Satellite Image, 2017 अनुसार वन जंगल, कृषि भूमि तथा मानव वस्ती, हिम क्षेत्र, घाँसे क्षेत्र, खालि भूमि रहेको छ भने अन्य भु-उपयोगमा झाडी क्षेत्र, भीर पहरा, वलौटे तथा कंकड, नदी किनार, ताल तथा कुण्ड आदि क्षेत्रहरु पर्दछन् । समग्र रुपमा हेर्दा मादी गाउँपालिकाको मुख्य पेशा कृषि हो । तर परम्परागत कृषिवाट आर्थिक रुपमा जीवन निर्वाह गर्न कठीन भएको छ । मादी गाउँपालिका अन्नपूर्ण हिमश्रृंखलाको दक्षिणी काखमा अवस्थित भएकोले प्रशस्त पर्यटकीय संभावना रहेको छ । विशेषगरी गुरुङ समुदायको सघन वस्ती, विभिन्न जातजातिको सामाजिक तथा सांस्कृतिक सम्पदा, मनोरम प्राकृतिक दृष्य आदिले गर्दा आन्तरिक तथा वाह्य पर्यटकलाई समेत आकर्षित गर्न सक्दछ । प्रशस्त खोला नाला, ताल कुण्ड आदिले गर्दा जलस्रोतमा समेत यो गाउँपालिका धनी छ । यसवाट जलविद्युत उत्पादनको साथै सिंचाईको व्यवस्था गर्न सकिने प्रशस्त सम्भावना रहेकोछ । मादी नदी किनारमा रहेका विभिन्न फाँट तथा वेशींहरुमा उन्नत तथा व्यवसायिक कृषि गर्न सके आर्थिक अवस्थामा परिवर्तन आउन सक्छ । उचाइँगत भिन्नताले गर्दा यस गाउँपालिकामा विभिन्न प्रजातिका वनस्पति तथा वन्यजन्तुहरु रहेका छन् । यी सम्पूर्ण पक्षको उचित संरक्षण र व्यवस्थापन गर्न सके मादी गाउँपालिकाको आर्थिक समृद्धि हुन सक्ने देखिन्छ । तसर्थ यस गाउँपालिकाको समृद्धिका लागि निम्न किसिमको भू उपयोग प्रस्ताव गरिएको छ :

### १. कृषि क्षेत्र

मादी गाउँपालिकाको आर्थिक समृद्धिका लागि हाल संचालित जीवन निर्वाहमुखी कृषिलाई आधुनिकीकरण गरी व्यवसायिक कृषिमा रुपान्तरण गर्न आवश्यक छ । खासगरी खाद्यान्न वालिहरुमा धान, मकै, गहुँ तथा कोदोको लागि नदी किनारी समतल भाग, फाँट, टारीहरु जहाँ परम्परागत ढंगले कृषि कार्य गरीदै आएको छ, ती क्षेत्रहरुमा सिंचाइको सुविधा उन्नत वीउ, मल, सुलभ ऋण, आधुनिक प्रविधिको प्रयोग गरी कृषिलाइ व्यवसायिकरण गर्नु पर्दछ । यसका साथै नगदे वालीको रुपमा अलैची खेति गाउँपालिकाको वडा नं ८ को पोसी पर्क्यूदेखि, भाचोक, वार्चोक, तोगी, याङ्जाकोट, घ्याम्राङ, रोहिगाउँ र ताङतिङ गाउँको माथिल्ला भाग, खिलाङ देखि पश्चिम, चिप्ली, तप्राङसम्मको भाग प्रस्ताव गरिएको छ । कफी खेतिको लागि गोर्जे, लिप्यानी, मकैखोला, ढोडेनी, कयरे, थुम्सीकोट, सैमराङ, तोगी, ठुलढुङ्गा, तारकाङ, कुइकेलगाउँ, सुनपदेली, छाचोक पानीघाट, घ्याम्राङ, तप्राङ आदि क्षेत्रहरु प्रस्ताव गरिएको छ । चिया खेतीका लागि माटो परिक्षण गर्नुपर्ने देखिन्छ । तरकारी तथा फलफूलका लागि गाउँपालिकाका प्राय सवै ठाउँहरुमा उन्नत वीउ, मल तथा आधुनिक प्रविधिको प्रयोग गरी गर्नुपर्ने देखिन्छ । विशेष गरी ताङतिङ र सिक्लेसमा आलु खेतिलाई आधुनिक प्रविधिको प्रयोग गरी पुनरोत्पादनका कार्यक्रमहरु संचालन गर्नु पर्छ । स्याउ खेतिका लागि २५०० मीटर भन्दा माथिका खर्क क्षेत्रहरुलाई सम्भाव्यता अध्ययन गर्नु पर्ने देखिन्छ । मत्य पालनका लागि मादी नदी लगायत विजयपुर, रुदी, पातिखोला, वार्दी, ईदी, घ्याम्राङ, चिप्ली, थाक आदि खोलाका किनारी क्षेत्रहरु प्रस्ताव गरिएको छ । विशेष गरी ट्राउट माछाका लागि चिसो पानी भएका खोलाहरु चिप्ली, घ्याम्राङ, वार्दी, ईदी, रुदी आदि खोलाहरुमा सम्भाव्यता अध्ययन गर्नु जरुरी छ । मौरी पालनका लागि तोगी, पैरे, भगवतिटार, लिप्यानी, कयेरे, मुग्री, चितेपानी, छाचोक, तप्राङ आदि गाउँहरुका क्षेत्रहरु प्रस्ताव गरिएको छ । यसै गरी परम्परागत कृषि गरीने हाल धेरै जसो वाझो भूभाग भएका क्षेत्रहरु जस्तै सिक्लेस, पार्चे, गाउँ भन्दा तलका भू भागहरु तप्राङको पहिरो वरपरका भूभागहरु, काउरे, ढोडेनी आदि ठाउँहरुमा कृषि वनको रुपमा डाले घाँस तथा फलफूलका विरुवा रोप्ने प्रस्ताव गरिएको छ । (नक्सा ६.१)




**नक्सा ६.१ प्रस्तावित भू-उपयोग योजना**

कोरी, थुलेक, दुधपोखरी जस्ता उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा चौँरीपालनको सम्भाव्यता अध्ययन गर्ने र उन्नत जातका भेडापालन संचालन गर्नुपर्ने देखिन्छ भने तल्ला खर्क र गाउँ वरपर भैसी तथा गाईपालनलाई व्यवस्थित रुपले संचालन गर्नु पर्ने देखिन्छ । वंगुर, कुखुरा र बाख्रा पालनका लागि

गाउँ नजिक तथा वजार केन्द्र नजिकका क्षेत्रहरु प्रस्ताव गरिएको छ । सिक्लेस र ताङतिङमा व्यवसायिक पुष्प खेती सञ्चालन गर्नुको साथै सबै वडाहरुमा पुष्प खेती सञ्चालनको लागि पहल गर्नु पर्ने देखिन्छ ।

**२. सार्वजनिक उपयोगको क्षेत्र**

मादी गाउँपालिकाका विभिन्न वडा तथा गाउँहरुमा सार्वजनिक भू-उपयोगका क्षेत्रहरु रहेका छन् । गाउँपालिकाको कन्द्र वडा नं. ३ को याङजाकोटमा रहेको छ भने वडा नं. १ देखि १२ सम्मका वडा कार्यालयहरु क्रमश सिक्लेस, ताङतिङ, याङजाकोट, तारकाङ, चितेपानी, तप्राङ, छ्याचोक, कैसु, मिजुरे, भाचोक, खिमाजे, लिप्यानी जहाँ वाट दैनिक प्रशासनिक कार्य संचालन भैरहेका छन् । कतिपय वडा कार्यालय भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् । हाल संचालित स्वास्थ्य केन्द्रहरु बाहेक २५ शैयाको अस्पताल थुम्सीकोट र १५ शैयाको अस्पतालको रुपमा पार्चेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने प्रस्ताव गरिएको छ । गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा Birthing Centers को व्यवस्था गर्नु पर्दछ । गाउँपालिकाले एम्बुलेन्स सेवाको पहल गर्नु पर्ने देखिन्छ । गाउँपालिका स्तरीय कोल्ड स्टोरेज सहितको औषधी भण्डार र वडा नं. ४ को साझामा तालिम केन्द स्थापना गर्ने प्रस्ताव गरिएको छ । वडा भवनहरु वडाको आफ्नै भवन नभएको कारण वडा नं. ४ को तारकाङ, ५ को देउराली, ६ को तप्राङ, ७ को छ्याचोक, ८ को कैसु, ९ को मुग्री.र वडा नं. १२ को लिप्यानीमा प्रस्ताव गरिएको छ । शैक्षिक संस्थाहरुलाई व्यवस्थित गर्नुको साथै प्रत्येक वडामा रहेका माध्यामिक विद्यालयहरुलाई नमुना आवासिय विद्यालयको रुपमा विकास गर्नुका साथै वडा नं. १२ को भगवतीटारमा प्राविधिक महाविद्यालय स्थापना गर्ने र धुव्र मा.वि. तारकाङ र हिमालय मिलन मा.वि ताङतिङमा सम्भाव्यता अध्ययन गरी प्राविधिक शिक्षा संचालन गर्न प्रस्ताव गरिएको छ । वहुउद्धेश्यिय सामुदायिक भवनका लागि थुम्सीकोट, साझा र ज्याम्दुमा प्रस्ताव गरिएको छ । गाउँपालिकाका विभिन्न स्थानहरुमा वस विसौनीको निर्माण तथा सिक्लेस, ताङतिङ, मुग्रीवेसी, कैंसु, भैंसे, भगवतिटार क्षेत्रमा व्यवस्थित बसपार्कको प्रस्ताव गरिएको छ ।

गाउँपालिका स्तरीय फोहोरमैला विसर्जन स्थलको रुपमा वडा नं. ३ र ४ को सीमानामा मादी नदीको किनारमा पर्ने रन्जिते नजिकैको स्थल प्रस्ताव गरिएको छ । यसैगरी गाउँपालिका स्तरीय खेल मैदानका लागि वडा नं. १ पार्चेको रङग्यो खेलमैदान, प्रत्येक वडामा वडास्तरीय एक एक खेल मैदान, इलाका प्रहरी कार्यालय वडा नं. ३ को याङजाकोटमा, प्रहरी चौकीहरु वडा नं. ७ को छ्याचोक र १२ को भगवतीटारमा, प्रत्येक गाउँहरुमा हेलिप्याडको व्यवस्था गर्ने प्रस्ताव गरिएको छ ।

**३.ऐतिहासिक तथा पर्यटकीय क्षेत्र**

मादी गाउँपालिका ऐतिहाँसिक तथा पर्यटकिय रुपमा ज्यादै महत्व वोकेको छ । गुरुङ जातिको आदिम वस्ती क्होला सोंथरको अनुसन्धान, संरक्षण र प्रवर्द्धन गर्नको लागि गुरु योजनाको प्रस्ताव गरिएको छ । अन्नपूर्ण हिम श्रृंखलाका अन्नपूर्ण दोस्रो, चौथो, लमजुङ हिमाल यहि गाउँपालिकामा पर्ने हुनाले यो क्षेत्र पर्वतारोहण, हिउँखेल, पदयात्रा, उच्च पर्वतीय तालिम केन्द्रका लागि सम्भाव्यता अध्ययन गर्नु आवश्यक छ । यस गाउँपालिकाको कोरी, थुलेक, दुधपोखरी, करपु देखि तर्प्रोसम्मको क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्रको रुपमा प्रस्ताव गरिएको छ । यसका साथै दुधपोखरी, कफुचे, क्यूजे आदि ताल तथा अन्य कुण्डहरुलाइ पनि संरक्षण सम्वर्द्धनका कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । सिक्लेस, ताङतिङ गाउँहरुलाई सांस्कृतिक ग्रामको रुपमा विकास गर्ने प्रस्ताव गरिएको छ । गाउँपालिका भित्र रहेका अग्ला पहाडी थुम्काहरुलाई दृश्यावलोकनको लागि भ्यूपोइन्टको रुपमा विकास गर्ने, तप्राङ माथिको जुरेभूमि क्षेत्रलाई खुला चिडियाखानाको रुपमा विकास गर्ने, मुख्य मठ मन्दिर, प्राचिन पोखरीहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने प्रस्ताव गरिएको छ । पोखरादेखि मादी गाउँपालिकासम्म आउनेजाने र मनाङ, लमजुङ तर्फ जान आउनका लागि विभिन्न पदमार्गको नक्सांकन, पूर्वाधार निर्माण, प्रचारप्रसार, संरक्षण सम्वर्द्धन, पर्यटन

सूचान केन्द्र स्थापना, विभिन्न होडीङ वोर्ड राख्ने, पथप्रर्दशक तालिम, मुख्य पर्यटकीय स्थलको डकुमेन्ट्री तयार गर्ने, विभिन पदमार्गमा पर्ने गाउँलाई होम स्टेको रुपमा विकास गर्ने, सांस्कृतिक संग्रालयको स्थापना गर्ने, विभिन्न स्थानमा उद्यान, कोसेलीघर स्थापनाको प्रस्ताव गरिएको छ । पर्यटन पर्वर्द्धनका लागि सिक्लेस देखि कोरी सम्मको केवुलकारको सम्भाव्यता अध्ययन भैसकेको र यसको डीपीआर तयार गरी संचालन गर्नु पर्ने, उच्च पर्वतिय फाँटको चिंग्रेलाई पर्यटकिय वस्तीको रुपमा विकास गर्ने प्रस्ताव गरिएको छ । सिक्लेसमा शान्ति स्तम्भ र कोरी क्षेत्रमा मध्यविन्दु स्तम्भ निर्माण गर्न प्रस्ताव गरिएको छ ।




नक्सा ६.२ः पर्यटकीय क्षेत्र तथा पदमार्गहरु

**४.आवासीय तथा ब्यावसायिक क्षेत्र**

गाउँपालिकाको हाल विभिन्न क्षेत्रहरुमा वसोवास गरीरहेका क्षेत्रहरु नै आवासिय क्षेत्रको रुपमा सेवा सुविधा पुऱ्याएर विकास गर्नुपर्ने प्रस्ताव गरिएको छ । कतिपय छरिएर रहेका घर परिवार जसलाई सेवासुविधा पुऱ्याउन धेरै खर्च लाग्ने, जोखिमयूक्त क्षेत्रमा वसोवास गरेका घरपरिवारलाई सम्भाव्यता अध्ययन गरी सुरक्षित क्षेत्रमा वसोवास गराउनका लागि प्रत्येक वडाका त्यस्ता घर धुरीको अध्ययन गरी उचित क्षेत्र चयन गरी एकिकृत वस्तीको रुपमा विकास गर्ने प्रस्ताव गरिएको छ । यसका साथै गाउँपालिका स्तरीय वजार केन्द्रको रुपमा वडा नं. ५ को सुनपदाली र अन्य बजार केन्द्रको रुपमा पुलको मुख, भगवतीटार, मुग्रीवेसी, थुम्सीकोट, ज्याम्दु र अन्य प्रत्येक वडाका बजारी क्रियाकलाप रहेका क्षेत्रहरुमा पूर्वाधारको विकास गरी व्यवस्थित बजारको प्रस्ताव गरिएको छ ।

**५.औद्योगिक क्षेत्र**

मादी गाउँपालिकाको औद्योगिक क्षेत्रको रुपमा वडा नं. १२ को मादी नदी किनारमा रहेको भाटवेसीलाई प्रस्ताव गरिएको छ । आवस्यक पूर्वाधारहरुको व्यवस्थापन गर्न गाउँपालिकाले प्रदेश सरकारसग समन्वय गर्नु पर्दछ । यसका साथै विभिन्न घरेलु सामग्री उत्पादन गर्ने परम्परागत घरेलु उद्योगलाई व्यवसायिक रुपमा उत्पादन गर्न तालिम, सर्वसुलभ ऋण तथा वजारका लागि गाउँपालिकाले पहल गर्नुपर्ने, वार्चोक र सिक्लेसमा रहेको अल्लो प्रशोधन केन्द्रलाई व्यवस्थित गर्नुपर्ने, वन पैदावर तथा जडीवुटीमा आधारित उद्योग स्थापनाका लागि गाउँपालिकाले पहल गर्नु पर्ने प्रस्ताव गरिएको छ ।

**६.सडक सञ्जाल**

मादी गाउँपालिका गण्डकी प्रदेशको केन्द्र पोखरासँग सडकले जोडिएको छ तर सडकहरु हालसम्म पक्की वन्न सकेका छैनन । मुख्यगरी कसेरी, थुमाकोडाँडा सडक, काहुँखोला दुधपोखरी सडक, राखी- मिजुरे सडक पक्की गर्नु पर्ने, प्रत्येक वडावाट गाउँपालिका केन्द्रसम्म जोड्ने सडक वाह्रै महिना संचालन हुन सक्ने गरी स्तरोन्नती गर्नुपर्ने, वडा भित्रका वस्तीहरु जोड्ने सडकको स्तरोन्नती र नयाँ ट्र्याक खोल्नुपर्ने प्रस्ताव गरिएको छ । साथै मादी गाउँपालिकामा एक चक्रपथको प्रस्ताव गरिएको छ ।

**७. अन्य क्षेत्र**

यसैगरी नदी किनारी कटान भएका क्षेत्रहरुमा तटवन्ध निर्माण गर्नुपर्ने, नाउनुको पहिरो, सेतो पहिरो लगायत गाउँपालिका भित्र रहेका अन्य पहिरोको नियन्त्रणका लागि पहल गर्नुपर्ने, मादी नदीको माथिल्लो क्षेत्रमा बाढी पूर्व सूचना प्रणाली व्यवस्थापन गर्नु पर्ने प्रस्ताव गरिएको छ । मोबाइल र इन्टरनेट सुविधाको लागि थाक, करापुडाँडा, चिङग्रे र सबुपोखरी क्षेत्रमा टेलिफोन टावर स्थापना गर्न प्रस्ताव गरिएको छ ।

## ६.७ वडा स्तरका कार्यक्रम/आयोजनाहरु (Ward-wise Program/Projects)

यस आवधिक योजनामा सामेल गरिएका संघ, प्रदेश र गाउपालिकाबाट लगानी हुने गरी छनौट गरिएका योजनाहरुको वडागत विवरण अनुसूचि १ मा राखिएको छ । स्मरण रहोस, अनुसूचिमा उल्लिखित वडास्तरीय आयोजनाहरु र कार्यक्रमहरुको लागि खर्चको विनियोजन र लगानीको योजना गाउँपालिकाकै कार्यक्रमका अंगका रुपमा रहने भएकाले गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रमहरु तयार गर्दा र बजेट विनियोजन गर्दा सम्बन्धित कार्यक्रम र आयोजनाहरुका लागि छुट्याइएको विभिन्न विकास

योजनाहरुका शीर्षकहरुमा विनियोजित कूल खर्च र लगानी (तालिका ६.१ र ६.२ तथा विभिन्न विकास योजनाका कार्यक्रमहरुका तालिकाहरु) मा आवद्ध गरिएको छ ।

## ६.८ योजना कार्यान्वयन कार्ययोजना (Plan Implementation Action Plan )

**१) प्रारम्भिक संभाव्यता अध्ययन :** पहिचान भएका आयोजना र कार्यक्रम मध्ये, उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुवाट गराउने । प्रारम्भिक संभाव्यतावाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने । विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानि योजनामा समावेश गर्ने ।

**२) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने :** दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) विशेषज्ञहरु बाट गराउने ।

**३) वार्षिक कार्यक्रम तथा लगानि योजना तर्जुमा गर्ने :** वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा सघं र प्रदेश तथा गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने ।

**४) बजेट अनुमान (निर्माण) :** विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये संघ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, सामान्यीकरण, समपूरक, एवं विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र संघीय सरकारका बजेटहरु ल्याउन पहल गर्ने ।

**५) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने :** गाँउपालिका र वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको आयश्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

**६) मध्यमकालिन खर्च संरचना अबलम्बन गर्ने :** यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्ययमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

**७) योजनाको अनुगमन तथा मूल्याङ्कनः** प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अबस्थालाई निरन्तर अनुगमन र मूल्याङ्कनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनको परिपाटी विकास गर्ने ।

## ६.९ योजना कार्यान्वयन बिधि (Plan Implementation Method)

**कार्यान्वयन कार्यविधि :** आवधिक योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवधिक योजना कार्यान्वयन कार्यविधि तयार गर्न सक्नेछ । यस्तो कार्यविधिले योजना कार्यान्वयनको प्रकृयाको स्पष्ट रुपरेखा मार्गदर्शन गर्नेछ । साथै कार्यविधिमा कार्यान्वयन संयन्त्र, समन्वय समिति, विशेषज्ञ समिति आदिको गठन, अधिकार र कर्तव्य स्पष्ट गर्नु पर्ने छ ।

**योजना कार्यान्वयन संयन्त्र :** आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गाउँपालिका स्तरमा योजना कार्यान्वयन संयन्त्र गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठन गर्नु पर्नेछ। यस्तो संयन्त्र समावेशि र सहभागितामूलक हुनेछ। कार्यान्वयनको समग्र उत्तरदायित्व उक्त संयन्त्रको हुनेछ।

**वडा स्तरीय समन्वय समिति :** वडा स्तरका विकास कार्यहरुको समन्वयका लागि वडा अध्यक्षको संयोजकत्वमा आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन समन्वय समिति गठन गर्नु पर्नेछ। यो समिति पनि समावेशी प्रकृतिको हुनु पर्ने छ।

**विशेषज्ञ समिति :** प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि गाउँपालिकाले आवश्यकता अनुसारका विभिन्न विशेषज्ञ समितिहरु गठन गर्न सक्नेछ। योजना कार्यान्वयन संयन्त्रले यस्ता समितिहरुको प्राविधिक सुझाव आवश्यकताअनुसार लिन सक्नेछ।

## ६.१० अनुगमन तथा मूल्याङ्कन पद्धति (Monitoring and Evaluation Method)

आयोजना र कार्यक्रहरुको प्रभावकारी कार्यान्वयन भए नभएको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यान्वयन संयन्त्रमा पृष्ठपोषण दिने एउटा गाउँपालिका स्तरीय लब्ध प्रतिष्ठित बिज्ञ व्यक्तिहरु सम्मिलित अनुगमन संयन्त्र गठन गरिने छ। यस्तो अनुगमन समिति सरोकार वाला पक्षहरुको सहभागितामा गाउँपालिकाद्वारा गठन गरिने छ। उक्त संयन्त्रले प्रत्येक ३ महिनामा आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण, देखा परेका समस्या, अड्चन र समाधानका उपाय औंल्याएको अनुगमन प्रतिवेदन सम्बन्धित कार्यान्वयन गर्ने निकायमा पेश गर्नेछ।

त्यसैगरी आवधिक योजनाको समग्र मूल्याङ्कनको लागि गाउँपालिकाले योजना अबधिको अन्त्यमा आयोजना मूल्याङ्कन तेस्रो पक्ष विशेषज्ञ टोलीवाट गराउनेछ। उक्त विशेषज्ञ टोलीले दिएको प्रतिवेदनलाई भावी आवधिक योजनामा उपयोग गरिने छ।

## सन्दर्भ सामाग्री

ASTER Global Digital Elevation Map (GDEM). NASA. 2009-06-29. Archived from the original on 3 July 2009. Retrieved 2013-06-30

CBS. 2011. Centre Bureau of Statistics, Kathmandu, Nepal.

GeoNet. 2016. Assessment of Gopche Glacial Lake Expansion and Its Potential Impact in Kaski and Tanahu District, Nepal: Using Geospatial Tools, supported by WWF/Nepal, Kathmandu, Npeal.

GeoNet. 2018. Resource Mapping Report of Gandaki Province, Pokhara: Geo Net Connection Pvt. Ltd.

Google Earth Pro, Image @ 2018, CNES/Astrium.

Khanal, N.R. (2004). Floods in Mountain Watershed: A case of Madi River, Central Nepal. SOHAM-Nepal. Journal of Hydrology and Meteorology, Vol. 1, No. 1.

Khanal, N.R. et. Koirala, A., Gurung, S.B., Umesh K., Rijal, S., Sigdel, S., Acharya, C., and Yadav, U.P (2013). Madi River, Nepal: Landslide dam outburst flood risk management, Kathmandu: ICIMOD.

Local Self-Governance Act, 2055 (1999), Kathmandu: Ministry of Local Development, Nepal Government.

Local Self-Governance Act, 2073, Kathmandu: Ministry of Federal Affairs and Local Development, Nepal Government.

LRMP, 1985/86, Land System Map, Kathmandu: Survey Department, Nepal Government.

Pathak, Shanker Raj. Mapping Technique of VDC level Services & Facilities Local Governance & Community Development Programme (LGCDP). (Accessed on 15 Dec., 2014) http://lgcdp.gov.np/home/gis_articles_reference.pdf

Pathak, Shanker Raj. ? Basti: Sthaniya Shasanko Aadhar, Local Governance & Community Development Programme (LGCDP). (Accessed 15 Dec., 2014) http://lgcdp.gov.np/home/gis_articles_reference .pdf

Topographical Map, 2000, Kathmandu: Survey Department, Nepal Government.

Village Development Periodic Plan (2013/2014 – 2018/2019 AD). 2013. Kudari Village Development, Jumla.

जियोनेट. (२०७५). बस्तुगत विवरण, मादी गाउँपालिका, कास्की, गण्डकी प्रदेश, नेपाल ।

जिल्ला विकास योजना २०७३/०७४. २०७३. जिल्ला विकास समिति, कास्की ।

पौडेल, कृष्णप्रसाद, २०६८, स्थानीय विकासमा भौगोलिक सूचना प्रणाली, ललितपुर: नेपाल भौगोलिक सूचना प्रणाली समाज ।

पौडेल, लालु, २०७५, समृद्धिको सुरुङ, गोरखापत्र दैनिक, २०७५/०२/२३

बस्तुगत विवरण. (२०६७). मिजुरेडांडा, भाचोक, सैमराङ, नामार्जुङ र पार्चे गाविसहरु, कास्की, नेपाल: जियोनेट कनेक्सन प्रा.लि. ।

मादी गाउँपालिका. २०७४. प्रथम गाउँपालिका बजेट तथा विकास योजना २०७४/०७५, कास्की: मादी गाउँपालिकाको कार्यालय ।

मादी गाउँपालिका. २०७५. प्रथम गाउँपालिका बजेट तथा विकास योजना २०७५/०७६, कास्की: मादी गाउँपालिकाको कार्यालय ।

रिब्स इन्जिनियरिङ कन्सल्ट. २०७०. आवधिक विकास योजना २०७०/७१-२०७४/७५ .२०७०. काठमाडौं: काठमाडौं महानगरपालिका ।

स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, काठमाडौं: संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय ।

शर्मा, पिताम्बर, २०७४, पालिकाको एकिकृत विकास योजना तर्जुमाका लागि सामान्य मार्गदर्शन, मादी गाउँपालिकाद्धारा आयोजित प्रथम आवधिक योजना सम्बन्धी छलफल कार्यक्रममा प्रस्तुत छलफल पत्र, पोखरा, २०७४ चैत्र २२ गते ।